# पहिलो परिच्छेद
# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **समकालीन साहित्य पूर्णाङ्क (३१-४०) मा प्रकाशित रचनाहरूको विश्लेषणात्मक अध्ययन** रहेको छ ।

## १.२ शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको नेपाली विषयको दसौं पत्रको प्रयोजनार्थ प्रस्तुत गरिएको छ ।

## १.३ विषय परिचय

नेपाली साहित्यको विकासमा पत्रपत्रिकाहरूको महनीय योगदान रहिआएको छ । **सुधासागर** (१९९५) बाट प्रारम्भ भएको नेपालभित्रको पत्रिका प्रकाशनको क्रम वर्तमान सम्म पनि निरन्तर रूपमा प्रवाहमान छ । यस सुदीर्घ कालखण्डमा नेपालमा थुप्रै पत्रपत्रिकाहरू प्रकाशित भएसकेका छन् । यसै क्रममा वि.सं. २०४७ मा कृष्णचन्द्र सिंह प्रधानको सम्पादकत्वमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित भएको त्रैमासिक गद्यप्रधान पत्रिका **समकालीन साहित्य** हो ।

प्रकाशनको दुई दशक पूरा गरिसकेको यस पत्रिकाका हालसम्म जम्मा पैंसठ्ठी पूर्णाङ्कहरू प्रकाशित भइसकेका छन् । यी पूर्णाङ्कहरूमध्ये वि.सं. २०५५ मा त्रि.वि. नेपाली केन्द्रीय विभागकी छात्रा शोभाकुमारी ढुङ्गानाले तिस अङ्कहरूका बारेमा अध्ययन गरेकी भए पनि त्यसपछिका अङ्कहरूका बारेमा हालसम्म कुनै पनि अध्ययन-अनुसन्धान हुन सकेको छैन । यसले गर्दा यस विषयमा जिज्ञासा राख्ने पाठकहरूलाई पूरै पत्रिकाहरूको सङ्ग्रह गरी अध्ययन गर्नुपर्ने समस्या सिर्जना भएको छ । यही अभावलाई केही हदसम्म भए पनि पूरा गर्ने उद्देश्य अनुरूप **समकालीन साहित्य** पत्रिकाका एकतिसदेखि चालिससम्मका जम्मा दश पूर्णाङ्कहरूमा प्रकाशित रचनाहरूको अध्ययन-विश्लेषण गरी ती रचनाहरूले नेपाली साहित्यमा पुऱ्याएको योगदानको चर्चा गर्ने लक्ष्यका साथ प्रस्तुत शोधकार्य गरिएको हो ।

## १.४ शोध समस्या

वि.सं. २०४७ देखि ने.रा.प्र.प्र. बाट प्रकाशित हुन थालेको **समकालीन साहित्य** पत्रिकाले नेपाली साहित्यका क्षेत्रमा महनीय योगदान पुऱ्याउँदै आएको छ । यस पत्रिकाका एकदेखि तिससम्मका अङ्कहरूका बारेमा त्रि.वि. बाट शोधकार्य भएको भए पनि त्यसपछिका बाँकी अङ्कहरूको भने अध्ययन हुन सकेको छैन । यसर्थ प्रस्तुत शोधकार्यमा सोही पत्रिकाका एकतिसदेखि चालिससम्मका पूर्णाङ्कहरूको साहित्यिक पक्षको अध्ययनलाई प्रमुख समस्याका रूपमा लिइएको छ । यसका साथै प्रस्तुत शोधकार्यका अन्य समस्यारूलाई बुँदागत रूपमा यसप्रकार प्रस्तुत गर्न सकिन्छ-

(क) **समकालीन साहित्य** पत्रिकाको प्रकाशन सन्दर्भ र उद्देश्य के-कस्तो छ ?

(ख) **समकालीन साहित्य** पत्रिकाका एकतिसदेखि चालिससम्मका पूर्णाङ्कहरूमा के कस्ता रचनाहरू समावेश भएका छन् ?

(ग) प्रस्तुत पत्रिकाका उल्लिखित अङ्कहरूमा समाविष्ट सामग्रीहरूले नेपाली साहित्यको विकासमा के-कस्तो योगदान पुऱ्याएका छन् ?

यिनै समस्याहरूको समाधानार्थ प्रस्तुत शोधकार्य गरिएको छ ।

## १.५ शोधको उद्देश्य

नेपाली साहित्यको विधागत विकासमा महनीय योगदान पुऱ्याउँदै आएको **समकालीन साहित्य** पत्रिकाले स्थापित एवं नवोदित साहित्यकार र समालोचकहरूका सिर्जनात्मक तथा समालोचनात्मक सामग्रीहरू प्रकाशित गर्दै आएको छ । यस पत्रिकाका एकतिसदेखि चालिससम्मका पूर्णाङ्कहरूको साहित्यिक पक्षको अध्ययन गर्नु प्रस्तुत शोधकार्यको प्रमुख उद्देश्य रहेको छ । यसका साथै यस शोधकार्यका अन्य उद्देश्यहरूलाई बुँदागत रूपमा यसरी प्रस्तुत गरिएको छ-

(क) **समकालीन साहित्य** पत्रिकाको प्रकाशन सन्दर्भ र उद्देश्यमाथि प्रकाश पार्नु,

(ख) **समकालीन साहित्य** पत्रिकाका एकतिसदेखि चालिससम्मका अङ्कहरूमा समाविष्ट रचनाहरूको विवरण प्रस्तुत गर्नु,

(ग) यस पत्रिकाका उल्लिखित अङ्कहरूमा समाविष्ट सामग्रीहरूले नेपाली साहित्यको विकासमा दिएको योगदानको चर्चा गर्नु ।

यिनै उद्देश्यप्राप्तिमा प्रस्तुत शोधकार्य केन्द्रित रहेको छ ।

## १.६ पूर्वकार्यको विवरण

वि.सं. २०४७ देखि वर्तमानसम्म प्रकाशित भइरहेको **समकालीन साहित्य** पत्रिकाका पैंसठ्ठी अङ्कहरू प्रकाशित भइसकेका छन् । यीमध्ये तीससम्मका अङ्कहरूका बारेमा त्रि.वि. नेपाली केन्द्रीय विभागकी छात्रा शोभाकुमारी ढुङ्गानाले वि.सं. २०५५ मा अनुसन्धान कार्य गरेकी भए पनि त्यसपछिका अङ्कहरूका बारेमा कहीँ कतै अनुसन्धान भएको पाइँदैन । यसका साथै पत्र पत्रिकाहरूका बारेमा लेखिएका विभिन्न लेखहरूमा पत्रपत्रिकाको इतिहाससँग सम्बद्ध पुस्तकहरूमा र त्रि.वि. बाट गराइएका विभिन्न शोधपत्रहरूमा प्रसङ्गवश **समकालीन साहित्य** पत्रिकाको नाम उल्लेख गरिएको भए पनि यस पत्रिकाका तीस पछिका पूर्णाङ्कहरूमा केन्द्रित भई अहिलेसम्म अध्ययन हुन सकेको छैन ।

## १.७ अध्ययनको औचित्य र महफ्व

प्रकाशनको बीसौं वर्ष पार गरिसकेको र ६५ पूर्णाङ्कहरू प्रकाशित गरिसकेको भए पनि तिस पूर्णाङ्कहरूका बारेमा मात्र अध्ययन भई बाँकी अङ्कहरू अध्ययनको घेराबाट बाहिर रहेको परिप्रेक्ष्यमा **समकालीन साहित्य** पत्रिकाका एकतिसदेखि चालिससम्मका पूर्णाङ्कहरूमा केन्द्रित भई गरिने प्रस्तुत शोधकार्य पक्कै पनि औचित्यपूर्ण बन्नेछ । यसका साथै पूर्वोक्त दस अङ्कहरूमा समाविष्ट सामग्रीहरूप्रति चासो राख्ने जिज्ञासु पाठक तथा समीक्षकहरूका लागि प्रस्तुत शोधकार्य महफ्वपूर्ण साबित हुनेछ ।

## १.८ अध्ययनको सीमाङ्कन

प्रस्तुत शोधकार्य **समकालीन साहित्य** पत्रिकाका एकतिसदेखि चालिससम्मका जम्मा दस अङ्कहरूमा समाविष्ट सामग्रीहरूमा केन्द्रित रहको छ र अन्य अङ्कका बारेमा यस शोधकार्यमा कुनै पनि चर्चा गरिएको छैन । यही नै प्रस्तुत शोधकार्यको सीमा रहेको छ ।

### १.९ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा पुस्तकालयीय विधिलाई सामग्री सङ्कलनको प्रमुख विधि मानिएको छ । यस क्रममा यस शीर्षकसँग सम्बन्धित पुस्तक तथा पत्रपत्रिकाको अध्ययनबाट आवश्यक सामग्री सङ्कलन गरिएको छ । साथै विषय विज्ञ र शोध निर्देशकको आवश्यक परामर्शका आधारमा पनि सामग्री सङ्कलन गरिएको छ ।

### १.१० शोधविधि

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा आवश्यकता हेरी विभिन्न विधिहरूको अवलम्बन गरिएको छ । यस क्रममा पत्रपत्रिकाको इतिहासको अध्ययन गर्दा ऐतिहासिक विधिको उपयोग गरिएको छ भने **समकालीन साहित्य** पत्रिकामा समाविष्ट सामग्रीहरूको विवरण तयार पार्दा विवरणात्मक विधि अपनाइएको छ । यसैगरी पत्रिकामा समावेश भएका रचनाहरूको साहित्यिक योगदानको चर्चा गर्ने क्रममा विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । यसरी मूलतः ऐतिहासिक, विवरणात्मक र विश्लेषणात्मक विधिहरूको प्रयोग गरी प्रस्तुत शोधपत्र तयार पारिएको छ ।

### १.११ शोधपत्रको रूपरेखा

**समकालीन साहित्य पूर्णाङ्क (३१-४०) मा प्रकाशित रचनाहरूको विश्लेषणात्मक अध्ययन** नामक प्रस्तुत शोधपत्रलाई सुसङ्गठित स्वरूप प्रदान गर्नका लागि विभिन्न परिच्छेदहरूमा विभाजन गरिएको छ । आवश्यकता अनुसार ती परिच्छेदहरूलाई शीर्षक तथा उप-शीर्षकहरूमा समेत विभाजन गरिएको छ । यस शोधपत्रको ढाँचा निम्नानुसार रहेको छ -

पहिलो परिच्छेद : शोध परिचय

दोस्रो परिच्छेद : नेपाली पत्रपत्रिका प्रकाशनको परम्परामा **समकालीन साहित्य**को प्रकाशन

तेस्रो परिच्छेद : **समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) मा प्रकाशित विभिन्न विधाहरूको विवरण

चौंथो परिच्छेद- **समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) मा प्रकाशित रचनाहरूको विधागत विश्लेषण

पाँचौं परिच्छेद- शोध निष्कर्ष

## दोस्रो परिच्छेद

# नेपाली पत्रपत्रिका प्रकाशनको परम्परामा 'समकालीन साहित्य' को प्रकाशन

## २.१ विषय प्रवेश

मानव मनका कोमल अनुभूतिहरूको कलात्मक अभिव्यक्ति साहित्य हो भने यसलाई प्रकाशित गरी पाठकसमक्ष पुऱ्याउने काम पत्रकारिता हो । यसरी हेर्दा साहित्य र पत्रकारिता एकआपसमा अन्तर्सम्बन्धित देखिन्छन् । पत्रिकाको प्रकाशनपश्चात् नै साहित्यले गतिशीलता प्राप्त गर्ने गर्दछ । साहित्यिक रचनाहरूको प्रकाशनार्थ पत्रपत्रिकाको जन्म हुने र तिनै पत्रपत्रिकाले साहित्यलाई समृद्ध बनाउने हुनाले पत्रकारिता र साहित्यलाई एक अर्काका परिपूरकका रूपमा लिनु पर्ने हुन्छ । नेपाली साहित्यको कुरा गर्नुपर्दा १९५८, १९९१ र २०१७ सालमा भएका साहित्यिक परिवर्तनका पछाडि गोरखापत्र, शारदा र रूपरेखा जस्ता पत्रिकाहरूको हात रहेको छ । यसबाट साहित्य र पत्रकारिताको निकटतम सम्बन्धलाई पुष्टि गर्न सकिन्छ ।

नेपाली पत्रपत्रिका प्रकाशनको आरम्भबिन्दु खोज्दै जाँदा बनारससम्म पुग्नुपर्ने हुन्छ । बनारस नेपाली भाषा र साहित्यका लागि मात्र नभएर पत्रकारिताका लागि पनि महफ्वपूर्ण योगदान दिने स्थल बनेको छ । त्यहाँबाट वि.सं. १९४३ मा मोतीराम भट्टको सम्पादनमा प्रकाशित 'गोर्खा भारत जीवन' नामक पत्रिका नेपाली भाषाको सबैभन्दा पहिलो पत्रिका मानिन्छ । यसरी प्रवासबाट सुरु भएको नेपाली पत्रपत्रिका प्रकाशनको परम्परा वि.सं. १९५५ मा मात्र नेपालमा भित्रिएको हो र त्यस समयपछि वर्तमानसम्म नेपाली पत्रपत्रिकाको प्रकाशन परम्परा निरन्तर रूपमा प्रवाहमान रहेको छ । यस सुदीर्घ कालखण्डमा नेपाली पत्रपत्रिकाले आफूलाई परिष्कृत र परिमार्जित बनाउँदै अगाडि बढेको देखिन्छ । नेपाली पत्रपत्रिका प्रकाशनको यस लामो परम्परालाई यहाँ छोटकरीमा चर्चा गर्ने गरिएको छ ।

## २.२ नेपालमा पत्रपत्रिका प्रकाशनको थालनी

मोतीराम भट्टको सक्रियता तथा सम्पादनमा १९४३ सालमा 'गोर्खा भारत जीवन' नामक पत्रिका प्रकाशित भई सुरु भएको नेपाली पत्रपत्रिका प्रकाशनको परम्परा वि.सं.१९५५ मा नेपालमा भित्रिएको कुरा इतिहासबाट प्रष्ट हुन आउँछ । नेपालमै छापिएर निस्किएका पत्रिकाहरूमध्ये सबैभन्दा अगाडि नेपाली पत्रिकाको जेठो बिरुवा संवत् १९५५ सालको

श्रावण महिनामा  उम्रियो । यसको नाम ‘सुधासागर’ थियो र महिना-महिना दिनमा निस्कने गर्दथ्यो[1] भन्ने ग्रीष्मबहादुर देवकोटाको भनाइबाट ‘सुधासागर’ नै नेपालबाट प्रकाशित भएको जेठो पत्रिका हो भन्ने कुरा प्रमाणित हुन्छ । यस पत्रिकाका कुनै पनि अङ्क सुरक्षित नहुनाले यसमा के-कस्ता विषयवस्तु समावेश थिए भनेर भन्न नसकिने अवस्था छ, तापनि कपिलदेव शर्माद्वारा लिखित ‘नलोपाख्यान’ नामक पुस्तकको बाहिरी पृष्ठमा लेखिएको ‘सुधासागर’ सम्बन्धी लेखबाट यस पत्रिकाको उद्देश्य नेपाली भाषा र साहित्यको विकास गर्नु रहेको जानकारी प्राप्त गर्न सकिन्छ ।[2] मोतीकृष्ण शर्माद्वारा सम्पादित प्रस्तुत पत्रिकालाई नै नेपालभित्र प्रकाशित पत्रपत्रिकाको इतिहासमा आरम्भ बिन्दुका रूपमा लिइन्छ ।

## २.३ चरण विभाजन र विकास प्रक्रिया

वि.सं. १९५५ मा प्रकाशित **सुधासागर** पत्रिकाबाट प्रारम्भ भएको नेपाली पत्रकारिताको इतिहास विभिन्न समयमा नयाँ-नयाँ मोड र खुड्किलाहरू पार गर्दै विकसित भएको छ । पत्र-पत्रिका प्रकाशनका क्षेत्रमा विशेष गरी राष्ट्रभित्रको चेतनशील समुदाय बढी संलग्न रहेको  हुन्छ । मुलुकभित्रको राजनैतिक गतिविधिबाट यो समुदाय अलग रहन नसक्ने हुनाले स्वभाविक रूपले पत्रकारिताको क्षेत्रमा पनि राजनैतिक प्रभाव पर्न जान्छ । त्यसैले नेपाली पत्रकारिताको इतिहासमा पनि मुलुकभित्र आएका प्रमुख राजनैतिक परिवर्तनसँगै विभिन्न मोडहरू देखापरेका छन् । यसलाई नै पत्र-पत्रिकाको ऐतिहासिक विकासक्रमको अध्ययन गर्ने क्रममा चरण विभाजनको प्रमुख आधारका रूपमा लिइन्छ । यस आधारमा हेर्दा नपाली पत्रकारिताको इतिहासमा सात सालपूर्वको राणा शासनकाल, सात सालदेखि सत्र सालसम्मको प्रजातान्त्रिक समय अनि सत्र सालदेखि पैंतालीस सालसम्मको पञ्चायती एकतन्त्रीय शासनव्यवस्थाका समयहरूमा विभिन्न प्रवृत्तिहरू देखापरे । यिनै प्रवृत्तिहरूलाई आधार मानेर प्रारम्भदेखि **समकालीन साहित्य** पत्रिका प्रकाशन सम्मको नेपाली पत्रकारिताको इतिहासलाई मूल रूपमा तीन चरणमा विभाजन गरी यसरी अध्ययन गर्न सकिन्छ -

**१.आरम्भदेखि २००७ सालसम्म**

**२.२००७ सालदेखि २०१७ सालसम्म**

**३.२०१७ सालदेखि ‘समकालीन साहित्य’ प्रकाशनसम्म**

---

[1] ग्रीष्मबहादुर देवकोटा, **नेपाली छापखाना र पत्रपत्रिकाको इतिहास** (ते.सं.), (ललितपुर : साझा प्रकाशन, २०५९) पृ .२८ ।

[2] ऐजन ।

### २.३.१ आरम्भदेखि २००७ सालसम्म

**सुधासागर** (१९५५) बाट प्रारम्भ भएको नेपाली पत्र-पत्रिका प्रकाशन-परम्पराले वि.सं. २००७ सालसम्म आफूलाई त्यति धेरै अग्रगति दिन नसकेको देखिन्छ । संख्यात्मक हिसाबले अति कम मात्रामा पत्रिकाहरू प्रकाशित भए तापनि ती पत्रिकाहरू गुणात्मक उच्चता कायम गर्न सफल भएका छन् । **सुधासागर** पत्रिका प्रकाशन भएको तीन वर्षपछाडि वि.सं. १९५८ साल जेठ ३ गतेदेखि नेपालबाट प्रकाशित हुने दोस्रो पत्रिकाको रूपमा **गोरखापत्र**को प्रकाशन आरम्भ भयो ।[३] प्रारम्भमा साप्ताहिक रूपमा प्रकाशित भएको यो पत्रिका २००० साल असोज २९ गतेदेखि अर्धसाप्ताहिक, २००३ पौष ८ गतेदेखि त्रिसाप्ताहिक र २०१७ फागुन ७ गतेदेखि दैनिक पत्रिकाका रूपमा प्रकाशित भयो ।[४] समाचारप्रधान पत्रिका भएर पनि यस पत्रिकाले नेपाली साहित्यको विकासमा अत्यन्त गरिमामय योगदान पुऱ्याएको छ । १९९१ सालमा प्रकाशित **शारदा** पत्रिका पूर्वको नेपाली साहित्यको रूपरेखा खोज्नका लागि **गोरखापत्र**कै पाना पल्टाउनु पर्ने हुन्छ । कथा, कविता, लेख, रचना र धारावाहिक रूपमा उपन्यास समेत प्रकाशित गरेर यस पत्रिकाले सिङ्गो नेपाली साहित्यको विकासमा अत्यन्तै महफ्वपूर्ण योगदान पुऱ्याएको छ ।[५]

नेपालबाट प्रकाशित पत्र-पत्रिकाको इतिहासमा यो दोस्रो पत्रिका भए तापनि समाचारप्रधान पत्रिकाको इतिहासमा भने यो नै नेपालको प्रथम पत्रिका हा । पण्डित नरदेव मोतीकृष्णको सम्पादनमा प्रकाशित यो पत्रिका प्रारम्भमा प्रकाशित हुँदा गोर्खापत्रका रूपमा प्रकाशित भएको थियो भने १९८३ साल जेठ ४ गतेदेखि यसको हिज्जेमा परिवर्तन गरी **गोरखापत्र** लेख्न थालिएको हो ।[६] राणा प्रधानमन्त्रीहरूमध्येका उदारवादी मानिने श्री ३ देवशमशेरको शासनकालमा प्रकाशित भएको यो पत्रिका हालसम्म पनि निरन्तर रूपमा प्रकाशित भइरहेको ऐतिहासिक पत्रिका हो । चन्द्रशमशेरको शासनकालमा आएर जन चेतनालाई माथि उठ्नबाट बञ्चित गराउने खालको निरङ्कुशताले गर्दा लामो समयसम्म पत्र-पत्रिकाहरू प्रकाशन हुन सकेनन् । यस्तो अवस्थामा पनि **गोरखापत्र**को प्रकाशन भने निरन्तर रूपमा भई नै रह्यो । चन्द्रशमशेरको शासनकालभरि गोरखापत्रले जनचेतना

---

[३] पूर्ववत्, पृ. ३० ।

[४] ऋषिराम भुसाल र अन्य, **'पत्रकारिताको रूपरेखा'** (बुटवल, विद्यार्थी पुस्तक पसल २०५०) पृ. २३ ।

[५] डा. दयाराम श्रेष्ठ र मोहनराज शर्मा, '**नेपाली साहित्यको संक्षिप्त इतिहास** (चौ.सं.) (ललितपुरः साझा प्रकाशन २०४९) पृ. २१९ ।

[६] ऋषिराम भुसाल र अन्य, पूर्ववत् पृ. २५ ।

उकास्ने खालका गतिविधिहरू सञ्चालन गर्न नसकेको यस अवधिमा यो पत्रिका शासकहरूको स्तुतिगानमा बढी केन्द्रित रह्यो ।[७]

**गोरखापत्र** प्रकाशनपछि **शारदा** प्रकाशनसम्मको लामो समयवधिसम्म अन्य पत्रिकाहरू प्रकाशित हुन सकेनन् । सरकारी स्तरबाट पत्र-पत्रिका प्रकाशन गर्नेतर्फ कुनै किसिमको चासो देखाइएन बरू प्रकाशित भएका पत्रिकाहरूले जनचेतना फैलाउने कारणले गर्दा यस अवधिमा पत्र-पत्रिका प्रकाशनको परम्परा विदेशी भूमिमा नै बढी केन्द्रित भयो । यस अवधिमा विदेशबाट प्रकाशित भएर नेपाली साहित्यको विकासमा विशेष योगदान पुऱ्याउने महफ्वपूर्ण पत्रिकाहरूमा **उपन्यास तरङ्गीणी** (सम्पा. एस्.एस् शर्माः बनारस १९५९) **सुन्दरी** (रसिक समाजः बनारस, १९६३) **माधवी** (सम्पा. मातृप्रसाद अधिकारीः खर्साङ १९६५) **जन्मभूमि** (सम्पा. सूर्यविक्रम ज्ञवाली बनारस १९७९) **चन्द्रिका** (सम्पा. पारसमणि प्रधान खर्साङ १९७४) **गोर्खाली** (सम्पा. सूर्यविक्रम ज्ञवाली १९७२) **गोर्खासंसार** (सम्पा. ठाकुरचन्दनसिंह देहरादून १९८३) **राजभक्ति** (सम्पा. शम्भुप्रसाद ढुङ्गेल१९८३) **तरूण गोर्खा** (सम्पा. ठाकुरचन्दन सिंह १९८५ देहरादून) आदि रहेका छन् ।[८] यी पत्रिकाहरूले प्रवासी भूमिबाट प्रकाशित भएर पनि नेपाली पत्र-पत्रिकाको परम्परालाई निरन्तरता दिनुका साथै साहित्यका हरेक विधामा महफ्वपूर्ण योगदान पुऱ्याएका छन् ।

श्री ३ चन्द्रशमशेरको शासनकालभरि साँघुरिएर रहेको नेपाल भित्रको पत्र-पत्रिका प्रकाशनको परम्पराका लागि १९९० को दशक महफ्वपूर्ण अवधिका रूपमा देखापऱ्यो । चन्द्रशमशेरको शासन-काल समाप्त भई जुद्ध शमशेरको उदय भएपछि विदेशमा केन्द्रित पत्र-पत्रिकासम्बन्धी गतिविधि पुनः नेपाल भित्रियो । यसै क्रममा ऋद्धिबहादुर मल्लको सम्पादनमा १९९१ साल फागुन महिनादेखि काठमाडौंबाट **शारदा** मासिक पत्रिकाको प्रकाशन आरम्भ भयो ।[९] राणा शासन कालमा जन्मिएको यस पत्रिकालाई सरकारी स्तरबाट आर्थिक रूपमा सहयोग प्राप्त भएकाले शासक स्तुतिलाई पनि यसमा महफ्व दिइएको थियो ।[१०] तत्कालीन राजनैतिक जटिलताको बाध्यात्मक स्थितिले गर्दा शासक स्तुतिलाई महफ्व दिनु परे तापनि नेपाली भाषा र साहित्यको क्षेत्रमा यसले जुन किसिमको योगदान पुऱ्यायो, त्यसको साँच्चिकै ऐतिहासिक महफ्व रहेको छ । यस पत्रिकाले विजयाङ्क, नारी

[७] डा. दयाराम श्रेष्ठ र मोहनराज शर्मा, पूर्ववत् पृ. १२० ।

[८] डा. दयाराम श्रेष्ठ र मोहनराज शर्मा, पूर्ववत् पृ. १२० ।

[९] ग्रीष्मवहादुर देवकोटा, पूर्ववत्, पृ. ३१ ।

[१०] शिव रेग्मी, 'साहित्यिक पत्रकारिताको इतिहास र वर्तमान अवस्थामा भोग्नुपरेका कठिनाइहरू' **मधुपर्क** (वर्ष २५, पूर्णाङ्क २८६ चैत्र २०४९) पृ. ६ ।

अङ्क, मोहन अङ्क लगायतका विभिन्न विशेषाङ्कहरू प्रकाशित गर्नुका साथै महिलाहरूका रचनाहरूलाई महत्त्वका साथ प्रकाशित गर्ने काम गऱ्यो ।[११] तत्कालीन राजनैतिक जटिलताले गर्दा **शारदा**ले प्रकाशित गर्ने सामग्री चयनमा स्वतन्त्रता पाएको थिएन । यस पत्रिकामा प्रकाशित प्रत्येक लेख-रचनाहरू नेपाली भाषा समितिबाट स्वीकृत प्राप्त गरेर मात्र छाप्नुपर्ने बाध्यता थियो । यसको अतिरिक्त अरू चालिस सदस्यीय समितिसमेत गठन गरी यसमा प्रकाशित गर्ने रचनाहरू जाँचबुझ गर्ने अभिभारा यसै समितिलाई सुम्पिएको थियो ।[१२] विभिन्न अप्ठ्यारा परिस्थितिहरूको सामना गरेर पनि साहित्यिक पत्रकारिताको इतिहासमा उच्च स्थान स्थापित गर्न सफल यो पत्रिका बिचबिचमा प्रकाशन अवरूद्ध हुँदै र पुनः प्रकाशित हुँदै २०१८ सालदेखि पूर्ण रूपमा बन्द भयो ।[१३]

यस अवधिमा प्रकाशित मासिक पत्रिकाको शृङ्खलामा दखापरेको अर्को पत्रिका **साहित्यस्रोत** (२००४) हो । नेपाली साहित्य परिषद्द्वारा हृदयचन्द्रसिंह प्रधानको सम्पादनमा काठमाडौंबाट प्रकाशित यस पत्रिकाले पनि नेपाली भाषा र साहित्यको प्रवाहलाई अघि बढाउन महत्त्वपूर्ण भूमिका खेल्यो । जनचेतना वृद्धि गर्ने खालका नयाँ-नयाँ साहित्यिक रचनाहरू प्रकाशित गर्दै अगाडि बढेको यो पत्रिका २ वर्ष ९ महिनाको उमेरमा नै बन्द हुन पुग्यो ।[१४]

यस अवधिको अर्को मासिक पत्रिकाका रूपमा २००५ सालमा देवीप्रसाद रिमालको सम्पादनमा प्रकाशित **आँखा** देखापऱ्यो भने यसै वर्ष जितेन्द्रबहादुर शाह र अन्यको सम्पादनमा **नेपाल शिक्षा** पनि प्रकाशित भयो ।[१५] **आँखा** पत्रिकाको प्रकाशन विद्यालय स्तरका छात्र-छात्रा र शिक्षकहरूका लेख रचना प्रकाशित गर्ने उद्देश्यबाट भएको थियो । नवोदित प्रतिभाहरूलाई साहित्यिक सिर्जनातर्फ प्रेरित गर्नुमा यस पत्रिकाको महत्त्वपूर्ण भूमिका स्वीकार्नु पर्छ । २००५ सालमै देशभित्र बढ्दै गएको जनचेतनालाई नियन्त्रण गर्नका लागि मोहन शमशेरले नेपालमा पहिलो पटक छापाखाना र प्रकाशन सम्बन्धी ऐन जारी गरे ।[१६] यसले पत्रकारिताको विकासमा केही अवरोध खडा गरे तापनि भित्रभित्रै सल्किरहेको राणाविरोधी जागरणले गर्दा पत्र-पत्रिका प्रकाशनको गति पूर्ण रूपमा अवरूद्ध भने भएन ।

---

[११] ग्रीष्मवहादुर देवकोटा, पूर्ववत्, पृ. ३२ ।

[१२] उत्तम कुँवर 'नेपाली पत्रिकाको विकास' **रूपरेखा** (वर्ष १७ अङ्क १०, २०३३ फागुन) पृ. १३ ।

[१३] ऐजन ।

[१४] ग्रीष्मवहादुर देवकोटा, पूर्ववत्, पृ. ३३ ।

[१५] ऋषिराम भुसाल र अन्य, पूर्ववत्, पृ. २५ ।

[१६] ऐजन पृ. २६ ।

यसै क्रममा अर्को मासिक पत्रिकाको रूपमा २००६ सालमा शेषराज शर्माको सम्पादनमा **पुरूषार्थ** को प्रकाशन भयो । सरकारी सहयोगमा सञ्चालित भएको यो पत्रिकाले पनि विभिन्न किसिमका साहित्यिक रचनाहरू प्रकाशित गरेर आफूलाई साहित्यिक पत्र-पत्रिकाको कोटिमा उभ्याउने काम गऱ्यो ।[१७] यस अवधिमा केही महफ्वपूर्ण पाक्षिक पत्रिकाहरूको पनि प्रकाशन भएको छ । **शारदा** प्रकाशित भएको केही समयपछि १९९२ साल भदौबाट सूर्यभक्त जोशीको सम्पादनमा काठमाडौंबाट **उद्योग** को प्रकाशन आरम्भ भयो ।[१८] प्रारम्भमा उद्योगसम्बन्धी जागृति फैलाउने उद्देश्यले  प्रकाशित भए पनि पाठकहरूको आकर्षण प्राप्त गर्न नसकेकाले प्रकाशनको दोस्रो वर्षमा आएर यसले साहित्यिक पत्रिकाको रूपमा लिई मासिक रूपमा प्रकाशित हुन थाल्यो तापनि नियमित रूपमा प्रकाशित हुन नसकी २००८ सालदेखि प्रकाशन बन्द भयो ।[१९] पाक्षिक पत्रिका प्रकाशनको क्रममा घरेलु इलमसम्बन्धी प्रचार गर्ने उद्देश्यले २००४ साल जेठमा **घरेलु इलम** पत्रिका प्रकाशित भयो । यसै क्रममा काठमाडौं म्युनिसिपल समितिद्वारा २००४ सालमै **काठमाडौं म्युनिसिपल** पत्रिकाको प्रकाशन आरम्भ भयो । सरकारी सहयोगमा सञ्चालित यी पत्रिकाहरूका आ-आफ्नै प्रकारका उद्देश्य रहे तापनि साहित्यिक गतिविधिमा पनि केही न केही सहयोग  पुऱ्याए । यी पत्रिकाहरूको प्रकाशनले पनि स्थायित्व प्राप्त गर्न नसकी छोटै समयमा बन्द हुन पुग्यो ।[२०]

यसरी २००७ सालपूर्व नेपाली भूमिमा भएको पत्र-पत्रिका प्रकाशनको गतिविधिलाई हेर्दा पत्रकारिताले सन्तोषजनक प्रगति गर्न नसकेको भए तापनि कतिपय महफ्वपूर्ण उपलब्धिहरू भएका थिए । राणा शासनभित्रको क्रूरताले गर्दा पत्र-पत्रिकाहरू स्वतन्त्र रूपमा प्रकाशित हुन नसक्नु, जनचेतना विस्तार हुने डरले राणाहरूले पत्रिका प्रकाशनमा अवरोध खडा गर्नु, पत्र-पत्रिका प्रकाशनका लागि निजी स्तरका प्रेसहरूको अभाव हुनु, प्रकाशित पत्र-पत्रिकाहरूलाई समेत सरकारी नियन्त्रणमा लिएर आफ्नो अनुकूल सञ्चालन गर्नुजस्ता कठिन परिस्थितिहरूले गर्दा पत्र-पत्रिका प्रकाशनको गति स्वदेशमा भन्दा पनि विदेशमा नै बढी केन्द्रित भयो । यो समयमा प्रकाशित पत्र-पत्रिकाहरूको सङ्ख्या अत्यन्त न्यून रहनु, प्रकाशित पत्रिकाहरूमा पनि प्रकाशनको अनियमितता हुनु, पाठकहरूप्रतिको लोकप्रियता प्राप्त गर्न नसक्नु, जनभावना अनुरूप पत्रिका सञ्चालन हुन नसक्नु जस्ता पर्याप्त सीमाहरू देखा  पर्दछन् । यति हुँदा हुँदै पनि **गोरखापत्र** जस्तो दीर्घजीवी पत्रिकाको प्रकाशन हुनु,

[१७] ग्रीष्मवहादुर देवकोटा, पूर्ववत्, पृ. २४ ।

[१८] डा. दयाराम श्रेष्ठ र मोहनराज शर्मा, पूर्ववत्, पृ. १२० ।

[१९] उत्तम कुँवर, पूर्ववत्, पृ. १४ ।

[२०] ग्रीष्मवहादुर देवकोटा, पूर्ववत्, पृ. ५९९-६०० ।

**शारदा** जस्तो युगसम्वाहक साहित्यिक पत्रिकाको प्रकाशन हुनु र प्रायः सबैजस्तो प्रकाशित पत्रिकाहरूले पनि साहित्यिक गतिविधिहरूलाई महफ्वपूर्ण स्थान दिनुजस्ता कुराहरूलाई २००७ सालपूर्वको पत्रकारिताको प्रमुख उपलब्धि मान्नु पर्दछ ।

### २.३.२ २००७ सालदेखि २०१७ सालसम्म

राणाशासनको निरङ्कुशताभित्र लामो समयसम्म पिल्सिएको नेपाली मानासिकताले २००७ सालको राजनैतिक परिवर्तनपछि केही मात्रामा प्रकाशन र वाक्स्वतन्त्रता पाउनुका साथै मौलिक हकअधिकारहरूको उपयोग गर्ने अवसर प्राप्त गऱ्यो । सरकारी नियन्त्रणबाट मुक्ति पाएपछि चेतनशील वर्ग उत्साहपूर्वक पत्र-पत्रिकाको प्रकाशनतर्फ अग्रसर हुन थाल्यो । यसले गर्दा २००७ सालपछि आएर पत्र-पत्रिका प्रकाशनका क्षेत्रमा ठूलो बाढी नै आयो । वाक्स्वतन्त्रता र प्रकाशन स्वतन्त्रताले गर्दा राजनैतिक दृष्टिबाट प्रभावित पत्रिकाहरू पनि पर्याप्त मात्रामा प्रकाशित हुन  थाले । राजनैतिक क्षेत्रमा आएको यस प्रकारको परिवर्तनले गर्दा जनचेतनाको अभिवृद्धि गर्ने खालका समाचारप्रधान पत्रिकाहरूको प्रकाशनमा पनि तीब्रता आयो । यसले गर्दा दैनिक, साप्ताहिक, अर्ध साप्ताहिकजस्ता पत्रिकाहरू धमाधम प्रकाशित हुन थाले । त्यसैले २००७ सालदेखि २०१७ सालसम्मको एक दशक लामो समयावधि नेपाली पत्रकारिताको इतिहासमा एउटा महफ्वपूर्ण समयका रूपमा देखापऱ्यो ।

प्रजातन्त्रको उदयपश्चात् देशका विभिन्न भागहरूमा विभिन्न किसिमका सामाजिक संघ संस्थाहरू खुल्न थाले । नेपाल साँस्कृतिक संघ, नेपाल साँस्कृतिक परिषद, प्रगतिशील लेखक संघ, नेपाल महिला संघजस्ता सामाजिक संघ संस्थाहरू पनि क्रमिक रूपमा पत्रकारितातर्फ प्रवेश गर्न थाले ।[२१] यस प्रकारको परिस्थितिले गर्दा पत्रकारिताको विकासका निम्ति संस्थागत तथा साङ्गठनिक प्रयासहरू पनि हुन थाले । यसले गर्दा नेपालभित्र दैनिक, अर्धसाप्ताहिकदेखि लिएर अर्धवार्षिक, वार्षिकसम्मका पत्रिकाहरू धमाधम प्रकाशित हुन थाले ।

नेपाली पत्रकारिताको इतिहासमा सात सालपूर्व दैनिक रूपमा **गोरखापत्र**बाहेक अन्य कुनै पनि पत्रिका प्रकाशन हुन सकेको थिएन । जब २००७ सालमा राजनैतिक परिवर्तन आयो, त्यही परिवर्तनसँगै २००७ साल फागुन ८ गतेदेखि सिद्धिचरण श्रेष्ठको सम्पादनमा काठमाडौंबाट **आवाज** दैनिक पत्रिकाको प्रकाशनारम्भ भयो । यही **आवाज** पत्रिका नै नेपाली पत्रकारिताको इतिहासमा प्रथम पत्रिका हुन पुग्यो । मूलतः समाचारप्रधान पत्रिकाको रूपमा

[२१] शिव रेग्मी, पूर्ववत्, पृ. ६ ।

प्रकाशित यो पत्रिका २००८ साल पौषसम्म सञ्चालित भई बन्द हुन पुग्यो ।[२२] यसै श्रृङ्खलामा २०१७ सालसम्ममा देखापरेका महफ्वपूर्ण दैनिक पत्रिकाहरूमा पशुपतिदेव पाण्डेको सम्पादनमा प्रकाशित **समाज** (२०११) विन्दुनाथ प्याकुरेलको सम्पादनमा प्रकाशित हालखबर (२००३) मणिकलाल श्रेष्ठको सम्पादनमा प्रकाशित **समय** (२०१३) तारणीप्रसाद कोइरालाको सम्पादनमा प्रकाशित **दियालो** (२०१३) डिल्लीबहादुर श्रेष्ठको सम्पादनमा प्रकाशित **गोरेटो** (२०१४) ध्रुवचन्द्र गौतमको सम्पादनमा प्रकाशित **कल्पना** (२०१४) पञ्चलाल श्रेष्ठको सम्पादनमा प्रकाशित **ममता** (२०१६) आदि रहेका छन् ।[२३] यी पत्रिकाहरू मूलतः समाचारप्रधान भए तापनि नेपाली भाषा साहित्यका क्षेत्रमा पनि केही न केही मात्रामा सहयोग पुऱ्याउन सफल भएका छन् । जुन किसिमको उत्साहका साथ पत्रिकाहरू प्रकाशित भए, त्यसैअनुरूप स्थायी रूपमा प्रकाशित हुन भने सकेनन् ।[२४] यस अवधिमा प्रकाशित अर्धसाप्ताहिक पत्रिकाहरू खासै धेरै छैनन् । मुख्य अर्धसाप्ताहिक पत्रिकाहरूमा भोजबहादुर सिंहको सम्पादनमा प्रकाशित **खसोखास** (२००९) कृष्णबहादुर ठकुरीको सम्पादनमा प्रकाशित **हाम्रो नेपाल** (२०१३) आदि रहेका छन् । यी पत्रिकाहरूको प्रमुख उद्देश्य साहित्य सेवा गर्ने नभएर जनचेतनाको अभिवृद्धि गर्नका लागि तथ्यमूलक समाचार प्रवाह गर्नु रहेको थियो ।[२५]

यस समयावधिमा साप्ताहिक पत्र-पत्रिकाको प्रकाशनमा भने उल्लेख्य प्रगति भएको छ । नेपालमा प्रजातन्त्रको स्थापना हुनुभन्दा तीन दिन पूर्व अथवा २००७ साल फागुन ४ गतेका दिन हृदयचन्द्रसिंह प्रधानको सम्पादनमा काठमाडौंबाट **जागरण** साप्ताहिक पत्रिकाको प्रकाशन आरम्भ भयो । प्रजातन्त्रको रक्षाका लागि जनचेतना अभिवृद्धि गर्ने मूल लक्ष्यका साथ प्रकाशित भएको यो पत्रिका मूलतः समाचारप्रधान पत्रिका नै हो ।[२६] यस अवधिमा प्रकाशित अन्य साप्ताहिक पत्रिकाहरूमा भोजबहादुर न्यौपानेको सम्पादनमा **तरङ्ग** (२००८) ईश्वरानन्द श्रेष्ठचार्यको सम्पादनमा **राँको** (२००८) नारायणप्रसाद बाँस्कोटाको सम्पादनमा प्रकाशित **भिल्को** (२००९) रामचन्द्र उपाध्यायको सम्पादनमा **राष्ट्रवाणी** (२००९) चित्तरञ्जत नेपालीको सम्पादनमा प्रकाशित **आलोक** (२००९) जगतचन्द्र मोहनको सम्पादनमा **हलचल** (२०१०) शङ्करप्रसादको सम्पादनमा प्रकाशित **नेपाल पुकार** (२०१०) गणेशप्रसाद श्रेष्ठको सम्पादनमा प्रकाशित मशाल (२०१०) ठाकुरचन्दनसिंहको सम्पादनमा

---

[२२] ग्रीष्मवहादुर देवकोटा, पूर्ववत्, पृ. ५७८ ।

[२३] ऐजन, पृ. ५७८-८२ ।

[२४] ऐजन ।

[२५] पूर्ववत, पृ. १२३ ।

[२६] ऐजन ।

प्रकाशित **स्वतन्त्र नेपाली** (२०११) गोपालप्रसाद श्रेष्ठको सम्पादनमा प्रकाशित **युगदूत** (२०११) ज्ञानरत्न बज्राचार्यको सम्पादनमा प्रकाशित **क्रान्तिकारी** (इं १९५४) कमलप्रसाद घिमिरे र अन्यको सम्पादनमा प्रकाशित **गाईजात्रा** (२०१२) केदारनाथ शर्माको सम्पादनमा प्रकाशित **इन्साफ** (२०१३) प्रमोद शमशेर राणाको प्रकाशनमा प्रकाशित **झ्याली** (२०१३) राधेश्याम भट्टको सम्पादनमा प्रकाशित **नयाँ मोड** (२०१५) गोविन्द वियोगीको सम्पादनमा प्रकाशित **लोकदूत** (२०१५) सत्यमोहन जोशीको सम्पादनमा प्रकाशित प्रकाशित **विकास** (२०१५) शिवहरिसिंह पागलको सम्पादनमा प्रकाशित **जनप्रयास** (२०१६) विपिनदेव ढुङ्गेलको सम्पादनमा प्रकाशित **हिमचूली** (२०१६) मदनमणि दीक्षितको सम्पादनमा प्रकाशित **समीक्षा** (२०१७) आदि देखा परेका  छन् । यी सबैजसो पत्रिकाहरूको उद्देश्य जनताहरूमा चेतनाको विकास गर्ने र तथ्यमूलक समाचार सम्प्रेषण गरी स्थापित प्रजातन्त्रको रक्षा गर्नु थियो ।[२७] यसै अवधिमा केशवराज पिँडालीको सम्पादनमा प्रकाशित भएको **विकास साप्ताहिक** पत्रिका भने साहित्यको विकास र श्रीवृद्धि गर्ने उद्देश्य लिएर प्रकाशित भएको थियो, तर यो पत्रिका विविध कारणले केही समयपछि बन्द भयो ।[२८] समग्रमा भन्नुपर्दा यस अवधिका साप्ताहिक पत्रिकाहरू मूलतः समाचारप्रधान भएर पनि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा नेपाली भाषा र साहित्यको विकासमा समेत यिनीहरूको योगदान रहेको कुरालाई स्वीकार्नुपर्छ ।

यस दशवर्षको समयावधिमा विभिन्न पाक्षिक पत्रिकाहरू पनि प्रकाशित भएका छन् । तीमध्ये तारणीप्रसाद कोइरालाको सम्पादनमा प्रकाशित हुने **झङ्कार** (२००९) श्यामकृष्ण शर्माको सम्पादनमा प्रकाशित **केटो** (२०११) विजयराज शर्माको सम्पादनमा प्रकाशित **प्रेरणा** (२०१३) कृष्णचन्द्र देवकोटाको सम्पादनमा प्रकाशित **कोपिला** (२०१४)सत्यमोहन जोशीको सम्पादनमा प्रकाशित **निर्माण** (२०१६) आदि पर्दछन् ।[२९]

पत्रकारिताको इतिहासमा अत्यन्त उर्वर रहेको यस अवधिमा मासिक पत्रिकाहरूको प्रकाशनले नेपाली साहित्यको विकासमा महफ्वपूर्ण योगदान पुऱ्याएको छ । यस समयमा प्रकाशित भएका प्रमुख मासिक पत्रिकाहरूमा **बालसभा** सम्पा. धनमानसिंह परियार (२००८) **प्रतिभा** सम्पा. कुन्तिदेवी (२००९) **जागृति** सम्पा. शरदप्रसाद उपाध्याय (२००९) **संस्कृति सन्देश** सम्पा. योगी नरहरिनाथ (२०१०) **प्रगति** सम्पा. नारायणप्रसाद बाँस्कोटा (२०१०) **भोर** सम्पा. शेखरबहादुर मानन्धर (२०११) **दीयो** सम्पा. अग्निराज श्रेष्ठ ई. (१९५५) **छात्रवाणी** सम्पा. कृष्णकुमार बर्मा (२०१३) **इन्द्रेणी** सम्पा. ईश्वर बराल (२०१३) **धरती**

[२७] ऐजन, पृ. १२३ देखि १२९ सम्मका सम्पादकीय अंशबाट प्राप्त जानकारी ।

[२८] ऐजन पृ. १२७ ।

[२९] ऐजन पृ. ५९९-६०४ ।

सम्पा. भवानी भिक्षु र ईश्वर बराल (२०१३) **नवीन शिक्षा** सम्पा. कृष्णराज अर्याल र अन्य (२०१४) **किसान** सम्पा. वासु पासा (२०१४) **सिर्जना** सम्पा. शिवगोपाल रिसाल (२०१६) **दर्पण** सम्पा. गोपालप्रसाद रिमाल (२०१७) आदि पर्दछन् । त्यसैगरी श्यामप्रसाद शर्माको सम्पादनमा (२००८ सालमा वीरगञ्जबाट प्रकाशित **सेवा** श्री आचार्य र लक्ष्मण शास्त्रीको सम्पादनमा विराटनगरबाट प्रकाशित **आदर्श वाणी** (२००९) अम्वरध्वज खाँतीको सम्पादनमा पाल्पाबाट प्रकाशित **नयाँ किरण** (२०१४) पनि यस समयका राजधानी बाहिरबाट प्रकाशित मासिक पत्रिका हुन् ।[३०] यी पत्रिकाहरू मूलतः नेपाली भाषा र साहित्यको विकासमा सहयोग पुऱ्याउने उद्देश्य लिएर प्रकाशित भएका छन् । यस समयमा **प्रगति, इन्द्रेणी, धरती**जस्ता पत्रिकाहरूले नेपाली साहित्यका क्षेत्रमा पुऱ्याएको योगदान उल्लेख्य रहेको छ ।

प्रारम्भमा मासिक पत्रिकाको रूपमा २०१० सालमा प्रकाशित **प्रगति** वर्ष १, अङ्क ३ देखि नै द्वैमासिक भएर प्रकाशित हुन थाल्यो ।[३१] यसले साहित्यका विविध विधाहरू प्रकाशित गरेर नेपाली साहित्यमा जुन किसिमको योगदान पुऱ्यायो, त्यसको यथोचित मूल्याङ्कन गर्नु पर्ने हुन्छ । यसमा प्रकाशित साहित्यिक रचनाहरू पाठकहरूबिच लोकप्रिय बन्दै गए पनि यसको प्रकाशन भने नियमित रूपमा कायम नरहेर पूर्णाङ्क १६ सम्ममात्र प्रकाशित भई बन्द भएको थियो ।[३२] **इन्द्रेणी** यस अवधिको अर्को साहित्यिक पत्रिका हो । २०१३ सालमा काठमाडौंमा काव्य प्रतिष्ठानको स्थापना भई सोही प्रतिष्ठानबाट यस पत्रिकाको प्रकाशन आरम्भ भएको हो ।[३३] जम्मा आठ अङ्कमात्र प्रकाशित भएर पनि साहित्यिक पत्रकारिताको इतिहासमा उच्च स्थान राख्न सक्नु यसको उपलब्धि हो । यसलाई साहित्यिक मूल्य प्रदान गर्नमा महाकवि स्व. लक्ष्मीप्रसाद देवकोटा, स्व. शङ्कर लामिछाने, ईश्वर बराल र कवि भीमदर्शन रोकाको विशेष योगदान रहेको छ । श्री ५ महेन्द्रको शुभराज्याभिषेक अङ्क र एसियाली विशेषाङ्क यसका विशिष्ट उपलब्धि मानिन्छन् ।[३४]

**धरती** (२०१३) पनि यस अवधिको साहित्यिक पत्र-पत्रिकाको कोटिमा उल्लेख्य पत्रिका हो । भवानी भिक्षु र ईश्वर बरालजस्ता साहित्यकारहरूको सम्पादनमा प्रकाशित यो पत्रिका गद्य साहित्यको गहकिलो प्रकाशन हो ।[३५] चार वर्षको अवधिमा जम्मा एघार अङ्कमात्र प्रकाशित

---

[३०] ऐजन, पृ. ६०६-६१२ ।

[३१] ऐजन, पृ. १३४ ।

[३२] ऐजन, पृ. ४१ ।

[३३] शिव रेग्मी, पूर्ववत् पृ. ६ ।

[३४] ऐजन ।

[३५] ऐजन ।

भएर प्रकाशन बन्द भएको यो पत्रिका उच्चस्तरीय साहित्यिक रचनाहरू प्रकाशित गर्न सफल भएको थियो ।[३६] त्यसैगरी वीरगञ्जबाट प्रकाशित **सेवा** पत्रिकाले प्रगतिवादी साहित्यको क्षेत्रमा महफ्वपूर्ण योगदान पुऱ्याएको छ भने विराटनगरबाट प्रकाशित **आदर्श वाणी** ले पनि पूर्वाञ्चलको साहित्यिक गतिविधि अगाडि बढाउनमा यथाशक्य योगदान पुऱ्याएको छ । यसरी २००७ सालदेखि २०१७ सालसम्मको एकदशक लामो समयावधिमा पर्याप्त मात्रामा मासिक पत्रिकाहरू प्रकाशित भएर साहित्यको सेवामा प्रवृत्त भए तापनि प्रायः सबैजसो पत्रिकाहरू नियमित रूपमा प्रकाशित नभएर छोटै समयमा प्रकाशनको क्षेत्रबाट हटाउन पुगे ।

यस समयावधिमा प्रकाशित भएका द्वैमासिक पत्रिकाहरूले पनि नेपाली साहित्यको विकासमा निरन्तरता दिएका छन् । सङ्ख्यात्मक भन्दा गुणात्मक मूल्यका दृष्टिले यस अवधिका द्वैमासिक पत्रिकाहरूमा धर्मराज थापाको सम्पादनमा प्रकाशित **डाँफेचरी** (२०१०) पुष्कर शमशेर र अन्यको सम्पादनमा प्रकाशित **जन साहित्य** (२०११) श्यामप्रसाद शर्माको सम्पादनमा प्रकाशित **साहित्य** (२०१६) जयेन्द्रबहादुर थपलियाको सम्पादनमा प्रकाशित **दर्पण** (२०१७) कुमुदेशप्रसाद शर्माको सम्पादनमा प्रकाशित **इन्दु** (२०१७) वासुदेव रिमालको सम्पादनमा प्रकाशित **रूपरेखा** (२०१७) आदि पर्दछन् ।[३७] त्यसै गरी चूडामणि रेग्मी र अन्यको सम्पादनमा विराटनगरबाट प्रकाशित **छहारी** (२०१५) पनि पूर्वाञ्चलको साहित्यिक पत्रकारिताको क्षेत्रमा देखापरेको अर्को द्वैमासिक पत्रिका हो । काठमाडौंबाट प्रकाशित **डाँफेचरी** नेपाली लोकसाहित्यप्रधान प्रथम पत्रिका हो । लोकगीत र लोकसंस्कृतिको विकासमा यसको महफ्वपूर्ण योगदान रहेको छ ।[३८]

**रूपरेखा** यस अवधिको सबैभन्दा महफ्वपूर्ण पत्रिका हो । १९९१ मा प्रकाशित **शारदा** पछिको युगवाहक पत्रिकाको रूपमा यसलाई लिन सकिन्छ । राष्ट्रिय पुस्तकालयद्वारा वासुदेव रिमालको सम्पादनमा काठमाडौंबाट प्रकाशित यो पत्रिका प्रारम्भमा द्वैमासिक र पछि गएर मासिक पत्रिकाको रूपमा प्रकाशित भएको हो । देवकोटा उत्तरवर्ती समयमा नेपाली साहित्यमा प्रयोगवादी धारालाई स्थापित गर्न यस पत्रिकाले महफ्वपूर्ण योगदान पुऱ्याएको छ । नेपाली कविताका क्षेत्रमा प्रयोगवादी धारालाई भित्र्याउने कवि मोहन कोइरालाई स्थापित गर्नमा यस पत्रिकाको महफ्वपूर्ण भूमिका रहेको छ । साहित्यका विभिन्न विधाहरूमा विशेषाङ्क निकाल्नेदेखि लिएर नेपाली साहित्यका नयाँ तथा पुराना प्रतिभाहरूका

---

[३६] डा. तारानाथ शर्मा, **नेपाली साहित्यको इतिहास**, तेस्रो सं. (काठमाडौं: नवीन प्रकाशन २०५१) पृ. २६८ ।

[३७] ग्रीष्मवहादुर देवकोटा, पूर्ववत्, पृ. ६२१-२४ ।

[३८] उत्तम कुँवर, पूर्ववत्, पृ. १५ ।

रचनाहरूलाई यसको समानुपातिक स्थान दिएको छ । यो पत्रिकाले कुनै निश्चित सिद्धान्तका पक्षमा मात्र केन्द्रित नभई प्रयोगवादी, झर्रोवादीदेखि झर्रोवाद विरोधी, प्रगतिवादी अनि आधुनिकदेखि पौराणिकसम्मका सबैखाले रचनाहरूलाई उत्तिकै महत्त्व दिएको छ ।[३९] हालसम्मको पत्रकारिताको इतिहासमा सबैभन्दा बढी (३३८) अङ्क प्रकाशित गर्न सफल यो पत्रिका उत्तम कुँवरको निधनपश्चात् ढलमलाउन थाल्यो र प्रकाशनसमेत बन्द हुनपुग्यो ।[४०] जेसुकै भए पनि यस पत्रिकाले आधुनिक नेपाली कविता, कथा, निबन्ध र समालोचनाको क्षेत्रमा पुऱ्याएको योगदानलाई यही पत्रिकामा केन्द्रित रहेर मूल्याङ्कन गर्नु पर्ने हुन्छ । यस दशकमा प्रकाशित त्रैमासिक पत्रिकाहरू पनि नेपाली भाषा र साहित्यको उत्थानमा नयाँ नयाँ विशिष्टताहरू थप्न सफल भएका छन् ।[४१]

शशिकला शर्माको सम्पादनमा काठमाडौंबाट प्रकाशित **स्वास्नी मान्छे** (२०१५) ले नेपाली समाजमा पिछडिएका महिला वर्गलाई महत्त्वका साथ स्थान दिनुका साथै महिला जागरणका क्षेत्रमा पनि महत्त्वपूर्ण भूमिका खेलेको छ । त्यसैगरी मदनपुरस्कार गुठीको मुखपत्रका रूपमा २०१६ सालमा काठमाडौंबाट प्रकाशित **नेपाली त्रैमासिक** पत्रिका पनि लामो समयसम्म साहित्यको सेवामा समर्पित पत्रिका हो । केवल साहित्यिक सेवामा मात्र केन्द्रित नरहेर मदनपुरस्कार गुठीको समाचार, सूचना र अन्य विविध विषयको समेत जमघट गर्ने उद्देश्यले प्रकाशित भएको यस पत्रिकामा अनुसन्धानात्मक लेख-रचनाहरू पनि प्रकाशित भएकाले नेपाली भाषा र साहित्यका विद्यार्थीहरूका लागि यो पत्रिका सहयोगी बनेको छ ।[४२] प्रहरीप्रधान कार्यालय काठमाडौंबाट प्रकाशित **प्रहरी** (२०१६) प्रारम्भमा साहित्यिक पत्रिकाको रूपमा देखा परे पनि पछि साहित्येतर बन्दै गयो । यसै अवधिमा २०१२ सालदेखि बनारसबाट प्रकाशित हुँदै आएको **नौलो पाइला** पनि २०१४ सालदेखि बालकृष्ण समको सम्पादनमा काठमाडौंबाट प्रकाशित त्रैमासिक पत्रिका हो ।[४३] यसै क्रममा रामहरि जोशीको सम्पादनमा २०१७ साल भदौंमा महोत्तरीबाट प्रकाशित **जनविकास** (अर्ध साप्ताहिक) चतुर्भुज कोइराला र अन्यको सम्पादनमा २०१४ सालमा पाल्पाबाट प्रकाशित **उपहार** बार्षिकजस्ता पत्रिकाहरूले पनि साहित्यको सेवा गर्न सफल भएका छन् ।

---

[३९] डा. तारानाथ शर्मा, पूर्ववत्, पृ. २६८ ।

[४०] शिव रेग्मी, पूर्ववत्, पृ. ७ ।

[४१] ग्रीष्मवहादुर देवकोटा, पूर्ववत्, पृ. ६२६ ।

[४२] डा. तारानाथ शर्मा, पूर्ववत्, पृ. २६८ ।

[४३] ग्रीष्मवहादुर देवकोटा, पूर्ववत्, पृ. ६२७ ।

समग्रमा हेर्दा प्रजातन्त्रको उदयपश्चात् २०१७ सालको राजनैतिक परिवर्तनसम्मको एक दशकको समय नेपाली पत्रकारिताको इतिहासमा महफ्वपूर्ण समयका रूपमा देखिएको छ । विविध समस्याहरूका बिचबाट पनि पत्र-पत्रिका प्रकाशनका क्षेत्रमा पर्याप्त प्रगति भएको छ । विज्ञापनका अभावका कारण आर्थिक सङ्कट हुनु, आर्थिक सङ्कटका कारणले प्रकाशनमा अनियमितता देखा पर्नु, राजनैतिक खिचातानीले गर्दा पत्रकारहरू बिच नै फुट सिर्जना हुनु, पत्रकारिता सम्बन्धी सरकारी नीति स्पष्ट नहुनुजस्ता समस्याहरूले गर्दा जति मात्रामा पत्र-पत्रिकाको गुणात्मकता र स्थायित्व हुनु पर्ने हो, त्यति हुन सकेको छैन । यति हुँदा हुँदै पनि विदेशी भूमिमा केन्द्रित रहेको पत्र-पत्रिका प्रकाशनको परम्परामा परिवर्तन भई स्वदेशबाट नै पर्याप्त पत्र-पत्रिकाहरू प्रकाशित हुनु, पत्र-पत्रिका प्रकाशनको लहर देशका विभिन्न भागसम्म विस्तार हुनु, विभिन्न सङ्घ संस्थाहरू सञ्चालन गरी पत्र-पत्रिका प्रकाशनका क्षेत्रमा संस्थागत प्रयास हुनुजस्ता कुराहरूलाई यस दशकको उपलब्धि मान्नु पर्छ ।

नेपाली साहित्यको क्षेत्रमा यस अवधिमा उपलब्धिपूर्ण प्राप्तिहरू देखा परेका छन् । साहित्यमा देखा परेका उपलब्धिहरूसँग साहित्यिक पत्रिकाहरूको पनि सम्बन्ध जोडिएको छ । २००७ साल पूर्वको राजनैतिक नियन्त्रणबाट मुक्ति पाएपछि नेपाली साहित्यले नयाँ कोल्टो फेऱ्यो । सामाजिक तथा राजनैतिक क्षेत्रमा रहेका विसङ्गति र व्यक्तिगत जीवनका कुण्ठाहरूलाई साहित्यमा सोझो रूपमा अभिव्यक्ति गर्न थालियो । अनेकौं राजनैतिक र आर्थिक दर्शकहरूको छलफल गर्न पाइने स्वतन्त्रता र उन्मुक्त वातावरणमा साहित्यभित्र पनि अनेकौं वादहरू देखापरे । मार्क्सवादलाई नेपाली साहित्यमा निम्त्याएर निर्धक्कसित सामन्ती शोषणको विरूद्धमा प्रगतिवादी साहित्यको विकास हुन थाल्यो । जीवनमा व्यापक सङ्कटहरूलाई सामाजिक यथार्थवादी र आलोचनात्मक यथार्थवादी ढङ्गले प्रस्तुत गर्न थालियो । एकातिर परम्परागत साहित्यिक लेखनले निरन्तरता पायो भने अर्कातिर साहित्यमा नवीन सोचहरू देखापर्न थाले । यस अवधिमा प्रयोगवादी साहित्यको बीजारोपण भयो भने मनोवैज्ञानिक प्रयोगको क्षेत्रमा पनि नयाँ नयाँ प्रयोगहरू हुन थाले । **समकालीन साहित्य**मा देखा परेका यस प्रकारका प्रवृत्तिहरूलाई फलाउने फुलाउने काममा यस अवधिका साहित्यिक पत्रिकाहरूको योगदान अविस्मरणीय रहेको छ ।

### २.३.३ २०१७ सालदेखि 'समकालीन साहित्य' प्रकाशनसम्म

वि.सं. २०१७ सालमा नेपालमा आएको राजनैतिक परिवर्तनले नेपाली साहित्य र पत्र-पत्रिकाको क्षेत्रमा पनि परिवर्तन ल्यायो । २०१७ साल पौष १ गते श्री ५ महेन्द्र वीरविक्रम शाहदेवबाट दलहरूमाथि प्रतिबन्ध लगाई निर्दलीय पञ्चायती व्यवस्थाको घोषणा

गरेपछि राजनैतिक क्षेत्रमा ठूलो परिवर्तन आएको थियो ।[४४] दलगत नेतृत्व गर्ने व्यक्तिहरू सरकारी नियन्त्रणमा जेल परे भने कतिपय व्यक्तिहरू देश छाडेर विदेशतिर पलायन हुनु पर्ने बाध्यता पऱ्यो । यसको प्रभाव पत्र-पत्रिका प्रकाशनका क्षेत्रमा पनि पर्न थाल्यो । राजनैतिक विचार र दृष्टिकोणबाट प्रभावित पत्र-पत्रिकाहरू स्वभाविक रूपमा अवरूद्ध हुन पुगे । यसले गर्दा पत्रपत्रिका प्रकाशनका क्षेत्रमा केही शिथिलता देखापर्न थाल्यो भने प्रकाशित भएका पत्रिकाहरूले पनि पञ्चायती व्यवस्थाको विरूद्धमा लेख्ने स्वतन्त्रता प्राप्त गर्न सकेनन् । राजनैतिक सङ्घ सङ्गठनद्वारा सञ्चालित पत्र-पत्रिकाहरूको प्रकाशन अवरूद्ध भए तापनि गैह्र राजनैतिक अथवा सरकारी निर्देशन भित्र रही सञ्चालन हुने पत्र-पत्रिकाहरूको विकासमा सरकारी सहयोगसमेत उपलब्ध हुन थाल्यो । यसैको परिणामस्वरूप देशका विभिन्न भागबाट पत्रिका प्रकाशनको गति तीब्र हुन थाल्यो ।[४५] पत्र-पत्रिकासम्बन्धी विकासका लागि सरकारी स्तरबाट विभिन्न समिति र बोर्डहरू स्थापना हुन थाले । साप्ताहिक, अर्धसाप्ताहिक, त्रैधसाप्ताहिक हुँदै २०१७ साल फागुन ७ गतेदेखि दैनिक पत्रिकाको रूपमा प्रकाशित **गोरखापत्र** लाई विकसित र आत्मनिर्भर बनाउने उद्देश्यले २०१७ साल चैत्र २१ गते **गोरखापत्र** विकास वोर्ड को स्थापना गरियो । यसै वर्ष चैत्र ६ गते, गोरखापत्र कर्पोरेसन ऐन, २०१९ जारी गरियो । सोही बमोजिम २०२० साल असार ५ गतेदेखि **गोरखापत्र** संस्थान अस्तित्त्वमा आयो ।[४६] यसपछि समसामयिक परिस्थिति अनुसार क्रमशः दैनिकदेखि वार्षिकसम्मका पत्रिकाहरू प्रकाशित हुन थाले । सरकारी संरक्षणमा रहेका संङ्घ सङ्गठनहरूबाट पनि पत्रिकाहरू प्रकाशित हुन थाले र ती पत्रिकाहरूले साहित्यको देखापेका विविध प्रवृत्तिहरूलाई आत्मसात गर्दै अगाडि बढ्न थालको देखिन्छ ।[४७]

यसरी २०१७ सालदेखि पछाडिको समयावधिमा नेपाली पत्रकारिताको इतिहासमा विविध किसिमका आरोह-अवरोहहरू देखा परे । जे-जस्तो परिस्थितिको सामना गर्नु परे तापनि पत्रकारिताको इतिहासले गति भने पाएकै छ । यस अवधिमा दैनिकदेखि क्रमशः वार्षिक सम्मका पत्रिकाहरू प्रकाशित भएका छन् ।

२०१७ सालको राजनैतिक परिवर्तनपछिको कठिन राजनैतिक परिवशेमा पनि दैनिक पत्रिकाहरू प्रकाशित भइरहे । मूलतः समाचार सम्प्रेषणलाई नै उद्देश्यका रूपमा लिएर प्रकाशित भएकाले साहित्यिक पत्रकारिताको इतिहासमा दैनिक पत्रिकाको स्थान भने गौण

[४४] ऐजन, पृ. ९९ ।

[४५] ऐजन, पृ. १७४ ।

[४६] ऋषिराम भूसाल र अन्य, पूर्ववत्, पृ. ३२ ।

[४७] ग्रीष्मवहादुर देवकोटा, पूर्ववत्, पृ. ९९ ।

रह्यो । यहाँ साहित्यिक पत्रकारितातर्फ नै अध्ययन बढी केन्द्रित हुनाले दैनिक पत्रिकाहरूका बारेमा विस्तृत अध्ययन नगरी केहीको नाममात्र उल्लेख गरिएको छ । यस क्रममा मणिकलाल श्रेष्ठको सम्पादनमा काठमाडौंबाट प्रकाशित **समय** २०२० मूलतः समाचारप्रधान दैनिक पत्रिका हो । यस पत्रिकाको उद्देश्य सत्य तथ्य सम्प्रेषण गरी जनताहरूलाई सुसूचित गर्नु रहेको छ । यसको प्रथम अङ्कमा अङ्कित यस प्रकारको सम्पादकीय अंशले यस कुराको पुष्टि गर्दछ - "समाचार सेवाका दृष्टिले उचित र आवश्यक हुने सेवा प्रस्तुत गर्न हामी अग्रसर भएका छौं । ... समाचारलाई उचित र आवश्यक पत्ता लगाउने ढक प्रोपगाण्डलाई मान्नुको सट्टा सत्यता र वास्तविकतालाई यो ढक मान्ने हाम्रो विचार छ ।"[४८] मदनमणि दीक्षितको सम्पादनमा काठमाडौंबाट प्रकाशित **समीक्षा** (२०२२) यस समयको अर्को दैनिक पत्रिका हो । जनमत सङ्गठित गर्ने र जनताको राजनैतिक चेहरालाई माथि उठाउने उद्देश्यका साथ साप्ताहित रूपमा प्रकाशित हुँदै आएको समीक्षाकै उद्देश्यमा केन्द्रित रहेर **समीक्षा** दैनिकको प्रकाशन आरम्भ भएको हो ।[४९] गणेश बल्लभको सम्पादनमा काठमाडौंबाट प्रकाशित **मातृभूमि** (२०२१) दैनिक पत्रिका पनि भ्रमपूर्ण र भावुक तथ्यहीन समाचारबाट अलग रही समाचार सम्प्रेषण गर्ने उद्देश्यका साथ प्रकाशित पत्रिका हो ।[५०]

कमलप्रसाद घिमिरेको सम्पादनमा ललितपुरबाट प्रकाशित **नयाँ नेपाल** (२०२२) दैनिक पत्रिका सरकारी नीति र कार्यक्रमको प्रचार गर्ने उद्देश्यले प्रकाशित पत्रिका हो ।[५१] यसैगरी विराटनगरबाट प्रकाशित **निर्माण** (२०१९) वीरगञ्जबाट प्रकाशित **जन-जीवन** (२०२२) भैरहवाबाट प्रकाशित **दैनिक निर्णय** (२०२३) जस्ता दैनिक पत्रिकाहरू पनि स्थानीय समाचारको सम्प्रेषण गर्ने समाचारप्रधान पत्रिका हुन् । समग्रमा हेर्दा यस समयका सबैजसो दैनिक पत्रिकाहरू साहित्येतर पत्रिकाका रूपमा समाचारप्रधान रहेको स्पष्ट हुन्छ । यस समयका प्रकाशित अन्य केही दैनिक पत्रिकाहरूमा, **हाम्रो देश, जन्मभूमि, दैनिक समालोचना घटना, समाचार सेवा, दैनिक खबर, नयाँ समाज** आदि रहेका छन् ।[५२]

यस समयावधिमा साप्ताहिक पत्र-पत्रिकाहरू प्रकाशनको क्रम पनि नियमित रूपमा नै अगाडि बढेको देखिन्छ । यतिवेलाका साप्ताहिक पत्रिकाहरू पनि समाचारप्रधान पत्रिकाकै रूपमा देखापरे । जनचेतनाको अभिवृद्धि गरी सरकारी अत्याचारको विरूद्धमा जनमत तयार

---

[४८] पूर्ववत्, पृ. १२० ।
[४९] ऐजन, पृ. १२६ ।
[५०] ऐजन, पृ. १२१।
[५१] ऐजन, पृ. १२२।
[५२] ऋषिराम भुसाल र अन्य, पूर्ववत्, पृ. ३३ ।

पार्ने खालका राजनैतिक दृष्टिकोणबाट सञ्चालित पत्रिकाहरू पनि देखा परे । यस प्रकारका पत्रिकाहरू सरकारी स्तरबाट दमनको सिकारमा समेत पर्न पुगे । यसैको परिणामस्वरूप प्रकाशनको अवसरबाट वञ्चित भई प्रतिबन्धित समेत भए ।[५३] यस बेलाका कतिपय पत्रिकाहरू राजनैतिक विखण्डनको विपरीत जनमत सिर्जना गरी राष्ट्रनिर्माणको नारा लिएर प्रकाशित भए । विजयकुमार उपाध्यायको सम्पादनमा काठमाडौंबाट प्रकाशित **प्रवतर्क** (२०१८) साप्ताहिकको तल लिखित सम्पादकीयको केही अंशबाट यो कुरा स्पष्ट हुन्छ ।

मनसा-वाचा कर्मणाले केही वर्षका लागि वादलाई पाखामा राखी राष्ट्र निर्माणको कार्यमा लागौं 'वाद' को पनि पछि समय आउने छ । त्यसबेला विचार गरौंला । प्रवर्त्तक यही विचार जनतासमक्ष राखी विशुद्ध रूपमा राष्ट्र निर्माणको नारा बराबर दिंदै रहनेछ ।[५४] यस अवधिमा कतिपय नितान्त राष्ट्रवादी भावनाको जागरण फैलाउने उद्देश्यका साप्ताहिक पनि देखापरे । श्रीदान खालिङको सम्पादनमा प्रकाशित **मातृभूमि** (२०१९) को सबै नेपालीको नजर महातीर्थ, पुण्यभूमि मातृभूमि नेपालमा एकाग्र पार्न चाहन्छौं भन्ने अंशबाट यो कुरा स्पष्ट हुन्छ ।[५५]

यसै अवधिमा प्रकाशित **छलफल, दृष्टि, विमर्श**जस्ता साप्ताहिक पत्रिकाहरू सरकारी क्षेत्रमा अनियमितता र शोषणका विरूद्धमा समाचार सम्प्रेषण गरी सरकारको विरूद्धमा जनमत तयार गर्नेतर्फ बढी केन्द्रित भए । समय समयमा जन जागृति फैलाने खालका र सामाजिक तथा राजनैतिक परिवर्तनप्रति लक्ष्यित साहित्यिक रचनासमेत प्रकाशित गर्ने यी पत्रिका अहिलेसम्म पनि नियमित रूपमा प्रकाशित भएका छन् । यी पत्रिकाहरूले सरकारको विरूद्धमा समाचार तथा लेख रचनाहरू प्रकाशित गरेकाले नै पटक पटक सरकारबाट प्रतिबन्धित समेत हुन पुगे[५६] यस समयमा प्रकाशित अन्य कही साप्ताहिक पत्रिकाहरूमा **नया सन्देश, जन आवाज, लोकमत विगुल, घरेलु उद्योग पत्रिका, मुहान, राष्ट्रियता, साप्ताहिक समाचार, किसान, मार्ग, हिमचुली, साँगुरी, देशान्तर, युवक, नारायणी, लुम्बिनी, भेरी, पाल्पा, जनता साप्ताहिक** आदि पर्दछन् ।[५७]

---

[५३] ऐजन ।

[५४] ग्रीष्मवहादुर देवकोटा, पूर्ववत्, पृ. ९९ ।

[५५] पूर्ववत्, पृ. १२५ ।

[५६] ऋषिराम भुसाल र अन्य, पूर्ववत्, पृ. ३३ ।

[५७] ऐजन, ।

समग्रमा भन्नु पर्दा २०१७ सालपछिका साप्ताहिक पत्रिकाहरूको मूल उद्देश्य समाचार सम्प्रेषण गर्ने र विभिन्न किसिमका लेख रचनाहरू प्रकाशित गरी जनचेतना अभिवृद्धि गर्ने रहेको छ । यस समयमा प्रकाशित भएका कतिपय पत्रिकाहरू आफ्नै कारणले र कतिपय पत्रिकाहरू राजनैतिक आरोपका कारणले गर्दा नियमित हुन सकेनन् भने कतिपय अहिलेसम्म पनि नियमित रूपमा प्रकाशित भइरहेका छन् ।

यस अवधिमा देशका विभिन्न भागबाट पाक्षिक पत्रिकाहरू पनि प्रकाशित भएका छन् । पशुपति पराजुलीको सम्पादनमा प्रकाशित **कोशी अञ्चल** (२०२१), विष्णु नवीनको सम्पादनमा प्रकाशित **मेची** (२०२१), शिशुप्रसाद देवकोटाको सम्पानमा राजविराजबाट प्रकाशित **सगरमाथा** (२०२१) बब्रुवाहन सिंहको सम्पादनमा नेपालगञ्जबाट प्रकाशित **भेरी** (२०२१) गोकर्णदेव पाण्डे र अन्यको सम्पादनमा काठमाडौंबाट प्रकाशित **प्रतिध्वनि** (२०२१) जस्ता पाक्षिक पत्रिकाहरूले देशका विभिन्न भागमा छरिएका साहित्यिक प्रतिभाहरूलाई प्रेरणा प्रदान गरेका छन् । साहित्यिक पत्रकारिताको दृष्टिले यस अवधिमा प्रकाशित मासिक, द्वैमासिक, त्रैमासिक, पत्रिकाहरूको योगदानलाई बिर्सनु हुँदैन । मूलतः नेपाली साहित्यको विकास गर्ने लक्ष्यका साथ प्रकाशित यस समयका पत्रिकाहरू एकातिर भाषा र साहित्यको विकासमा सचेत छन् भने अर्कातिर जनचेतनाको अभिवृद्धितर्फ पनि त्यत्तिकै सचेत छन् ।

मासिक पत्रिका प्रकाशनका क्षेत्रमा यस अवधिमा थुप्रै पत्रिकाहरू प्रकाशित भएका छन् । साहित्यिक मूल्यका दृष्टिले हेर्दा द्वैमासिक र त्रैमासिक पत्रिकाका तुलनामा केही पछाडि देखिए तापनि नेपाली भाषा र साहित्यको श्रीवृद्धिका लागि यस समयका मासिक पत्रिकाहरूले पुऱ्याएको योगदान नकार्न मिल्दैन । यस समयमा प्रकाशित केही मासिक पत्रिकाहरूमा सुरेन्द्रराज शर्माको सम्पादनमा प्रकाशित **शिक्षा समाचार** (२०१८) **निर्देशन** (२०१८) रामलोचन सिंहको सम्पादनमा प्रकाशित **राप्ती सन्देश** (२०१९) र शिशुप्रसाद देवकोटाको सम्पादनमा प्रकाशित **खुडकिलो** (२०१९) सत्यमोहन जोशीको सम्पादनमा प्रकाशित **युवक** (२०२०) मरिचमान सिंहको सम्पादनमा प्रकाशित **राप्ती दर्पण** (२०२१) विमला मास्केको सम्पादनमा प्रकाशित **महिला बोल्छिन्** (२०२१) प्रेमकुमार कसजूको सम्पादनमा प्रकाशित **बालक** (२०२२) शान्तलाल सुलामीको सम्पादनमा प्रकाशित **नवकुञ्ज** (२०२२) गोपालप्रसाद भट्टराईको सम्पादनमा प्रकाशित **मधुपर्क** (२०२५) आदि देखा पर्दछन् ।[५८] यी पत्रिकाहरू मध्ये गोरखापत्र संस्थानबाट २०२५ सालमा प्रकाशित **मधुपर्क** एक महफ्वपूर्ण साहित्यिक पत्रिका हो । कविता, कथा, समालोचना लगायतका हरेक साहित्यिक विधामा त्यत्तिकै प्राथमिकताका साथ स्थान दिने **मधुपर्क**ले सुरूको अवस्थामा

[५८] ग्रीष्मवहादुर देवकोटा, पूर्ववत्, पृ. ६०६-१५ ।

कायम राखेको स्तरीय साहित्यिक पनलाई पछिसम्म बचाइराख्न भने सफल भएन ।[५९] यति हुँदा हुँदै पनि यसले नियमित रूपमा साहित्यमा गरेको सेवालाई नकार्न भने मिल्दैन । यस समयका अन्य मासिक पत्रिकाहरूले पनि समकालीन साहित्यिक गतिविधिहरूलाई अगाडि बढाउनुका साथै नवीन प्रतिभाहरूलाई साहित्यतर्फ प्रेरित गर्ने काममा सहयोग पुऱ्याएका छन् । साहित्यिक मूल्यका दृष्टिले यस समयमा प्रकाशित द्वैमासिक पत्रिकाहरू महफ्वपूर्ण रहेका छन् । व्यक्तिगत र संस्थागत दुवै प्रयासबाट यी पत्रिकाहरू प्रकाशनमा आएका छन् ।

२०२१ सालमा रोचक घिमिरे र रमेश बाँस्कोटाको सम्पादनमा काठमाडौंबाट प्रकाशित **रचना** द्वैमासिक पत्रिका नेपाली साहित्यिक पत्रकारिताको इतिहासमा एक उल्लेख्य पत्रिका हो । प्रारम्भमा चौमासिक पत्रिकाको रूपमा देखापरेको यो पत्रिका क्रमशः त्रैमासिक हुँदै द्वैमासिक भएर प्रकाशित हुन थाल्यो । नवोदित अग्रगामी लेखकहरूलाई प्राथमिकता दिएर पनि ख्यातिप्राप्त लेखकहरूका उपयोगी रचना छाप्नबाट वञ्चित नगर्ने उद्देश्यका साथ प्रकाशित **रचना** पत्रिकाले आफ्नो प्रकाशन अवधि छोट्याउँदै साहित्यको विकासमा यथाशक्य योगदान पुऱ्याएको छ ।[६०] त्यसैगरी नरेन्द्रराज शर्माको सम्पादनमा २०२७ सालमा प्रकाशित **अभिव्यक्ति** (द्वैमासिक) पत्रिकाले पनि नेपाली साहित्यमा देखापरेका समकालीन प्रवृत्तिहरूको आत्मसात् गर्दै नवीन प्रतिभाहरूलाई साहित्यप्रति प्रेरित गऱ्यो ।

उल्लिखित पत्रिकाहरूका अतिरिक्त यस अवधिका अन्य द्वैमासिक पत्रिकाहरूमा किरण खरेलको सम्पादनमा प्रकाशित **आँचल** (२०१८) गोविन्दप्रसाद लोहनीको सम्पादनमा प्रकाशित **बगैंचा** (२०१८) ठाकुरप्रसाद पराजुलीको सम्पादनमा प्रकाशित **सिंहनाद** (२०१९) चेतनाथ शर्मा आचार्यको सम्पादनमा प्रकाशित **अरूणोदय** (२०२०) बालकृष्ण पोखरेल र गङ्गाप्रसाद प्रधानका सम्पादनमा प्रकाशित **फूलपाती** (२०२१) द्वारिकाप्रसाद श्रेष्ठको सम्पादनमा प्रकाशित **कोपिला** (२०२३) बबुवाहन सिंहको सम्पादनमा प्रकाशित **पञ्चामृत** (२०२३) विपिनदेव ढुङ्गेलको सम्पादनमा प्रकाशित **पारिजात** (२०२५) कृष्णप्रसाद पौडेलको सम्पादनमा प्रकाशित **सामग्री** (२०२७) रामचन्द्र भट्टराईको सम्पादनमा प्रकाशित **सुस्केरा** (२०२७) आदि रहेका छन् । यी पत्रिकाहरूले यस अवधिको भाषा र साहित्यको उन्नतिका लागि प्रयाप्त मात्रामा योगदान पुऱ्याएका छन् ।[६१]

---

[५९] शिव रेग्मी, पूर्ववत्, पृ. ७ ।

[६०] रोचक घिमिरे (सम्पा) **हाम्रो कुरा** (सम्पादकीय) रचना (रेखा १ विन्दु १ २०१८)

[६१] ग्रीष्मवहादुर देवकोटा, पूर्ववत्, र केन्द्रीय पुस्तकालयबाट प्रकाशित पत्रिकाको सूची सङ्गालोबाट प्राप्त जानकारी ।

यस अवधिमा त्रैमासिक पत्रिकाहरूले पनि साहित्यको विकासमा महफ्वपूर्ण योगदान पुऱ्याएका छन् । मूलतः साहित्यिक पत्रिकाहरूको नै आधिक्य रहेको यस समयका त्रैमासिक पत्रिकाहरूले नेपाली भाषा र साहित्यको क्षेत्रमा गरेको योगदानलाई नेपाली साहित्यले सम्मान गर्नैपर्छ ।

नेपाली साहित्य संस्थानद्वारा नेपाली वाङ्मयको सम्बर्द्धन गर्ने प्रमुख लक्ष्यका साथ २०१९ सालमा प्रकाशित **हिमाली** यस समयको एउटा साहित्यिक पत्रिका हो । यसको प्रकाशन लैनसिंह बाङ्देल, चूडानाथ भट्टराय, सत्यमोहन जोशी र केदारमान व्यथितसमेतको सम्पादनमा मण्डलीबाट भएको थियो । स्तरीय रचनाहरूको सङ्कलनका रूपमा यसले नेपाली साहित्यको पत्रकारिताको इतिहासमा आफ्नो उच्च स्थान राखेको छ ।[६२] त्यस्तै नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित कविता प्रधान त्रैमासिक **कविता** (२०२१) पनि नेपाली साहित्यिक पत्रकारिताका फाँटमा देखा परेको एउटा उल्लेख्य पत्रिका हो । सिद्धिचरण श्रेष्ठको सम्पादनमा प्रकाशित यस पत्रिकाले नयाँ तथा पुराना कविहरूका कविताहरू र कवितासम्बन्धी विवेचनात्मक लेखहरू प्रकाशित गरी नेपाली कविता साहित्यको विकासमा पर्याप्त सहयोग पुऱ्याएको छ ।[६३] यसै गरी यसै प्रतिष्ठानद्वारा रत्नध्वज जोशीको सम्पादनमा प्रकाशित 'प्रज्ञा' (२०२७) पनि यस समयको महफ्वपूर्ण साहित्यिक पत्रिका हो । यस पत्रिकाले स्तरीय अनुसन्धानात्मक र समालोचनात्मक लेखहरू प्राथमिकताका साथ प्रकाशित गरी विशेष गरी गद्य साहित्यको विकासमा महफ्वपूर्ण स्थान ओगटेको छ ।[६४]

यसैगरी यी पत्रिकाहरूका अतिरिक्त नेपाली साहित्यको विकासमा निरन्तरता थप्ने अन्य द्वैमासिक र त्रैमासिक पत्रिकाहरूमा **आनन्द** (सम्पा. भिखारी शर्मा २०१८ त्रै) **इन्दु** (सम्पा. के.पी. शैल २०१७ द्वै) **कृषि** (सम्पा. भरतप्रसाद धिताल २०१७ त्रै.) **जागृति** (सम्पा. देवदास राई २०१७) द्वै) बा**डुली** (सम्पा. रामलाल अधिकारी २०२५ द्वै) **आनन्द** (सम्पा. जुजुभाई वज्राचार्य २०२६ द्वै) **उषा** (सम्पा. लीलासिंह कर्मा २०२६ द्वै) **जनदूत** (सम्पा. टी.आर. विश्वकर्मा २०२७ द्वै) **प्रिया** (सम्पा. हिमालभक्त प्रधानाङ्ग २०२७ **द्वै)** **सुस्केरा** (सम्पा. रामचन्द्र भट्टराई २०२७ द्वै) **सृजना** (सम्पा. जनार्दन मल्ल २०२७ द्वै) **मुकुट** (सम्पा. पुरूषोत्तम वस्नेत र अन्य २०२१९ **त्रै)** **भानु** (सम्पा. भवानीप्रसाद घिमिरे २०२० त्रै) **पूर्णिमा** (सम्पा. श्रीगौतम वज्राचार्य र अन्य २०२१ त्रै) **प्रवाह** (सम्पा. निर्मलकुमार रिमाल र अन्य २०२१) **नयाँ कविता** (सम्पा. पुस्कर लोहनी २०२१ त्रैं) **सगुन** (सम्पा. माधवओम श्रेष्ठ

[६२] नारायणप्रसाद शर्मा उपाध्याय 'नेपाली साहित्यमा **रत्नश्री** पत्रिकाको योगदान' (अ.प्र. एम.ए. शोधपत्र त्रि.वि. २०५२) पृ. १४ ।।

[६३] डा. तारानाथ शर्मा, पूर्ववत्, पृ. २७० ।

[६४] ऐजन ।

२०२२ त्रै.) **साहित्यधारा** (सम्पा. केदारशर्मा ढकाल २०२२ त्रै) **वन** (सम्पा. अनन्तमणि दीक्षित २०२३ त्रै.) **लाली गुराँस** (सम्पा. प्रेमप्रकाश विष्ट २०२३ त्रै.) **कपिलवस्तु** (सम्पा. हेमराज शर्मा र अरू २०२५ त्रै) **कथा मञ्च** (सम्पा दिल साहनी २०२६ त्रै) **अस्तिफ्व** (सम्पा. अगमसिंह गिरी र अन्य २०२७ त्रै) **कलाकार** सम्पा. विजय थापा २०२७ त्रै) **घुम्टो** (सम्पा. लक्ष्मण श्रीमल २०२७ त्रै) **थुम्को** (सम्पा. बालकृष्ण पोखरेल २०२७ त्रै) आदि पर्दछन् । [६५]

यस अवधिका साहित्यिक पत्रकारिताको क्षेत्रमा केही चौमासिक र अर्धवार्षिक पत्रिकाहरू पनि देखापरे । २०१८ सालमा रोचक घिमिरेको सम्पादनमा प्रकाशित **रचना** पत्रिका सुरूमा चौमासिक पत्रिकाको रूपमा प्रकाशित भए पनि पछि त्रैमासिक हुँदै द्वैमासिक हुँदै प्रकाशित भयो । पुष्करप्रसाद लामिछानेको सम्पादनमा २०२३ सालमा प्रकाशित **हाम्रो संस्कृति** चौमासिक पत्रिकाले जनचेतना वृद्धि गर्नुका साथै सांस्कृतिक उत्थानमा पनि पर्याप्त सहयोग पुऱ्याएको छ । साहित्यिक पत्रकारिताकै क्षेत्रमा माधवप्रसाद देवकोटाको सम्पादनमा प्रकाशित **आलोक** (२०१८) यस समयको अर्धवार्षिक पत्रिका हो । यस अवधिमा विभिन्न सङ्घ-संस्था, विद्यालय आदिबाट संस्थागत रूपमा प्रकाशित मुखपत्र र अन्य वार्षिक पत्रिकाहरू पनि यस अवधिमा देखापरे । यस अवधिमा देखापरेका केही वार्षिक पत्रिकाहरूमा स्याङ्जा छात्रमण्डलद्वारा प्रकाशित **कल्याणी** (२०१९) पीताम्बर शर्मा र अन्यको सम्पादनमा प्रकाशित **भानुउदय** (२०१९) गजाधर पौडल र अन्यको सम्पादनमा दाङबाट प्रकाशित **मानसप्रभा** (२०२०) मोहनबहादुर मल्लको सम्पादनमा पर्वतबाट प्रकाशित **पर्वतमाला** (२०२०) आदि रहेका छन् । [६६] यी पत्र पत्रिकाहरूले पनि आ-आफ्ना क्षेत्रका साहित्यिक प्रतिभाहरूलाई अगाडि बढाउन सहयोग पुऱ्याएका छन् । यसरी नै यस समयमा प्रकाशित केही उल्लेखनीय साहित्यिक पत्रिकाहरूमा **हिमानी** (२०१९), **रत्नश्री** (२०२०), **दैलो** (२०२१), **नवकुञ्ज** (२०२२), **युगभाषा** (२०२३), **पञ्चामृत** (२०२५), **जस्केलो** (२०२६), **कलियुग** (२०२७), **भानु** (२०२८), **सङ्कल्प** (२०२९), **विदेह** (२०२९), **मिर्मिरे** (२०२९), **पारिजात** (२०२९), **दीपिका** (२०३४), **नौलो साहित्य** (२०३५), **झिसमिसे** (२०३५), **कविता** (२०३६) **उषा** (२०३६), **वाङ्मय** (२०३७), **जूही** (२०३८), **गरिमा** (२०३९), **रश्मि** (२०४०), **अस्मिता** (२०४५) आदि पर्दछन् । यीमध्ये **गरिमा** पत्रिकाले नेपाली साहित्यको विकासका महफ्वपूर्ण भूमिका निर्वाह गरेको छ भने **कविता, वाङ्मय, मिर्मिरे** र **रश्मि** जस्ता पत्रिकाको साहित्यिक योगदान पनि महनीय रहेको छ । महफ्व महफ्व

[६५] ग्रीष्मवहादुर देवकोटा, पूर्ववत्, केन्द्रय पुस्तकालयबाट सङ्कलित सङ्गालो र सम्बन्धित पत्रिकाको अध्ययनबाट प्राप्त विवरण ।

[६६] ग्रीष्मवहादुर देवकोटा, पूर्ववत्, पृ. ६३५-३९ ।

पत्र-पत्रिका प्रकाशनको यस प्रकारको शृङ्खलालाई हेर्दा नेपाली पत्रिकाका प्रकाशनको सुरूवात बनारसबाट भएको र १९५५ सालको **सुधासागर** बाट नेपाली पत्रकारिताले स्वदेशभित्रबाट आफ्नो ऐतिहासिक यात्रा आरम्भ गरेको देखिन्छ । पत्र-पत्रिकामा प्रकाशित साहित्यिक रचनाहरूका आधारमा हेर्दा **सुधासागर** देखि **गोरखापत्र** हुँदै **शारदा**सम्म आइपुग्दा विशेष गरी नेपाली साहित्यको विधागत रूपमा अलग अलग अस्तित्व प्राप्त गरिसकेको पाइन्छ । प्रवृत्तिगत दृष्टिले हेर्दा यस समयमा प्रकाशित रचनाहरूमा सस्तो भावुकता अतिरञ्जनात्मकता र पात्र प्रयोगका दृष्टिले मानवीय भन्दा मानवेतर पात्रको प्रयोग गरिएको छ । यस प्रकारको प्रवृत्तिलाई आत्मसात गर्ने पत्रिकाहरूमा नेपालबाट प्रकाशितमध्ये **गोरखापत्र** नै प्रमुख रह्यो भने विदेशबाट प्रकाशित विभिन्न पत्र-पत्रिकाहरूमा पनि यो प्रवृत्ति विद्यमान रह्यो । १९९१ सालमा काठमाडौंबाट **शारदा** को प्रकाशन भएपछि नेपाली साहित्यले नयाँ मोड लियो । **शारदा** देखि २००७ सालसम्मको अवधिमा नेपाली साहित्यमा यथार्थता र आदर्शताका मिश्रित रूपहरू देखापर्न थाले । स्वतन्त्रताका लागि भित्रभित्रै जुर्मुराएको जनचेतनाले गर्दा सर्वप्रथम यसै अवधिमा युगौंदेखि चलिआएको एकलौटी जहाँनिया शासनलाई खुला हाँक दिने र आर्थिक तथा सामाजिक शोषणका विरूद्धमा स्वरहरू उराल्ने काम भयो । यस कुरालाई स्वदेशभन्दा विदेशी भूमिबाट प्रकाशित पत्र-पत्रिकाहरूले अत्यन्त सक्रियताका साथ अगाडि बढाए । प्रगतिवादी साहित्य लेखनको सुरूवात पनि यसै समयबाट हुन थाल्यो । २००७ सालको राजनैतिक परिवर्तनसँगै नेपाली साहित्यमा पनि नयाँ नयाँ प्रयोगहरू देखा पर्न थाले । यस समयमा प्रगतिवादी लेखनले व्यापकता पायो । सामाजिक कुरीति, शोषण र राजनैतिक क्षेत्रमा देखिएका विसङ्गतिहरूप्रति व्यङ्ग्यात्मक प्रहार हुन थाल्यो २०१७ सालको राजनैतिक परिवर्तनसँगै साहित्यका क्षेत्रमा पनि नयाँ परिवर्तन र प्रवृत्तिहरू देखा पर्न थाले । **रूपरेखा** २०१७ ले यस्ता नवीनतम प्रवृत्तिहरूलाई अगाडि बढाउन अत्यन्त महत्वपूर्ण योगदान पुऱ्यायो । कथा, कविता र समालोचनाका विशेषाङ्कहरू प्रकाशित गरी यसले साहित्यका हरेक विधामा यी प्रवृत्तिहरू स्थापित गर्ने महत्वपूर्ण कार्य गऱ्यो । २०३० को दशकपछि भने राजनैतिक अस्थिरताका कारण पत्रकारिताका क्षेत्रमा पनि केही सङ्कटहरू देखापर्न लागे । यस समयका पत्रपत्रिकाहरू साहित्यतिर भन्दा पनि राजनैतिक र सामाजिक विसङ्गतिको चित्रणतर्फ केन्द्रित हुन थाले । यस्तो परिस्थिति करिब एक दशकभरि नै रह्यो । यस्तै परिवर्तित परिस्थितिका बिचमै भए पनि नेपाली पत्रकारिताले समसामयिक सामाजिक र साहित्यिक प्रवृत्तिहरूलाई आत्मसात गर्दै अगाडि बढेको देखिन्छ ।

## २.४ समसामयिक सन्दर्भ र 'समकालीन साहित्य' पत्रिकाको प्रकाशन

२०३६ सालमा भएको विद्यार्थी आन्दोलन र २०३७ सालमा भएको जनमत सङ्ग्रहपछि देशको राजनैतिक अवस्थामा केही सुधार आयो । पञ्चायती सरकारबाट २०३२ सालमा जारी गरिएको नयाँ छापाखाना र प्रकाशन सम्बन्धी ऐनले गर्दा मन्द गतिमा पुगेको पत्रपत्रिका प्रकाशनको क्रम पनि २०३६/०३७ सालपछि केही सक्रिय हुन पुगेको थियो र यस समयमा जुरेली (२०३६), उपकार (२०३७), वन्दना (२०३९), गरिमा (२०३९) जस्ता पत्रिकाहरू प्रकाशित हुन थालेका थिए । यसै क्रममा २०४७ सालमा प्रजातन्त्रको पुनर्स्थापना भएपछि त पत्रपत्रिका प्रकाशनको क्रम तीव्र रूपमा अगाडि बढेको पाइन्छ । राजनैतिक परिवर्तनसँगै स्वतन्त्रताको अनुभव गरिरहेका सचेत वर्ग पत्रपत्रिका मार्फत् आफ्ना विचारको सम्प्रेषण गरिरहेको तत्कालीन परिप्रेक्ष्यमा वि.सं. २०४७/४/७ मा प्राज्ञ परिषद्लाई पनि चुस्त बनाउन पुनर्गठन गरियो, जसमा उपकुलपति ईश्वर बराल र गद्य विधा हेर्ने सदस्यका रूपमा कृष्णचन्द्र सिंह प्रधान नियुक्त भए । गद्यप्रधान साहित्यिक पत्रिकाको अभाव रहेको वास्तविकतालाई महसुस गरी कृष्णचन्द्र सिंह प्रधानले **समकालीन साहित्य** पत्रिकाको प्रारूप तयार पारी प्राज्ञ परिषद्को बैठकमा प्रस्ताव पेश गरे र त्यसै बैठकबाट **समकालीन साहित्य** प्रकाशन गर्ने निर्णय भयो ।[६७] यसरी प्रजातन्त्र पुनर्स्थापना पछिको स्वतन्त्र वातावरणको उपज स्वरूप र तत्कालीन समयको मागअनुसार वि.सं. २०४७ फागुनदेखि नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट गद्यप्रधान त्रैमासिक पत्रिकाका रूपमा **समकालीन साहित्य** पत्रिकाको प्रकाशन आरम्भ भएको थियो ।

### २.४.१ 'समकालीन साहित्य' पत्रिकाको नामकरण र दर्ता

समकालीन परिस्थितिलाई समेट्ने प्रमुख लक्ष्य लिएको हुनाले यस पत्रिकाको नाम **समकालीन साहित्य** राख्नु उचित ठानी प्राज्ञ परिषद्समक्ष २०४७/५/२१ म कृष्णचन्द्र सिंह प्रधानले यस नामलाई प्रस्तावका रूपमा पेश गरेका थिए । परिषद्मा अरु नाम पनि राख्न सकिन्छ कि भनी भएको छलफलमा समकालीन नेपाली साहित्य राख्दा राम्रो हुने तर्क पनि आएको थियो तर भर्खरै मात्र प्रजातन्त्रको स्थापना भई नयाँ संविधान बनि नसकेको अवस्थामा नेपाली शब्द राख्दा सबै जातजातिका भाषाभाषीलाई समेट्ने सबालमा विवाद उठ्न सक्ने ठानी अन्त्यमा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा देखा परेका समसामयिक

[६७] शेभाकुमारी ढुङ्गाना, पूर्ववत्, पृ.३३ ।

परिस्थितिलाई समेट्ने यस पत्रिकालाई **समकालीन साहित्य** नाम नै उपयुक्त हुने निर्णय उक्त बैठकमा भएको थियो ।[६८]

यसरी प्राज्ञ परिषद्को बैठकबाट **समकालीन साहित्य** भनी नामकरण गरिएको यस पत्रिकाको दर्ता काठमाडौं जिल्ला कार्यालयमा मिति २०४७/१०/०८ मा दर्ता नं. १६/०४७/०४८ मा भएको थियो ।[६९] जुन दर्ता नं. प्रत्येक अङ्कको पछाडिको कभर पेजको सिरानमा देख्न सकिन्छ ।

## २.४.२ 'समकालीन साहित्य' पत्रिकाको उद्देश्य

कुनै पनि काम निश्चित उद्देश्य राखेर नै गरिएको हुन्छ । विना उद्देश्य कोही कुनै पनि काममा प्रवृत्त नहुने हुनाले हरेक कामका पछाडि एक न एक उद्देश्य अवश्य पनि रहेकै हुन्छ । **समकालीन साहित्य** पत्रिकाको प्रकाशन पनि निश्चित उद्देश्यका साथ भएको हो । साहित्यिक पत्रिमा प्रकाशनको परम्परामा जन्मिएको हुनाले यस पत्रिकाको मूल उद्देश्य त साहित्यको श्रीवृद्धि गर्नु नै रहेको छ । यस बाहेक यस पत्रिकाको विशिष्ट लक्ष्य भनेको तत्कालीन समयमा रहेको गद्यप्रधान पत्रिकाको अभावलाई पूर्ति गरी गद्य विधालाई फस्टाउने अवसर प्रदान गर्नु हो । यसका साथै समसामयिक परिस्थिति अनुरूपका साहित्यिक सामग्रीलाई जनसमक्ष प्रस्तुत गरी समकालीन विश्वपरिस्थितिको बोध गराउने उद्देश्य पनि यस पत्रिकाले राखेको देखिन्छ । यस पत्रिकाका प्रथम सम्पादक कृष्णचन्द्र सिंह प्रधानका अनुसार यस पत्रिकाको उद्देश्य-

१. गद्यप्रधान पत्रिका प्रकाशन गर्ने,

२. आफ्नो देशको समकालीन स्थितिबाट परिचित भएर साहित्यलाई अघि बढाउने,

३. अन्तर्राष्ट्रिय क्षेत्रमा देखा परेका समकालीन प्रवृत्तिहरूलाई पाठकसामु परिचित गराउने[७०] रहेको देखिन्छ ।

यसरी **समकालीन साहित्य** पत्रिका प्रकाशनको उद्देश्य गद्य विधाको विकास गर्नु, समसामयिक सन्दर्भलाई साहित्यका माध्यमबाट प्रस्तुत गर्नु र गद्य साहित्यका क्षेत्रमा मानक

---

[६८] पूर्ववत्, पृ.३४ ।

[६९] ऐजन, पृ. ३५

[७०] पूर्ववत्, पृ.३४ ।

पत्रिकाका रूपमा स्थापित हुनु रहेको देखिन्छ । यही उद्देश्य प्राप्तिमा प्रस्तुत पत्रिका निरन्तर रूपमा क्रियाशील रहेको छ ।

### २.४.३ 'समकालीन साहित्य' पत्रिकाको सम्पादन, मुद्रण, प्रकाशन र वितरण

**समकालीन साहित्य** तत्कालीन श्री ५ को सरकारबाट र वर्तमान नेपाल सरकारबाट प्राप्त बजेट अनुसार नेपाल प्रज्ञा प्रतिष्ठानको गद्य विभागका लागि छुट्याइएको बजेटबाट प्रकाशित हुँदै आएको पत्रिका हो । यस पत्रिकाको सम्पादन कार्य प्राज्ञ परिषद्का सदस्यहरूबाट गर्ने व्यवस्था रहेको छ । गद्य फाँट हेर्ने जिम्मा पाएका प्राज्ञ प्रधान सम्पादक रहने र एक जना सम्पादक तथा दुई जना प्राज्ञ सम्पादक मण्डल गरी जम्मा चार जनाको सहभागितामा यो पत्रिका सम्पादन हुने गरेको छ । मुद्रणको सन्दर्भमा भन्नुपर्दा यस पत्रिकाका १-१८ सम्मका पूर्णाङ्कहरू 'हिसी प्रेस' जमलबाट लेजर प्रेसमा छापिएको जानकारी पाइन्छ[७१] भने १९ पछिका अङ्कहरू चाहिँ कम्प्युटर प्रणालीद्वारा प्रज्ञा अफसेट प्रेसबाट छापिँदै आएका छन् । प्रकाशन र वितरण दुवैको जिम्मा नेपाल प्रज्ञा प्रतिष्ठानले नै लिएको छ र साझा प्रकाशनका कतिपय शाखामार्फत पनि यस पत्रिकाको वितरण हुँदै आएको छ ।

## २.५ निष्कर्ष

यसरी वि.सं.१९४३ मा बनारसबाट प्रारम्भ भएको नेपाली पत्रकारिताको इतिहास साहित्यका विविध प्रवृत्तिहरूलाई आत्मसात गर्दै अगाडि बढिरहेको छ । एक दशकभन्दा बढी समयसम्म प्रवासी भूमिमा हुर्किएर **सुधासागर** (१९५५) पत्रिका मार्फत नेपाल भित्रिएको नेपाली पत्रकारिताको इतिहासमा **शारदा** (१९९१) पत्रिकाले नवीन मोड सिर्जना गरेको छ । विशेष गरी नेपाली कथाका क्षेत्रमा नवीन मूल्य स्थापित गर्न सफल भएको शारदा पत्रिकाको प्रकाशनले अन्य साहित्यिक पत्रिका प्रकाशनका लागि प्रेरणा प्रदान गऱ्यो । यसैको प्रतिफलस्वरूप नेपालबाट थुप्रै साहित्यिक पत्रिकाहरू प्रकाशित हुन थाले । प्रजातन्त्रको स्थापना पश्चात यो क्रम अझै बढ्दै गयो र **प्रगति, धरती, इन्द्रेणी, रूपरेखा, कविता, मधुपर्क, प्रज्ञा, रचना** जस्ता साहित्यिक पत्रिकाहरू प्रकाशित भई साहित्यको श्रीवृद्धिमा महफ्वपूर्ण योगदान पुऱ्याउन थाले । वि. सं. २०३० को पूर्वार्द्धमा पत्रपत्रिकाको क्षेत्रमा आएको कानूनी सङ्कट २०३६ सालको राजनैतिक परिवर्तनपछि हटेपश्चात् पत्रिका प्रकाशनका क्षेत्रमा फेरि नौलो चहलपहल सुरु भयो । यसको परिणाम स्वरूप वाङ्मय, गरिमा र रश्मि जस्ता पत्रिकाले जन्म लिन पुगे । यसै क्रममा साहित्यको श्रीवृद्धि गर्ने पवित्र लक्ष्यका साथमा

---

[७१] पूर्ववत्, पृ.३७

**समकालीन साहित्य** पत्रिकाको जन्म भएको हो । प्रकाशनको सुरुवातदेखि नै साहित्यको बहुपक्षीय विकासमा लागिपरेको यस पत्रिकाले नेपाली साहित्यका समकालीन प्रवृत्तिहरूलाई आत्मसात् गर्दै अगाडि बढिरहेको छ र नेपाली साहित्यिक पत्रकारिताको क्षेत्रमा एक उज्ज्वल नक्षत्रका रूपमा आफूलाई स्थापित गर्न सफल भएको छ ।

## तेस्रो परिच्छेद

# समकालीन साहित्य ३१-४० मा प्रकाशित रचनाहरूको विवरण

समकालीन साहित्य ३१-४० मा प्रकाशित भएका रचनाहरूलाई प्रकाशन समयका आधारमा यहाँ प्रस्तुत गरिएको छ ।

### १. उपन्यास

समकालीन साहित्य ३१-४० मा प्रकाशित उपन्यासहरू यसप्रकार छन्-

| क्र.सं. | मिति | लेखक | शीर्षक | वर्ष | अङ्क | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|
| १ | कात्तिक-माघ,२०५६ | गोविन्दबहादुर मल्ल | पियानानी | ९ | ४ | ३६ |
| २ | कात्तिक-माघ,२०५६ | विजय मल्ल | श्रीमती शारदा | ९ | ४ | ३६ |
| ३ | कात्तिक-पुस,२०५७ | कुमार ज्ञवाली | परिशोध | ११ | १ | ३९ |

### २.उपन्यास अंश

समकालीन साहित्य ३१-४० मा प्रकाशित उपन्यास अंशहरू यसप्रकार छन्-

| क्र.सं. | मिति | लेखक | शीर्षक | वर्ष | अङ्क | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|
| १ | साउन-असोज,२०५५ | परशु प्रधान | विसर्ग | ८ | ३ | ३१ |
| २ | माघ-चैत,२०५५ | मदनमणि दीक्षित | स्त्रीराज्य पुरोहित अङ्गिरा | ९ | १ | ३३ |

### ३.कथा

समकालीन साहित्य ३१-४० मा प्रकाशित कथाहरू यसप्रकार छन्-

| क्र.सं. | मिति | लेखक | शीर्षक | वर्ष | अङ्क | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|
| १ | साउन-असोज,२०५५ | इस्माली | फर्केर हेर्दा | ८ | ३ | ३१ |
| २ | साउन-असोज,२०५५ | किशन थापा 'अधीर' | सस्कृति | ११ | १ | ३७ |
| ३ | साउन-असोज, २०५५ | दिव्य गिरी | काम | ८ | ३ | ३१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | साउन-असोज, २०५५ | धीरेन्द्र प्रेमर्षि | काँकाको बीउ | ८ | ३ | ३१ |
| ५ | साउन-असोज,२०५५ | ध्रुव सापकोटा | भलो चिताउने मानिससँग एकरात | ८ | ३ | ३१ |
| ६ | साउन-असोज,२०५५ | नयनराज पाण्डे | खेल | ८ | ३ | ३१ |
| ७ | साउन-असोज,२०५५ | पूर्ण पथिक | पर्खाल | ८ | ३ | ३१ |
| ८ | साउन-असोज,२०५५ | बाबुराम लामिछाने | दुई शिखरहरूको फेदीमा | ८ | ३ | ३१ |
| ९ | साउन-असोज,२०५५ | श्वेता बस्नेत | माइचाङ्, तिमी फरि नजन्म | ८ | ३ | ३१ |
| १० | साउन-असोज,२०५५ | सिर्जना शर्मा | कालो सर्प | ८ | ३ | ३१ |
| ११ | कात्तिक-पुस,२०५५ | कुमार नगरकोटी | माउसुली | ९ | ३ | ३५ |
| १२ | कात्तिक-पुस,२०५५ | नरेन्द्रराज पौडेल | कुहिरो र काग | ८ | ४ | ३२ |
| १३ | कात्तिक-पुस,२०५५ | नृपेन्द्र पुरुष 'यादी' | जीवन बजारमा | ८ | ४ | ३२ |
| १४ | कात्तिक-पुस,२०५५ | मधुवन पौडेल | वैध-अवैध | ८ | ४ | ३२ |
| १५ | कात्तिक-पुस,२०५५ | महेशविक्रम शाह | झात्राहरू जुन कहिल्यै टुङ्गिदैनन् | ८ | ४ | ३२ |
| १६ | कात्तिक-पुस,२०५५ | मीरा प्रधान रेम | एउटा जन्म | ८ | ४ | ३२ |
| १७ | कात्तिक-पुस,२०५५ | राजेन्द्र पराजुली | जीवन धुन/मृत धुन | ८ | ४ | ३२ |
| १८ | कात्तिक-पुस,२०५५ | रोशन थापा 'नीरव' | इन्डिगो ग्यालरीमा एक साँझ | ८ | ४ | ३२ |
| १९ | माघ-चैत,२०५५ | जस योञ्जन प्यासी | पाठक र पात्र | ९ | १ | ३३ |
| २० | माघ-चैत,२०५५ | जीतेन्द्र जीत | ब्लड डोनर | ९ | १ | ३३ |
| २१ | माघ-चैत,२०५५ | ध्रुव सापकोटा | प्रतिक्रियाको घेरामा आमा | ९ | १ | ३३ |
| २२ | माघ-चैत,२०५५ | नारायण ढकाल | बहिर्गमन | ९ | १ | ३३ |
| २३ | माघ-चैत,२०५५ | मुकुन्दमणि अर्याल | अर्धनारीश्वर | ९ | १ | ३३ |
| २४ | माघ- | रासा | विसङ्गत | ९ | १ | ३३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | चैत,२०५५ | | | | | |
| २५ | माघ-चैत,२०५५ | विमल भौकाजी | गुप्त रहस्य | ९ | १ | ३३ |
| २६ | माघ-चैत,२०५५ | हरि अधिकारी | एक साँझ | ९ | १ | ३३ |
| २७ | माघ-चैत,२०५५ | ज्ञानेन्द्र खतिवडा | दाहिने हात नै छिनाएँ | ९ | १ | ३३ |
| २८ | वैशाख-असार,२०५६ | उज्ज्वल घिमिरे | सापटी अनुभवहरू | ९ | २ | ३४ |
| २९ | वैशाख-असार,२०५६ | गोविन्द गिरी 'प्रेरणा' | प्रजातन्त्रमा | ९ | २ | ३४ |
| ३० | वैशाख-असार,२०५६ | गोविन्दप्रसाद 'कुसुम' | वैज्ञानिक १३६'ए' को डायरी | ९ | २ | ३४ |
| ३१ | वैशाख-असार,२०५६ | धीरेश्वर झा 'धीरेन्द्र' | सुँगुरको बाउ | ९ | २ | ३४ |
| ३२ | वैशाख-असार,२०५६ | रमेश रोका | अवैध कथा | ९ | २ | ३४ |
| ३३ | वैशाख-असार,२०५६ | रमेश विकल | आतङ्कमा बाँचेको बस्ती | ९ | २ | ३४ |
| ३४ | वैशाख-असार,२०५६ | रवीन्द्र समीर | भ्रम | ९ | २ | ३४ |
| ३५ | वैशाख-असार,२०५६ | विजय मल्ल | इतिहासमा नलेखिएको शहीद | ९ | २ | ३४ |
| ३६ | वैशाख-असार,२०५६ | विवश वस्ती | गाउँमा धेरैको निद्रा हराएको छ | ९ | २ | ३४ |
| ३७ | वैशाख-असार,२०५६ | विश्वम्भर चञ्चल | भाडा नं ३७३ | ९ | २ | ३४ |
| ३८ | साउन-असोज,२०५६ | अच्युत कोइराला | लभ हाउस | ९ | ३ | ३५ |
| ३९ | साउन-असोज,२०५६ | अमोद भट्टराई | छायाँभित्रको देश | ९ | ३ | ३५ |
| ४० | साउन-असोज,२०५६ | इस्माली | इन्जीनियरकी दुलही | ९ | ३ | ३५ |
| ४१ | साउन-असोज,२०५६ | कुमार नगरकोटी | मेटाफिजिक्स | १० | ३ | ३८ |
| ४२ | साउन-असोज,२०५६ | भागीरथी श्रेष्ठ | आँधी | ९ | ३ | ३५ |
| ४३ | साउन-असोज,२०५६ | मदनमणि दीक्षित | नल-दमयन्तीको बिछोड | ८ | ३ | ३१ |
| ४४ | साउन-असोज,२०५६ | मनु ब्राजाकी | सामन्तको सम्पत्ति | ९ | ३ | ३५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४५ | साउन-असोज,२०५६ | राम पौडेल | डाँठेको पुल | ९ | ३ | ३५ |
| ४६ | साउन-असोज,२०५६ | रोशन थापा 'नीरव' | विखण्डित परिधि | ९ | ३ | ३५ |
| ४७ | साउन-असोज,२०५६ | वामनप्रसाद गौतम | ऊ फेरि मन्त्री भयो | ९ | ३ | ३५ |
| ४८ | साउन-असोज,२०५६ | हरि थापा | अस्तु | ९ | ३ | ३५ |
| ४९ | साउन-असोज,२०५६ | हिरण्य भोजपुरे | तिर्खाहरू | ९ | ३ | ३५ |
| ५० | कात्तिक-माघ,२०५६ | किशन थापा 'अधीर' | भविष्य | ८ | ३ | ३१ |
| ५१ | कात्तिक-माघ,२०५६ | नन्दराम लम्साल | ओझेल-ओझेलमा | ९ | ४ | ३६ |
| ५२ | कात्तिक-माघ,२०५६ | भाउपन्थी | जीवन अविरल | ९ | ४ | ३६ |
| ५३ | कात्तिक-माघ,२०५६ | मीरा प्रधान रेम | आत्म मन्थन | ९ | ४ | ३६ |
| ५४ | कात्तिक-माघ,२०५६ | राजेन्द्र पराजुली | भोक | ९ | ४ | ३६ |
| ५५ | फागुन-चैत,२०५६ | उदास विनायक | एक अर्को आतङ्कवादीको अन्त्य | १० | १ | ३७ |
| ५६ | फागुन-जेठ,२०५६ | दीनबन्धु शर्मा | भूत | १० | १ | ३७ |
| ५७ | फागुन-जेठ,२०५६ | ध्रुव सापकोटा | लिस्नु | १० | १ | ३७ |
| ५८ | फागुन-जेठ,२०५६ | बविता बस्नेत | मसूरीमा एक दिन | १० | १ | ३७ |
| ५९ | फागुन-जेठ,२०५६ | बालकृष्ण पोखरेल | म दोलखाकी द्रौपदी | १० | १ | ३७ |
| ६० | वैशाख-जेठ,२०५७ | कणाद महर्षि | भाग्यको परिभाषा | ९ | ४ | ३६ |
| ६१ | असार-असोज,२०५७ | गोविन्द गिरी 'प्रेरणा' | माटो | १० | ३ | ३८ |
| ६२ | असार-असोज,२०५७ | देवीचन्द्र श्रेष्ठ | बाबुको खोजी | १० | ३ | ३८ |
| ६३ | असार-असोज,२०५७ | नयनराज पाण्डे | चकलेट | १० | ३ | ३८ |
| ६४ | असार-असोज,२०५७ | नरेन्द्रराज पौडेल | सेवा-निवृत्त | १० | ३ | ३८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६५ | असार-असोज,२०५७ | पद्मावती सिंह | कान्छी माइज्यू | १० | ३ | ३८ |
| ६६ | असार-असोज,२०५७ | राजकुमार निरौला | जीवन : फ्लोरेन्स नष्ट भएको ट्युबलाइट | १० | ३ | ३८ |
| ६७ | असार-असोज,२०५७ | हि जियाउहु | विवाह केन्द्रबाहिर | १० | ३ | ३८ |
| ६८ | कात्तिक-पुस,२०५७ | इन्द्रकुमार श्रेष्ठ | बाबू-मोशाय | ११ | १ | ३९ |
| ६९ | कात्तिक-पुस,२०५७ | खगेन्द्र सङ्ग्रौला | मृत कविले भन्यो म बोलिरहन्छु | ११ | १ | ३९ |
| ७० | कात्तिक-पुस,२०५७ | गणेश रसिक | सिनु | ११ | १ | ३९ |
| ७१ | कात्तिक-पुस,२०५७ | दीपक लोहनी | डाँको | ११ | १ | ३९ |
| ७२ | कात्तिक-पुस,२०५७ | महेशविक्रम शाह | निभेको गुलुप | ११ | १ | ३९ |
| ७३ | कात्तिक-पुस,२०५७ | माया ठकुरी | सुनको पिँजडा | ११ | १ | ३९ |
| ७४ | कात्तिक-पुस,२०५७ | शशिकला मानन्धर | डा.नम्रता | ११ | १ | ३९ |
| ७५ | माघ-चैत,२०५७ | गुरुप्रसाद मैनाली | शहीद | ११ | २ | ४० |
| ७६ | माघ-चैत,२०५७ | गोविन्दबहादुर मल्ल | त्यो क्रान्तिको प्रतीक | ११ | २ | ४० |
| ७७ | माघ-चैत,२०५७ | नृपेन्द्र पुरुष 'यादी' | रगतको भारा | ११ | २ | ४० |
| ७८ | माघ-चैत,२०५७ | प्रदीप नेपाल | आफ्नै परिचयको खोजी | ११ | २ | ४० |
| ७९ | माघ-चैत,२०५७ | भवानी भिक्षु | नयाँ इतिहासको प्रारम्भ | ११ | २ | ४० |
| ८० | माघ-चैत,२०५७ | भाउपन्थी | एक इमान्दार प्रजातान्त्रिक राजनीतिककर्मीको किस्सा | ११ | २ | ४० |
| ८१ | माघ-चैत,२०५७ | सनत रेग्मी | सलाम मुलायम बाबा | ११ | २ | ४० |
| ८२ | माघ-चैत,२०५७ | सूर्यबहादुर श्रेष्ठ | आत्मप्रेरणा | ११ | २ | ४० |
| ८३ | फागुन-जेठ, २०५७ | कुमार नगरकोटी | निकास | ८ | ४ | ३२ |

**४-कथाको कथा (रचना गर्भ)**

समकालीन साहित्य ३१-४० मा प्रकाशित कथाको कथा शीर्षकका रचनाहरू यसप्रकार छन्-

| क.सं. | मिति | लेखक | शीर्षक | वर्ष | अङ्क | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|
| १ | वैशाख-असार, २०५६ | परशु प्रधान | टोकियोमा सानु बुद्ध | ९ | २ | ३४ |
| २ | साउन-असोज, २०५६ | मधुवन पौडेल | मेरो कथायात्रा : मेरा कथाहरू | ९ | ३ | ३५ |

**५ कथा- समय : कथा**

समकालीन साहित्य ३१-४० मा प्रकाशित कथा- समय : कथा शीर्षकका रचनाहरू यसप्रकार छन्-

| क.सं. | मिति | लेखक | शीर्षक | वर्ष | अङ्क | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|
| १ | कात्तिक-पुस, २०५६ | गोविन्दबहादुर मल्ल | भाँडो | ११ | १ | ३९ |
| २ | फागुन-जेठ, २०५६,५७ | दौलतविक्रम विष्ट | म मात्र हाँसिदिन्छु | १० | १ | ३७ |
| ३ | असार-असोज, २०५७ | गुरुप्रसाद मैनाली | परालको आगो | १० | ३ | ३८ |
| ४ | माघ-चैत, २०५७ | विश्वेश्वरप्रसाद कोइराला | एक रात | ११ | २ | ४० |

**६ कथा- समय : कथासम्बन्धी कथाकारहरूको अवधारणा**

समकालीन साहित्य ३१-४० मा प्रकाशित कथा- समय : कथासम्बन्धी कथाकारहरूको अवधारणाहरू यसप्रकार छन्-

| क.सं. | मिति | लेखक | शीर्षक | वर्ष | अङ्क | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|
| १ | फागुन-जेठ, २०५६,५७ | रोशन थापा 'नीरव' | वरिष्ठ आख्यानकार दौलतविक्रम विष्टसित कथाबारे कुराकानी | १० | १ | ३७ |
| २ | असार-असौज, २०५७ | गुरुप्रसाद मैनाली | आधुनिक कथासाहित्य | १० | ३ | ३८ |
| ३ | कात्तिक-पुस, २०५७ | अनुक्रमराज शर्मा | कथासम्बन्धी कथाकार गोविन्दबहादुर | ११ | १ | ३९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | मल्ल 'गोठाले'को धारणा | | | |
| ४ | माघ-चैत,२०५७ | विश्वेश्वरप्रसाद कोइराला | कथाकारको कथासम्वन्धी धारणा | ११ | २ | ४० |

**७ कथा- समय : समीक्षा**

समकालीन साहित्य ३१-४० मा प्रकाशित कथा- समय : समीक्षाहरू यसप्रकार छन्-

| क.सं. | मिति | लेखक | शीर्षक | वर्ष | अङ्क | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|
| १ | कात्तिक-पुस, २०५६ | मोहनराज शर्मा | कथाकार गोविन्दवहादुर मल्ल 'गोठाले' | ११ | १ | ३९ |
| २ | फागुन-जेठ, २०५६,५७ | दयाराम श्रेष्ठ | कथाकार दौलतविक्रम विष्ट | १० | १ | ३७ |
| ३ | असार-असौज, २०५७ | खेम दाहाल | मैनालीको 'बिदा' कथामा समयको चित्रण : छोटो चिनारी | १० | ३ | ३८ |
| ४ | असार-असौज, २०५७ | दयाराम श्रेष्ठ | कथाकार गुरुप्रसाद मैनाली | १० | ३ | ३८ |
| ५ | असार-असौज, २०५७ | मुरारीप्रसाद रेग्मी | चिताको ज्वाला : एक मनोविश्लेषण | १० | ३ | ३८ |
| ६ | असार-असौज, २०५७ | रामदयाल राकेश | गुरुप्रसाद मैनालीको कथाशिल्प | १० | ३ | ३८ |
| ७ | माघ-चैत, २०५७ | ईश्वर बराल | विश्वेश्वरप्रसाद कोइराला : कथाकारका रूपमा | ११ | २ | ४० |

**८ कुराकानी**

समकालीन साहित्य ३१-४० मा प्रकाशित कुराकानी शीर्षकका रचनाहरू यसप्रकार छन्-

| क.सं. | मिति | लेखक | शीर्षक | वर्ष | अङ्क | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|
| १ | माघ -चैत, २०५५ | दीपकमणि 'दाजुभाइ' | लेखक बनिसकेपछि लिङ्ग बाँकी रहदैन | ९ | ९ | ३३ |
| २ | कात्तिक-माघ, २०५६ | रोशन थापा 'नीरव' | डा.ध्रुबचन्द्र गौतमसँग : केही अन्तरङ्ग क्षण | ९ | ९ | ३६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | फागुन-जेठ, २०५६,५७ | पुरुषोत्तम सुवेदी | मनु ब्रजाकीसँगको अन्तरङ्ग कुराकानी | १० | १० | ३७ |
| ४ | असार-असोज, २०५७ | युवराज नयाँघरे | वरिष्ठ साहित्यकार रमेश विकलसँग कुराकानी | १० | १० | ३८ |
| ५ | कात्तिक-पुस, २०५७ | ध्रुव सापकोटा | गोविन्दबहादुर मल्ल 'गोठाले' | ११ | ११ | ३९ |

**९ क्रान्ति कथा**

समकालीन साहित्य ३१-४० मा प्रकाशित क्रान्ति कथाहरू यसप्रकार छन्-

| क्र.सं. | मिति | लेखक | शीर्षक | वर्ष | अङ्क | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|
| १ | माघ-चैत, २०५७ | तारिणीप्रसाद कोइराला | सञ्चित ज्वालामुखी | ११ | २ | ४० |
| २ | माघ-चैत, २०५७ | फणीश्वरनाथ रेणु | नेपाली क्रान्तिकथा | ११ | २ | ४० |

**१० खोजीनिधि**

समकालीन साहित्य ३१-४० मा प्रकाशित खोजीनिधिहरू यसप्रकार छन्-

| क्र.सं. | मिति | लेखक | शीर्षक | वर्ष | अङ्क | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|
| १ | साउन-असौज, २०५५ | शरद्चन्द्र शर्मा भट्टराई | अन्तरङ्ग साथीहरूको क्लब | ८ | ३ | ३१ |
| २ | साउन-असौज, २०५५ | शिव रेग्मी | नेपाली साहित्य परिषद् र 'साहित्यस्रोत' | ८ | ३ | ३१ |
| ३ | कात्तिक-पुस,२०५५ | कविताराम श्रेष्ठ | 'थाहा' एउटा बिर्सन नहुने साहित्यिक आन्दोलन | ८ | ४ | ३२ |
| ४ | माघ-चैत, २०५५ | कमलमणि दीक्षित | १.एउटा रुक्काको कुरा २. देवशमशेरको खड्ग निशाना | ९ | १ | ३३ |
| ५ | बैशाख -असार, २०५६ | कमलमणि दीक्षित | अंशबन्डाको रुक्का | ९ | २ | ३४ |
| ६ | साउन-असोज, २०५६ | प्रेम छोटा | कथाकार गुरुप्रसाद मैनाली | ९ | ३ | ३५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | साउन-असोज, २०५६ | शरद्चन्द्र शर्मा भट्टराई | एकेडेमीको स्थापना र ओभ्रेलमा परेका तथ्य | ९ | ३ | ३५ |
| ८ | फागुन-जेठ,२०५६,५७ | शिव रेग्मी | 'सुन्दरी' मासिक पत्रिका : संक्षिप्त विवरण | १० | १ | ३७ |
| ९ | असार-असोज, २०५७ | कविताराम श्रेष्ठ | के नेवारहरू साँच्चै कातर हुन्? | १० | ३ | ३८ |

## ११ चिन्तन/मन्थन

समकालीन साहित्य ३१-४० मा प्रकाशित चिन्तन/मन्थनहरू यसप्रकार छन्-

| क.सं. | मिति | लेखक | शीर्षक | वर्ष | अङ्क | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|
| १ | कात्तिक-पुस, २०५५ | बालकृष्ण पोखरेल | मोतीजयन्ती मनाउन नयाँ बजार जाँदाका कुरा | ८ | ४ | ३२ |
| २ | कात्तिक-पुस, २०५५ | विष्णु प्रभात | कल्पना, यथार्थ र आदर्श | ८ | ४ | ३२ |
| ३ | असार-असोज, २०५७ | उदय खनाल 'उमेश' | जीवनको रस | १० | ३ | ३८ |
| ४ | असार-असोज, २०५७ | गोविन्द भट्टराई | झापाले झङ्कृत हुँदो छ लीलामय मन | १० | ३ | ३८ |
| ५ | कात्तिक-पुस, २०५७ | अनुप बराल | ब्रेख्त, एपिक थिएटर र हाम्रो रङ्ग मञ्च परम्परा | ११ | १ | ३९ |
| ६ | कात्तिक-पुस, २०५७ | तीर्थराज तुलाधर | तथ्यको तानाशाही | ११ | १ | ३९ |

## १२ नाटक

समकालीन साहित्य ३१-४० मा प्रकाशित नाटकहरू यसप्रकार छन्-

| क.सं. | मिति | लेखक | शीर्षक | वर्ष | अङ्क | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|
| १ | साउन-असोज, २०५५ | खगेन्द्र सङ्ग्रौला | ठेडी अभियान | ८ | ३ | ३१ |
| २ | कात्तिक-पुस, २०५५ | रमेश विकल | मान्छे, वैभव र मृत्यु | ८ | ४ | ३२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | माघ-चैत,२०५५ | उदय खनाल | बिहानी आउन सक्छ | ९ | १ | ३३ |
| ४ | माघ-चैत,२०५५ | सरुभक्त | इतर मानव इतर | ९ | १ | ३३ |
| ५ | वैशाख-असार, २०५६ | गोपाल पराजुली | आवाजको सिमाना | ९ | २ | ३४ |
| ६ | वैशाख-असार, २०५६ | शिव अधिकारी | फस्ट लभ पाइप लाइन | ९ | २ | ३४ |
| ७ | साउन-असोज, २०५६ | गोविन्दसिंह रावत | हजूर बुबाको बिहे | ९ | ३ | ३५ |
| ८ | कात्तिक-माघ,२०५६ | बालकृष्ण सम | प्रेम | ९ | ४ | ३६ |
| ९ | फागुन-जेठ, २०५६,५७ | गणेश गौतम | युगारम्भ | १० | १ | ३७ |
| १० | असार-असोज, २०५७ | राजु प्रधान 'हिमांशु' | मुखुण्डो लगाएको मन | १० | ३ | ३८ |
| ११ | कात्तिक-पुस, २०५७ | थानेश्वर देवकोटा | मृत्यु-उत्सव | ११ | १ | ३९ |

**१३ निबन्ध**

समकालीन साहित्य ३१-४० मा प्रकाशित निबन्धहरू यसप्रकार छन्-

| क्र.सं. | मिति | लेखक | शीर्षक | वर्ष | अङ्क | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|
| १ | साउन-असोज, २०५४ | कृष्णप्रसाद ज्ञवाली | पुतलीका पुर्खाहरू | ७ | ३ | ३९ |
| २ | बैशाख-असार, २०५५ | नृपेन्द्रपुरुष 'यादी' | जीवन बजारमा | ८ | ४ | ३२ |
| ३ | साउन-असोज,२०५५ | उदय निरौला | वर्तमानको घेराभित्र | ८ | ३ | ३१ |
| ४ | साउन-असोज,२०५५ | मनुजबाबु मिश्र | शक्तिको खोजी | ८ | ३ | ३१ |
| ५ | साउन-असोज,२०५५ | शिव अधिकारी | एउटा पृथक् प्रकारको नाटक | ८ | ३ | ३१ |
| ६ | कात्तिक-पुस, २०५५ | माधवप्रसाद पोखेल | एक्ले बुलाह | ८ | ४ | ३२ |
| ७ | कात्तिक-पुस, २०५५ | सङ्गीत आयाम | रातको अँगालोमा उज्यालोको कुरा | ८ | ४ | ३२ |
| ८ | माघ-चैत, २०५५ | ध्रुव खड्का | आज किन हो कुन्नि ? | ९ | १ | ३३ |
| ९ | माघ-चैत, २०५५ | मोमिला | पृष्ठभूमि | ९ | १ | ३३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | वैशाख-असार, २०५६ | माधव काफ्ले | ऊ हो, ऊ होइन | ९ | २ | ३४ |
| ११ | वैशाख-असार, २०५६ | माधवप्रसाद पोखेल | महाप्रलय हुने सपना | ९ | २ | ३४ |
| १२ | वैशाख-असार, २०५६ | शैलेन्दुप्रकाश नेपाल | जन्मदिनको परिवेशमा | ९ | २ | ३४ |
| १३ | साउन-असोज,२०५६ | तेजेश्वरबाबु ग्वंग: | रातो स्वेटर रेलिमाई | ९ | ३ | ३५ |
| १४ | साउन-असोज,२०५६ | श्रीधर खनाल | बटारिएको संस्कृति | ९ | ३ | ३५ |
| १५ | कात्तिक -माघ, २०५६ | देवेन्द्रराज भट्टराई | मृत्यु | ९ | ४ | ३६ |
| १६ | कात्तिक -माघ, २०५६ | राममणि रिसाल | जागिर : त्यो टाढाको बादल | ९ | ४ | ३६ |
| १७ | कात्तिक -माघ, २०५६ | सृजन लम्साल | अंशबन्डा | ९ | ४ | ३६ |
| १८ | फागुन-जेठ, २०५६,५७ | नारायण ढकाल | एउटा शीताङ्ग शहरमा मानिसहरू | १० | १ | ३७ |
| १९ | फागुन-जेठ, २०५६,५७ | भीष्म उप्रेती | बिचमा रहेछु म | १० | १ | ३७ |
| २० | फागुन-जेठ, २०५६,५७ | मोमिला | इतिहासको संस्करण | १० | १ | ३७ |
| २१ | असार-असोज, २०५७ | युवराज नयाँघरे | हाई हाई हिमाल | १० | ३ | ३८ |
| २२ | असार-असोज, २०५७ | श्रीओम श्रेष्ठ‘रोदन’ | मार्फत-मार्फतहरू | १० | ३ | ३८ |
| २३ | कात्तिक-पुस, २०५७ | कृष्णप्रसाद ज्ञवाली | कालीको कलकल | ११ | ३ | ३९ |
| २४ | कात्तिक-पुस, २०५७ | नृपेन्द्रपुरुष ‘यादी’ | यदा यदा हि धर्मस्य | ११ | १ | ३९ |
| २५ | कात्तिक-पुस, २०५७ | राजेन्द्र सुवेदी | म हुँ औँलो नकाटिएको एकलव्य | ११ | १ | ३९ |
| २६ | कात्तिक-पुस, २०५७ | सुधा त्रिपाठी | अमर सिर्जना | ११ | १ | ३९ |
| २७ | माघ-चैत,२०५७ | नारायण ढकाल | मेरो प्रजातन्त्रप्रेम: केही टिपोटहरू | ११ | २ | ४० |

## १४ पत्र- साहित्य

समकालीन साहित्य ३१-४० मा प्रकाशित पत्र- साहित्य शीर्षकका रचनाहरू यसप्रकार छन्-

| क्र.सं. | मिति | लेखक | शीर्षक | वर्ष | अङ्क | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|
| १ | कात्तिक-पुस,२०५५ | ध.च.गोतामे | हेनरी ओल्डफिल्डका पत्रहरू | ८ | ४ | ३२ |
| २ | माघ-चैत, २०५५ | सनत रेग्मी | डा.ईश्वर बराल: संस्मरण र तिन पत्र | ९ | १ | ३३ |
| ३ | वैशाख-असार, २०५६ | श्यामल | चिठीको निहुँमा | ९ | २ | ३४ |

## १५ पुस्तक समीक्षा

समकालीन साहित्य ३१-४० मा प्रकाशित पुस्तक समीक्षाहरू यसप्रकार छन्-

| क्र.सं. | मिति | लेखक | शीर्षक | वर्ष | अङ्क | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|
| १ | साउन-असोज, २०५५ | प्रह्लाद पोखरेल | भुवन ढुङ्गानाको कथासङ्ग्रह-युद्धको घोषणा गर्नुभन्दा अघि : एक पाठकीय दृष्टिकोण | ८ | ३ | ३१ |
| २ | कात्तिक-पुस, २०५५ | नेत्र एटम | 'अन्तिम नायिका'को मिथकीय सन्त्रास र अस्तिफ्व | ८ | ४ | ३२ |
| ३ | माघ-चैत, २०५५ | मधुसुदन गिरी | सामाजिक यथार्थको परानाडी: 'बैखरी' कथासङ्ग्रह | ९ | १ | ३३ |
| ४ | माघ-चैत, २०५५ | नेत्र एटम | हार्दिक इमान्दारिताको अभिव्यक्ति 'गीत म कसरी गाऊँ' | ९ | १ | ३३ |
| ५ | वैशाख-असार, २०५६ | भाउपन्थी | १. संज्ञा-सर्वनाम २.सिपाही र जुलुस | ९ | २ | ३४ |
| ६ | साउन-असोज, २०५६ | खगेन्द्रप्रसाद लुईंटेल | नेपाली समालोचनामा बिस्फोटक क्रान्ति | ९ | ३ | ३५ |
| ७ | कात्तिक-माघ, २०५६ | जनकलाल शर्मा | सुपारी भैरवको स्मरण भयो मलाई | ९ | ४ | ३६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | फागुन-जेठ, २०५६,५७ | कृष्ण गौतम | स्वप्न सम्मेलन : उत्तरआधुनिक परिदृश्यमा | १० | १ | ३७ |
| ९ | असार-असोज, २०५७ | कृष्ण गौतम | नैनी : विजयेच्छाको एक विशाल शव्दप्रतीक | १० | ३ | ३८ |
| १० | कात्तिक-पुस, २०५७ | भाउपन्थी | अवचेतनहीन मान्छेको भविष्य : फूलदेखि आतङ्क हुनुतिर | ८ | ४ | ३२ |
| ११ | कात्तिक-पुस, २०५७ | नेत्र एटम | 'सांस्कृतिक चिन्तन र चिन्ता': भाव एक, भावना अनेक | ११ | १ | ३९ |

**१६ भाषा**

समकालीन साहित्य ३१-४० मा प्रकाशित भाषाहरू यसप्रकार छन्-

| क्र.सं. | मिति | लेखक | शीर्षक | वर्ष | अङ्क | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|
| १ | साउन-असोज, २०५५ | कुमारधर शर्मा'ज्ञानी' | ज्यान मार्ने अनावश्यक कसरत किन ? | ८ | ३ | ३१ |
| २ | साउन-असोज,२०५६ | जगत क्षेत्री | भारतका नेपाली बाहुल्य अञ्चलहरूमा भाषिक एकरूपता | ९ | ३ | ३५ |
| ३ | फागुन-जेठ, २०५६,५७ | सुकुम शर्मा | नेपाली भाषा-व्याकरणको विकासमा जोन विम्सको योगदान | १० | १ | ३७ |
| ४ | कात्तिक-पुस,२०५७ | वासुदेव घिमिरे | भाषिक प्रयोगका सन्दर्भमा कुराकानीको स्वरूप | ११ | ९ | ३९ |

**१७ मत- अभिमत**

समकालीन साहित्य ३१-४० मा प्रकाशित मत- अभिमतहरू यसप्रकार छन्-

| क्र.सं. | मिति | लेखक | शीर्षक | वर्ष | अङ्क | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|
| १ | माघ - | विश्वम्भर | 'रचनागर्भ'स्तम्भबारे | ११ | २ | ४० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | चैत,२०५५ | चञ्चल | जानकारी | | | |
| २ | साउन-असोज, २०५६ | नगेन्द्रराज शर्मा | 'शारदा' र सरकारी आर्थिक सहयोग | ९ | ३ | ३५ |

**१८ यात्रा संस्मरण**

समकालीन साहित्य ३१-४० मा प्रकाशित यात्रा संस्मरणहरू यसप्रकार छन्-

| क्र.सं. | मिति | लेखक | शीर्षक | वर्ष | अङ्क | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|
| १ | साउन-असोज,२०५५ | किशोर पहाडी | जङ्गल चर्चाः एक्काईसौं शताब्दी | ८ | ३ | ३२ |
| २ | साउन-असोज,२०५५ | युवराज नयाँघरे | हाँसिरहेको घाम, गाइरहेको खोला र रोइरहेको बस्तीसँग | ८ | ३ | ३१ |
| ३ | कात्तिक-पुस,२०५५ | भीष्म उप्रेती | लहरलहरहरूका अक्षरहरू | ८ | ४ | ३२ |
| ४ | माघ-चैत,२०५५ | तेजप्रकाश श्रेष्ठ | के गरेको यस्तो तेज, तिमीले | ९ | १ | ३३ |
| ५ | माघ-चैत,२०५५ | श्रीकृष्ण गौतम | हन्डरैहन्डरको इरानयात्रा | ९ | ३ | ३३ |
| ६ | वैशाख-असार, २०५६ | कन्हैया नासननी | संस्मरण यात्राकोःतासकन्द, बुखारा, समरकन्दको | ९ | २ | ३४ |
| ७ | साउन-असोज,२०५६ | युवराज नयाँघरे | हेलो माडीफाँट ! | ९ | ३ | ३५ |
| ८ | साउन-असोज,२०५६ | सुलोचना मानन्धर | सेतो घोडा र शून्यताको साथी | ९ | ३ | ३५ |
| ९ | कात्तिक-माघ,२०५६ | राजव | खरसाङ्बाट ल्याएको खरसाङ | ९ | ४ | ३६ |
| १० | फागुन-जेठ, २०५६,५७ | ध.च. गोतामे | दुई यात्री | १० | १ | ३७ |
| ११ | फागुन-जेठ, २०५६,५७ | नवराज कार्की | स्वप्नलोक जस्तै छ अमेरिका | १० | १ | ३७ |
| १२ | असार-असोज, २०५७ | क्मल दीक्षित | अमेरिका बसाइका दुई सम्झना | १० | ३ | ३८ |
| १३ | असार-असोज, २०५७ | निर्मोही व्यास | घुम्दै फिर्दै बर्दाहा | १० | ३ | ३८ |

## १९ रम्य रचना

समकालीन साहित्य ३१-४० मा प्रकाशित रम्य रचनाहरू यसप्रकार छन्-

| क.सं. | मिति | लेखक | शीर्षक | वर्ष | अङ्क | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|
| १ | वैशाख-असार,२०५६ | अशेष मल्ल | निसुमुराको क्यामरा र म | ९ | २ | ३४ |
| २ | वैशाख-असार,२०५६ | जनकबहादुर राणा | भी. आई. पी. | ९ | २ | ३४ |
| ३ | साउन-असोज, २०५६ | विमल निभा | चङ्गाले मलाई कवि बनायो | ९ | ३ | ३५ |

## २० विशेष लेख/ विविध

समकालीन साहित्य ३१-४० मा प्रकाशित विशेष लेख/ विविधहरू यसप्रकार छन्-

| क.सं. | मिति | लेखक | शीर्षक | वर्ष | अङ्क | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|
| १ | फागुन-जेठ,२०५६,५७ | अनुक्रम (प्रस्तुति) | दाङको हास्यव्यङ्ग्य गोष्ठी | १० | १ | ३७ |
| २ | फागुन-जेठ,२०५६,५७ | मदनमणि दीक्षित | कुत्सको कल्याण दर्शन र गहन पीडा | १० | १ | ३७ |
| ३ | माघ-चैत, २०५७ | कृष्णचन्द्रसिंह प्रधान | निरङ्कुशताविरुद्धको प्रजातान्त्रिक आन्दोलनमा साहित्यको भूमिका | ११ | २ | ४० |
| ४ | माघ-चैत, २०५७ | चैतन्य प्रधान | प्रजातन्त्र र चैत ३ गते | ११ | २ | ४० |
| ५ | माघ-चैत, २०५७ | गणेशबहादुर प्रसाईं | २००७ सालको क्रान्ति र नेपाली साहित्यमा त्यसको प्रभाव | ११ | २ | ४० |
| ६ | माघ-चैत, २०५७ | तुलसी भट्टराई | प्रजातन्त्र स्थापनामा साहित्यिक योगदान | ११ | २ | ४० |
| ७ | माघ-चैत, २०५७ | दधिराज सुवेदी | नेपाली साहित्यमा सात साले क्रान्तिको प्रभाव | ११ | २ | ४० |
| ८ | माघ-चैत, २०५७ | राजेश्वर देवकोटा | २००७ सालको दशकः नेपाली साहित्यको स्वर्णयुग | ११ | २ | ४० |

## २१ विश्व साहित्य

समकालीन साहित्य ३१-४० मा प्रकाशित विश्व साहित्यहरू यसप्रकार छन्-

| क्र.सं. | मिति | लेखक | शीर्षक | वर्ष | अङ्क | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|
| १ | साउन-असोज ,२०५५ | गोविन्द गिरी 'प्रेरणा' | मिलान कुन्देराको रचना -संसार( चेकोस्लाभाकिया) | ८ | ३ | ३१ |
| २ | कात्तिक-पुस, २०५५ | सरोज कोइराला | भर्जिनिया उल्फ र उनको चेतनप्रवाह शैली (बेलायत) | ८ | ४ | ३२ |
| ३ | माघ-चैत, २०५५ | वल्लभमणि दाहाल | चिनियाँ चुट्किला: एक संक्षिप्त परिचय | ९ | १ | ३३ |
| ४ | वैशाख-असार, २०५६ | मञ्जुश्री थापा | 'वास्तविकतामा आधारित नभएको एक हरफ पनि मेरो उपन्यासमा छैन'-मार्खेज ( ल्याटिन अमेरिका) | ९ | २ | ३४ |
| ५ | साउन-असोज, २०५६ | मिराज श्रेष्ठ | स्यामुअल बेकेटः एक फ्ल्यासब्याक | ९ | ३ | ३५ |

## २२ व्यक्ति-व्यक्तित्व

समकालीन साहित्य ३१-४० मा प्रकाशित व्यक्ति-व्यक्तित्वहरू यसप्रकार छन्-

| क्र.सं. | मिति | लेखक | शीर्षक | वर्ष | अङ्क | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|
| १ | साउन-असोज, २०५५ | तुलसी भट्टराई | कवि व्यथित : काव्यसाधनाका अन्तर्यात्री | ८ | ३ | ३१ |
| २ | साउन-असोज, २०५५ | महेश प्रसाईं | तिलकप्रसाद कुनै नाम होइन | ८ | ३ | ३१ |
| ३ | कात्तिक -पुस, २०५५ | रमेश खकुरेल | ताने वासे पुराण | ८ | ४ | ३२ |
| ४ | माघ-चैत, २०५५ | महेश प्रसाईं | तारानाथ शर्मा : पातालदेखि तपोभूमिसम्म | ९ | १ | ३३ |
| ५ | वैशाख-असार, २०५६ | शिव रेग्मी | साहित्यकारका रूपमा गोपालदास श्रेष्ठ | ९ | २ | ३४ |
| ६ | साउन-असोज | दुर्गाप्रसाद | कर्मवीर मणिसिंह | ९ | ३ | ३५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ,२०५६ | अधिकारी | गुरुङ :जीवनी र योगदान | | | |
| ७ | साउन-असोज ,२०५६ | महेश प्रसाईं | केही कथाहरूमा शान्तदेव | ९ | ३ | ३५ |
| ८ | फागुन-जेठ, २०५६,५७ | मनप्रसाद सुब्बा | कवि काँढा सम्भनामा / कवितामा | १० | १ | ३७ |
| ९ | फागुन-जेठ, २०५६,५७ | लेखनाथ भट्टराई | दान खालिङ :व्यक्ति,व्यक्तित्व र कृतिफ्व | १० | १ | ३७ |
| १० | असार-असोज, २०५७ | डिल्लीराम मिश्र 'श्रमजीवी' | नेपाली समाजका सर्वप्रिय र सर्वप्रेरक व्यक्तित्व यदुनाथ खनाल | १० | ३ | ३८ |
| ११ | असार-असोज, २०५७ | मथुरामानसिंह नेपाली | सदावहार कथाका अमर स्रष्टा | ११ | ३ | ३८ |

**२३ समालोचना**

समकालीन साहित्य ३१-४० मा प्रकाशित समालोचनाहरू यसप्रकार छन्-

| क्र.सं. | मिति | लेखक | शीर्षक | वर्ष | अङ्क | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|
| १ | साउन-असोज, २०५५ | केशवप्रसाद उपाध्याय | असमर्थ श्लोक : असमर्थ अभिव्यक्ति | ८ | ३ | ३१ |
| २ | साउन-असोज, २०५५ | बमबहादुर थापा 'जिताली' | उपन्यासकार पारिजात र उनको शिरीषको फूल | ८ | ३ | ३१ |
| ३ | साउन-असोज, २०५५ | रविलाल अधिकारी | डी.पी. अधिकारीको समालोचना | ८ | ३ | ३१ |
| ४ | साउन-असोज, २०५५ | गार्गी शर्मा | 'सम्भनाका लहरहरूभित्र' घनश्याम राजकर्णिकार | ८ | ४ | ३२ |
| ५ | साउन-असोज, २०५५ | रामप्रसाद ज्ञवाली | भाउपन्थीको उत्कृष्ट कथा 'तन्त्र'भित्र घोत्लिँदा | ८ | ४ | ३२ |
| ६ | माघ-चैत, २०५५ | पारसमणि भण्डारी | कवि माधव घिमिरेको 'मानिसजस्तो अमर मैले देखिन क्यै पनि'गीतिकविताको विश्लेषण | ९ | १ | ३३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | माघ-चैत, २०५५ | विष्णु पौडेल | रूपमती उपन्यासको चरित्रविधान | ९ | १ | ३३ |
| ८ | वैशाख-असार, २०५६ | मोहन पी.दाहाल | लङ्गडाको साथी | ९ | २ | ३४ |
| ९ | साउन-असोज, २०५६ | इन्द्र माली (नेपाल भाषा) | नेपाल भाषाको एकाङ्की नाटकको छोटो परिचय | ९ | ३ | ३५ |
| १० | साउन-असोज, २०५६ | कृष्ण धरावासी | गणेशबहादुर प्रसाईं र उनका निबन्धहरू | ९ | ३ | ३५ |
| ११ | साउन-असोज, २०५६ | रमेश गार्खाली | आधुनिक नेपाली कवितामा विनय रावलको छवि | ९ | ३ | ३५ |
| १२ | साउन-असोज, २०५६ | शान्तिराज शर्मा | साहित्यमा उत्तर-आधुनिकता | ९ | ३ | ३५ |
| १३ | साउन-असोज, २०५६ | प्रचण्ड मल्ल | नेपाली रङ्गमञ्चीय कला : संक्षिप्त चर्चा | ९ | ३ | ३५ |
| १४ | कात्तिक-माघ, २०५६ | केशवप्रसाद उपाध्याय | संज्ञा-सर्वनामको सेरोफेरोमा ध.च. गोतामेको व्यङ्ग्यकारिताको पर्यवेक्षण | ९ | ४ | ३६ |
| १५ | कात्तिक-माघ, २०५६ | टीकाराम वाग्ले | अनुवाद-कला | ९ | ४ | ३६ |
| १६ | कात्तिक-माघ, २०५६ | राजेन्द्र सुवेदी | उलार उपन्यास : आञ्चलिक धरातलको ज्यूँदो चित्र | ९ | ४ | ३६ |
| १७ | कात्तिक-माघ, २०५६ | रामदयाल राकेश | कविवर केदारमान व्यथितका दुई नवीनतम कृतिहरू | ९ | ४ | ३६ |
| १८ | फागुन-जेठ, २०५६,५७ | अमर त्यागी | निर्मोही व्यासको निबन्धकारिता | १० | १ | ३७ |
| १९ | फागुन-जेठ, २०५६,५७ | नेत्र एटम | प्रयोगवादी नेपाली कविता र द्वारिका श्रेष्ठ | १० | १ | ३७ |
| २० | फागुन-जेठ, २०५६,५७ | पशुपति नेउपाने 'निराश' | नारी-मानसिकताको अर्को उपज : | १० | १ | ३७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | अर्पणा | | | |
| २१ | फागुन-जेठ, २०५६,५७ | बद्रीलाल श्रेष्ठ | ज्यागा उपन्यासका दुई ध्रुव | १० | १ | ३७ |
| २२ | असार-असोज, २०५७ | नरेन्द्र चापागाईं | नेपाली मुक्तक कविताः संरचना, प्रवृत्ति,र भावी.दिशा | १० | ३ | ३८ |
| २३ | असार-असोज, २०५७ | शारदा शर्मा | विश्वेश्वरप्रसाद कोइरालाका रचनामा अभिव्यक्त दार्शनिक भावभूमिको आधार | १० | ३ | ३८ |
| २४ | असार-असोज, २०५७ | सुशीला भट्ट | गुरुप्रसाद मैनालीका दुई निबन्ध | १० | ३ | ३८ |
| २५ | कात्तिक-पुस, २०५७ | केशवप्रसाद उपाध्याय | कवि मजगैयाँको अपराजिता | ११ | १ | ३९ |
| २६ | कात्तिक-पुस, २०५७ | गोपी मैनाली | मृत्युवृत्ति सलबलायका आधुनिक कविता | ११ | १ | ३९ |
| २७ | कात्तिक-पुस, २०५७ | लख्खीदेवी सुन्दास | श्री इन्द्रबहादुर राईको 'भ्याल' कथालाई हेर्दा | ११ | १ | ३९ |
| २८ | कात्तिक-पुस, २०५७ | लक्ष्मणप्रसाद गौतम | औपन्यासिक नवप्रयुक्तिका रूपमा 'बाढी' र यसको आनुभवन्यासिक विश्लेषण | ११ | ९ | ३९ |
| २९ | वैशाख-असार, २०६० | राजेन्द्र यादव (हिन्दी) | समकालीन कथालेखनका चुनौतीहरू | १३ | ३ | ३९ |

**२४ सर्जक र सिर्जना**

समकालीन साहित्य ३१-४० मा प्रकाशित सर्जक र सिर्जना शीर्षकका रचनाहरू यसप्रकार छन्-

| क.सं. | मिति | लेखक | शीर्षक | वर्ष | अङ्क | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|
| १ | कात्तिक-पुस, २०५६ | राजेन मानन्धर | कहिल्यै नधमिलिने कलाको किरण : किरण मानन्धर | ९ | ४ | ३६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | फागुन-जेठ, २०५६,५७ | ज्ञानेन्द्र विवश | समर्पित कलासाधकको इतिवृत्तान्त | १० | १ | ३७ |
| ३ | असार-असोज, २०५७ | ज्ञानेन्द्र विवश | आधुनिक कलाक्षेत्रमा प्रतिबद्ध कलाशिल्पी | १० | ३ | ३८ |
| ४ | कात्तिक-पुस, २०५७ | ज्ञानेन्द्र विवश | संस्कृति, सम्पदा र वत्सगोपाल | ११ | ९ | ३९ |
| ५ | माघ-चैत, २०५७ | ज्ञानेन्द्र विवश | प्राज्ञिक प्रयत्नमा प्रतिबद्ध प्राज्ञ | ११ | २ | ४० |

## २५ सर्वेक्षण

समकालीन साहित्य ३१-४० मा प्रकाशित सर्वेक्षणहरू यसप्रकार छन्-

| क.सं. | मिति | लेखक | शीर्षक | वर्ष | अङ्क | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|
| १ | माघ-चैत, २०५५ | प्रमोद प्रधान | नेपाली बालकथा र बाल कथाकारहरू | ९ | १ | ३३ |
| २ | माघ-चैत, २०५५ | सुनिल पोखरेल | नेपालमा सडक-नाटक | ९ | १ | ३३ |
| ३ | फागुन-जेठ, २०५६,५७ | मनुजबाबु मिश्र | बीसौं शताब्दी : कलाको कि अकलाको | १० | १ | ३७ |
| ४ | असार-असोज, २०५७ | तुलसी भट्टराई | साहित्यिक पत्रकारिता : चुनौती र सम्भावना | १० | ३ | ३८ |

## २६ संस्मरण

समकालीन साहित्य ३१-४० मा प्रकाशित संस्मरणहरू यसप्रकार छन्-

| क.सं. | मिति | लेखक | शीर्षक | वर्ष | अङ्क | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|
| १ | साउन-असोज,२०५५ | ध.च. गोतामे | आफ्नै धरातलमा | ८ | ३ | ३१ |
| २ | साउन-असोज,२०५५ | विजय सुब्बा | तेह्रथुमको इतिहासमा स्व. गोकुल जोशी | ८ | ३ | ३१ |
| ३ | कात्तिक-पुस,२०५५ | अभि सुवेदी | मैले पढेको र देखेको जापान | ८ | ४ | ३२ |
| ४ | कात्तिक- | प्रकाश ए राज | अमेरिकाको | ८ | ४ | ३२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | पुस,२०५५ | | आयोवाको बसाइ | | | |
| ५ | माघ-चैत, २०५५ | मनु ब्राजाकी | चमत्कारको दुनियाँमा | ९ | १ | ३३ |
| ६ | माघ-चैत, २०५५ | राजव | विराटनगरको मेरो पहिलो यात्राको दशा | ९ | १ | ३३ |
| ७ | वैशाख-असार, २०५६ | चित्तरञ्जन नेपाली | केशवलाल कर्माचार्यको.सम्झना | ९ | २ | ३४ |
| ८ | वैशाख-असार, २०५६ | ध.च.गोतामे | रागी-वैरागी | ९ | २ | ३४ |
| ९ | साउन-असोज,२०५६ | ध.च.गोतामे | अक्षरको उकाली | ९ | ३ | ३५ |
| १० | साउन-असोज,२०५६ | फणीन्द्रराज खेताला | एक पैसाको अमिली, बिंडी र चड्कन | ९ | ३ | ३५ |
| ११ | कात्तिक-माघ, २०५६ | माधवलाल कर्माचार्य | सम्झनामा विजय मल्ल | ९ | ४ | ३६ |
| १२ | फागुन-जेठ, २०५६,५७ | जयदेव भट्टराई | कलाकार ‘अमर’ बाँचुन्जेल एक्लो, मरेपछि सबैको | १० | १ | ३७ |
| १३ | असार-असोज, २०५७ | रामशरण दर्नाल | नेपाली बाद्यसङ्गीतले एकसाथ तीन ओटा परिष्कृत बाजाहरू उपलब्ध गरेको.दिन | १० | ३ | ३८ |
| १४ | असार-असोज, २०५७ | साफल्य अमात्य | बराल दाइ | १० | ३ | ३८ |
| १५ | कात्तिक-पुस,२०५७ | जनकबहादुर राणा | दमादम मस्त कलन्दर | ११ | १ | ३९ |
| १६ | माघ-चैत, २०५७ | केशवप्रसाद उपाध्याय | सं २००७ साल : मेरो स्मृतिमा | ११ | २ | ४० |
| १७ | माघ-चैत, २०५७ | मदनमणि दीक्षित | वीरगन्जमा ती नौ दिन | ११ | २ | ४० |
| १८ | माघ-चैत, २०५७ | रमेश विकल | दुई हजार सात साल : हराएको सन्देश | ११ | २ | ४० |
| १९ | माघ-चैत, २०५७ | सूर्यबहादुर पिवा | स्वतन्त्रता जिन्दावाद ! प्रजातन्त्र जिन्दावाद !! | ११ | २ | ४० |
| २० | माघ-चैत, २०५७ | हृदयचन्द्र सिंह प्रधान | मेरो जेलयात्रा | ११ | २ | ४० |

**२७ स्मृतिमा रेखिएका छालहरू**

समकालीन साहित्य ३१-४० मा प्रकाशित स्मृतिमा रेखिएका छालहरू यसप्रकार छन्-

| क.सं. | मिति | लेखक | शीर्षक | वर्ष | अङ्क | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|
| १ | साउन-असोज,२०५५ | कृष्णचन्द्र सिंह प्रधान | जीवनको सौन्दर्यशास्त्र : स्मृति र अनुभूति | ८ | ३ | ३१ |
| २ | साउन-असोज,२०५५ | कृष्णचन्द्र सिंह प्रधान | राजनीतिबाट स्वैच्छिक अवकाश : बौद्धिक क्रियाकलाप र सेमिनार | ९ | ३ | ३५ |
| ३ | कात्तिक-पुस,२०५५ | कृष्णचन्द्र सिंह प्रधान | वर्धामा अठार महिना : चर्खाको पीडा, विनोवाको सङ्गत र नेपालमा प्रजातन्त्र | ८ | ४ | ३२ |
| ४ | कात्तिक-पुस,२०५५ | कृष्णचन्द्र सिंह प्रधान | साझा प्रकाशनका अविस्मरणीय दिन, जापानको यात्रा | ११ | १ | ३९ |
| ५ | माघ-चैत, २०५५ | कृष्णचन्द्र सिंह प्रधान | दार्जिलिङमा गणेशमान : आकस्मिक यात्रा र भेट | ९ | १ | ३३ |
| ६ | वैशाख-असार, २०५६ | कृष्णचन्द्र सिंह प्रधान | राजनीतिको सेरोफेरो : सामाजिक सक्रियता र प्रगतिवादी प्रभाव | ९ | २ | ३४ |
| ७ | कात्तिक-माघ, २०५६ | कृष्णचन्द्र सिंह प्रधान | सिर्जनात्मक चेतना, अनर्थ अर्थ्याइँ र सत्र सालको भुइँचालो | ९ | ४ | ३६ |
| ८ | फागुन-जेठ, २०५६,५७ | कृष्णचन्द्र सिंह प्रधान | विचलित अवस्थाका तिन अनुभूतिहरू | १० | १ | ३७ |
| ९ | असार-असोज, २०५७ | कृष्णचन्द्र सिंह प्रधान | छोरीको बिहे र छिमेकी देश चीनको भ्रमण | १० | ३ | ३८ |

**२८ हास्यव्यङ्ग्य**

समकालीन साहित्य ३१-४० मा प्रकाशित हास्यव्यङ्ग्यहरू यसप्रकार छन्-

| क.सं. | मिति | लेखक | शीर्षक | वर्ष | अङ्क | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|
| १ | साउन-असोज,२०५५ | मुन पौडेल | गधा र मान्छे | ८ | १ | ३१ |
| २ | साउन-असोज,२०५५ | विमल निभा | सुटकेस | ८ | ३ | ३१ |
| ३ | माघ-चैत, २०५५ | भरत भारद्वाज | नव प्रजातन्त्रका नव रस | ९ | १ | ३३ |
| ४ | वैशाख-असार, २०५६ | सूर्यबहादुर पिवा | स्वास्नीको बारेमा मात्र लेख्ने पिवा हुँ म | ९ | २ | ३४ |
| ५ | फागुन-जेठ, २०५६,५७ | मुन पौडेल | चिया चर्चा | १० | १ | ३७ |
| ६ | असार-असोज, २०५७ | भरत भारद्वाज | चुनाव महात्म्य | १० | ३ | ३८ |

## चौथो परिच्छेद

# समकालीन साहित्य पूर्णाङ्क (३१-४०) मा प्रकाशित रचनाहरूको विश्लेषण

### ४.१ विषय प्रवेश

नेपाली पत्रकारिताको क्षेत्रमा देखापरेका विभिन्न पत्रिकाहरूमध्ये **समकालीन साहित्य** पनि एक हो । साहित्यको विकास र प्रतिभाको स्थायित्वका लागि नेपाली साहित्य समालोचनामा यस पत्रिकाले ज्यादै ठूलो भूमिका खेलेको छ । नेपाल प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित यस पत्रिकाले प्रबन्ध साहित्यको गद्य विधाका प्रायः सबै विधालाई आत्मसात् गर्दै **समकालीन साहित्य** र समीक्षालाई गतिशील गराउन प्रमुख भूमिका निर्वाह गर्दै आएको छ ।

एउटा पत्रिकाभित्र साहित्यको गद्य भेदका कथा, उपन्यास, निबन्ध, समालोचना आदि प्रायः सबै विधालाई स्थान दिई साहित्यको विकासमा सहयोग पुऱ्याउने लक्ष्य लिएर अगाडि बढेको यस पत्रिकाले साहित्यको पद्य भेद अन्तर्गतका विधाहरू बाहेक गद्यका सबै विधालाई समेट्ने कोसिस गरेको छ । यस पत्रिकाले एकातिर नेपाली साहित्यका क्षेत्रमा स्थापित भएका साहित्यकारहरूका रचनाहरूलाई प्रकाशित गरेर साहित्यिक मर्यादालाई माथि उठाएको छ भने अर्कोतिर नवीन प्रतिभालाई समेत स्थान दिई नयाँ प्रतिभाको खोजी र स्थायित्वलाई पनि सचेततापूर्वक लिएको छ । अन्य पत्रिकामा प्रकाशित हुने जस्ता सस्ता साहित्यिक सामग्रीलाई स्थान नदिएर गम्भीर विषयवस्तुयुक्त रचनालाई बढी प्राथमिकता दिएको यस पत्रिकामा कथा, समालोचना, निबन्ध, यात्रा साहित्य नाटक आदि विधा विशेषलाई विशेष प्राथमिकता दिएको छ । यस पत्रिकामा प्रकाशित भएका सामग्रीहरूको सूची निम्नानुसार रहेको छ-

| क्र.सं. | प्रकाशित सामग्री | रचनाकारको सङ्ख्या | रचनाको सङ्ख्या |
|---|---|---|---|
| १. | उपन्यास | ३ | ३ |
| २. | उपन्यास अंश | २ | २ |
| ३. | कथा | ६८ | ८३ |
| ४. | कथाको कथा | २ | २ |
| ५. | कथा समय :कथा | ४ | ४ |
| ६. | कथा समय : कथासम्बन्धी कथाकारको अवधारणा | ४ | ४ |
| ७. | कथा समय : समीक्षा | ६ | ७ |

| | | | |
|---|---|---|---|
| ८. | कुराकानी | ५ | ५ |
| ९. | क्रान्ति कथा | २ | २ |
| १०. | खोजीनिधि | ५ | ९ |
| ११. | चिन्तन/मन्थन | ६ | ६ |
| १२. | नाटक | १२ | १२ |
| १३. | निबन्ध | २२ | २७ |
| १४. | पत्र साहित्य | ३ | ३ |
| १५. | पुस्तक समीक्षा | ७ | ११ |
| १६. | भाषा | ४ | ४ |
| १७. | मत-अभिमत | २ | २ |
| १८. | यात्रा संस्मरण | १२ | १३ |
| १९. | रम्य रचना | ३ | ३ |
| २०. | विशेष लेख/विविध | ८ | ८ |
| २१. | विश्वसाहित्य | ५ | ५ |
| २२. | व्यक्ति-व्यक्तित्व | ९ | ११ |
| २३. | समालोचना | २७ | २९ |
| २४. | सर्जक र सिर्जना | २ | ५ |
| २५. | सर्वेक्षण | ४ | ४ |
| २६. | संस्मरण | १८ | २० |
| २७. | स्मृतिमा रेखिएका छालहरू | १ | ९ |
| २८. | हास्यव्यङ्ग्य | ४ | ६ |

यसरी **समकालीन साहित्य** पत्रिकाले प्रबन्ध साहित्यको गद्य विधामा पुऱ्याएको योगदानलाई हेर्दा यो गद्य प्रधान पत्रिका हो भनी सहजै भन्न सकिन्छ । यसले नेपाली साहित्यको गद्य विधामा पुऱ्याएको योगदानलाई विधागत रूपमा विभाजन गरी तिनीहरूको विश्लेषण तल गरिएको छ -

## ४.२ समकालीन साहित्य पूर्णाङ्क (३१-४०) मा प्रकाशित रचनाको विश्लेषण

**समकालीन साहित्य**ले विधागत रचनाहरूलाई स्वतन्त्र शीर्षक दिएर विविध रूपमा प्रकाशित गर्दै आएको छ । यहाँ **समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) मा प्रकाशित उपन्यास, उपन्यास अंश, कथा, कथाको कथा, कथा समय : कथा, कथा समय : कथासम्बन्धी,

कथाकारको अवधारणा, कथा समय : समीक्षा, कुराकानी, क्रान्ति कथा, खोजीनिधि, चिन्तन/मन्थन, नाटक, निबन्ध, पत्र साहित्य, पुस्तक समीक्षा, भाषा, मत-अभिमत, यात्रा संस्मरण, रम्य रचना, विशेष लेख/विविध, विश्वसाहित्य, व्यक्ति-व्यक्तित्व, समालोचना, सर्जक र सिर्जना, सर्वेक्षण, संस्मरण, स्मृतिमा रेखिएका छालहरू, हास्यव्यङ्ग्य आदि विभिन्न शीर्षकका सिर्जनाहरूमध्ये विधागत स्वरूपमा समेटिने रचनालाई विधाभित्र समेटर र स्वतन्त्र रचनालाई स्वतन्त्र शीर्षक दिएर विवेचना गरिएको छ-

### ४.२.१ समकालीन साहित्य पूर्णाङ्क (३१-४०) मा प्रकाशित कथाको विश्लेषण

कथा प्रबन्ध साहित्यको गद्य भेद अन्तर्गत पर्ने एक महफ्वपूर्ण विधा हो । जीवनका केही क्षण विशेषको अनुभूतिका आधारमा कथाको सिर्जना भएको हुन्छ । कथाको प्रारम्भिक इतिहास खोज्ने हो भने वा कथाको पृष्ठभूमि खोतल्दै जाने हो भने मानवसृष्टिको प्रारम्भसम्म पुग्नुपर्ने हुन्छ । मानिसले आफूले जानेका तथा दैनिक जीवनयापनका क्रममा देखेभोगेका कुराहरूलाई अन्य व्यक्ति तथा समूहका सामु प्रस्तुत गर्ने परम्परा मानिसमा बोलीको विकास भएदेखि नै प्रारम्भ भएको अनुमान गर्न सकिन्छ । यसरी आफ्ना अनुभव र अनुभूतिहरू अरूसमक्ष प्रस्तुत गर्दा प्रारम्भमा खासै प्रभावकारी नभए पनि पछिपछि ती अभिव्यक्तिमा केही कलात्मकता थपिँदै गयो र अभिव्यक्तिहरू रोचक बन्दै गए । यसैको फलस्वरूप त्यस्ता अनुभूतिमूलक अभिव्यक्तिहरूप्रति मानिसको रुचि र मोह बढ्दै गयो । कालान्तरमा प्रकृति, ईश्वर, सृष्टि, प्रलय आदि तथा अन्य अतिरञ्जनापूर्ण रहस्यमय कुरा कथाका रूपमा परिणत हुन पुगे-

> *"आदिमानव प्रकृतिको धेरै नजिक रहेकोले प्रत्येक प्राकृतिक घटनाको अवलोकन आफ्नै काल्पनिक आँखाले गर्न थाल्यो, जसको व्याख्याका निम्ति उसले कथामाध्यमलाई नै उपयुक्त ठान्यो । यसरी नै विश्वको सृष्टि, देवदेवी वा धार्मिक आधारबारे उसले आफ्नो काल्पनिक आख्यान तयार पार्‍यो । यसरी प्रारम्भमा आदिमानवको निजी अवधारणा तथा अनुभवाश्रित ज्ञानलाई अरूसमक्ष सञ्चारित गर्ने जुन सहज तथा मौलिक प्रवृत्ति देखापर्‍यो, त्यही नै कथाको बीजरूप हो ।"*[७२]

दिनभरको थकान मेट्नका लागि र फुर्सदको समयलाई उपयोग गर्दै मनोरञ्जन प्राप्त गर्नका लागि भनिने यस्ता कथाहरू मौखिक परम्परामै विकसित हुन थाले ।

[७२] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास** आठौं संस्क.(ललितपुर :सा.प्र., २०६३ ) पृ. ६८ ।

कथा के हो भन्ने विषयमा पूर्वीय र पाश्चात्य साहित्य चिन्तनका क्षेत्रमा पर्याप्त अध्ययन भएको छ तापनि ऐतिहासिक विकाससँगै कथाको स्वरूपमा समेत परिवर्तन हुँदै आएकाले कथाको ऐतिहासिक स्वरूपलाई एउटै परिभाषाले समेट्न सम्भव छैन । आधुनिक कथाले प्राप्त गरको साहित्यिक स्थान र यसको वर्तमान स्वरूप अनि रचना विधानलाई ध्यान दिने हो भने कथा साहित्यको गद्य भेद अन्तर्गत पर्ने त्यस्तो विधा हो जहाँ जीवन र जगत्का आन्तरिक तथा बाह्य कुनै एक पक्षको कलात्मक र पूर्ण चित्र उतारिएको हुन्छ । हाल आएर कथाका क्षेत्रमा लघु कथाका रूपमा कथाको अर्को रूप देखा परेको छ । कथामा जस्तै लघु कथामा पनि आख्यान रहन्छ तापनि यी दुईको रचनाशैलीमा स्पष्ट भिन्नता रहेको हुन्छ । लघु कथामा जीवन जगत्को सानो टुक्रा वा अनुभूतिलाई प्रतीकात्मक र रहस्यात्मक रूपमा साधारण कहानीका माध्यमबाट व्यक्त गरिएको हुन्छ ।[७३] शारदा र रूपरेखा यसका उदाहरण हुन् ।

**समकालीन साहित्य** पत्रिकाले प्रकाशन यात्राको थालनीदेखि नै कथाको विकासमा निरन्तर योगदान पुऱ्याउँदै आएको छ । यस पत्रिकामा प्रकाशित विधाहरूलाई हेर्दा कथा विधाले प्रथम स्थान लिएको छ । प्रायः सम्पूर्ण अङ्कहरूमा कथा विधाले महफ्वपूर्ण स्थान प्राप्त गर्दै आएको छ । यस पत्रिकाले कथा अन्तर्गत विभिन्न प्रवृत्तिलाई समावेश गरेको छ ।

**समकालीन साहित्य**मा समाज, राजनीति, विज्ञान, प्रेम तथा यौनलाई विषय बनाइएका सामाजिक, राजनीतिक, वैज्ञानिक, यौनमनोवैज्ञानिक, ऐतिहासिक, पौराणिक कथा प्रकाशित भएका छन् । प्रवृत्तिगत दृष्टिले हेर्दा नेपाली कथाको इतिहासमा २०३० को दशकपछि सुरु भएको नवयुगीन कथा प्रवृतिलाई नै **समकालीन साहित्य**मा प्रकाशित अधिकांश कथाहरूले पछ्याएका छन् ।

**समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) मा प्रकाशित अधिकांश कथाहरू नेपाली समाजकै सेरोफेरोमा केन्द्रित रहेका छन् । पञ्चायती शासनको ज्यादती र भ्रष्ट प्रवृतिको चित्रण तथा विरोध, अभावग्रस्त नेपाली जीवनको कारूणिक अवस्थाको चित्रण, समाजमा व्याप्त रूढीवादी प्रवृति अन्धविश्वास र कुरीतिको चित्रण, यौन असन्तुष्टिबाट उत्पन्न समस्या तथा विकृतिको चित्रण, निम्न वैतनिक कर्मचारीको दुरावस्थाको चित्रण, राजनैतिक क्षेत्रका विकृतिको चित्रण, अर्थिक असमानता र विपन्न वर्गले भोग्नु परेका सङ्कटहरू र दिनप्रतिदिन सहरिया सभ्यताले गर्दा विकृत बनेको नेपाली मानसिकताको उद्घाटन गरिएका कथाहरूले यस पत्रिकामा प्रमुख स्थान पाएका छन् ।

---

[७३] टङ्कप्रसाद न्यौपाने, **साहित्यको रूपरेखा,** (काठमाडौं : साझा प्रकाशन, २०४९) पृ. १५२ ।

विषयवस्तुका हिसाबमा **समकालीन साहित्य**मा राजनैतिक, सामाजिक, मानोवैज्ञानिक पौराणिक र क्रान्ति कथाहरू प्रकाशित भएका छन् । उदाहरणका रूपमा परिच्छेद तीनमा विवरण सङ्कलन गरिएका कथाहरू मध्ये समाजिक समस्या, राजनीतिक द्वन्द्व, प्रेम र यौन, पुराण र क्रान्तिलाई विषयवस्तुका रूपमा समेटेका केही प्रतिनिधि कथाहरूको समीक्षा यहाँ प्रस्तुत गरिएको छ-

**समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) मा नेपाली सामाजका विविध पाटालाई विषय बनाएर रचना गरिएका कथा प्रकाशित भएका छन् । यस्ता कथा लेख्ने कथाकार र कथाहरूमा अमोद भट्टराई 'छायाँभित्रको देश', उज्ज्वल घिमिरेको 'सापटी अनुभवहरू', कणाद महर्षिको 'भाग्यको परिभाषा', किशन थापा 'अधीर'का 'भविष्य' र 'संस्कृति', कुमार नगरकोटीको 'निकास', खगेन्द्र सङ्ग्रौलाको 'मृत कविले भन्यो म बोलिरहन्छु', गणेश रसिकको, 'सिनु' गोविन्द गिरीको 'माटो', जस योञ्जन प्यासीको 'पाठक पत्र', दिव्य गिरीको 'काम', दीपक लोहनीको 'डाँको', इन्द्रकुमार श्रेष्ठको 'बाबू-मोशाय' बाबुराम लामिछानेको 'दुई शिखरहरूको फेदीमा', इस्मालीको 'फर्केर हेर्दा', देवीचन्द्र श्रेष्ठको 'बाबुको खोजी', ध्रुव सापकोटाको 'भलो चिताउने मानिससँग एक रात', 'प्रतिक्रियाको घेरामा आमा', 'लिस्नु', श्वेता बस्नेतको 'माइचाङ ! तिमी फेरि नजन्म', शशिकला मानन्धरको 'डा.नम्रता', हिरण्य भोजपुरेको 'तिर्खाहरू', सिर्जना शर्माको 'कालो सर्प', विमल भौकाजीको 'गुप्त रहस्य', कुमार नगरकोटीको 'माउसुली', नन्दराम लम्सालको 'ओझेल ओझेलमा', नयनराज पाण्डेको 'चकलेट', नरेन्द्रराज पौडेलका 'कुहिरो र काग', 'सेवा निवृत्त', नारायण ढकालको 'बहिर्गमन', नृपेन्द्र पुरुष 'यादी'का 'जीवन बजारमा', 'रगतको भारा', पद्मावती सिंहको 'कान्छी माइज्यू', प्रदीप नेपालको 'आफ्नै परिचयको खोजी', बविता बस्नेतको 'मसुरीमा एक दिन', बालकृष्ण पोखरेलको 'म दोलखाकी द्रौपदी', भाउपन्थीको 'जीवन अविरल', भागीरथी श्रेष्ठको 'आँधी', मधुवन पौडेलको 'वैध अवैध', मनु ब्राजाकीको 'सामन्तको सम्पत्ति', महेशविक्रम राणाका यात्राहरू 'जुन कहिल्यै टुङ्गिदैनन्', 'निभेको गुलुप', माया ठकुरीको 'सुनको पिँजडा', मीरा प्रधान 'रेम'को 'एउटा जन्म', 'आत्ममन्थन', रमेश रोकाको 'अवैध कथा', राजकुमार निरौलाको 'जीवन : फ्लोरेन्स नष्ट भएको टयुबलाइट', राजेन्द्र पराजुलीको 'जीवन धुन/मृत धुन', 'भोक', राम पौडेलको 'डाँठेको पुल', रासाको 'विसङ्गत', रोशन थापा नीरवको 'इन्डिगो ग्यालोरीमा एक साँझ', 'विखण्डित परिधि', सनत रेग्मीको 'सलाम मुलायमम बाबा', सूर्य बहादुर श्रेष्ठको 'आत्म प्रेरणा', हरि थापाको 'अस्तु', हि जियाउहुको 'विवाह केन्द्र बाहिर', ज्ञानेन्द्र खतिवडाको 'दाहिने हात नै छिनाएँ हुन्' ।

समाजमा रहेका गरिबी, अन्धविश्वास, अशिक्षा, पारिवारिक समस्या आदि विविध पक्षमाथि यी कथाहरूले प्रकाश पारेका छन् । कथाकार इस्लामीको 'फर्केर हेर्दा', कथामा गाउँबाट नेता भएर शहरमा प्रवेश गरेका कमरेडलाई भट्न आएको गाउँले भान्छेलाई कतिसम्म कठिनाइ हुन्छ र नेताले कसरी भाषणलाई पूरा गर्दैनन् भन्ने कुरालाई मूल विषय बनाइएको छ । समाजमा बढेको वर्गीय असमानतालाई यस कथाले देखाउन खोजेको छ । दिव्य गिरीको 'काम' कथामा बेरोजगारीका कारणले भ्रष्ट नेताको बुद्धिमा लागेर जुलुस सभामा ढुङ्गा हान्ने काममा लाग्ने शन्तबहादुरको छोरा चन्द्रे जस्ता गरिब व्यक्ति कसरी मर्दछन् भन्ने कुरालाई देखाएको छ । नेपाली समाजमा रहेको आर्थिक समस्यालाई यस कथाले मूल रूपमा प्रस्तुत गरेको छ । बाबुराम लामिछानेको 'दुई शिखरका फेदीमा' कथामा शहरबाट गाउँमा आएका शहरिया व्यक्ति र गाउँकी सोझी केटीका बिचको आकर्षणलाई विषय बनाइएको छ । आर्थिक अवस्था र अनमेल सम्बन्धको चाहनाले सिर्जना हुने सामाजिक समस्या नै यस कथाको मूल विषय बनेको छ । यस्तै श्वेता वस्नेतको 'माइचाङ तिमी फेरि नजम्म' कथामा असफल प्रेम र त्यसबाट सिर्जना हुने आत्मपीडा तथा नारीमाथि हुने यौन शोषणलाई विषय बनाइएको छ । यस कथामा नारीलाई यौनतृप्तिको माध्यम मात्र बनाइएको छ । सिर्जना शर्माको 'कालो सर्प' कथामा नारी र पुरुषका बिचको असमझदारीलाई विषय बनाइएको छ । नेपाली समाजमा नारीले पुरुषलाई र पुरुषले नारीलाई बुझ्न नसक्दा देखा पर्ने समास्याको चित्रण यस कथामा निकै मार्मिक ढङ्गमा गरिएको छ । किशन थापा अधीरको 'भविष्य' कथामा नेपालको बिग्रँदै गएको भविष्यप्रति चिन्ता प्रकट गरी देश र राष्ट्रियतालाई विषय बनाइएको छ । विविध कारणले देशको बिग्रिएको अवस्थाको चित्र प्रस्तुत कथामा आएको छ ।

यसैगरी नरेन्द्रराज पौडेलको 'कुहिरो र काग' कथा गाउँको गरिबीग्रस्त जीवनको कारुणिक अवस्थालाई विषय बनाएर रचना गरिएको छ । यस कथामा कुनै पनि अफिसको हाकिमप्रति आफ्नो सर्वस्व समर्पण गर्न पुग्ने विवश नेपालीको चित्र प्रस्तुत गरिएको छ । मधुवन पौडेलको 'वैध अवैध' कथामा सामाजिक परिस्थिति र गरिबीका कारण यौन व्यवसायमा लाग्न बाध्य भएका दुई नारीको कथालाई समेटिएको छ । उनीहरूले गर्ने व्यवहार अवैध भए पनि कमाउने पैसा वैध भएकोमा प्रश्न गरिएको छ । मीरा प्रधान 'रेम'को 'एउटा जन्म' कथामा नेपाली समाजका हुने नारी र पुरुषको यौन सम्बन्ध र विवाहपूर्वको गर्भलाई विषय बनाइएको छ । यस कथामा मूल रूपमा सामाजिक समस्यालाई उठाइएको छ । नारीमाथि हुने अन्याय र थिचोमिचोलाई देखाई नेपाली समाजको भेदभावपूर्ण अवस्थाको चित्र उतारिएको छ । महेश विक्रम शाहको 'यात्रा जुन कहिल्यै टुङ्गिँदैन' कथा हिमाली भेगमा भेडालाई भारी बोकाएर जीवनको गुजारा चलाउने र त्यसैमा जीवनको खुसी

देख्ने सुदूर हिमाली परिवेशलाई समेटिएको छ । यस कथामा वीऱ्या जस्ता निम्न वर्गीय व्यक्तिको जीवनको सफल चित्र प्रस्तुत गरिएको छ । यसले कर्णालीमा मानव जीवन कति कष्टकर छ भन्ने कुरालाई देखाएको छ । राजेन्द्र पराजुलीको 'जीवन धुन⁄मृत धुन' कथामा मनिसको निरर्थक जीवनको विसङ्गत अवस्थालाई विषय बनाइएको छ । जीवनको कुनै अर्थ नदेख्ने वर्तमानका निरीह व्यक्तिको कथा यसमा रहेको छ ।

रोशन थापा नीरवको 'इन्डिगो ग्यालरीमा एक साँझ' कथामा आधुनिक सभ्यताले जटिल बन्दै गएको मानवीय प्रवृत्तिलाई विषय बनाइएको छ । कष्टपूर्ण जीवन बाँच्नको लागि कति समस्या छ भन्ने कुरालाई यस कथामा देखाइएको छ । मानिसले दुःख भुल्नको लागि अर्काले खुवाउने उधारो रक्सीमा कसरी जीवन साटेको छ भन्ने कुरा नै यस कथाको मूल विषय हो । यस्तै कुमार नगरकोटीको 'निकास' कथामा आर्थिक अवस्था कमजोर भएको मान्छेको जीवन कति कष्टकर छ भन्ने देखाइएको छ । रोशन थापा 'नीरव'को 'विखण्डित परिधि' कथामा वर्तमान समयमा बढ्दै गएको विकृति र विसङ्गति अनि मूल्यहीन मानिसको दैनिक दिनचर्याको चित्रण यसरी गरिएको छ-

> *'पोष्टर बेचेर जीविका चलाउने एउटी स्त्रीलाई मैले बुद्धको मूल्य सोधेको थिएँ । बुद्ध र क्राइष्टहरू आजकल बिक्रीमा छन्⁄उनीहरू यति मूल्यहीन भइसकेकी कसैले किन्दैनन् । बरु तपाईं एउटी भल्गर युवती किन्नुहोस् नायिकको चाक हेरेर मैथुन गर्नुहोस् । यसमा आनन्द छ । बुद्धले आनन्द दिँदैनन् । बुद्धले आजकल कुनै तृप्ति दिँदैनन् ।* [७४]

यसैगरी आमोद भट्टराईको 'छायाभित्रको देश' कथामा वैदेशिक सैनिक र लडाइको सन्त्रासले सिर्जना गरेको एउटा युवकको मनोभावनाको चित्रण गरिएको छ । मुस्लिम देशमा हुने धार्मिक कट्टरता र यसले पारेको प्रभावलाई देखाइएको छ । यो अन्तर्राष्ट्रिय परिवेशलाई समेटेर तयार गरिएको कथा हो । अच्युत कोइरालाको 'लभ हाउस' कथामा बेरोजगारीका कारणले सिर्जना हुन पुगेको समस्या र यौन व्यवसायमा लाग्न विवश बनेका युवा युवतीको जीवन कथा समेटिएको छ । यसले नेपाली समाजको आर्थिक अवस्थाको चित्र प्रस्तुत गरेको छ । ध्रुव सापकोटाको 'प्रतिक्रियाको घेरामा आमा' कथामा सोझा नेपाली नारीका सरलता र सुकोमल भावलाई विषय बनाइ आमा र छोरा बिचको ममतामयी सम्बन्धलाई प्रस्तुत गरिएको छ । आमा हराउँदा छोरामा हुने चिन्ता र प्रतिक्रियाको चित्रण

[७४] **समकालीन साहित्य**, पूर्णाङ्क ३५, पृ. ८१ ।

पनि कथामा गरिएको छ । नारायण ढकालको 'बहिगमन' कथामा बेरोजगारी समस्या, सहिदप्रतिको अनास्था जस्ता सामाजिक समस्यालाई अगाडि सार्ने काम गरिएको छ ।

जसयोञ्जन प्यासीको 'पाठक र पात्र' कथाका पात्रका बिचको सम्बन्धका बारेमा पाठकको रुचिलाई विषय बनाएर लेखिएको नवीन कथा हो । यस कथामा कथाको पाठ र पात्रका बिचमा संवाद गराई लेखक नियन्त्रित पात्रको परिचय प्रस्तुत गरिएको छ । विमल भौकाजीको 'गुप्त रहस्य' कथामा मानवीय इच्छा किन र कसरी पुरा हुन सक्दैनन् भन्ने कुरालाई विषय बानाइएको छ । आफूले चाहेजस्तो सन्तान जन्माउन नसक्ने श्रीमान् श्रीमतीको दयनीय अवस्थाको चित्रण यस कथामा गरिएको छ । मान्छेले चाहेर केही पनि हुँदैन भन्ने कुरालाई यसरी प्रस्तुत गरिएको छ-

> *'मेरो लोग्नेले आफ्नो इच्छाअनुसारको सन्तान पाउने रहर गरेर अपराध गऱ्यो ? या मैले त्यो अपराध गरेँ ? अथवा प्रकृतिले नै हामी दुवैलाई ठग्यो'* । [७५]

यसैगरी ज्ञानेन्द्र खतिवडाको *दाहिने हात नै छिनाएँ* कथामा रोजगारी प्राप्त गर्न कसरी मानिसले अपाङ्गतालाई स्वीकार गर्न बाध्य हुन्छन् भन्ने कुरालाई देखाइएको छ । बेरोजगारी समास्या र त्यसले सिर्जना गरेको कठिन परिस्थितिपूर्ण जीवनलाई यस कथाले देखाएको छ । रमेश रोकाको 'अवैध कथा' कथामा कथाको पात्र चेतले कथाका बारेमा बहस साथै टिप्पणी पनि प्रस्तुत गर्छ । विसङ्गत मानवीय मूल्यलाई प्रयोगशील रूपमा कथामा प्रस्तुत गरिएको छ । वामनप्रसाद गौतमको 'ऊ फेरि मन्त्री भयो' कथामा इमान्दार मान्छे फटाहहरूको अगाडि टिक्न सक्दैन भन्ने कुरालाई विषय बनाएको छ । परिस्थिति नबुझ्केको सोझ्को मान्छे राजनीतिमा लाग्दा घरको न घाटको हुन्छ भन्ने देखाई आफूले नचाहेर पनि समाज, राजनीति, घरपरिवार आदिले व्यक्तिलाई कसरी भ्रष्ट बनाउँछन् भन्ने कुरालाई यस कथाले प्रस्तुत गरेको छ । हरि थापाको 'अस्तु' कथामा गरिबी र सामाजिक समस्याका कारणले मर्न विवश नेपालीको चित्र प्रस्तुत भएको छ । यस कथामा गरिब धनेको जीवनको समाप्ति देखाइएको छ । अच्युत कोइरालाको 'लभ हाउस' कथामा बेरोजगारी र त्यसबाट बच्नका लागि यौन व्यवसाय गर्ने व्यक्तिको चित्रण गरिएको छ । यसले नेपाली समाजमा रहेको गरिबी मानिसका लागि अभिशाप भएको देखाइएको छ । यो सामाजिक कथा हो ।

---

[७५] **समकालीन साहित्य**, पूर्णाङ्क ३३, पृ. ८२ ।

भाउपन्थीको 'जीवन अविरल' कथामा सपनामा मानिस भ्रमित हुन्छ र मान्छेको मनमा रहेको डरले सपनाका माध्यमबाट कसरी प्रकटित हुने अवस्र पाउँछ भन्ने कुरालाई समेटिएको छ । मानवीय मन र सपनाको बारेमा कथामा चर्चा गरिएको छ । नन्दराम लम्सालको 'ओभ्रेल ओभ्रेलमा' कथामा जातीय भेदाभावका कारण अन्तर्जातीय सम्बन्ध कति जटिल छ भन्ने कुरालाई देखाइएको छ । वादी जातिकी युवतिसँगको रमेश कार्कीको सम्बन्ध र उसबाट जन्मिएको बच्चा अनि वादी जातिकी युवती जीवनबाट कसरी ओभ्रेल परी भन्ने कुरा यस कथामा आएको छ । मीरा प्रधान रेमको 'आत्ममन्थन' कथामा विवाहलाई सम्पन्नता र व्यापारका लागि उपयोग गर्ने प्रवृत्तिलाई समेटिएको छ । हाम्रो समाजमा दाइजो दिने र लिने कुरालाई कथाले यसरी प्रस्तुत गरेको छ-

> *'.बाटामा उमा भेटेकी थिएँ स्कुलकी साथी उमा । एम.कम सकिएछ रे । अहिले काम खोज्दै छ रे । अनिताको बिहे भइसकेको छ रे । को अनिता ? ए, अँ.. सम्झेँ । जहिले पनि हाँसिरहने । डल्ली डल्ली ..। सौरभको पनि बिहे भइसकेको हरेछ । कुनै राजनीतिज्ञकी छोरीसँग । सायद व्यापार सम्मृद्धिकै लागि...।* [७६]

कर्णाद महर्षिको 'भाग्यको परिभाषा' कथामा आत्मीय मित्रले आफ्नै पत्नीसँग विवाह गरेको कुरालाई साहित्यकारले अनुभव गरेको र श्रीमतीले लेखेको पत्रका बारेमा गरेको टिप्पणीलाई कथाले प्रस्तुत गरेको छ । राजेन्द्र पराजुलीको 'भोक' कथामा भोकले गरिब मानिसलाई कसरी सताएको छ भन्ने विषयलाई समेटिएको छ । भोकले मान्छे कसरी आहत भएको छ भन्ने कुरा यसरी देखाइएको छ-

> *'नाइकेले सबैलाई एक एक पोका खाने कुरा बाड्दै आयो । उनले पनि यन्त्रवत् हात थापिन । हात थापिएकै थियो, शरीर भुइँमा ढल्यो उनको । एउटा कङ्काल शरीरले सदाको निम्ति विश्राम लियो भोकै ! ...भाकै ! फेरि पनि अनुत्तरित घाम उदाइ नै रह्यो..., नजिकै समुद्री छालहरूमा जीवनगीत बजि नै रह्यो ।*[७७].

हिरण्य भोजपुरेको *तिर्खाहरू,* कथामा राम्रा युवतिप्रतिको अफिसमा हुने यौन आकर्षणलाई विषय बनाइएको छ । पति पत्निका बिचको सम्बन्धका बारेमा यस कथाले प्रकाश पार्न खोजेको छ । महिलाहरू आफ्नो श्रीमान्लाई अरू केटीले हेरिदिए भने कसरी शङ्का गर्दछन्

[७६] **समकालीन साहित्य** पूर्णाङ्क ३६, पृ. १०१ ।

[७७] **समकालीन साहित्य** पूर्णाङ्क, ३६, पृ. ११० ।

भन्ने कुरालाई यस कथामा प्रस्तुत गरिएको छ र मानिसको यौन तिर्खालाई मूल रूपमा प्रस्तुत गरिएको छ ।

बालकृष्ण पोखरेलको 'म दोलखाकी द्रौपदी' कथामा पुरुष र स्त्रीका बिचको सम्बन्धलाई विषय बनाइएको छ । यसमा पुरुषका दृष्टिमा नारी र नारीका दृष्टिमा पुरुष के कस्ता देखिन्छन भन्ने कुरा प्रस्तुत भएको छ । ध्रुव सापकोटाको 'लिस्नु' कथामा जनताको सेवा र जिल्लाको विकासमा खटिएका कर्मचारी कसरी भोग विसालमा लागेका हुन्छन् भन्ने कुरालाई विषय बनाइएको छ । गाउँका कर्मचारीले जिज्लाबाट गाउँको निरीक्षण गर्न आउने जिल्लाको हाकिमलाई कसरी भोग विलासमा लिप्त गराई मूल कार्यबाट विचलित बनाउँछन् भन्ने कुरालाई देखाइएको छ । सरकारी कर्मचारीको भ्रष्ट प्रवृत्तिलाई प्रस्तुत कथाले देखाएको छ । कीशन थापा अधीरको 'संस्कृति' कथामा गाउँका सोझा गरिबलाई हुने खाने व्यक्तिले कसरी ठगि रहेका छन् भन्ने देखाइएको छ । सोझा गरिब गाउँलेमाथि गरिने थिचोमिचो नै संस्कृति बनेको कुरा यस कथामा आएको छ । यस कथाले कसरी गरिब चेली दलालको पञ्जामा परेका छन् र विदेशमा बेचिएका छन् भन्ने कुरा देखाएको छ । यस्तै बबिता बस्नेतको 'मसुरीमा एक दिन' कथामा भारतमा गएर बिताएको एक दिनको स्मरण प्रस्तुत गरिएको छ । आफ्नो देश, राष्ट्रियता कति प्यारो हुन्छ भन्ने कुरालाई यस कथाले देखाएको छ । प्रस्तुत कथामा राष्ट्रवादी भावना व्यक्त भएको छ ।

देवीचन्द्र श्रेष्ठको 'बाबुको खोजी' कथामा तराईमा बस्ने थारु जातिको जातीय परम्परालाई विषय बनाइएको छ । कथामा विवाह भएको केही समयमा लोग्नेको मृत्यु हुनु र लोग्नेको मृत्युपछि देवरसँग विवाह गर्नु पर्ने बाध्यताका कारण जन्मने सन्तानले कसलाई बाबु भन्ने सामाजिक समस्यामा सम्पूर्ण कथा केन्द्रित छ । नरेन्द्रराज पौडेलको *सेवानिवृत्त* कथामा सरकारी पदमा कार्यरत हुँदा सरकारी सेवा सुविधा भोग गर्ने बानी परेका कर्मचारीहरूको अवकास पछिको जीवन कस्तो हुन्छ भन्ने देखाइएको छ । परिवारका चाहनाका कारणले मानिसले कसरी सरकारी पदको दुरूपयोग गर्छ भन्ने कुरालाई यस कथाले समेटेको छ । पद्मावती सिंहको 'कान्छी माइजू' कथामा पारिवारिक सम्बन्ध राम्रो नहुँदा महिलाले कस्तो समस्या भोग्नु पर्छ भन्ने कुरा देखाइएको छ । नारी र पुरुषका असमझदारीलाई महिलामाथि हुने शोषणको मूल कारक मानिएको छ गोविन्द गिरी प्रेरणाको 'माटो' कथामा विना कसुर मान्छेलाई दुःख दिने नेपालीहरूका गलत प्रवृत्तिलाई विषय बनाइएको छ । सिंढी ओर्लदा लड्न लागेको व्यक्तिलाई बचाउँदा अनावश्यक प्रहरीको दुःख भोग्नु परेको कुरालाई यस कथामा समेटिएको छ । नयनराज पाण्डेको 'चकलेट' कथामा

नेताको प्रवृत्ति र व्यवहारलाई देखाइएको छ र गाउँबाट नेता भएर शहर पुगेका ठुला बडा भनाउँदाले कसरी आफ्नै गाउँलाई बिर्सन्छन् भन्ने कुरालाई यस कथाले देखाएको छ ।

खगेन्द्र सङ्ग्रौलाको 'मृत कविले भन्यो म बोलिरहने छु' कथामा अन्याय अत्याचारको विरोधमा बोल्दा कसरी यातना र तिरस्कार पाइन्छ भन्ने कुरालाई यस कथाले व्यक्त गरेको छ । अन्यायका बारेमा लेख्ने र बोल्ने कविका हात खुट्टा काटिएको कारुणिक चित्र यस कथामा गरिएको र कवि सधैं अन्यायको विरोधमा बोल्ने कुरा प्रस्तुत भएको छ । माया ठकुरीको 'सुनको पिँजडा' कथामा बाबु आमाको सन्तानप्रतिको माया कस्तो हुन्छ र सन्तानले कसरी बाबु आमालाई बिर्सिएका हुन्छन् भन्ने कुरालाई प्रस्तुत गरिएको छ । यही कुरालाई कथामा यसरी गरिएको छ-

> *'त्यसैलाई त जिन्दगी भनिन्छ । आफ्नो सन्तानको निम्ति हरेक आमा बाउले कुनै न कुनै रूपमा केही त्याग गरेकै हुन्छन् । हामीले हाम्रा सन्तानहरूको निम्ति सुखको कामना गर्‍यौं र उनीहरूको उचित इच्छा आकांक्षालाई प्रोत्साहित गर्‍यौं । आज उनीहरू आ-आफ्ना लक्ष्यप्राप्तिको निम्ति अघि बढिरहेका छन् । त्यसमा हामी नै किन बाधा बन्ने । गरून् विकास उनीहरूले जीवनमा यही नै त चाहेका थियौँ हामीले होइन ?'*[७८]

गणेश रसिकको 'सिनो' कथामा गरिबीलाई विषय बनाइएको छ । गरिब परिवारका केटाकेटीले आर्थिक अभावका कारण साँझ बिहान हातमुख जोर्न कसरी सिनु खानु पर्ने अवस्थामा पुगेका छन् भन्ने कुरालाई यस कथाले समेटेको छ । इन्द्रकुमार श्रेष्ठ सरितको 'बाबू मोशाय' कथामा सामाजमा निस्वार्थ रूपमा सेवा गर्ने शिक्षकको अवस्था र व्यक्तिगत सुरक्षा र बुढेसकालमा सहारा कोही हुँदैन भन्ने कुरालाई मार्मिक रूपमा देखाइएको छ । महेशविक्रम शाह 'निभेको गुलुप' कथामा धनी परिवारमा घरको मूल गेटको गुलुप निभेपछि त्यसलाई बनाउने वा फेर्ने कुरामा एक अर्काका भर विश्वासमा काम हुन नसकेको र घरको काम गर्ने नोकरले गुलुप फेरेपछि सबै खुसी भएको चित्रण गरिएको छ

यसरी **समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) मा प्रकाशित कथाहरूले नेपाली समाजमा रहेका गरिबी, अशिक्षा, राजनीतिक शोषण, सामाजिक शोषण, बेरोजगारीका कारणले यौन व्यवसायमा लाग्नु पर्ने बाध्यता जस्ता विविध पक्षलाई उठाएका छन् । विविध समस्याले ग्रस्त भएको वर्तमान देशको चित्र कोर्न यी कथाहरू सफल देखिएका छन् ।

---

[७८] **समकालीन साहित्य** पूर्णाङ्क ३९, पृ. ५८-५९ ।

यसैगरी **समकालीन साहित्य**मा विज्ञानलाई विषय बनाएका कथा पनि प्रकाशित भएका छन् । यी कथामा गोविन्दप्रसाद 'कुसुम' को 'वैज्ञानिक १३६ 'ए' को डायरी', कुमार नगरकोटीको 'मेटाफिजिक्स', पर्दछन् । गोविन्द कुसुमको 'वैज्ञानिक १३६ 'ए' को डायरी' कथामा विज्ञानको उन्नति, प्रगति र भविष्यमा विज्ञानले गरेको आविष्कारबाट मान्छेलाई हुन सक्ने धोखाका बारेमा काल्पनिक विचार प्रस्तुत गरिएको छ । यदि रोबटहरू स्वेच्छिक रूपमा चल्न थाले र मान्छेको नियन्त्रण भन्दा बाहिर गई अनावश्यक माग प्रस्तुत गरे भने के होला ? भन्ने समस्यालाई कथाले उठाएको छ । यस कथामा भविष्यको चिन्ता वर्तमानमा गर्न खोजिएको छ । यस्तै कुमार नगरकोटीको 'मेटाफिजिक्स' कथामा विज्ञानको विकासले जटिल र यन्त्रवत् बन्दै गएको मानवीय मूल्य र निस्सार मानव जीवनलाई प्रस्तुत गरिएको छ । मान्छे कसरी सम्वेदनाहीन हुँदै गएको र मरेका लाशहरूको प्रर्दशनी गरी मृत शरीरमा बृद्ध मानिसले गरेको यौन सम्बन्धलाई प्रस्तुत गरिएको छ । यस कथाले वैज्ञानिक युगमा मान्छेको निरीहता र उपलब्धी हीनतालाई देखाएको छ ।

यसैगरी **समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) मा पौराणिक विषयवस्तु भएका कथा पनि प्रकाशित भएका छन् । यी कथामा मुकुन्दमणि अर्यालको 'अर्धनारीश्वर', मदनमणि दीक्षितको 'नल दमयन्तीको विछोड' हुन् । यी कथाले पुराणका पौराणिक पात्र, परिवेश, घटना आदिलाई समेटेका छन् । मदनमणि दीक्षितको 'नल दमयन्तीको विछोड' कथामा नल राजा र दमयन्तीका बिचको विछोडको चित्रण गरेको छ । नल राजा दमयन्तीसँग विछोड भएपछि कसरी नाम परिवर्तन गरी असह्य पीडामा जीवन बिताए भन्ने देखाइएको छ । भने मुकुन्दमणि अर्यालको 'अर्धनारीश्वर' कथामा शिव र पार्वतीको यौन र सम्मीलनको प्रसङ्गलाई प्रस्तुत गरिएको छ । यौन चहाना र त्यसको परिपूर्तिका लागि सत्य र सत्ताको द्वन्द्वलाई पनि कथामा प्रस्तुत गरिएको छ । शिव र पार्वती सम्भोगमा एकाकार भएको स्वरूपको वर्णन यस कथामा आएको छ । आयामका हिसाबले यो निकै लामो कथा हो ।

यसैगरी **समकालीन साहित्य**मा राजनीति र द्वन्द्वलाई विषय बनाएर कथा रचना गर्ने कथाकार र कथामा भवानी भिक्षुको 'नयाँ इतिहासको प्रारम्भ', गुरूप्रसाद मैनालीको 'शहीद', उदास विनायकको 'एक अर्को आतङ्कवादीको अन्त्य', भाउपन्थीको 'एक इमान्दार राजनीतिकर्मीको किस्सा', गोविन्द गिरी 'प्रेरणा' को 'प्रजातन्त्रमा', गोविन्दबहादुर मल्लको 'त्यो क्रान्ति प्रतीक', रमेश विकलको, 'आतङ्कमा बाँचेको बस्ती', वामनप्रसाद गौतमको 'ऊ फेरि मन्त्री भयो', विजय मल्लको 'इतिहासमा नलेखिएको सहिद', विवश वस्तीको 'गाउँमा धेरैको निद्रा हराएको छ', नयनराज पाण्डेको 'खेल' पर्दछन् । यी कथामा द्वन्द्वको सर्मथन, विरोध र दुवैप्रतिको उदासिनता प्रस्तुत भएको छ । राजनैतिक विषयवस्तु भएका कथामा

शासनसत्ताप्रतिको सहमति र असहमति दुबै कुराको प्रस्तुति पाइन्छ । राजनीतिक विषयलाई मूल कथ्य बनाएका केही कथाहरूको समीक्षा यहाँ प्रस्तुत गरिएको छ-

विजय मल्लको ‘इतिहासमा नलेखिएको शहीद’ शीर्षकको कथामा कथाको पात्र मङ्गलध्वज कसरी  प्रहरी थानामा मऱ्यो भन्ने विषय प्रस्तुत गरिएको छ । यसैगरी रमेश विकलको ‘आतङ्कमा बाचेको बस्ती’मा २०५२ सालपछि चलेको द्वन्द्व  र त्यस त्यसले नेपालको सुदूर जिल्ला जुम्लामा कस्तो अवस्थाको सिर्जना गरेको थियो भन्ने विषय समेटिएको छ । डाक्टर भएर गाउँको स्वास्थ्य चौकीमा बिरामीको उपचार गर्दा माओवादीको उपचार गरेको आरोपमा प्रहरीले कसरी दुःख दिए भन्ने कुरा यसरी प्रस्तुत गरिएको छ-

> *“....तर तपाइँकोका एउटी घाइते महिला छे रे भन्ने हामीलाई सूचना छ ।” हवल्दारले अल्लि ठर्रो स्वर मा भन्यो । हामीलाई शङ्का छ त्यो आइमाई माओवादीको सहयोगी हो । त्यसैले हामी उसलाई हेर्न चाहन्छौं ...।* [७९]

यसैगरी गोविन्द गिरी ‘प्रेरणा’को ‘प्रजातन्त्र’ शीर्षकको कथामा प्रजातन्त्र आएर जनतामा खुसी छाउने आशा निराशामा परिर्वतन भएको कुरालाई समेटिएको छ । चुनावमा भोट माग्ने र चुनाव जितेपछि गाउँ र जनतालाई भुल्ने नेताको प्रवृत्तिलाई कथाले प्रस्तुत गरेको छ । नेताहरूको कुटिल चालमा जनताहरू कसरी पिल्सिरहेका छन् भन्ने कुरालाई यस कथामा यसरी प्रस्तुत गरिएको छ-

> *“भोट दिएपछि अमरध्वजको काम सकिएको थियो उसले न जित्नेलाई भेट्यो न हार्नेलाई । उसले भेट्न जानु पर्ने काम थिएन न ती जित्ने र हार्नेले अमरध्वजलाई भेट्नु पर्ने खण्ड नै थियो ।”*[८०]

यसैगरी विवश वस्तीको ‘गाउँमा सबैको निद्रा हराएको छ’ शीर्षकको कथामा देशको निम्ति जिउ ज्यान दिने सहिदका परिवारको अवस्था कसरी बिग्रँदै गएको छ । शहिदका पत्नी गाउँका फटाहा व्यक्तिको कारण बौलाहा भएर हिड्नु पर्ने बाध्यता कसरी सिर्जना भएको छ भन्ने विषयलाई समेटेको छ । कथामा यसलाई यसरी सङ्केत गरिएको छ-

> *“शहीदकी स्वास्नी रे मुखियाले जग्गा जमिन खाइ दिएपछि बौलाएकी रे....भीड घट्ने होइन बढ्नेतिर उन्मुख हुँदैछ । हातमा लिएको सम्मानपत्र हल्लाउँदै कृष्णमाया*

---

[७९] **समकालीन साहित्य** पूर्णाङ्क ३४, पृ. ७१ ।

[८०] पूर्ववत्, पृ. ८५ ,

*भनिरहेकी छे यसैले आज मलाई घरबार बिहीन बनायो । मलाई चाहिएन यो सम्मानपत्र चहिएन जलाइ दिन्छु यसलाई । आवेशमै उसले पोल्टाबाट सलाईको बट्टा निकाली ..।"* [८१]

यी कथाहरूले राजनीतिका दुर्बल पक्षहरू र मानिसको खस्कदो मानवीय मूल्यलाई प्रस्तुत गरेका छन् । इमान्दारिता हराउँदै गएको द्वन्द्वले मानिसहरू त्रस्त बनेको र अन्दोलनमा ज्यान गुमाए पनि शहिदका परिवारको बिचल्ली भएको दुखद अवस्थाको चित्रण भएको छ । मूल रूपमा भन्दा यी कथामा द्वन्द्व राम्रो होइन, यसले कसैको पनि भलो गर्दैन भन्ने कुरालाई प्रस्तुत गरेका छन् ।

यसैगरी **समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) मा प्रकाशित प्रेम, यौन र मनोविज्ञानलाई विषयवस्तु बनाएर कथाको रचना गर्ने कथाकार र कथामा हरि अधिकारीको 'एक साँझ', रासाको विसङ्गत, विश्वम्भर चञ्चलको 'भाडा नं. ३७३', रवीन्द्र समीरको 'भ्रम', दीनबन्धु शर्माको 'भूत', अच्युत कोइरालाको 'लभ हाउस', इस्मालीको 'इन्जिनियरकी दुलही' पर्दछन् ।

हरि अधिकारीको 'एक साँझ' कथामा यौन चहानाले उन्मक्त भएकी नारीले आफ्नो यौन चाहनालाई कसरी पुरा गर्छे र यौनले मानिसलाई कसरी सञ्चालन गर्दछ भन्ने देखाइएको छ । रासाको 'विसङ्गत' कथामा एउटा बेरोजगार रामेसँग एउटी महिलाले गरेको यौन व्यवहारलाई विषय बनाइएको छ । यस कथामा यौन आवेगलाई रोक्न नसक्दा मान्छे कसरी विसङ्गत बन्दछ भन्ने कुरा प्रस्तुत गरिएको छ । विश्वम्भर चञ्चलको 'भाडा नं.३७३' कथामा यौनलाई विषय बनाइएको छ । आफ्नो घरमा भाडामा बस्ने केटीसँग छोराले यौन सम्बन्ध राख्न थालेको चाल पाएर कोठामा बस्नेलाई निकाल्दा पनि परिवार नियोजन गरी निरन्तर ऊसँग यौन सम्बन्ध राख्ने अल्लारे छोराको चित्र प्रस्तुत भएको छ र अन्त्यमा बाबुको सन्तान चाहना पुरा गर्न आफूले परिवार नियोजन गरेपछि साथीको सहयोगमा बच्चा जन्माउनु परेको कथा यसमा समेटिएको छ ।

रवीन्द्र समीरको 'भ्रम' कथामा आफ्नो श्रीमान् नपुंसक छ भन्ने हल्लाले गर्दा श्रीमान् र श्रीमतीलाई भ्रमले कसरी समाप्त पाऱ्यो भन्ने देखाई मान्छेलाई भ्रमले मानसिक रूपमा कसरी समाप्त पार्छ भन्ने कुरा देखाइ मानवीय भ्रमित मनको चित्रण गरिएको छ । यो विशुद्ध मनोवैज्ञानिक कथा हो । यसैगरी दीनबन्धु शर्माको 'भूत' कथामा डरलाई माध्यम

---

[८१] पूववत् पृ. ९७ ।

बनाएर कसरी कान्छोसँग 'म' पात्रले शारीरिक सम्बन्ध राखी भन्ने कुरालाई प्रस्तुत गरिएको छ । भूतको डरका कारण कान्छोसँग सँगै सुत्दा म पात्रको कान्छोसँग भएको यौन सम्बन्धको चित्रण कथाले गरेको छ । यसैगरी अच्युत कोइरालाको 'लभ हाउस' कथामा इन्जिनियर इन्द्रलालको केटीप्रतिको आकर्षण र उसकी दुलहीलाई उसका साथीले श्रीमान्का बारेमा गरेका शङ्कास्पद कुरालाई प्रस्तुत गरिएको कथा हो । यस कथामा यौन चाहना पूरा गर्न महिलाले भोग्नु पर्ने घरेलु हिंसाको चित्रण गरिएको छ ।

यसरी **समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) मा प्रकाशित कथामा मानवीय यौन चहाना, प्रेम र आकर्षण जस्ता कुरालाई पनि विशेष प्राथमिकता दिइएको छ । मानिसको अन्तर्मनमा रहेको यौनको उद्घाटन गर्न यी कथा केही सफल रहेका छन् ।

विषयवस्तुको प्रयोगका दृष्टिले हेर्दा **समकालीन सहित्य** पूर्णाङ्क (३१-४०) मा प्रकाशित भएका कथाहरूमा विषय विविधता रहेको छ । यी कथाले नेपाली समाजका गरिबी, यौन, प्रेम, राजनीति, अशिक्षा, अन्धविश्वास जस्ता विविध पाटालाई समेटेका छन् ।

पात्र प्रयोगका दृष्टिले हेर्दा यस पत्रिकामा प्रकाशित कथाहरूमा नेपाली समाजमा हुर्किएका निम्न वर्गीय पात्रदेखि लिएर उच्च वर्गीय पात्रलाई समेत दिइएको छ । निम्न वर्गीय चरित्रहरूका माध्यमबाट अनगिन्ती जटिलताहरूमा जेलिएर बाँच्न विवश भएका नेपाली हरूको जीवनदशा र आर्थिक जटिलताका कारणले दिन प्रतिदिन दयनीय बन्दै गएको निम्न वर्गीय नेपाली समाजको यथार्थ झलक उद्घाटन गरिएको छ । उच्चवर्गीय कुलीन पात्रहरूका माध्यमबाट नेपाली समाजमा हुने गरेको शोषण, दमन, अन्याय, अत्याचार र अनियमितताको नग्नरूप प्रस्तुत गरिएको छ । मानसिक समस्यामा रूमलिएका पात्रहरूमा सामाजिक समस्या प्रमुख समस्याका रूपमा आएको छ । नारी पात्रको प्रयोगमा पनि कथाकारहरूले आफ्नो रूचि देखाएका छन् । विशेष गरी नारी कथाकारहरूले नै नेपाली नारीहरूका समस्या, शोषण, दमनका साथै उनीहरूले भोगिरहेको जीवनको मार्मिक प्रस्तुति गरेका छन् । विद्रोही भावना भएका पात्रहरूले ठाउँ नपाई नियतिको डोरीमा डोरिने सरल सोझा पात्रहरूले **समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) मा प्रकाशित कथाहरूमा स्थान पाएका छन् । जे जस्तो मानसिक जटिलता भोग्नु परे पनि त्यसबाट विद्रोह गर्नुभन्दा नियतिको सजाय भोग्न कथामा धेरैजसो पात्रहरू विवश बनेका छन् ।

भाषिक प्रयोगका दृष्टिले हेर्दा **समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) मा प्रकाशित अधिकांश कथाहरूको भाषा सरल किसिमको छ । मुकुन्दमणि अर्यालको 'अर्धनारीश्वर' र कुमार नगरकोटीको 'मेटाफिजिक्स' कथामा केही भाषिक जटिलता र प्रयोगवादी प्रवृत्ति

भेट्न सकिन्छ । भाषिक सरलता रहेका कथाहरू बोधगम्य बनेका छन् । प्रसङ्ग अनुसारको उचित भाषिक प्रस्तुति र शब्दचयनमा **समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) मा कथा प्रकाशन गर्ने कथाकारको ध्यान पुगेको पाइन्छ । यी कथाहरूमा प्रयुक्त सरल र रोचक भाषा प्रयोगको कारणले सामान्य पाठकका स्तरमा समेत लोकप्रिय बन्न सक्ने देखिन्छ । **समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) मा प्रकाशित कथाहरूमा भाषिक स्वाभाविकता ल्याउन अनुकरणात्मक शब्द, उखान, टुक्का आदिको पनि प्रयोग भएको छ । वाक्य गठनका दृष्टिले हेर्दा यी कथाहरूमा सामान्यतया सरल वाक्यहरूको प्रयोग भएको पाइन्छ तापनि संयुक्त तथा मिश्रवाक्यहरू सरल रूपबाट नै प्रयोग भएका छन् । यस पत्रिकामा प्रकाशित कथाहरूमध्ये केही कथामा संवादको पनि प्रयोग भएको पाइनुका साथै पात्रहरूको सामाजिक र बौद्धिक स्तर अनुसार भाषाको प्रयोग भएको छ ।

शैलीका दृष्टिले हेर्दा परम्परागत शैलीभन्दा भिन्न शैलीका कथाहरू पनि यस परिशिष्टाङ्कमा प्रकाशित भएका छन् । विशेष गरी नवयुगीन कथापरम्परामा देखापरेका शैलीगत नवीनताको प्रभाव यस पत्रिकामा प्रकाशित कथाहरूमा पनि परेको छ । रोशन थापा नीरवको 'इन्डिगो ग्यालोरीमा एक साँझ' (पूर्णाङ्क ३२), गोविन्द कुसुमको 'वैज्ञानिक १३६ 'ए' को डायरी' (पूर्णाङ्क ३४), कुमार नगरकोटीको 'मेटाफिजिक्स' (पूर्णाङ्क ३८) मा प्रकाशित कथाहरूलाई शैलीगत नवीनताका नमुनाका रूपमा लिन सकिन्छ ।

**समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) मा प्रकाशित कथाहरूको कार्यपिठीका नेपाली समाज नै रहेको छ । यस पत्रिकामा प्रकाशित कथाहरूमध्ये केही कथाहरूमा नेपालको ग्रामीण भेगका नेपालीहरूले कष्टमय जीवन यापन गर्ने वातावरणको चित्र परिवेशका रूपमा उतारिएको छ भने केही कथाहरू सहरिया वातावरण र त्यहाँको विकृति जन्य राजनीतिक परिवेशमा केन्द्रित रहेका छन् । केही कथाहरू भने अलौकिक परिवेशका साथै अन्तराष्ट्रिय परिवेशमा पनि केन्द्रित रहेका छन् ।

समग्रमा भन्नुपर्दा **समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) मा प्रकाशित आधिकांश कथाहरूको कार्यपीठिका नेपाली समाज नै रहेको छ । सामाजिक सङ्कीर्णतामा भोग्नु परेका मानवीय सङ्कटहरू, गरिबीले अत्यन्त जटिल बन्दै गएको नेपाली जनजीवन, द्वन्द्वले गर्दा विथोलिएको नेपाली मन, वैज्ञानिक उन्नतिले यान्त्रिक बन्दै गएको मानवीय प्रवृत्ति, मानवीय अन्तर्मनका कुण्ठाहरू र राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा बढ्दै गएका विकृति र विसङ्गतिको कलात्मक चित्र प्रस्तुत गर्नेतर्फ धेरैजसो कथाकारहरू सचेत रहेका छन् । यस किसिमको

व्यापकतालाई समेट्ने विभिन्न किसिमका कथाहरू प्रकाशित गरेर **समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) ले नेपाली कथा विधाको विकासमा ठूलो योगदान दिएको छ ।

## ४.२.२ समकालीन साहित्य (३१-४०) मा प्रकाशित नैबन्धिक रचनाको विश्लेषण

गद्यमा लेखिएको लघु आकारको साहित्यिक विधा निबन्ध हो । लेखकले आफ्ना निजी विचारहरूले कुनै पनि विषयको नालीबेली प्रस्तुत गर्दा निबन्धको रचना हुन्छ । निबन्धमा नै निबन्धकारले आफ्ना सम्पूर्ण अनुभूतिहरूलाई स्वतन्त्र रूपमा अभिव्यक्त गर्ने अवसर पाउछ । मानव मस्तिष्कका ज्ञानराशीको सानो बिन्दुमा लेखकीय अनुभव, विचार र अनुभूति झाङ्गिएर निबन्धको निर्माण हुन्छ । लेखकले आफ्ना असीमित विचार, भावना, अनुभव र अनुभूतिलाई निबन्धको सीमित घेरामा आबद्ध भई व्यक्त गर्न सक्दछ । त्यसैले निबन्धको विषयवस्तुप्रति लेखकको दृष्टिकोण र समर्पण समावेश भएको हुन्छ । लेखकले आफ्ना प्रशस्त अनुभूतिहरूलाई पोख्ने स्वतन्त्रता निबन्धमा पाए तापनि छरिएर रहेका चित्रभित्र पनि अन्तः सम्बन्ध र अन्मुक्त अभिव्यक्तिभित्र पनि नियमित रखाइ यसको विशेषता हो ।[८२] निबन्धमा लेखकको भोगमूलक जीवन र अनुभूतिको प्रस्तुति पाइन्छ ।

प्रस्तुति शैलीको विविधताले निबन्धको स्वरूपमा पनि विविधता आउँछ । निबन्धले लेखकको भाव संवेदनामूलक काल्पनिक अभिव्यक्तिदेखि लिएर बौद्धिक र तर्कपूर्ण अभिव्यक्ति सम्मको क्षेत्रलाई ओगटेको हुन्छ । यसमा लेखकले कि त अन्तरमनको सत्यलाई उद्घाटन गरेको हुन्छ कि त अध्ययन अनुभवबाट प्राप्त ज्ञानलाई प्रस्तुत गर्दछ । अन्तरआत्माको सत्यलाई उद्घाटित भएको निबन्धमा निजात्मकता वा भावनात्मकता बढी हुन्छ भने अध्ययन र अनुभवबाट प्राप्त ज्ञानलाई प्रस्तुत गर्दा निबन्ध परात्मक वा बौद्धिक बन्दछ । निजात्मक निबन्धभन्दा परात्मक निबन्ध सार्वभौम र वास्तविक सत्यमा आधारित हुन्छ । यस्ता निबन्धले पाठकलाई विश्वासमा पार्ने गर्दछन् ।

नेपाली साहित्यका क्षेत्रमा निबन्धले व्यापकता ओगट्दै आएको छ । यो लचिलो र स्वतन्त्र विधा भएकाले पनि यस्तो हुन पुगेको हो । निबन्धको विषय, शैली, प्रस्तुति तथा उद्देश्यको विविधताले गर्दा निबन्धका नियात्रा, निवार्ता संस्मरण, यात्रानुभव, लेख आदि विविध रूप देखा परेका छन् । वर्णनात्मक वा विवरणात्मक निबन्ध, निजात्मक निबन्ध विश्लेषणात्मक वा विचारात्मक निबन्ध, यात्रा निबन्ध, हास्यव्यङ्ग्य निबन्ध, निवार्तात्मक निबन्ध जस्ता विविधता नेपाली निबन्धको पछिल्लो चरणमा देखा परेका छन् । पत्र पत्रिकाको

[८२] गोपिकृष्ण शर्मा, नेपाली निबन्ध परिचय, सा.सं, (काठमाडौं : रत्न पुस्तक भण्डार, २०५२), पृ. ६ ।

प्रकाशनले यी सबै खालका निबन्धहरूको विकासमा महफ्वपूर्ण योगदान गरेका छन् । **समकालीन साहित्य** पत्रिकामा पनि यस्ता नैबन्धिक रचनाको विशिष्ट स्थान छ ।

**समकालीन साहित्य**मा प्रकाशनदेखि हालसम्म नैबन्धिक रचनाको प्रकाशन नियमित रूपमा भएको छ । प्रकाशित रचनाहरूलाई हेर्दा यस पत्रिकामा नैबन्धिक रचनाको नै बाहुल्य रहेको छ । निबन्ध स्तम्भ र अन्य फुटकर स्तम्भमा नैबन्धिक रचनाको स्थान रहेको छ । यस पत्रिकामा अन्य विविध शीर्षकमा प्रस्तुत गरिएका रचनाहरू पनि निबन्धका प्रकारभित्र समेटिन्छन् । **समकालीन साहित्य**को पूर्णाङ्क ३१ देखि ४० सम्म जम्मा २२ जनाका २७ निबन्धहरू प्रकाशित भएका छन् भने निबन्धात्मक तर अन्य शीर्षकमा प्रकाशित भएका नैबन्धिक रचनाको सङ्ख्या पनि निकै धेरै रहेको छ । यस शोध पत्रमा सबै निबन्धको विश्लेषण सम्भव नभएकाले के कस्ता प्रबृत्ति र विशेषता भएका निबन्धहरू प्रकाशित भएका छन् भन्ने बारेमा संक्षिप्त विश्लेषण प्रस्तुत गरिएको छ ।

**समकालीन साहित्य**का विधागत स्तम्भलाई हेर्ने हो भने नैबन्धिक रचनाको स्तम्भ ज्यादै विभाजित रहेको छ । सैद्धान्तिक आधारमा लेख, नियात्रा, संस्मरण, हास्यवङ्ग्य सबै निबन्धभित्र पर्दछन् । **समकालीन साहित्य**का पूर्णाङ्क (३१-४०) सम्मका अङ्कमा यी निबन्धका प्रभेदलाई अलग अलग स्तम्भमा राखिएको छ । यहाँ समालोचना र लेख बाहेकका नैबन्धिक रचनाहरूको बारेमा चर्चा गरिएको छ । यस पत्रिकाका पूर्णाङ्क (३१-४०) सम्मका अङ्कमा प्रकाशित भएका नैबन्धिक रचनाहरूमा विविधता पाइन्छ । यी अङ्कहरूमा २२ जना स्रष्टाका २७ वटा निबन्ध, १२ जना स्रष्टाका १२ वटा यात्रा संस्मरण, १८ जना स्रष्टाका १८ वटा संस्मरण, ४ जना स्रष्टाका ४ वटा हास्यव्यङ्ग्य गरी जम्मा ६१ वटा नैबन्धिक रचना प्रकाशित भएका छन् । यी सबै नैबन्धिक रचनामा भिन्नभिन्न प्रवृत्तिगत विशेषताहरू रहेका छन् तापनि समग्रमा यी नैबन्धिक रचनाहरूमा निजात्मक अनुभूति, स्मृतिबिम्ब, विषय विवरण, तथा वर्णन, र सामाजिक विसङ्गति जस्ता अन्तर्वस्तुमा आधारित रहेका छन् । यस पत्रिकामा प्रकाशित सबै नैबन्धिक रचनाहरू व्यक्तिगत आत्मप्रकाटीकरण अनुभूतिको यथार्थ प्रस्तुति र भोगमूलक जीवनको दृष्टिले बढी प्रभावी बनेका छन् ।

**समकालीन साहित्य** पत्रिकामा प्रकाशित निबन्ध विधा स्तम्भमा दिइएका रचनाहरूमा आत्माभिव्यक्तिको प्रबलता र निजात्मकता, संस्मरणहरूमा स्मृतिबिम्बका माध्यमबाट अनुभूति र यथार्थको अभिव्यक्ति, नियात्राहरूमा निजात्मक अनुभूति र वर्णनात्मकता एवम् हास्य व्यङ्ग्यहरूमा सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक आदि विकृति र विसङ्गतिमाथि तिखो प्रहार गरिएको छ ।

**समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) मा प्रकाशित भएका विशुद्ध निबन्धहरू आत्मपरक र वस्तुपरक गरी दुई प्रकारका रहेका छन् । यस पत्रिकामा प्रकाशित भएका निबन्धहरूमा  माधव पोखरेलको 'एक्ले बुलाहा', सङ्गीत आयामको 'रातको अँगालोमा उज्यालोको कुरा', (पूर्णाङ्क ३२), मोमिलाको 'पृष्ठभूमि', ध्रुव खड्काको 'आज किन हो कुन्नि?', (पूर्णाङ्क ३३), माधवप्रसाद पोखरेलको 'महाप्रलयको सपना', माधव काफ्लेको 'ऊ हो ऊ होइन', शैलेन्दुप्रकाश नेपालको 'जन्मदिनको परिवेशमा' (पूर्णाङ्क ३४), राममणि रिसालको 'जागिर : त्यो टाढाको बादल', देवेन्द्र भट्टराईको 'मृत्यु', (पूर्णाङ्क ३६) नारायण ढकालको 'एउटा शीताङ्ग शहरमा मानिसहरू', भीष्म उप्रेतीको 'बिचमा रहेछन्', मोमिलाको 'इतिहासको संस्करण'  (पूर्णाङ्क ३७), युवराज नयाँघरेको 'हाइ हाइ हिमाल' (पूर्णाङ्क ३८), कृष्णप्रसाद ज्ञवालीको 'कालीको कलकल', राजेन्द्र सुवेदीको 'म हुँ औंला नकाटिएको एकलब्य' सुधा त्रिपाठीको 'अमर सिर्जना', नृपेन्द्र पुरुष 'यादी' को 'यदा यदा हि धर्मस्य ग्लानिर्भवति...' (पूर्णाङ्क ३९), नारायण ढकालको 'मेरो प्रजातन्त्र प्रेम : केही टिपोटहरू', विजय सुब्बाको 'हामी प्रजातन्त्र र साहित्य', (पूर्णाङ्क ४०) आत्मपरक निबन्ध हुन् ।

माधव पोखरेलको 'एक्ले बुलाहा', निबन्धमा जीवनको उत्तरार्धमा मानिसले भोग्नु पर्ने दुःख र एक्लोपनलाई मार्मिक रूपमा प्रस्तुत गरिएको छ भने सङ्गीत आयामको 'रातको अँगालोमा उज्यालोको कुरा', निबन्धमा साङ्गीतिक परिवेश र प्राकृतिक सुन्दरतालाई प्रस्तुत गरिएको छ । यस्तै मोमिलाको 'पृष्ठभूमि', निबन्धमा गीत सङ्गीतसँग जीवनलाई जोडेर जीवनानुभूतिको प्रस्तुति गरिएको छ । ध्रुव खड्काको 'आज किन हो कुन्नि ?', निबन्धमा निबन्धकारका वैयक्तिके विचारको  प्रकटीकरण गरिएको छ । यस्तै माधवप्रसाद पोखरेलको 'महाप्रलयको सपना', निबन्धमा देशको बिग्रदै गएको अवस्था पौराणिक विषय लेखकको अनुभव र वर्तमान समयका बिचको सम्बन्धलाई देखाइएको छ। माधव काप्लेको 'ऊ हो ऊ होइन', निबन्धमा राष्ट्रिय भावना कमजोर हुँदै गएकोमा चिन्ता प्रकट गरिएको छ भने शैलेन्दुप्रकाश नेपालको 'जन्मदिनको परिवेशमा' निबन्धमा जन्मदिनले ल्याउने उत्साह तथा बाहिरी तडक भडकपूर्ण रूपमा जन्मदिन मनाउने चलनप्रति व्यङ्ग्य गरिएको छ । यसैगरी राममणि रिसालको 'जागिर : त्यो टाढाको बादल', निबन्धमा जागिरका लागि मानिसले भोग्नु पर्ने दुखद् अवस्थालाई प्रस्तुत गरिएको छ ।  देवेन्द्र भट्टराईको 'मृत्यु', निबन्धमा भने निबन्धकारले आफ्ना पिताको मृत्युमा भोगेको असीम पीडालाई प्रस्तुत गरिएको छ । निबन्धमा मृत्युलाई जीवनको उपलब्धि र शून्यता दुवै दृष्टिबाट हेरिएको छ।

यसैगरी **समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) मा प्रकाशित भएका अन्य आत्मपरक निबन्धहरूमा नारायण ढकालको 'एउटा शीताङ्ग शहरमा मानिसहरू', निबन्धमा नेपालगञ्ज-

को मानव जीवन कति जटिल छ भन्ने कुरालाई देखाइएको छ । मान्छेका विचार र जीवनका भोगाइ कति असहज छन् भन्ने कुरा यस निबन्धमा ज्यादै मार्मिक रूपमा आएको छ । भीष्म उप्रेतीको 'बिचमा रहेछन्' निबन्धमा प्राकृतिक सुन्दरताले निबन्धकारको मनमा सिर्जना गरेका भावनात्मक तथा आनन्दात्मक अवस्थाको चित्रण गरिएको छ । सारङकोटलाई घाम उदाएको र जून अस्ताएको व्यापार गर्ने स्थानका रूपमा निबन्धमा चिनाइएको छ । यस्तै मोमिलाको 'इतिहासको संस्करण' निबन्धमा निबन्धकारको जीवन वर्षौंदेखि दुःख र सुख भोग्दै इतिहासको नयाँ संस्करण बनेर हिँडिरहेको छ भन्ने कुरा व्यक्त भएको छ । यसैगरी युवराज नयाँघरेको 'हाइ हाइ हिमाल' निबन्धमा हिमाली सौन्दर्यले भिजेको निबन्धकारको अनुभूतिको प्रस्तुति पाइन्छ । कृष्णप्रसाद ज्ञवालीको 'कालीको कलकल', निबन्धमा काली गण्डकीको प्राकृतिक सौन्दर्यको महिमागान गाइएको छ र निबन्धकारले कालीकै कलकलसँग जीवनको धुन साटेको कुरा प्रस्तुत गरिएको छ । राजेन्द्र सुवेदीको 'म हुँ औंला नकाटिएको एकलब्य' निबन्धमा विद्रोही चेतनाबाट शैक्षिक विकृतिमाथि व्यङग्य गरिएको छ भने सुधा त्रिपाठीको 'अमर सिर्जना', निबन्धमा आमाको ममतामयी वात्सल्य प्रेम र सिर्जना शक्तिकी खानी नारीलाई प्रमुख स्थान दिइएको छ । शरीर संरचनाका कारण र सन्तान जन्माउँदा महिलाले भोग्नु पर्ने पीडालाई निकै मार्मिक र कलात्मक रूपमा यस निबन्धमा प्रस्तुत गरिएको छ ।

नृपेन्द्र पुरुष 'यादी'को 'यदा यदा हि धर्मस्य ग्लानिर्भवति...' निबन्धमा खस्किएको मानवीय मूल्य र नेपाली समाजमा बढ्दै गएको विकृतिको चित्रण गरिएको छ भने नारायण ढकालको 'मेरो प्रजातन्त्र प्रेम : केही टिपोटहरू', निबन्धमा लेखकीय अनुभूति र प्रजातन्त्र बिचको सम्बन्धलाई देखाइएको छ । विजय सुब्बाको 'हामी प्रजातन्त्र र साहित्य', निबन्धमा मान्छेको प्रजातन्त्र प्रेम र साहित्यकारको प्रजातन्त्रसँगको सम्बन्धका बारेमा चर्चा गरिएको छ । यसरी **समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) मा प्रकाशित भएका आत्मपरक निबन्धमा निबन्धकारको आत्मानुभूतिको प्रचुरता र शैलीमा कोमलता रहेको छ । विविध भाव अनुभूति विचार भोगाइ आदि विषयवस्तुको आत्माभिव्यक्तिका साथै वैयक्तिक आत्मप्रकटीकरण भएको पाइन्छ ।

यसैगरी मनुजबाबु मिश्रको 'शक्तिको खोजी', शिव अधिकारीको 'एउटा पृथक प्रकारको नाटक', उदय निरौलाको 'वर्तमानको घेराभित्र' ( पूर्णाङ्क ३१), रुद्र खरेलको 'भ्यालेन्टाइन डे', नृपेन्द्र पुरुष 'यादी'को 'जीवन बजारमा', (पूर्णाङ्क ३२) सृजन लम्सालको 'अंशवण्डा' (पूर्णाङ्क ३६), श्रीओम श्रेष्ठ रोदनको 'मार्फत मार्फतहरू', (पूर्णाङ्क,३८) विष्णु प्रभातको, 'संस्कृति साहित्य र प्रजातन्त्र' (पूर्णाङ्क ४०) वस्तु परक निबन्ध हुन् । यी निबन्धहरूमा मनुजबाबु

मिश्रको 'शक्तिको खोजी' निबन्धमा शक्तिको पूजा गर्ने शक्तिबाट नै सबै कुरा सिद्ध हुन्छन् भन्ने विचार व्यक्त भएको छ । यस निबन्धमा शक्तिको महिमा यसरी प्रस्तुत गरिएको छ-

> *'पहिले पहिले देउतालाई मान्छे बडो मान पर्दथ्यो । उनीहरू मान्छेकै टाउको खान्थ्ये, मान्छेमा नै चढ्दथे, मान्छेकै खप्परको माला लगाउँदगे । तर के गर्नु मान्छेको शक्ति जति बढ्दै गयो उतिउति तिनको शक्ति दुर्बल हुँदै आयो । बिचराहरूले बोका, हाँस, कुखुराबाट पनि ओर्लदै आएर आजकल त सडेगलेको फुल र कुभिन्डो खाएर बाँच्नु परिरहेको छ । आधुनिक मानिसहरू देउतादेखि होइन मान्छेदेखिनै बढी डराउन थालेको छ ।'*[८३]

यहाँ शक्तिका कारण वर्तमान मान्छेबाट नै मान्छे डराउनु परेको कुरा प्रस्तुत गरिएको छ ।

यस्तै शिव अधिकारीको 'एउटा पृथक् प्रकारको नाटक' निबन्धमा वर्तमान समयका कमजोरीहरूप्रति व्यङ्ग्य गरिएको छ भने उदय निरौलाको 'वर्तमानको घेराभित्र', निबन्धमा वर्तमान समय, सिद्धान्त र आदर्शको धेरामा बन्दी भएको छ भन्ने विचार व्यक्त गरिएको छ । यसैगरी रुद्र खरेलको 'भ्यालेन्टाइन डे', निबन्धमा सामाजिक विकृति र विसङ्गति र विकृतिप्रति प्रहार गर्दै नेपाली समाजको वास्तविक चित्र प्रस्तुत गरिएको छ । नृपेन्द्र पुरुष 'यादी'को 'जीवन बजारमा', निबन्धमा जीवन भोगाइका रोचक विषयहरूलाई प्रस्तुत गरिएको छ भने सृजन लम्सालको 'अंशवण्डा', निबन्धमा अंशवण्डा गर्दा कसैको पनि चित्त बुझ्दैन भन्ने कुरालाई प्रस्तुत गरिएको छ । यसैगरी श्री ओम श्रेष्ठ रोदनको 'मार्फत मार्फतहरू', निबन्धमा देशको विग्रदै गएको राजनीतिक अवस्था तथा भारतले गरेको सीमा अतिक्रमणलाई प्रस्तुत गरि नेताहरूको व्यवहारमाथि आशङ्का गरिएको छ । विष्णु प्रभातको 'संस्कृति, साहित्य र प्रजातन्त्र' निबन्धमा साहित्यलाई प्रजातन्त्रको सापेक्षतामा हेरिएको छ । **समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) मा प्रकाशित भएका वस्तुपरक निबन्धमा विषयवस्तुको तार्किक वर्णन गरिएको छ भने भाषिक प्रयोगमा विश्लेषणात्मकता र वर्णनात्मकताको उपयोग गरिएको छ ।

यात्रा निबन्ध, यात्रा संस्मरण र संस्मरणात्मक निबन्धका क्षेत्रमा पनि **समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) ले प्रशस्त योगदान पुऱ्याउँदै आएको छ । यात्राका क्रममा लेखकले भोगेका विभिन्न अनुभवहरूको कलात्मक अभिव्यक्ति यात्रा निबन्धमा भएको छ भने लेखकको सम्झनामा रहेका अतीतका घटनाको कलात्मक प्रस्तुति संस्मरणात्मक

---

[८३] **समकालीन साहित्य** पूर्णाङ्क ३१, पृ. ९० ।

निबन्धहरूमा गरिएको छ । **समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) मा प्रकाशित यात्रा संस्मरणात्मक निबन्धहरूमा कमल दीक्षितको 'अमेरिका बसाइका दुई सम्झना', कन्हैया नासननीको 'संस्मरण यात्राको : तासकन्द, बुखारा समरकन्दको', किशोर पहाडीको 'जङ्गल चर्चा : एकाइसौँ शताब्दी', तेजप्रकाश श्रेष्ठका 'के गरेको तेज ! तिमीले ?' ध. च. गोतामेको 'दुई यात्री', नवराज कार्कीको 'स्वप्नलोक जस्तै छ अमेरिका', निर्मोही व्यासको 'घुम्दै फिर्दै बर्दाहा', भीष्म उप्रेतीको 'लहर लहरहरूका अक्षरहरू', युवराज नयाँघरेको 'हाँसिरहेको घाम, गाइरहेको खोला र रोइरहेको वस्तीसँग' र 'हेलो माडिफाँट', राजवको 'खर्साङबाट ल्याइएको खर्साङ', श्रीकृष्ण गौतमको 'हन्डरै हन्डरको इरान यात्रा', सुलोचना मानन्धरको 'सेतो घोडा र शून्यताको साथी' पर्दछन् । यी यात्रा संस्मरणात्मक निबन्धहरूमा यात्रानुभूति र वैयक्तिक भोगाइ तथा अनुभूतिको अभिव्यक्तिका साथै प्राकृतिक एवं सांस्कृतिक दृश्य र विभिन्न रमणीय तथा स्मरणीय घटनाहरूको वर्णन सरल तथा रोचक शैलीमा गरिएको छ ।

यसैगरी संस्मरणात्मक निबन्धहरूमा निबन्धकारको व्यक्ति, घटना आदिका बारेमा वर्तमानमा रहेको सम्झनाको प्रकटीकरण भएको छ । यस्ता निबन्धहरूमा अभि सुवेदीको 'मैले पढेको र देखेको जापान', केशवप्रसाद उपाध्यायको 'सं.२००७ साल : मेरो स्मृतिमा', चित्तरञ्जन नेपालीको 'केशवलाल कर्माचार्यको सम्झना', जनकबहादुर राणाको 'दमादम मस्त कलन्दर', जयदेव भट्टराईको 'कलाकार 'अमर' बाँचुन्जेल एक्लो, मरेपछि सबैको', ध.च.गोतामेका 'आफ्नै धरातलमा', 'रागी-वैरागी', 'अक्षरको उकाली', प्रकाश ए.राजको 'अमेरिकाको आयोवाको बसाइ', फणीन्द्रराज खेतालाको 'एक पैसाको अमिली', 'बिंडी र चड्कन', मदनमणि दीक्षितको 'वीरगन्जमा ती नौ दिन', मनु ब्राजाकीको 'चमत्कारको दुनियाँमा', माधवलाल कर्माचार्यको 'सम्झनामा विजय मल्ल', रमेश विकलको 'दुई हजार सात साल : हराएको सन्देश', राजवको 'विराटनगरको मेरो पहिलो यात्राको दशा', रामशरण दर्नालको 'नेपाली वाद्यसङ्गीतले एकसाथ तीनवटा परिष्कृत बाजाहरू उपलब्ध गरेको दिन', विजय सुब्बाको 'तेह्रथुमको इतिहासमा स्व. गोकुल जोशी', साफल्य अमात्यको 'बराल दाइ', सूर्यबहादुर पिवाको 'स्वतन्त्रता जिन्दावाद ! प्रजातन्त्र जिन्दावाद !!', हृदयचन्द्रसिंह प्रधानको 'मेरो जेलयात्रा' पर्दछन् । यी सस्मरणात्मक निबन्धहरूले विगतलाई वर्तमानसँग जोडेर सम्झनाको क्षितिज खोज्ने प्रयास गरेका छन् ।

हास्य तथा व्यङ्ग्यात्मक निबन्धका क्षेत्रमा **समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) पत्रिकाले ठूलो योगदान गरेको छ । यस पत्रिकामा हास्य व्यङ्ग्य निबन्ध प्रकाशित गर्ने हास्य व्यङ्ग्यकार र हास्यव्यङ्ग्यमा भरत भारद्वाजका 'नव प्रजातन्त्रका नवरस' र 'चुनाव महात्म्य', मुन पाडैलका 'गधा र मान्छे' र 'चियाचर्चा', विमल निभाका 'सुटकेस', सूर्य

बहादुर पिवा 'स्वास्नीको बारेमा पिवा हुँ म' पर्दछन् । यी निबन्धहरूमा सामाजिक राजनैतिक आर्थिक, प्रशासनिक, आदि विविध क्षेत्रमा देखिएका विकृति तथा विसङ्गप्रति व्यङ्ग्य र केही निबन्धहरूमा विनोदपूर्ण शैलीका माध्यमबाट पाठकमा हाँसो लगाई तीखो व्यङ्ग्य प्रस्तुत गरिएको छ । 'स्वास्नीका बारेमा लेख्ने पिवा हुँ म' 'चुनाव महात्म्य' निबन्धहरूमा हास्य प्रबल र व्यङ्ग्य गौण रहेको छ भने 'गधा र मान्छे', 'नव प्रजातन्त्रका नवरस' र 'चुनाव महात्म्य', 'सुटकेस' निबन्धमा दुबै प्रबल रूपमा रहेका छन् ।

**समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) मा प्रकाशित भएका रम्य रचना शीर्षका रचना पनि निबन्धभित्र नै समेटिन्छन् । यी रचनामा जीवनानुभूति र संस्मरणको मिठो प्रस्तुति पाइन्छ । यस स्तम्भमा रहेका रचनाहरूमा अशेष मल्लको 'निसुमुराको क्यामरा र म', जनकबहादुर राणाको 'भी.आई.पी.', विमल निभाको 'चङ्गाले मलाई कवि बनायो' हुन् ।

यी रचनाहरूमा अशेष मल्लले थालेको सडक नाटकका बारेमा जापानी टेलिभिजन-का फोटो ग्राफरले विताएको केही समयको मिठो वर्णन गरिएको छ भने जनकबहादुर राणाको 'भि.आइ.पी' शीर्षकको रचनामा जहाजको यात्रा प्रसङ्गलाई स्थान दिइएको छ । यस्तै विमल निभाको 'चङ्गाले मलाई कवि बनायो' भन्ने शीर्षकको रचनामा विमल निभाले साहित्यिक लेखनको प्रेरणा कसरी पाए भन्ने कुरालाई रमाइलो पारामा प्रस्तुत गरेका छन् ।

**समकालीन साहित्य**मा प्रकाशित भएका नैबन्धिक रचनाका मूल विशेषतालाई यसरी देखाउन सकिन्छ-

- **समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) मा प्रकाशित भएका वस्तुपरक निबन्धहरूमा विषयवस्तुको प्रस्तुति वर्णनात्मक र व्याख्यात्मक रूपमा रहनु,
- आत्मपरक निबन्धमा विविध भाव, अनुभूति, विचार भोगाइ आदि अन्तर्वस्तुको अभिव्यक्तिका साथ आत्मप्रकटीकारण हुनु,
- संस्मरणात्मक निबन्धहरूमा विविध जीवन भोगाइ र घटनावलीलाई स्मृतिबिम्बका माध्यमबाट प्रस्तुत गरिनु ,
- हास्यव्यङ्ग्यात्मक निबन्धहरूमा सामाजिक, आर्थिक, धार्मिक, राजनैतिक आदि विविध क्षेत्रमा देखिएका विकृति तथा विसङ्गतिप्रति व्यङ्ग्य र केही निबन्धमा समाज सुधारको सन्देश समावेश हुनु,

- नियात्राहरूमा यात्रा अनुभूति व्यक्तिगत जीवन भोगाइ तथा निजानुभूतिको सोझो वर्णन र कलात्मक प्रस्तुति हुनु,
- लेखका रूपमा प्रकाशित भएका वस्तुपरक निबन्धहरूमा वर्णनात्मक शैलीको प्रयोग विषयवस्तुको प्रतिपादनमा भावको घनत्व र वैचारिक दृष्टिकोणको प्रबलता आदि रहनु
- जीवन भोगाइका क्रममा अनुभव गरेका रमाइला र अपत्यारिला क्षणका बारेको प्रस्तुति पाइनु ।

यसरी हेर्दा **समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) का अङ्कहरूले समसामयिक क्षेत्रमा देखा परेका निबन्धहरूको विकासमा निरन्तर रूपमा योगदान पुऱ्याउँदै आएको छ । विषयगत व्यापकता निबन्धको विशेषता भएकाले यस पत्रिकामा प्रकाशित निबन्धहरूले व्यापक क्षेत्रलाई समेटेका छन् । **समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) का अङ्कहरूमा प्रकाशित विशुद्ध निबन्ध, यात्रा निबन्ध, संस्मरणात्मक निबन्ध, रम्य रचना आदिले नेपाली निबन्धको विकासमा महत्वपूर्ण योगदान दिएको छ ।

### ४.२.३ समकालीन साहित्य (३१-४०) मा प्रकाशित समालोचनात्मक रचनाको विश्लेषण

समालोचना भनेको कुनै पनि सिर्जनाका बारेमा विभिन्न कोणबाट तर्कपूर्ण रूपमा गरिएको व्याख्या, विश्लेषण र मूल्याङ्कन हो । समालोचनाले व्यक्तिको भाव र विचार, अनुभूतिगत यथार्थ र कल्पनागत सौन्दर्य तथा कृतिगत हार्दिकता र विषयगत बौद्धिकता यी दुबै पक्षहरूसँग प्रत्यक्ष सम्बन्ध राख्छ । समालोचनाले कृतिको बाह्य स्वरूपको मात्र अध्ययन नगरी कृतिलाई विविध कोणहरूबाट व्याख्या, विश्लेषण र मूल्याङ्कन पनि गर्छ । समालोचनाको सबै भन्दा निकटको सम्बन्ध कृति र कृतिकारसँग हुन्छ । साहित्यिक कृति जीवनको आलोचना हो भने समालोचना कृतिको आलोचना हो । त्यसैले समालोचना कृति र जीवन दुबैको आलोचना हो । जीवन, जगत र सिर्जनाको आलोचनाका रूपमा रहेको समालोचनाको लेखन ज्यादै गम्भीर र उत्तरदायित्वपूर्ण कार्य हो । जसलाई समालोचकले निवार्ह गर्न ज्यादै मिहिनेत र लगनशीलतालाई कायम राख्नु पर्छ । स्रष्टाले कृतिको सिर्जना गर्दा जीवन र जगतका सार्थक र निरर्थक मूल्यहरूलाई सुरक्षित राख्ने प्रयास गरिरहेको हुन्छ । यसले समालोचनाको मूल्यलाई बढी महत्व दिएको हुन्छ । सिर्जनामा निहीत आस्वादित प्रभावलाई इमान्दारी रूपमा तर्कपूर्ण तरिकाले प्रस्तुत गर्ने सिर्जना नै समालोचना हो । समालोचनाले साहित्यिक रचना वा कृतिमा के कति स्वयत्तता र स्वनिष्ठता छ, के

कस्ता सबलता र दुर्बलताहरू छन् अनि साहित्यिक कृति वा रचनामा के कति मात्रामा प्रयोजनको प्रत्याभूति भएको छ भन्ने निर्क्योल गर्दछ ।

नेपाली समालोचनाका क्षेत्रमा पर्याप्त समालोचनात्मक लेख तथा ग्रन्थहरू समेत प्रकाशित भइसकेका छन् तापनि नेपाली समालोचना गर्ने आफ्नै सैद्धान्तिक परम्पराको निर्माण भएको छैन । पूर्वीय तथा पाश्चात्य समालोचनाका सैद्धान्तिक पक्षहरूलाई ग्रहण गरी नेपालीमा समालोचनाको परम्परा गतिशीत भएको छ । नेपालीमा प्रभाववादी समालोचना गर्ने परम्पराको बाहुल्य रहेको छ । कृति वा रचनाले के कस्तो प्रभाव पार्‍यो भन्ने कुरालाई आधार मानेर नै कृतिको गुण दोष केलाउनु प्रभाववादी समालोचनाको विशेषता हो । नेपालीमा प्रचलित भएका ऐतिहासिक, तुलनात्मक, व्याख्यात्मक, सैद्धान्तिक, मनोवैज्ञानिक, प्रगतिवादी जस्ता सबै खाले समालोचनामा प्रभाववादकै रङ पाइन्छ ।[८४] हाल आएर समालोचनाका क्षेत्रमा नवीन प्रणालीका रूपमा शैली वैज्ञानिक समालोचनाको आरम्भ भएको छ । यसमा भाषिक पक्षका आधारमा वस्तुनिष्ठ रूपमा कृतिको विश्लेषण गरिने हुँदा प्रभाववादको असर कम हुँदै गएको छ ।

**समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) सम्ममा समालोचनालाई विशुद्ध समालोचना, समीक्षात्मक समालोचना, कथा समय : कथा, कथा समय : समीक्षा, विशेष लेख, सर्जक र सिर्जना, सर्वेक्षण, आदि शीर्षकका प्रकाशित गरिएको छ । **समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) विशुद्ध समालोचना प्रकाशित गर्ने समालोचक र समालोचनामा केशवप्रसाद उपाध्यायको 'असमर्थ श्लोक : समर्थ अभिव्यक्ति', रविलाल अधिकारीको 'डि.पी. अधिकारीको समालोचना', प्रभा भट्टराईको 'अन्धवेगकी पम्फा र पम्फाको अन्धवेग', बमबहादुर जितालीको 'उपन्यासकार पारिजात र उनको शिरीषको फूल', गार्गी शर्माको 'सम्झनाका लहरभित्र घनश्यामराज कर्णीकार', रामप्रसाद ज्ञवालीको 'भाउपन्थीको उत्कृष्ट कथा **तन्त्र**भित्र घोत्लिँदा', पारसमणि भण्डारीको 'कवि माधव घिमिरेको मानिसजस्तै अमर मैले देखिनँ क्यै पनि गीति कविताको विश्लेषण', मोहन पी. दाहालको 'लङ्गडाको साथी : सामाजिक यथार्थवादी प्रवृत्ति अध्ययन', कृष्ण धरावासीको 'गणेश बहादुर प्रसाई र उनका निबन्धहरू', केशवप्रसाद उपाध्यायको 'संज्ञा सर्वनामको सेरोफेरोमा ध.च.गोतामेको व्यङ्ग्यकारिताको पर्यवेक्षण', राजेन्द्र सुवेदीको 'उलार उपन्यास आञ्चलिक धरातलको जिउँदो चित्र', रामदयाल राकेशको 'कविवर केदारमान व्यथितका दुई नवीनतम कृतिहरू', नेत्र एटमको 'प्रयोगवादी नेपाली कविता र द्वारिका श्रेष्ठ', अमर त्यागीको 'निर्मोही व्यासको निबन्धकारिता', 'नारी मानसिकताको अर्को उपज अपर्णा', नरेन्द्र चापागाईंको 'नेपाली

[८४] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास**, (काठमाडौँ : साझा प्रकाशन २०६४) पृ. १६७ ।

मुक्तक, कविता : संरचना प्रवृत्ति र भावी दिशा', शारदा शर्माको 'विश्वेश्वरप्रसाद कोइरालाका रचनामा अभिव्यक्त दार्शनिक भावभूमि', लख्खीदेवी सुन्दासको 'श्री इन्द्रबहादुर राईको भ्याल कथालाई हेर्दा', केशवप्रसाद उपाध्यायको 'कवि मजगैयाँको अपराजिता', लक्ष्मणप्रसाद गौतमको 'औपन्यासिक नवप्रयुक्तिका बिचको रूपमा बाढी र यसको अनुभवन्यासिक विश्लेषण', यी समालोचनात्मक सामग्रीका रूपमा प्रकाशित भएका रचना हुन् । यी रचनाहरूमा समालोचकीय मर्मको उद्घाटन भएको छ । केही समालोचनात्मक रचनाको समीक्षा यहाँ प्रस्तुत गरिएको छ -

**समकालीन साहित्य** पूर्णाङ्क ३१ मा प्रकाशित केशवप्रसाद उपाध्यायको 'असमर्थ श्लोक : समर्थ अभिव्यक्ति' शीर्षकको समालोचनामा जनार्दन पुडासैनी राजवको असमर्थ श्लोक (२०५२) कविता सङ्ग्रहका बारेमा कृतिपरक रूपमा समालोचना गरिएको छ । यस कविता सङ्ग्रहमा समावेश गरिएका कवितालाई सूक्ष्म रूपमा अध्ययन गरी कृति र कृतिकारका बारेमा नै मूल्य निरूपण गरिएको छ-

> *'रिमाल र भूपिका गद्य कवितात्मक परम्परालाई आफ्नै किसिमबाट विकसित पार्न खोज्ने राजव आत्माभिव्यक्तिमा समर्थ छन् । उनलाई मानवको भौतिक र मानसिक उत्थानको अग्रगामी मानवतावादी विचारप्रति प्रतिबद्ध परम्परा विरोधी प्रयोगशील पुस्ताका प्रतिनिधि कविताका रूपमा हेर्नै सकिन्छ ।'*

यसैगरी रविलाल अधिकारीले 'डी.पी अधिकारीको समालोचना' शीर्षकको समालोचनामा समालोचक डी.पी अधिकारीको समालोचकीय पद्धतिको बारेमा चर्चा गरेका छन् । प्रगतिवादी मूल्य र मान्यताका आधारमा समालोचना गर्ने डी.पी अधिकारीका बारेमा समालोचनक अधिकारीको निर्णय यस प्रकारले व्यक्त भएको छ-

> *'आज डी.पी भन्दा धेरै ज्ञाता समालोचकहरू प्रगतिवादी नेपाली समालोचनाले पाइसकेको , तर ऐतिहासिक मूल्याङ्कनका परिवेशमा हिजोका डी.पीको मूल्यवत्ता आज पनि कम महफ्वको ठहरिँदैन । उनी प्रगतिवादी नेपाली समालोचनाका इतिहासमा महफ्वपूर्ण योगदान गरेका व्यक्तित्व हुन् ।'*

यस्तै यसै अङ्कमा प्रकाशित भएको प्रभा भट्टराईको 'अन्धवेगकी पम्फा र पम्फाको अन्धवेग' शीर्षकको समालोचनामा बालकृष्ण समको कृति अन्धवेगकी नायिका पम्फाको केन्द्रीयतामा गरिएको समालोचना हो । यसमा पम्फाको चारित्रिक विशेषताको चर्चा गरिएको छ । यसैगरी यसै अङ्कमा प्रकाशित बमबहादुर थापा जितालीको 'उपन्यासकार परिजात र उनको

शिरीषको फूल' शीर्षकको समालोचनामा चर्चित नेपाली उपन्यासकी नारी स्रष्टा पारिजातको चर्चित उपन्यास शिरीषको फूल कृतिमा केन्द्रित रहेर गरिएको कृतिपरक समालोचना हो । यस समालोचनाले शिरीषको फूल उपन्यासलाई विसङ्गति र अस्तित्ववादी दृष्टिकोणबाट हेरेको छ ।

यस्तै पूर्णाङ्क ३२ मा प्रकाशित भएको गार्गी शर्माको 'सम्झनाका लहरहरूभित्र घनश्याम राज कर्णिकार' शीर्षकको समालोचनामा कर्णिकारको कृति सम्झनाका लहर यात्रासंस्मरणका बारेमा गरिएको समालोचना हो । यस्तै रामप्रसाद ज्ञवालीको भाउपन्थीको उत्कृष्ट कथा तन्त्रभित्र घोत्लिँदा शीर्षकमा कथाको कृति विश्लेषणको प्रारूपका आधारमा गरिएको समालोचना हो । यस समालोचनामा कथा सङ्ग्रहका कथाहरूको विश्लेषण निकै गहन रूपमा गरिएको छ । कथाको विश्लेषणद्वारा कथाकारको मूल्य निर्धारण समेत गरिएको छ ।

यसैगरी पूर्णाङ्क ३३ मा प्रकाशित भएको पारसमणि भण्डारीको 'कवि माधव घिमिरेको मानिस जस्तै अमर मैले देखिँन क्यै पनि गीति कविताको विश्लेषण' शीर्षकको समालोचनामा रचनाकारको परिचय प्रवृत्ति आदिका बारेमा चर्चा गरी संरचनावादी पद्धतिका आधारमा समालोचना प्रस्तुत गरिएको छ । यस्तै विष्णुप्रसाद पौडेलको 'रूपमती उपन्यासको चरित्र चित्रण' शीर्षकको समालोचनामा रूपमती उपन्यासमा प्रयोग भएका पात्रहरूका बारेमा चर्चा गरिएको छ ।

यस्तै पूर्णाङ्क ३४ मा प्रकाशित मोहन पी.दाहालको 'लङ्गडाको साथी : सामाजिक यथार्थवादी प्रवृत्ति अध्ययन' शीर्षकको समालोचनामा लैनसिंह वाङ्देलको उपन्यास लङ्गडाको साथी कृतिका बारेमा गरिएको सैद्धान्तिक समालोचना हो । यस समालोचनामा लङ्गडाको साथी उपन्यासलाई सामाजिक, आर्थिक तथ्यात्मक सौन्दर्य चेतना, भौतिकवादी मान्यता सङ्घर्षमय जीवन आदि विविध कोणबाट विश्लेषण गरिएको छ । सामाजिक यथार्थवादी तथ्यको पहिचानका लागि यो समालोचना निकै सशक्त र गम्भीर रहेको छ । कृतिमा रहेका सामाजिक यथार्थका साक्ष्यहरूलाई यस समालोचनाले पहिल्याएको छ ।

यसैगरी पूर्णाङ्क ३५ मा प्रकाशित कृष्ण धरावासीको 'गणेशबहादुर प्रसाईं र उनका निबन्धहरू' शीर्षकको समालोचनामा निबन्धकार गणेशबहादुर प्रसाईको निबन्धकारितामा आधारित छ । यो प्रभाववादी कोणबाट गरिएको समालोचना हो । यस्तै यही अङ्कमा प्रकाशित भएको 'आधुनिक नेपाली कवितामा विनय रावलको छवि' शीर्षकको समीक्षात्मक

समालोचना प्रकाशित भएको छ । यस समालोचनाले कृतिफ्व र व्यक्तित्वमाथि प्रकाश पारेको छ ।

**समकालीन साहित्य** पूर्णाङ्क ३६ मा प्रकाशित केशवप्रसाद उपाध्यायको 'संज्ञा सर्वनामको सेरेफेरोमा ध.च. गोतामेको व्यङ्ग्यकारिताको पर्यवेक्षण' शीर्षकको समालोचनामा गोतामेको कृतिफ्व र संज्ञा सर्वनाम पुस्ताका बारेमा कृतिपरक रूपमा गरिएको समालोचना हो । यस समालोचनामा विषयको व्याख्या विश्लेषण, तार्किक पुष्टि, शोधपरकता र मूल्य निर्णय जस्ता कुराहरूलाई महफ्व दिइएको छ । ध.च गोतामेका कृतिका बारेमा यस समालोचनामा यस्तो निर्णय प्रस्तुत गरिएको छ-

> *'उनका व्यङ्ग्य रचनाहरूमा हास्य तफ्वको प्रबलता हुनाले ती मनोरञ्जनात्मक छन् तर तिनको उद्देश्य मनोरञ्जन मात्र होइन । तिनमा राष्ट्रिय जीवनका साथै विश्वजीवनमा परिव्याप्त सामाजिक, राजनीतिक र मानसिक दोष र दुर्बलता देखाएर परिवर्तनको चेतना फैलाउने भावना क्रियाशील छ ।'*[८५]

यसैगरी राजेन्द्र सुवेदीको 'उलार उपन्यास आञ्चलिक धरातलको जिउँदो चित्र', समालोचनामा आञ्चलिक दृष्टिकोणबाट उपन्यासलाई हेरिएको छ । कृतिका पात्र, परिवेश र घटनागत सन्दर्भबाट कृतिको आञ्चलिक मूल्य निर्धारण गरिएको छ । उपन्यासको आञ्चलिक गुणलाई यसरी देखाइएको छ-

> *'देशीय मुखियाको र राष्ट्रिय सामन्तहरूको सिलौटामा पिसिएका निम्न वर्गीय श्रमिकहरूको दयनीय चित्र उतार्ने प्रस्तुत उपन्यास लघु आकृतिमा बृहद् विकृतिका सङ्केतहरू प्रदर्शन गर्न सफल बनेको छ ।'*[८६]

यसैगरी पूर्णाङ्क ३६ मा प्रकाशित रामदयाल राकेशको 'कविवर केदारमान व्यथितका दुई नवीनतम कृतिहरू' परिचयात्मक समालोचना हो । यस समालोचनामा व्यथितका **दृष्टि सत्य, सृष्टि सुन्दर मुक्तकिला कविता** र **मेरो दर्पण चार दशकको नेपाल** कृतिको परिचयात्मक समालोचना प्रस्तुत गरिएको छ **भने** पूर्णाङ्क ३७ मा नेत्र एटमको सैद्धान्तिक तथा ऐतिहासिक समालोचना 'प्रयोगवादी नेपाली कविता र द्वारिका श्रेष्ठ' प्रकाशित भएको छ । यस समालोचनामा प्रयोगवादी दृष्टिबाट द्वारिका श्रेष्ठका कविताको मूल्याङ्कन गरिएको छ । यही पूर्णाङ्कमा प्रकाशित अमर त्यागीको 'निर्मोही व्यासको निबन्धकारिता' स्रष्टापरक

---

[८५] **समकालीन साहित्य** पूर्णाङ्क ३६, पृ. ११२ ।

[८६] पूर्ववत्, पृ. १२१ ।

तथा कृतिपरक समालोचना हो । यस समालोचनामा वस्तुपरक भाषालाई भन्दा आलङ्कारिक भाषालाई बढी महफ्व दिइएको छ । उनको अर्को समालोचना 'नारी मानसिकताको अर्को उपज अपर्णा' मा कृतिको परिचय कृतिकारको परिचय कृतिको केही सन्दर्भहरूको समावेशका साथै कृतिका बारेमा समीक्षात्मक निर्णय प्रस्तुत गरिएको छ ।

**समकालीन साहित्य** पूर्णाङ्क ३८ मा प्रकाशित नरेन्द्र चापागाईको 'नेपाली मुक्तक कविता : संरचना र भावी दिशा' समालोचनामा नेपाली मुक्तक कविता र यसको संरचना तथा ऐतिहासिक स्वरूपको बारेमा चर्चा गरिएको छ । यो सैद्धान्तिक तथा ऐतिहासिक समालोचना हो । यसै पूर्णाङ्कमा प्रकाशित शारदा 'शर्माको विश्वेश्वरप्रसाद कोइरालाको रचनामा अभिव्यक्त दार्शनिक भावभूमि' प्रभाव परक समालोचना हो । यस समालोचनामा समालोचकलाई लागेको कुरा र कोइरालाको रचनाहरूको छोटो दार्शनिक समीक्षा प्रस्तुत गरिएको छ ।

**समकालीन साहित्य** पूर्णाङ्क ३९ का समालोचनाले पनि पूर्ववर्ती समालोचनाका गुणहरूलाई नै आत्मसात गरेका छन् । यस पूर्णाङ्कमा प्रकाशित लख्खीदेवी सुन्दासको 'इन्द्रबहादुर राईको झ्याल कथालाई हेर्दा' उत्तर आधुनिक चेतना र यसको सैद्धान्तिक आलोकमा राईको झ्याल कथाको विश्लेषण गरिएको छ । यो समीक्षात्मक समालोचना हो । यस्तै यसै पूर्णाङ्कमा प्रकाशित केशवप्रसाद उपाध्यायको 'कवि मजगैँयाको अपराजिता' समालोचनामा अपराजिता कृतिले समेटेका नेपालका बहुविद पक्षको चित्रण गरि समालोचना गरिएको छ भने लक्ष्मणप्रसाद गौतमको 'औपन्यासिक नवप्रयुक्तिका बिचको रूपमा बाढी र यसको आनुभवन्यासिक विश्लेषण' समालोचनामा बाढी उपन्यासमा प्रयोग भएका लेखकीय अनुभव र उपन्यासकार ध्रुवचन्द्र गौतम जीवनसँगका महफ्वपूर्ण पक्षलाई अगाडि सारी गरिएको गहन समालोचना हो । यस समालोचनामा समालोच्य कृतिलाई लेखकको जीवनीसँग तुलना गरी विश्लेषण गरिएको छ । यस समालोचनाले कृतिका बारेमा गरेको निर्णय यस्तो रहेको छ-

> *'बाढीलाई पढ्नु लेखकको जीवनीलाई पढ्नु हो, उनका सृजनात्मकतालाई पढ्नु हो र सूक्ष्मतम रूपमा भन्नुपर्दा उनको जीवनदर्शनलाई पढ्नु पनि हो ।'*[८७]

यसैगरी **समकालीन साहित्य** पूर्णाङ्क ४० प्रजातन्त्र विशेष अङ्कका रूपमा प्रकाशित भएको छ । यस अङ्कमा प्रकाशित भएका समालोचनाहरू पनि प्रजातन्त्रसँग केही मात्रामा

---

[८७] **समकालीन साहित्य** पूर्णाङ्क ३९, पृ. १५३ ।

सम्बन्धित रहेका छन् । यस अङ्कमा प्रकाशित भएको रमेश गोर्खालीको 'प्रजातान्त्रिक स्वर्ण वर्षका तीन जना आधुनिक नेपाली उपन्यासकार' शीर्षकको समालोचनामा राजनीति र साहित्यलाई एक अर्कासँग जोडेर हेरिएको छ । नेपालमा आएको प्रजातन्त्र र त्यसपछिको राजनीतिक विषयवस्तुतलाई समेटेर उपन्यास रचना गर्ने विश्वेश्वर प्रसाद कोइराला, दौलतविक्रम विष्ट र ध्रुवचन्द्र गौतमको औपन्यासिक कला र राजनीतिक इतिहासको बारेमा चर्चा गरिएको छ भने प्रभा भट्टराईको 'कविका वाणीमा प्रजातन्त्रको उदबोधन' शीर्षकको समालोचनामा नेपाली कविका कवितामा प्रजातन्त्र कसरी अभिव्यक्त भएको छ भन्ने कुरालाई प्रस्तुत गरिएको छ । यस समालोचनामा नेपाली कविहरू प्रजातन्त्रको लागि विशेष सजग र सक्रिय रहेका छन् भन्ने निष्कर्ष निकालिएको छ ।

### ४.२.४ समकालीन साहित्य (३१-४०) का विशेष लेख र विविध शीर्षकका रचनाको समीक्षा

**समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) मा विशेष लेख र विविध शीर्षकमा पनि रचनाहरू प्रकाशित भएका छन् । यस स्तम्भमा प्रकाशित रचनाहरू विशेष अवसर तथा पत्रिकाले महफ्व दिएका कुरामा केन्द्रित रहेका छन् । यस्ता रचनाहरूमा पूर्णाङ्क ३७ मा प्रकाशित अनुक्रमको 'दाङको हास्यव्यङ्ग्य गोष्ठी' र पूर्णाङ्क ४० मा प्रकाशित भएका कृष्णचन्द्र सिंह प्रधानको 'निरङ्कुशताविरुद्धको प्रजातान्त्रिक आन्दोलनमा साहित्यको भूमिका', गणेशबहादुर प्रसाईंको '२००७ सालको क्रान्ति र साहित्यमा त्यसको प्रभाव', तुलसी भट्टराईको 'प्रजातन्त्र स्थापनामा साहित्यिक योगदान', दधीराज सुवेदीको 'नेपाली साहित्यमा सातसाले क्रान्तिको प्रभाव', राजेश्वर देवकोटाको '२००७ सालको दशक नेपाली साहित्यको स्वर्णयुग', चैतन्य प्रधानको 'प्रजातन्त्र र चैत्र ३ गते' तथा पूर्णाङ्क ३७ मा प्रकाशित मदनमणि दीक्षितको 'कुत्सको कल्याण दर्शन र गहन पीडा' रहेका छन् ।

**समकालीन साहित्य**ले पूर्णाङ्क ४० लाई साहित्य तथा प्रजातन्त्र विशेष अङ्कका रूपमा प्रकाशित गरेको छ । यस अङ्कमा प्रकाशित भएका लेखहरूलाई विशेष लेखका रूपमा प्रस्तुत गरिएको छ । यी लेखहरूमा साहित्य तथा प्रजातन्त्रको सम्बन्धका बारेमा केन्दित रहेका छन् । माथि विवरण दिइएका लेखहरू मध्ये कृष्णचन्द्र सिंह प्रधानको 'निरङ्कुशताविरुद्धको प्रजातान्त्रिक आन्दोलनमा साहित्यको भूमिका', शीर्षकको लेखमा नेपाल एकीकरण देखि प्रजातन्त्रको प्राप्तिसम्म स्रष्टाले निरङ्कुशताका विरुद्धमा उठाएका आवाजको चर्चा गरिएको छ ।

यसैगरी राजेश्वर देवकोटाको '२००७ सालको दशक नेपाली साहित्यको स्वर्णयुग', शीर्षकको विशेष लेखमा नेपाली साहित्यलाई २००७ सालको केन्द्रीयतामा हेरिएको छ ।

उनले नेपाली साहित्यलाई सात साल पूर्व र सातसालको सेरोफेरोमा विभाजन गरेर यसको तुलनात्मक मूल्याङ्कन गर्ने काम गरेका छन् भने गणेशबहादुर प्रसाईंको '२००७ सालको क्रान्ति र साहित्यमा त्यसको प्रभाव', शीर्षकको लेखमा प्रजातन्त्रको प्राप्तिका लागि गरिएको क्रान्तिले स्रष्टाका विचारलाई कसरी प्रभावित पारेको छ भन्ने कुरा प्रस्तुत गरेका छन् । यसैगरी तुलसी भट्टराईको 'प्रजातन्त्र स्थापनामा साहित्यिक योगदान', शीर्षकको लेखमा प्रजातन्त्र प्राप्तिका लागि साहित्यले खेलेको भूमिकाको चर्चा गरिएको छ । यस लेखमा साहित्यलाई शासन सत्ता, मानवता, साहित्यकारको चेतना, तात्कालीन परिवेश, निरङ्कुशताले साहित्यमा पार्ने प्रभाव आदिका बारेमा जानकारी दिइ साहित्यिक आन्दोलनका बारेमा समीक्षा गर्नुका साथै साहित्यिक आन्दोलनले प्रजातन्त्रको स्थापनाका लागि पुऱ्याएको सहयोगको चर्चा गरिएको छ । दधिराज सुवेदीको 'नेपाली साहित्यमा सातसाले क्रान्तिको प्रभाव', शीर्षकको लेखमा भने सातसालको क्रान्तिले नेपाली साहित्यिक चेतनामा पारेको प्रभावको प्रस्तुति रहेको छ ।

यसैगरी विविध शीर्षक अन्तर्गत प्रकाशित चैतन्य प्रधानको 'प्रजातन्त्र र चैत्र ३ गते' शीर्षकको लेखमा २०४६ साल चैत ३ गते साहित्यकारहरूले पञ्चायती व्यवस्थाको विरोधमा गरेको आन्दोलन र साहित्य सिर्जनामा अभिव्यक्त भएको विद्रोही चेतनाको चर्चा गरेका छन् ।

यसरी **समकालीन साहित्य** ले विशेष लेख प्रकाशित गरी साहित्य र राजनीतिलाई एकै स्थानमा जोडेर प्रस्तुत गर्ने काम गरेको छ । साहित्यका साथमा प्रजातन्त्र र समाजका विविध घटनालाई महफ्व दिएर त्यससँग सम्बन्धित सामग्रीको प्रकाशन गर्नु यस पत्रिकाको विशिष्टता हो ।

### ४.२.५ समकालीन साहित्य (३१-४०) का चिन्तन / मन्थन शीर्षकका सामग्रीको समीक्षा

**समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) मा चिन्तन मन्थन शीर्षकभित्र केही रचनाहरू प्रकाशित भएका छन् । यस शीर्षकभित्र प्रकाशित भएका रचनाकार र रचनाहरूमा अनुप बरालको 'ब्रेख्त एपिक थिएटर र हाम्रो रङ्गमञ्च', (पूर्णाङ्क ३९) उदय खनालको 'जीवनको रस', (पूर्णाङ्क ३८), गोविन्द भट्टराईको 'झापाले झङ्कृत हुँदोछ लीलामय मन' (पूर्णाङ्क ३८), तीर्थराज तुलाधरको 'तथ्यको तानाशाही' (पूर्णाङ्क ३९), बालकृष्ण पोखरेलको 'मोती जयन्ती मनाउँन नयाँ बजार जाँदाको कुरा' (पूर्णाङ्क ३२), र विष्णु प्रभातको 'कल्पना, यथार्थ र आदर्श' (पूर्णाङ्क ३२) रहेका छन् ।

माथि प्रस्तुत गरिएका रचनाहरूमा मूल रूपमा लेखकका विचार तथा चिन्तन नै प्रमुख रूपमा प्रस्तुत भएका छन् । यी रचनामा प्रस्तुत भएको लेखकको विचारलाई हेर्दा पूर्णाङ्क ३२ मा प्रकाशित विष्णु प्रभातको कल्पना, यथार्थ र आदर्श शीर्षकको रचनामा वैयक्तिक दर्शन प्रस्तुत गरिएको छ । कल्पना, यथार्थ र आदर्शका बिचको सम्बन्धको चर्चा गरी दार्शनिक रूपमा लेखकले आफ्नो वैयक्तिक विचार प्रस्तुत गरेका छन् । कल्पना, यथार्थ र आदर्शका बिचको सम्बन्धलाई लेखकले यसरी अर्थ्याएका छन्-

> *'हामी कल्पना र यथार्थको पार्थक्यमा होइन, आदर्शको नाममा जीवन बाहिर होइन, कल्पनिक, यथार्थ र आदर्शको सङ्गतिमा सत्यलाई तथ्यको धरतलमा जीवनभित्र अपनाउनु पर्दछ । आफ्नो चेतना व्यवहारलाई भ्रान्तिको साँध बनाउनु हुँदैन ।* [८८]

यसैगरी यसै अङ्कमा प्रकाशित बालकृष्ण पोखरेलको 'मोती जयन्ती मनाउन नयाँ बजार जाँदाको कुरा'मा लेखक स्वयंले भोगेको र देखेको घटनालाई प्रस्तुत गरेका छन् । यस रचनामा २०५५ सालको मोती जयन्तीको अवसरमा लेखनाथ साहित्य सदनमा जम्मा भएका साहित्यनुरागीहरूको सङ्ख्या देखेर लेखकले अनुभूति गरेको कुरा र साहित्यप्रति मानिसको रुचि घटेको कुरामा आफ्नो व्यक्तिगत विचार प्रस्तुत गरेका छन् । यसैगरी पूर्णाङ्क ३९ मा प्रकाशित उदय खनालको 'जीवनको रस' शीर्षकमा आस्थालाई जीवनको सञ्चालनको प्रमुख रस मानिएको छ र लेखको चिन्तन यसमा नै केन्द्रित रहेको छ । यसै गरी पूणाङ्क ३९ मा प्रकाशित तीर्थराज तुलाधरको 'तथ्यको तानाशाही' शीर्षकमा चर्चित उपन्यासकार डायमन शमशेर र उनको सेतो बाघ उपन्यासका बारेमा लेखकले आफ्नो दृष्टिकोण प्रस्तुत गरेका छन् । यसैगरी अनुप बरालको 'ब्रेख्तको एपिक थिएटर र हाम्रो रङ्गमञ्च' शीर्षकमा ब्रेख्तको महाकाव्यात्मक रङ्गमञ्च र नेपाली रङ्गमञ्चको विकासको गति र स्तरका बारेमा स्वतन्त्र विचार प्रस्तुत गरेका छन् । **समकालीन साहित्य** पूर्णाङ्क ३८ मा प्रकाशित गोविन्द भट्टराईको 'झापाले झङ्कृत हुँदो छ लीलामय मन' शीर्षकमा झापामा हुने साहित्यिक गतिविधि र त्यसप्रति रहेको लेखकको रुचि तथा सहभागिताको चर्चा गरिएको छ ।

यसरी **समकालीन साहित्य**ले चिन्तन मन्थन शीर्षकमा स्रष्टाका विचारको सम्मान गरी त्यस्ता रचनालाई स्थान दिएर पत्रिकाको गरिमाका साथै साहित्यको स्तरलाई नै माथि उठाउन सहयोग गरेको छ ।

---

[८८] **समकालीन साहित्य** पूर्णाङ्क ३२, पृ. १२८ ।

### ४.२.६ समकालीन साहित्य (३१-४०) का कथाको कथा शीर्षकका सामग्रीको समीक्षा

**समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) मा कथाको कथा शीर्षकमा जम्मा दुई ओटा रचना प्रकाशित भएका छन् । कथाको कथा शीर्षकमा कथाकारले आफ्नो कथाको सन्दर्भ तथा रचना गर्भका बारेमा प्रकाश पारी साहित्यिक रचना सिर्जनाको रहस्य खोलेका हुन्छन् । **समकालीन साहित्य** पूर्णाङ्क ३४ मा प्रकाशित परशु प्रधानको 'टोकियोमा सानो बुद्ध' कथाको रचनागर्भ प्रस्तुत गरिएको छ । यस कथाको कथाका रूपमा कथाकार जापान जाँदा र त्यहाँ रहँदा भेटिएको नेपाली केटो पाल्देन दाइको जीवन यथार्थमा आधारित भएर टोकियोमा सानो बुद्ध कथाको रचना गरेको खुलासा गरेका छन् । ऊ कामका लागि नभएर जापानी युवतीलाई यौन सन्तुष्टि दिन पुगेको कुरा यसरी स्पष्ट पारिएको छ-

> *'यौटी जापानिज केटीले मलाई ल्याएकी । ऊ बाहिर काम गर्छे । म दिनभरि घर बस्छु । उसले मलाई कुनै काम गर्न दिन्न । म खालि उसको इच्छा पुरा गर्छु । उसका आवश्यक सबै मागहरू पुरा गर्छु । खास अरु केही माम छैन । अरुहरूले यसलाई कसरी बुझ्े मलाई थाहा भएन । मैलेचाहिँ एउटी जापानिज युवतिले आफ्नो यौन सन्तुष्टिका लागि पाल्देनलाई ल्याएकी र महङ्गो जापानी खाना खुवाएर पालेकी रहिछे भन्ने बुझेँ ।*[८१]

यसैगरी पूर्णाङ्क ३५ मा प्रकाशित मधुवन पौडेलको *मेरो कथा यात्रा :मेरा कथाहरू* शीर्षकमा छापिएको रचनाले कथाकार मधुवन पौडेलको कथायात्रा तथा कथाको रचनागर्भका बारेमा स्पष्ट पारेको छ । यसरी **समकालीन साहित्य** (३१-४०) ले कथाको कथा शीर्षकमा कथाकारका नवीन कथाकृतिका बारेमा रहेका रहस्यलाई प्रस्तुत गरी पाठकलाई कथाको सन्दर्भ बोधका निम्ति निकै महफ्वपूर्ण काम गरेको छ । यसरी **समकालीन साहित्य** (३१-४०) ले कथाको कथा शीर्षकमा कथाकारका नवीन कथाकृतिका बारेमा रहेका रहस्यलाई प्रस्तुत गरी पाठकलाई कथाको सन्दर्भ बोधका निम्ति निकै महफ्वपूर्ण काम गरेको छ ।

### ४.२.७ समकालीन साहित्य (३१-४०) का सर्वेक्षण शीर्षकका सामग्रीको समीक्षा

सर्वेक्षणले साहित्यिक विधाको इतिहास तथा स्वरूपलाई प्रस्तुत गर्ने भएकाले यसलाई ऐतिहासिक समालोचना अन्तर्गत राख्न सकिन्छ । **समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) मा सर्वेक्षण शीर्षकमा प्रकाशित भएका रचनाकार र रचनाहरूमा प्रमोध प्रधानको

---

[८१] **समकालीन साहित्य** पूर्णाङ्क ३४, पृ.४० ।

'नेपाली बालकथाकार र बालकथाहरू', सुनील पोखरेलको 'नेपाली सडक नाटक', मनुजबाबु मिश्रको 'बिसौँ शताब्दी : कलाको कि अकलाको' र तुलसी भट्टराईको 'साहित्यिक पत्रकारिता : चुनौती र सम्भावना' रहेका छन् ।

यी सर्वेक्षणात्मक समालोचनाहरूमा प्रमोध प्रधानको नेपाली 'बालकथा र बाल कथाकारहरू' शीर्षकमा प्रकाशित सर्वेक्षणले बालकथाको परिचय, बालकथाका तत्त्व र नेपाली बाल कथाको विकासको थालनी तथा बालबालिकाका लागि कथा लेख्ने बालकथाकारहरूको सङ्क्षिप्त जानकारी प्रस्तुत गरेका छन् । साथै केही बालकथा सङ्ग्रहको परिचय र विषयवस्तुको चर्चा पनि गरिएको छ । यो सर्वेक्षण बालकथाको इतिहास निर्माणको लागि निकै महफ्वपूर्ण सामग्रीका रूपमा रहेको छ । यस्तै **समकालीन साहित्य** पूर्णाङ्क ३७ मा प्रस्तुति शीर्षकमा प्रकाशित मनुजबाबु मिश्रको 'बिसौँ शताब्दी कला कि अकलाको' शीर्षकका पूर्वीय पाश्चात्य साहित्य जगतमा चलेका साहित्यिक मान्यताको समीक्षा प्रस्तुत गरेका छन् । पश्चिमी साहित्य निराशा जनक रहेको कुरालाई यस समीक्षाले स्पष्ट पार्न खोजेको छ । यसैगरी पूर्णाङ्क ३८ मा प्रकाशित तुलसी भट्टराईको 'साहित्यिक पत्रकारिता : चुनौती र सम्भावना' शीर्षकमा नेपाली साहित्य मुद्रण र पत्रपत्रिकाको सम्बन्धलाई देखाई साहित्यिक पत्रकारिताका चुनौती, भावी सम्भावनाहरूलाई ऐतिहासिक रूपमा प्रस्तुत गरिएको छ । साहित्यिक पत्रिकाका बारेमा गरिएको यस सर्वेक्षणले नेपाली साहित्य र पत्रिका बिचको सम्बन्धलाई निकै गम्भीर रूपमा देखाएको छ । साथै साहित्यिक पत्रकारितालाई पेसा बनाउने पत्रकारको यथार्थ अवस्थालाई पनि यस सर्वेक्षणले समेटेको छ र साहित्यिक पत्रकारिताका बारेमा यस्तो निष्कर्ष निकालेको छ -

> *'साहित्यिक पत्रकारिता अतीतदेखि वर्तमानसम्म एकै प्रकारको समस्याबाट जेलिँदै गुज्रँदै आएको छ । समस्या, सुझाव, नीति, अवधारणा, अवस्था, व्यवस्था, चिन्ता चासो र सरोकार एउटै प्रकारको छ । यस क्षेत्रले नितान्त एक्लो पक्षका रूपमा सङ्घर्ष गर्दै आएको छ । साहित्यिक पत्रकारिताका चुनौती र सम्भावनाले यस आलेखका विभिन्न शीर्षकहरूमा चर्चा भइसकेको छ । वास्तवमा साहित्यिक पत्रकारिता भनेकै चुनौतीपूर्ण क्षेत्र हो । यसमा लाग्नेले सधैं चुनौतीको सामना गर्नु पर्छ चुनौतीबाट नआत्तिई यस क्षेत्रको विकासमा निरन्तरता दिने हो भने राष्ट्र र समाजलाई सही दिशा दिन र जनतामा संस्कारयुक्त चेतना भर्न सक्ने सम्भावनाहरू पनि साहित्यिक पत्रकारिताभित्र रहेका छन् ।'*[१०]

[१०] **समकालीन साहित्य** पूर्णाङ्क ३८, पृ. १२७-१२८ ।

यसैगरी सुनील पोखरेलको 'नेपाली सडक नाटक' शीर्षकमा प्रकाशित सर्वेक्षणले नेपाली रङ्गमञ्चको सामान्य परिचय, नेपाली सडक नाटकको आरम्भ र विकास, सडक नाटक र यसको उपयोगिता, सडक नाटक र अन्य क्षेत्रसँगको सम्बन्ध र सडक नाटकका समस्या आदिका बारेमा प्रकास पारेको छ र सडक नाटकलाई साहित्यिक विधा तथा ऐतिहासिक विकास अवस्थाका बारेमा स्पष्ट पार्ने काम गरेको छ । यस सर्वेक्षणले सडक नाटकको विशाल चित्र प्रस्तुत गरेको छ ।

यसरी **समकालीन साहित्य**ले सर्वेक्षण शीर्षकका साहित्यिक विधाको सर्वेक्षण गरी पत्रिका तथा साहित्यको विधागत स्तर र उन्नतिमा निकै ठूलो योगदान गर्न पुगेको छ । यो **समकालीन साहित्य** पत्रिकाको सबैभन्दा बलियो पक्ष हो ।

**समकालीन साहित्य** पत्रिकामा प्रकाशित समालोचनामा विषयवस्तुको व्यापकता र शैलीगत नवीनता रहेको छ । नेपाली साहित्यका कविता, निबन्ध, हास्यव्यङ्ग्य, यात्रासंस्मरण, आदि विधासँग सम्बन्धित समालोचनाहरू यस पत्रिकामा प्रकाशित भएका छन् । काव्य र कविता विषयक समालोचना, कथाविषयक समालोचना, नाटक विषयक समालोचना आदि विधामा भएका समालोचनाले यस पत्रिकाको समालोचना क्षेत्रलाई व्यापक बनाएको छ । यसका साथै साहित्यकारका जीवनी र व्यक्तित्व सम्बन्धी खोजमूलक सामग्री पनि यस पत्रिकामा प्रकाशित भएका छन् । सैद्धान्तिक चिन्तन र सिद्धान्तको सापेक्षतामा कृतिको अध्ययन गरिएको सामग्रीले समालोचनाको फाँट विस्तारित भएको छ ।

**समकालीन साहित्य**का समालोचनाहरू मूल रूपमा कृतिपरक अध्ययनमा नै केन्द्रित भएका छन् । कृतिपरक अध्ययन गर्ने सिलसिलामा प्रभावपरक समालोचना देखि समालोचनाका क्षेत्रमा नवीन पद्धतिका रूपमा आएको शैली वैज्ञानिक अध्ययन परम्पराको पद्धति अपनाइएको छ तर प्रभावपरक समालोचनाको आधिक्य रहेको छ । कृतिको अध्ययन गर्दा सबल र दुर्बल दुबै पक्षमा समान दृष्टिकोण राखी तर्कसम्मत प्रमाणका आधारमा कृतिको विश्लेषण गर्नु समालोचनाको धर्म हो तर पनि यस पत्रिकामा प्रकाशित अधिकांश समालोचनामा कृतिको गुणपक्षमा जोड दिइएको छ । विशेष गरी नयाँ पुस्ताका समालोचकहरूले कृतिको कमजोरी पक्षतर्फ दृष्टि पुऱ्याउन नसकेको कुरा स्पष्ट भएको छ ।

यसरी हेर्दा **समकालीन साहित्य** पत्रिकामा जति पनि समालोचना सामग्रीहरू प्रकाशित भएका छन् । ती सामग्रीहरूले एकातिर कृतिको मर्म बुझ्न खोज्ने पाठकहरूलाई पाठ्य सामग्रीको काम गरेका छन् भने कृति वा रचनाका सापेक्षतामा स्थापित प्रतिभाका प्रवृत्तिहरू केलाएका सामग्रीहरूले सिङ्गो नेपाली साहित्यको युगीन प्रवृत्तिलाई ठम्याउने

कुरामा समेत सहयोग पुगेको छ । त्यसैले आधुनिक समालोचनाको क्षेत्रमा एउटा पत्रिकाले पुऱ्याउन सक्ने योगदान **समकालीन साहित्य** पत्रिकाले पुऱ्याउँदै आएको छ ।

### ४.२.८ समकालीन साहित्य (३१-४०) का नाटक तथा एकाङ्कीको विश्लेषण

साहित्यका श्रव्य र दृश्य गरी दुई भेद रहेका छन् । त्यस मध्ये नाटक दृश्य विधा हो । नाटक साहित्यको दृश्य विधा भएकोले रङ्गमञ्चीय शिल्प र अभिनय कला यसका महफ्वपूर्ण पक्ष हुन् । नाटकमा नाटककारले रचना गरेका पात्रहरूले अभिनय गर्ने र दर्शकले अभिनयका माध्यमबाट भावको आस्वादन गर्ने हुनाले यसको स्वरूप त्रिआयमिक हुन्छ । नाटकको सिर्जना गर्नलाई निश्चित कथ्यको आवश्यकता पर्दछ । त्यो कथ्यलाई पात्रहरूको संवादका माध्यमबाट श्रृङ्खलाबद्ध रूपमा निश्चित आयाममा सूत्रबद्ध गरेपछि नाटक वा एकाङ्कीको स्वरूप तयार भएको हुन्छ । त्यसैले आख्यानात्मक कथ्यको अनुकार्य प्रधान संवादात्मक रचनालाई नै नाटक भनिन्छ ।[९१] संरचना तथा आयामका आधारमा नाटकलाई पूर्णाङ्की र एकाङ्की गरी दुई भागमा विभाजन गरिएको छ । कतिपय समालोचकहरूले नाटकभन्दा भिन्न र स्वतन्त्र विधाको रूपमा एकाङ्कीको चर्चा गरेका छन्, तर कतिपयले नाटक र एकाङ्कीमा धेरै कुरा साझा हुने भएकाले यी दुबैलाई एउटै विधाका उपभेद मानेका छन् ।

नेपाली साहित्यमा नाटक तथा एकाङ्कीको विकासमा पत्र पत्रिकाको प्रकाशनले सहयोगी भूमिका खेल्दै आएको छ । साहित्यका कविता, कथा, लेख, निबन्ध, समालोचना जस्ताविधाले जुन रूपमा पत्र पत्रिकामा स्थान पाएका छन् त्यस रूपमा नाटक र एकाङ्कीले स्थान पाउन सकेका छैनन् । तर पनि यी विधाको विकासमा पत्र पत्रिकाले पुऱ्याएको योगदानलाई अस्वीकार गर्न भने मिल्दैन । आयामका दृष्टिले नाटकको तुलनामा एकाङ्की छोटो हुने भएकाले पत्र पत्रिकाहरूमा पनि नाटकका तुलनामा एकाङ्की बढी प्रकाशित भएका छन् ।

**समकालीन साहित्य** पत्रिकाले पनि नाटक प्रकाशित गरेर नाट्यविधाका क्षेत्रमा महफ्वपूर्ण भूमिका खेलेको छ । **समकालीन साहित्य** पत्रिकामा कथा, समालोचना, लेख, निबन्ध आदिले जुन स्थान पाएका छन् नाटकले त्यो स्थान प्राप्त गर्न सकेको छैन । अन्य विधाका तुलनामा यसको आयाम व्यापक हुने भएकाले यसलाई नियमित प्रकाशन गर्नु त्यति सजिलो भने छैन । **समकालीन साहित्य**, पूर्णाङ्क (३१-४०) सम्मका अङ्कमा जे जति नाटकहरू

---

[ङ्ग] दयाराम श्रेष्ठ र महेहन राज शर्मा पूर्ववत् पृ. १३९ ।

प्रकाशित भएका छन् त्यस आधारमा हेर्दा नाट्यविधामा **समकालीन साहित्य**ले पुऱ्याएको योगदानलाई महफ्वपूर्ण मान्नु पर्छ ।

**समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) सम्मका जम्मा १० अङ्कमा ११ जना नाटककारका ११ नाटक प्रकाशित भएका छन् । आयामका आधारमा नाटकलाई पूर्णाङ्की र एकाङ्की गरी दुई भागमा विभाजन गर्न सकिन्छ । यस पत्रिकामा एक अङ्क भएका धेरै र एक भन्दा बढी अङ्क भएका केही नाटकहरूलाई स्थान दिइएको छ । **समकालीन साहित्य**मा प्रकाशित नाटकहरूमा उदय खनालको बिहानी आउन सक्छ, खगेन्द्र सङग्रौलाको ठेडी अभियान, गणेश गौतमको युगारम्भ, गोपाल पराजुलीको आवाजको सिमाना, गोविन्दसिंह रावतको हजुर बाबुको बिहे, थानेश्वर देवकोटा मृत्यु उत्सव, बालकृष्ण समको प्रेम, रमेश विकलको मान्छे वैभव र मृत्यु, राजु प्रधान 'हिमांशु'को मुखुण्डो लगाएको मन, शिव अधिकारीको फर्स्ट लभ पाइपलाइन, र सरुभक्तको इतर मानव इतर रहेका छन् ।

यस पत्रिकामा प्रकाशित नाटकलाई हेर्दा पत्रिकाले नेपाली नाटकको क्षेत्रमा ख्याति प्राप्त नाटककार बालकृष्ण समको नाटकलाई समेटेको छ भने रमेश विकल, शिव अधिकारी गोपाल पराजुली, सरुभक्त खगेन्द्र सङ्ग्रौला जस्ता नाटककारहरूका नाटकहरू प्रकाशित गरी नेपाली नाटकको क्षेत्रलाई फराकिलो रूपमा समेटको छ ।

विषयवस्तुका हिसाबले यस पत्रिकामा प्रकाशित नाटकहरूले समान खालका विषयलाई विशेष जोड दिएका छन् । समकालीन सन्दर्भहरूलाई मूल विषय बनाएका नाटकहरू यस पत्रिकामा समेटिएका छन् । यस पत्रिकामा प्रकाशित नाटकले समाजका विकृति, विसङ्गति र सामाजिक समस्याको उद्घाटनमा विशेष जोड दिएका छन् । वर्तमान मानिसले भोगेका समस्या र तिनको समाधान खोज्ने आग्रह **समकालीन साहित्य** पत्रिकामा प्रकाशित भएका नाटकहरूमा पाउन सकिन्छ । सामाजिक समस्यालाई मूल विषय बनाएका नाटकहरूमा ठेडी अभियान, युगारम्भ, हजुर बाबुको बिहे, मान्छे वैभव र मृत्यु, मृत्यु उत्सव, पर्दछन् भने प्रेम र यौनलाई विषय बनाएर रचना गरिएका नाटकमा प्रेम, मुखुण्डो लगाएको मन, फर्स्ट लभ पाइप लाइन, पर्दछन् । सरुभक्तको इतर मानव इतर प्रयोगमूलक नाटक हो । यस नाटमा समाज राजनीति र मान्छेबाट दिक्क भएर रङ्गमञ्चमा पशुको मुखुण्डो लागाएका व्यक्तिहरूले पशुबाट प्रतीकात्मक रूपमा मानवीय व्यवहारको अभिनय प्रस्तुत गरेका छन् । बाघ, स्याल, हात्ती, खरायो आदि पशुको मुखुण्डो लगाई ती प्राणीबाट मानिसमा रहेका पशुप्रवृत्तिको चर्चा गरिएको छ भने उदय खनालको बिहानी आउन सक्छ नाटकले राष्ट्रिय पहिचान र सीमानालाई मूल विषय बनाएको छ । यस नाटकबाट राष्ट्रवादी

विचार प्रस्तुत गर्न खोजिएको छ । यस्तै खगेन्द्र सङ्ग्रौलाको ठेडी अभियान नाटकमा परिवर्तनका लागि सबै जुट्नु पर्ने र आफ्नो अधिकार सुरक्षित गर्नु पर्छ भन्ने विचारलाई मूल विषय बनाइएको छ ।

पात्रको प्रयोगका आधारमा **समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) मा प्रकाशित भएका नाटकहरूलाई हेर्दा विविधता र नवीनता प्राप्त हुन्छ । यी अङ्कमा प्रकाशित भएका नाटकहरूमा पात्र चयन गर्दा नाटकको विषय अनुरूप पात्रको चयन गरिएको भए पनि पात्रको नाम र सङ्ख्याका क्रममा भने केही नवीनता प्रस्तुत गरिएको छ । शरुभक्तको इतर मानव इतर नाटक पात्रको नाम नदिई पात्रलाई बुझाउनु सङ्ख्या (१,२,३,४,५...आदि) को प्रयोग गरिएको छ । पात्र विधानगत नवीनतालाई यस नाटकले समेटेको छ । यस्तै उदय खनालको बिहानी आउन सक्छ नाटकका पनि पात्र विधानमा केही नवीनता अपनाइएको छ । यस नाटकमा सीमाना, क्षेत्र, अनुशासन, गौरव, सनतुलन, चेतना, सहयोग, बन्धन जस्ता पात्रको प्रयोग गरिएको छ भने ठेडी अभियान नाटकका आमसभामा आफ्नो आवाज बुलन्द गर्न लागेका व्यक्ति, कनककान्त, ठेडीवाल, शङ्खवाल, घण्टावाल जस्ता पात्रको प्रयोग गरिएको छ । यसैगरी शिव अधिकारीको फर्स्ट लभ पाइप लाइन नाटकमा पात्र चयनमा केही नवीनता भेटिन्छ । यस नाटकमा पात्रको नामलाई भन्दा पनि उमेर र अवस्थालाई बढी महफ्व दिइएको छ । यस नाटकमा यस आधारमा आएको पात्रहरूमा प्रौढ १, प्रौढ २, प्रौढ ३, प्रौढ ४, सोम १, सोम २, सोम ३ र तन्नेरी बाबु, आमा, छोरी आएका छन् । यो पनि नाटकका पात्र चयन गर्ने केही नवीन प्रवृत्ति हो । यस्तै गोपाल पराजुलीको 'आवाजको सीमाना' नाटकमा पनि पात्र प्रयोगमा केही नवीनता रहेको छ । उनले धेरै पात्रलाई चिनाउन युवक १, युवक २, युवक ३, युवक ४ युवती १ को प्रयोग गरेका छन् । यसैगरी बालकृष्ण समले प्रेम नाटकका र गणेश गौतमले युगारम्भ नाटकमा स्वाभाविक पात्रको चयन गरेका छन् ।

यसैगरी **समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) मा प्रकाशित नाटकहरूको संवाद योजना पनि केही नवीन खालको रहेको छ । नाटकका विषयको प्रतिपादनका लागि छोटा र रोचक संवादहरू प्रस्तुत गरिएको छ । शरुभक्तको इतर मानव इतर नाटका पशु मुखुण्डो लगाएका पात्रहरूबाट मानवीय तथा राजनीतिक कमजोरीका बारेमा यस्तो संवाद प्रस्तुत गरिएको छ-

*७ हामी कहाँ जाँदै छौँ !*

*६ प्रजातान्त्रिक अभ्यासमा जाँदै छौं ।*

*७ कहिले सम्म ?*

*६ चलेसम्म !*

*७ आ.... थकाइ लागि सक्यो ।*

*६ हिम्मत नहार्नु होस् न ।*

यसैगरी गोपाल पराजुलीको **आवाजको सीमाना** नाटकमा पनि संवादको प्रयोग केही नवीन रूपमा प्रस्तुत गरिएको छ-

*युवती १- यहाँ जे छ त्यो तिम्रो हो ।*

*युवक ५- यहाँ के छ ?*

*युवती १- मेरो उपस्थिति ।*

*युवक ५- मेरो हो ।*

*युवती १- यहाँ मेरो उपस्थिति मात्र छ ?*

*युवक ५- छैन ।*

*युवती १- अरु के छ त ?*

यी नाटकहरू बाहेक अन्य नाटकहरूमा भने स्वाभाविक संवादको प्रयोग गरिएको छ । विषय र पात्र अनुकूल संवाद प्रयोग गरी यस पत्रिकामा प्रकाशित भएका नाटकले नवीनताको साथै स्वाभाविकतालाई पनि देखाउन खोजेका छन् ।

समग्रमा **समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) मा प्रकाशित नाटकहरू भौगोलिक तथा सामाजिक सीमाको बन्धनबाट माथि उठ्न खोजेका छन् । नवीन मानवीय मूल्यको खोजी र सामाजिक परिवर्तनको चाहना यस पत्रिकामा प्रकाशित भएका नाटकहरूमा रहेको छ । नवीन मूल्यको खोजी गर्ने क्रममा **समकालीन साहित्य** पूर्णाङ्कमा प्रकाशित सरुभक्तको नाटक इतर मानव इतर र  प्रयोगधर्मी बन्न पुगेका छन् । विषयवस्तुगत, पात्रगत, स्थानगत र भाषागत, क्षेत्रमा प्रयोगशीलता पाइनु यी नाटकहरूको नवीन विशेषता हो ।

### ४.२.९ समकालीन साहित्य (३१-४०) मा प्रकाशित कुराकानी/अन्तर्वार्ताको विश्लेषण

सामान्य अर्थमा दुई वा दुई भन्दा बढी व्यक्तिहरूका बिचमा हुने अन्तर्क्रियात्मक प्रक्रियालाई अन्तर्वार्ता भनिन्छ । 'अन्तर्वार्ता' लाई कुराकानी, भेटवार्ता, संवाद, संवार्ता, भलाकुसारी, साक्षात्कार, वार्तालाप, निवार्ता प्रत्यक्षसंवाद, परिचर्चा, अन्तरसंवाद, अन्तर्यात्रा आदि शब्दहरूले चिनाइएको पाइन्छ । अन्तर्वार्ता विशेष गरी पत्रकारितासँग सम्बन्धित विषय हो । यसको थप सम्बन्ध अनुसन्धान र साहित्यसँग पनि गाँसिएको छ । पत्रकारितासँग अन्तर्वार्तालाई जोड्दा समाचार विवरणको सङ्कलन र समाचारको तयारीसँग सम्बन्धित कुराकानी भन्ने बोध हुन्छ । यसले समाचारलाई आकर्षक बनाउँन मद्दत गर्नुका साथै कुनै

विषय, व्यक्ति र घटनालाई स्पष्ट पार्ने काम गर्छ । समाचार मूल्यका कारणले पनि अन्तर्वार्ता महफ्वपूर्ण हुन्छ । व्यक्तिका विचार, भावना, दृष्टिकोण, अनुभव र व्यक्तित्वबोध अन्तर्वार्ताद्वारा नै गर्न सकिन्छ । पत्रकारितामा अन्तर्वार्ताका विषय विविध बन्न सक्दछन् । अन्तर्वार्ताको मूल छनोट भनेको व्यक्ति र घटना हो । समाजमा भिन्न भिन्न स्वभावका व्यक्तिहरू बस्तछन् भने घटनाको पनि विविधता रहन्छ । त्यसैले अन्तर्वार्ता कुनै घटना र विषयसँग सम्बन्धित विशिष्ट व्यक्तिहरूका बिचमा सम्पन्न हुन्छ ।[९२]

साहित्यका सन्दर्भमा अन्तर्वार्तालाई एक मिश्रित तर स्वतन्त्र विधाका रूपमा लिइन्छ । यसको सम्बन्ध निबन्ध विधासँग ज्यादै नजिक रहेको छ । निबन्ध विधाको विधागत विकास फ्रान्सेली निबन्धकार मिसेल दि मोन्तेनले आत्मप्रकाशनका सन्दर्भमा १६ औं शताब्दीको उत्तरार्द्धमा गरेका हुन् । यसलाई अङ्ग्रेजी साहित्यमा अगाडि बढाउने काम फ्रान्सिस बेकनले गरेका छन् । व्यक्ति-व्यक्ति बिचको कुराकानीलाई निजात्मक अनुभूतिले सजाउँदा निवार्ताको सिर्जना हुन पुग्छ । निवार्ता निबन्ध विधाको एक उपभेद हो । निवार्तामा संवाद वा कुराकानी अप्रत्यक्ष वा नैबन्धिक रूपमा प्रस्तुत हुने हुँदा यो पनि अप्रत्यक्ष अन्तर्वार्ताको स्वरूपमा नै समेटिन पुग्छ । त्यसैले साहित्यिक अन्तर्वार्ताको विकास निबन्ध विधाको विकासपछि भएको मानिन्छ । व्यक्तिको व्यक्तित्व, मनोभावना, विचार, धारणा स्वतन्त्र रूपले प्रकट गर्न पाइने वर्तमान वैज्ञानिक युगमा अन्तर्वार्ताले विस्तारित रूप ग्रहण गरेको छ ।

**समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) मा पाँच जना वार्ताकारले नेपाली साहित्यका चर्चित साहित्यिक व्यक्तित्वसँग गरेको अन्तरङ्ग कुराकानी प्रस्तुत गरेका छन् । वार्ताकार पुरुषोत्तम सुवेदीले कथाकार मनु ब्रजाकीसँग पूर्णाङ्क ३७ मा, दीपकमणि 'दाजुभाइ'ले गोविन्दबहादुर मल्ल 'गोठाले'सँग पूर्णाङ्क ३३ मा, ध्रुव सापकोटाले कथाकार परशु प्रधानसँग पूर्णाङ्क ३९ मा, युवराज नयाँघरेले कथाकार रमेश विकलसँग पूर्णाङ्क ३८ मा, र रोशन थापा 'नीरव'ले उपन्यासकार ध्रुवचन्द्र गौतमसँग पूर्णाङ्क ३७ मा अन्तरङ्ग कुराकानी गरेका छन् । समाकालीन साहित्य पूर्णाङ्क (३१-४०) मा प्रकाशित भएका सबै अन्तर्वार्ताहरू स्रष्टाका जीवनवृत्तमा आधारित रहेका छन् ।

अन्तर्वाता प्रस्तुतीशैलीका आधारमा प्रत्यक्ष संवादात्मक र अप्रत्यक्ष संवादात्मक (निवार्ता) गरी दुई प्रकारका हुन्छन् । **समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) मा प्रकाशित भएका सबै अन्तर्वार्ताहरूमा प्रत्यक्ष संवादात्मक शैलीको प्रयोग भएको छ । स्रष्टासँग प्रत्यक्ष रूपमा

[९२] चूडामणि उपाध्याय, **नेपली अन्तर्वार्ता साहित्यको सर्वेक्षणात्मक अध्ययन,** (त्रि.वि. स्नातकोत्तर अप्रकाशित शोधपत्र २०६७) पृ. १३ ।

प्रश्नोत्तरात्मक विधिलाई अपनाइ उनीहरूको जीवन, साहित्य, समाज आदिप्रतिको दृष्टिकोण प्रस्तुत गर्ने प्रयास गरिएको छ । **समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) मा प्रकाशित भएका सबै अन्तर्वार्ताहरूलाई हेर्दा यी अन्तर्वार्तामा विशेष गरी यस प्रकारका प्रश्नहरूलाई प्राथमिकता दिइएको छ-

१ लेखन आरम्भ कहिले गर्नु भयो ?
२ साहित्य लेखनमा विषयवस्तुको छनोट कसरी गर्नु हुन्छ ?
३ साहित्य सिर्जना गर्नका लागि चाहिने आवश्यक कुरा के हुन् जस्तो लाग्छ ?
४ साहित्य के हो र किन लेखिन्छ ?
५ वर्तमान समयमा देखिने कथा प्रवृत्ति के कस्ता छन् ?
६ साहित्यकार आफ्नै दृष्टिकोणमा कस्तो देखिन्छ ?
७ लेखनका निम्ति अम्मल आवश्यक हो कि ?
८ वैयक्तिक जीवनको छाप साहित्यमा हुन्छ कि हुँदैन ?
९ साहित्येतिहासमा तपाइँ कहाँ पर्नु हुन्छ ?
१० रचनागर्भ पाठकलाई बताउनु उचित छ ?
११ कथाकारले कथालाई जीवन्त बनाउन के गर्नु पर्छ ?
१२ एकेडेमीप्रति तपाईंको के धारणा छ ?
१३ वर्तमानमा लेखक भएर बाँच्न कति सम्भव छ ?
१४ उमेरले स्रष्टाको सिर्जनाशीलतामा प्रभाव पार्छ ?
१५ तपाईंले लेखन आरम्भ गर्दा र वर्तमानमा आइ पुग्दा के फरक पाउनु भयो ?

यसरी हेर्दा **समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) मा प्रकाशित अन्तर्वार्ताहरूमा साहित्य, जीवनजगत्, साहित्यिक विकासक्रम, स्रष्टाको सिर्जना कौशल, साहित्येतिहास आदिका बारेमा जान्ने उत्सुकताका साथ विविन्न विधासँग सम्बन्धित स्वनामधन्य स्रष्टाका अन्तर्वाता प्रकाशित गरिएको छ । साहित्यकारको जीवनजगत, साहित्य, एकेडेमी साहित्येतिहास आदिको बारेमा दृष्टिकोण बुझ्नका लागि यी अन्तर्वार्ताहरू निकै उपयोगी रहेका छन् । अन्तर्वार्ता प्रकाशन गरेर स्रष्टाको साहित्यिक परिवेश र साहित्यको बारेमा जानकारी दिन **समकालीन साहित्य** पूर्णाङ्क (३१-४१)ले नियमित रूपमा नभए पनि जुन रूपमा  अन्तर्वार्तालाई स्थान दिएका छन् यस आधारमा यस पत्रिकाले नेपाली अन्तर्वाता साहित्यका क्षेत्रका पनि विशेष योगदान पुऱ्याउन सफल रहेको छ ।

### ४.२.१० समकालीन साहित्य (३१-४०) का स्मृतिमा रेखिएका छालहरूको विश्लेषण

**समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) सम्मका जम्मा दस अङ्कमा जम्मा एक जना (कृष्णचन्द्र सिंह प्रधान) लेखकका नौ वटा रचनाहरू प्रकाशित भएका छन् । समकालीन साहित्य पत्रिकाले पाठकलाई नयाँ स्वाद र भिन्न प्रकृतिका रचनाहरू पस्कने क्रममा यस्ता खाले रचनालाई स्थान दिएको छ । जीवनमा मानिसले के-कस्ता ठक्करहरू खान्छ, के-कस्ता सुख र दुःखका अनुभूतिहर प्राप्त गर्छ भन्ने कुरालाई स्मृतिमा रेखिएका छालहरू शीर्षकका रचनाले समेटेका छन् । **समकालीन साहित्य**का पूर्णाङ्क (३१-४०) मा प्रकाशित भएका यी रचनाहरूले लेखकले भोगेका र जीवनमा अविस्मरणीय रहेका घटनाहरूको विस्तृत विश्लेषण स्मृतिमा रेखिएका छालमा गरेका छन् ।

**समकालीन साहित्य** पूर्णाङ्क ३१ मा प्रकाशित भएको 'जीवनको सौन्दर्य शास्त्र : स्मृति र अनुभूति' मा लेखकले जीवनका मूल्यहरू र आन्दोलित मन तथा राज्यले देखाएको व्यवहारलाई प्रस्तुत गरेका छन् । यसमा कृष्णचन्द्रको जीवनप्रतिको दृष्टिकोण र क्रान्तिचेतनाको प्रस्तुति हरेको छ । जेलमा हुने सानतिना घटनाहरूलाई पनि यस रचनाले समेटेको छ जुन घटना लेखकका स्मृतिमा कोरिएर रहेको छ । यसैगरी पूर्णाङ्क ३२ मा प्रकाशित रचना 'वर्धामा १८ महिना : चर्खाको पीडा, विनोवाको संगत र नेपालमा प्रजातन्त्र' मा लेखकले आफूले वर्धामा भोगेका घटनाहरूको संस्मरणात्मक बयान गरेका छन् । प्रस्तुत रचनामा विनोवाको व्यक्तित्व र नेपालमा २००७ समालमा भएको प्रजातान्त्रिक परिवर्तनलाई पनि विषयका रूपमा समेटिएको छ ।

**समकालीन साहित्य** पूर्णाङ्क ३३ मा प्रकाशित 'दार्जिलिङमा गणेशमान : आकस्मिक यात्रा र भेट' शीर्षकमा गणेशमान सिंहको व्यक्तित्वको चर्चा, उनको मृत्युले देशमा छाएको निराशालाई प्रस्तुत गर्दै व्यक्ति जीवित छँदा र मरिसकेपछि गर्ने मानिसहरूको फरक व्यवहारलाई प्रस्तुत गरी गणेशमानसँगको आकस्मिक भेटलाई स्मृतिमा रहेको घटनाका रूपमा प्रस्तुत गरिएको छ । गणेशमानसँग लेखकको अनजानमै भएको पहिलो भेट र उनीप्रतिको लेखकीय दृष्टिकोण प्रस्तुत रचनामा कलात्मक रूपमा प्रस्तुत भएको छ । लेखकको गणेशमानप्रतिको धारणा यसरी अभिव्यक्त भएको छ -

> *'विगतका घटना, अनुभवहरू सरकारको अन्याय, नेपालीको दुर्गति, देशको अवस्था अनि सबैबारेको व्यङ्ग्यपूर्ण कथन तथा ठीक त्यस्तै स्वर, तिमीहरूकै अनुभूति गरेर भनिरहेका थिए । अत्यन्तै रोचकशैली ठट्यौली भाषा र प्रभावकारी पारामा । बेलुका बाहिर घुम्न निस्कन्थ्यौँ । हिँदाहिँदै पनि बाटोभरि न उनको करा थामिन्थ्यो न हाम्रो*

*हाँसो रोकिन्थ्यो न समय बितेको याद हुन्थ्यो न बाटो हिँडेको पत्तो हुन्थ्यो जति दिन बसे हँसाइरहे उनको तीन दिनको बसाइ छिन भरको लाग्यो ।'*[९३]

यसमा गणेशमान सिंह निकै मिलनसार र हँसिला व्यक्ति भएको कुरा व्यक्त गरिएको छ । उनको सरल र सहज व्यक्तित्वप्रति लेखकको ज्यादै मोह रहेको छ । यस रचनामा गणेशमान जस्तो युगपुरुषसँग लेखकको आकस्मिक भएको भेट उनको स्मृतिमा स्मरणीय बिम्ब बनेर रहेको कुरा व्यक्त भएको छ ।

यसैगरी पूर्णाङ्क ३४ मा प्रकाशित 'राजनीति सेरोफेरो : सामाजिक सक्रियता र प्रगतिवादी प्रभाव'मा लेखकले आफ्नो राजनीतिक संम्लग्नता र सामाजिक कार्यमा लागेको तथा आफूमा विकसित भएको प्रगतिवादी प्रभावका बारेमा वर्णन गरेका छन् । एसियाली लेखक सम्मेलनमा नेपालको प्रतिनिधि भएको बोलम्बोमा विश्व शान्ति समेलन हुँदा चिलीका महाकवि पाब्लो नेरुदासँग भएको आकस्मिक भेट लेखकका स्मृतिमा कोरिएका छाल बनेर रहेका छन् । पाब्लो नेरुदासँग भेट हुँदाको अनुभूति यस्तो छ -

*'म टोलाएर उनको त्यो भव्य शरीर र दिव्य मुहारमा दृष्टिकेन्द्रित हुन्छु, सबभन्दा आकर्षिट भई मोहित हुन्छु उनको एक जोडा नशालु आँखा देखेर क्या मादकता छाएको मुखाकृति रहेछ ... हत्तपत्त उनको सामु अटोग्राफका लागि मेरो हातमा भएकै कागज अगाडि बढाइ दिन्छु, नेरुदा आफ्नो नामको सही अङ्कित गरेर मुस्काइ दिन्छन् मैले धन्यवाद भनें । उनीसँग साक्षात्कार भएको धेरै दिनसम्म मलाई ती आँखाहरूले लखेटिरहन्छन् ।'*[९४]

यसमा लेखकको मनमा नेरुदाको बिम्ब नमेटिने गरी सदासदाका लागि स्मृति चित्र बनेर रहेको छ ।

यस्तै पूर्णाङ्क ३६ मा प्रकाशित 'सृजनात्मक चेतना, अनर्थ अर्थ्याइ र साहासिकता'मा २०१७ सालमा नेपालमा भएको राजनीतिक परिवर्तनलाई भैचालोका रूपमा लिइएको र त्यसको आसपासमा भएका साहित्कि गतिविधिको स्मरण गरिएको छ । सङ्कटकालीन अवस्थामा क्रान्तिकारी पत्रिका प्रकाशन र व्यङ्ग्यात्मक लेख, निबन्ध प्रकाशन गर्ने आँट र साहस चहिने कुरालाई यस रचनाले स्पष्ट पार्न खोजेको छ भने पूर्णाङ्क ३७ मा प्रकाशित 'विचलति अवस्थाका तीता अनुभूति' शीर्षकमा प्रज्ञा परिषद्को सदस्य मनोनयन हुन

---

[९३] **समकालीन साहित्य** पूर्णाङ्क ३३, पृ. १२ ।

[९४] **समकालीन साहित्य** पूर्णाङ्क ३४, पृ. १४ ।

अस्वीकार गरेको र आफ्नो अस्वीकृति पछि विजय मल्ल पनि बञ्चित हुन पुगेको कुरा व्यक्त भएको छ । यो कुरालाई लेखकले यसरी प्रस्तुत गरेका छन् -

*'चुडानाथ भट्टराई सदस्य भइहाले । त्यसको लगत्तै पछि संरक्षक राजा महेन्द्रको स्वर्गवास भएकाले विजय र मेरो नाम सदस्यको लागि प्रस्तावित हुने अवसरबाटै वञ्चित भयौँ । यसरी सदस्यता गुमायौँ नत्र अहिले नै प्रज्ञा परिषद्मा फेरि मनोनित नभए पनि त्यस बेलाको नियमअनुसार आजीवन सदस्य भइसक्थेँ । मैले गर्दा सदस्यता गुमाउन परेको विजयबाट के म लाञ्छित हुनु परेन होला ? यस अपराध बोधले पछिसम्म मलाई लखेटिरह्यो ।'*[९५]

यसमा जीवनमा गरेको एउटा सानो भूल लेखकका स्मृतिमा पछिसम्म रहिरहेको कुरा अभिव्यक्त भएको छ । जुन कुरा स्मृति बिम्बको छालका रूपमा रहेको छ ।

यस्ते **समकालीन साहित्य** पूर्णाङ्क ३८ मा प्रकाशित 'छोरीको विहे र छिमेकी देश चीनको भ्रमण' मा छोरीको विहे गर्न आफूले पाएका पदकहरू बेचेको, राजा महेन्द्रको स्वर्गारोहणका कारणले विहे रोकिएको र आफ्नो चीन भ्रमणको प्रसङ्ग स्मरणीय बनेर आएको छ । यस्तै पूर्णाङ्क ३९मा प्रकाशित 'साझा प्रकाशनका अविस्मरणीय दिन, जापान यात्रा'मा साझा प्रकाशनमा जी.एम. हुँदाका अनुभवहरू र जापानको यात्राका केही स्मृतिहरू प्रस्तुत भएका छन् । **समकालीन साहित्य** पत्रिकाको पूर्णाङ्क ४० प्रजातन्त्र र साहित्य विशेषाङ्क भएकाले स्मृतिमा रेखिएका छालहरू प्रकाशित भएको छैन । मान्छेको जीवन सोचेको जस्तो हुँदैन भोगेको नै वास्तविक जीवन हो भन्ने कुरालाई स्मृतिमा रेखिएका छालहरूले स्पष्ट गर्ने काम गरेका छन् ।

**समकालीन साहित्य**ले चर्चित लेखकका जीवनमा घटेका विशेष तथा सानातिना घटनाले लेखकको मन तथा सिर्जनामा पारेको प्रभावलाई पाठकसमक्ष पुऱ्याउनका लागि स्मृतिमा रेखिएका छालहरू प्रकाशित गरी साहित्य र जीवनको सम्बन्धलाई जोड्नको निम्ति माहत्वपूर्ण भूमिका निर्वाह गरेको छ । समकालीन पूर्णाङ्क (३१-४०) सम्म एक जना स्रष्टाको अनुभूतिलाई निरन्तर रूपमा स्थान दिएर लेखक जीवनका केही महफ्वपूर्ण घटना पाठकसमक्ष पुऱ्याउन सफल रहेको छ । यो **समकालीन साहित्य** पत्रिकाले गरेको नवीन सुरुवात हो । यसको महफ्व विशेष रहेको छ ।

---

[९५] **समकालीन साहित्य** पूर्णाङ्क ३७, पृ.१८ ।

### ४.२.११ समकालीन साहित्य (३१-४०) का व्यक्ति र व्यक्तित्व शीर्षकका सामग्रीको समीक्षा

**समकालीन साहि**त्य पूर्णाङ्क (३१-४०) मा व्यक्ति र व्यक्तित्व शीर्षकका रचना मार्फत साहित्यकारहरूको व्यक्तित्वमाथि प्रकाश पार्ने कार्य गरेको छ । यस पत्रिकाको पूर्णाङ्क ३१ देखि ४० सम्ममा जम्मा दस जना लेखकका ११ वटा साहित्यिक व्यक्तित्वसँग सम्बन्धित सामग्री प्रकाशित भएका छन् । निकै चर्चित रहेका र सामान्य अवस्थामा साहित्यिक गतिविधिमा सम्लग्न रहको साहित्यिक व्यक्तित्वका विविध पक्षमाथि यी रचनाहरूले प्रकाश पारेका छन् । पूर्णाङ्क ३८ मा डिल्लीराम मिश्रले प्रस्तुत गरेको 'नेपाली समाजका सर्बप्रिय र सर्वप्रेरक व्यक्तित्व यदुनाथ खनाल' शीर्षक मा समालोचक यदुनाथ खनालको पारिवारिक पृष्ठभूमि, साहित्यिक सेवा, प्राध्यापन पेसा, सामाजिक संलग्नता, आदि व्यक्तित्वका विविध पाटाहरूका बारेमा स्पष्ट पारिएको छ । यस्तै पूर्णाङ्क ३१ मा तुलसी भट्टराईले प्रस्तुत गरेको 'कवि व्यथित : काव्य साधनाका अन्तर्यात्री' शीर्षकमा कवि व्यथितका जीवनका प्रमुख घटना र जटिलताहरूलाई बुँदागत रूपमा प्रस्तुत गर्दै उनको काव्य साधनाको यात्रलाई प्रस्तुत गरी कवि व्यथितका बारेमा प्रकाश पारिएको छ । यसैगरी यही पूर्णाङ्कमा महेश प्रसाइँले प्रस्तुत गरको 'तिलकप्रसाद कुनै नाम होइन' शीर्षकमा भाउपन्थीको सिर्जनात्मक तथा समालोचकीय व्यक्तित्वका बारेमा पनि चर्चा गरिएको छ ।

**समकालीन साहित्य** पूर्णाङ्क ३८ मा महेश प्रसाइँले प्रस्तुत गरेको 'तारानाथ शर्मा : पातलदेखि तपोभूमिसम्म' शीर्षकमा समालोचक तथा सर्जक तारानाथ शर्मालाई अन्य समालोचकभन्दा भिन्न प्रवृत्ति भएका समालोचकका रूपमा चिनाएका छन् । निवार्तात्मक रूपमा प्रस्तुत भएको यस रचनामा तारनाथ शर्माको समग्र व्यक्तित्वभन्दा पनि समालोचकीय व्यक्तित्वको प्रशंसा गरिएको छ । यसैगरी शिव रेग्मीको 'साहित्यकारका रूपमा गोपालदास श्रेष्ठ' पूर्णाङ्क ३४ मा प्रकाशित रचनामा गोपालदास श्रेष्ठको काव्यिक व्यक्तित्वको बारेमा प्रकाश परिएको छ । यसैगरी **समकालीन साहित्य** पूर्णाङ्क ३७ मा लेखनाथ भट्टराईद्वारा प्रस्तुत 'दान खालिङ : व्यक्ति र व्यक्तित्व' शीर्षकमा दानखालिङको साहित्यिक, राजनीतिक, शैक्षिक, समालोचकीय तथा सामाजिक व्यक्तित्को सामान्य परिचय प्रस्तुत गरिएको छ । यसैगरी यही पूर्णाङ्कमा प्रकाशित मनप्रसाद सुब्बाको 'कवि काँढा : सम्झनामा/कवितामा' शीर्षकको रचनामा साहित्यकार खड्गसिंह राई 'काँढा' को काव्यिक व्यक्तित्वको चर्चा गरिएको छ । कवितामा समर्पित र कवितामा नै हराउन चाहने सड्गसिंह राईको काव्यिक व्यक्तित्व निकै प्रेरणादायी रहेको छ भन्ने कुरा यस रचनामा व्यक्त भएको छ ।

यसैगरी पूर्णाङ्क ३५ मा प्रकाशित दुर्गा प्रसाद अधिकारीको 'कर्मवीर मणिसिंह गुरुङ जीवनी र व्यक्तित्व' शीर्षकमा उनको जीवनका विविध पाटाका बारेका परिचय प्रस्तुत गरेका छन् भने यसै पूर्णाङ्कमा प्रकाशित महेश प्रसाईंको 'केही कथामा शान्तदेव' शीर्षकमा शान्तदेवको कथाकार व्यक्तित्वको बारेमा चर्चा गरेका छन् । यस्तै रमेश खकुरेलको 'तने वासे पुराण' शीर्षकको रचनालाई व्यक्तित्व : एक रम्य रचना शीर्षकमा राखिएको छ । यसमा रमेश खकुरेलले बालुदेव लुइटेलको बहुआयमिक व्यक्तित्वका बारेमा रोचक शैलीमा उनका कार्य र बानीको वर्णन गरेका छन् । उसले व्यक्तित्वको परिचय दिनेभन्दा पनि व्यक्तिलाई प्रसङ्ग बनाएर मनोरञ्जनात्मक रूपमा लेखन प्रस्तुत गर्ने काम गरेको छ ।

**समकालीन साहित्य**मा व्यक्ति र व्यक्तित्व शीर्षकमा प्रकाशित भएका रचनाले साहित्यकारका व्यक्तित्वका बारेका प्रकाशपार्ने काम गरेका छन् । पाठकलाई साहित्यकारका विविध व्यक्तित्वसँग साक्षात्कार गराउँने काममा यस पत्रिकाले विशेष भूमिका खेलेको छ ।

### ४.२.१२ समकालीन साहित्य (३१-४०) का भाषा र व्याकरण शीर्षकका सामग्रीको समीक्षा

**समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) मा भाषा/व्याकरण सम्बन्धि सामग्री पनि प्रकाशित भएका छन् । पूर्णाङ्क (३१-४०) सम्ममा जम्मा चार जना लेखकका चार वटा भाषा व्याकरणका सामग्री समावेश भएका छन् । नेपाली भाषा व्याकरणमा भएका केही गतिविधिका बारेमा यी रचनाहरूले प्रकाश पार्ने काम गरेका छन् । **समकालीन साहित्य** पूर्णाङ्क ३१ मा कुमारधर शर्मा ज्ञानीको 'ज्यान मार्ने कसरत किन' शीर्षकको लेखमा भाषालाई कसरी सरल र सिकाइ मुखी बनाउने भन्ने कुरा व्यक्त गरेका छन् । मेरो नेपाली किताब कक्षा ४ को मूल्याङ्कन गरी तयार पारिएको यस लेखमा भाषालाई अनावश्यक रूपमा जटिल बनाउनु ह्रस्व र दीर्घका नियम रटाउन भन्दा उच्चारण र बोलाई अनुसार सिकाउनु राम्रो हुन्छ भन्ने तर्क प्रस्तुत गरिएको छ ।

यसैगरी **समकालीन साहित्य** पूर्णाङ्क ३८ मा सुकुम शर्माको 'नेपाली भाषा व्याकरणको विकासमा जोन बिम्सको योगदान' शीयाकोको लेखमा जोन बिम्सको परिचय उनीपूर्व नेपाली भाषा व्याकरणमा भएका केही महफ्वपूर्ण कार्य तथा जोन बिम्सले निर्माण गरेको तुलनात्मक व्याकरणले नेपाली भाषा तथा व्याकरणमा पुऱ्याएको योगदानका बारेमा अनुसन्धानमूलक रूपमा विश्लेषण प्रस्तुत गरेका छन् । यस्तै पूर्णाङ्क ३९ मा बासुदेव घिमिरेको 'भाषिक प्रयोगका सन्दर्भमा कुराकानीको स्वरूप' लेखमा भाषा संवाद वा कुराकानीकमा कसरी प्रयोग हुन्छ । वक्ता र स्रोताका बिचमा भाषिक व्यवहार कसरी सम्पन्न हुन्छ भन्ने कुरालाई प्रस्तुत गरिएको छ । यस्ता प्रकारका लेख रचनाले भाषा व्याकरण र

भाषिक व्यवहारलाई बुझाउनको निम्ति सहयोग पुऱ्याएका छन् । **समकालीन साहित्य** गद्यप्रधान पत्रिका हो । गद्य साहित्यका अतिरिक्त भाषा व्याकरण सम्बन्धी सामग्री प्रकाशन गरी भाषा र व्याकरणका क्षेत्रमा पनि यस पत्रिकाले चासो देखाएको छ ।

### ४.२.१३ समकालीन साहित्य (३१-४०) का विश्व साहित्य शीर्षकका सामग्रीको समीक्षा

**समकालीन साहित्य** पत्रिकाले विश्वसाहित्य शीर्षक दिएर नेपालबाहिरका साहित्यकार र साहित्यिक मान्यता, प्रवृत्तिका बारेमा चर्चा गरेको छ । **समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) मा पाँच जना लेखकका पाँच बटा विश्वसाहित्यसँग सम्बन्धित सामग्री प्रकाशन गरेको छ । समाकालीन साहित्य पूर्णाङ्क ३१ मा प्रकाशित गोविन्द गिरी 'प्रेरणा'को 'मिलान कुन्देराको रचना संसार' लेखमा चेकोस्लाभाकियाका प्रगतिवादी लेखक मिलान कुन्देराको परिचय, साहित्यिक लेखनको आरम्भ साहित्यिक प्रवृत्ति तथा उनले लेखक भएर भोग्नु परेका समस्या र उनका कृतिका बारेका प्रकाश पारेका छन् । यसले कुन्देराका बारेमा जान्न चाहने पाठकका लागि मद्दत गरेको छ ।

यसैगरी **समकालीन साहित्य** पूर्णाङ्क ३४ मा प्रकाशित 'वास्तविकतामा आधारित नभएको एक हरफ पनि मेरो उपन्यासका छैन मार्खोज' शीर्षकको रचनामा कोलम्बीयाली लेखक मार्खोजको उनका मित्र प्लिनिओ अपुलेयो मेण्डोजाले लिएको अन्तर्वार्तालाई मन्जुश्री थापमाले नेपालीमा अनुवाद गरी प्रस्तुत गरेका छन् । अन्तर्वार्ताका माध्यमबाट उनको साहित्यिक मान्यता लेखनप्रतिको दृष्टिकोण, साहित्य र जीवनप्रतिको धारणा र उनका साहित्यिका कृतिका बारेमा जानकारी प्रस्तुत गरिएको छ । वास्तविकतालाई साहित्यको मर्म ठान्ने कोलम्बीयाली लेखकका विचारलाई प्रस्तुत गरी उनको साहित्यप्रति रहेको दृष्टिकोण बुझ्नमा यो रचना सफल साबित भएको छ । यस्तै पूर्णाङ्क ३३ मा सरोज कोइरालाले 'भर्जिनिया उल्फ र उनको चेतनाप्रवाह शैली' लेखमा भर्जिनिया उल्फको परिचय, वेलायतको साहित्यिक सन्दर्भ र उल्फको औपन्यासिक लेखनशैली र उनका उपन्यासका बारेका सङ्क्षिप्त परिचय प्रस्तुत गरेका छन् । यसले वेलायतको साहित्यिक मान्यता र भर्जनिया उल्फको औपन्यासिक शिल्पका बारेमा जानकारी प्रस्तुत गरेको छ । यस्तै पूर्णाङ्क ३२ मा प्रकाशित बल्लभमणि दाहालको 'चिनियाँ चुटकिला : एक सङ्क्षिप्त परिचय' लेखमा चिनियाँ चुट्किलाले बोकेका विशेषताका बारेमा प्रकाश पार्ने काम गरिएको छ ।

यसरी विश्व साहित्यमा परिचित साहित्यिक स्रष्टाहरूको चिनारी, कृतिफ्वको अध्ययन तथा उत्कृष्ट साहित्यिक कृतिका बारेमा समीक्षासमेत प्रस्तुत गरिएको छ । **समकालीन साहित्य**ले विश्वसाहित्यसँग सम्बन्धित सामग्रीको प्रकाशन गरी नेपाली

साहित्यका पाठकहरूलाई विश्वसाहित्यका विस्तृत र महफ्वपूर्ण पक्षहरूको ज्ञान दिलाउन सहयोग गरेको छ । यसलाई यस पत्रिकाको महफ्वपूर्ण योगदानका रूपमा लिनुपर्ने हुन्छ ।

### ४.२.१४ समकालीन साहित्य (३१-४०) का उपन्यास/उपन्यास अंशको विश्लेषण

'उपन्यास' संस्कृतबाट आएको तत्सम शब्द हो । यसको व्युत्पति अस् धातमा उप र नि उपसर्ग लागेर तथा घञ (अ) प्रत्ययको योगबाट भएको देखिन्छ । अस् धातुको अर्थ राख्नु हुन्छ भने उप उपसर्गको अर्थ नजिक भन्ने हुन्छ । यसबाट उपन्यास शब्दको अर्थ नजिक राख्नु भन्ने हुन्छ । संस्कृत भाषामा यस शब्दको प्रयोग अर्थको युक्तिपूर्ण प्रस्तुतीकरण प्रतिमुख सन्धिको एउटा भेद र आख्यानका रूपमा पनि गरिएको छ । यी कुनै पनि अर्थले आधुनिक युगमा उपन्यासले प्राप्त गरेको अर्थ र परिभाषा दिन सकेको देखिँदैन । तसर्थ उपन्यासले आफ्ना पुराना अर्थहरूसँग सम्बन्धविच्छेद गरी नयाँ अर्थ र परिभाषा प्राप्त गरेको छ ।

पाश्चात्य साहित्यको प्रभाव स्वरूप हिन्दी, नेपाली आदि आधुनिक भाषामा आख्यानात्मक गद्यमय रचनाको लेखन हुन थालेपछि यस विधाका लागि अङ्ग्रेजी 'नोभेल' को पर्यायको रूपमा उपन्यास शब्द प्रयुक्त भएको हो । त्यसैले उपन्यास संस्कृत भाषा एवम् साहित्यमा प्रचलित शब्द भए तापनि यसले आज ग्रहण गरेको अर्थ परिभाषा एवम् स्वरूप चाहिँ पाश्चात्य साहित्यको प्रभावको देन हो ।

पाश्चात्य साहित्यमा उपन्यास विधाको जन्म अठारौँ शताब्दीमा भएको भए पनि यसको पूर्वपृष्ठभूमि केलाउँदै जाँदा इटालीको चौधौँ शताब्दको नोवेल्ला (जसको अर्थ हुन्छ सानो नयाँ कुरा) सम्म पुग्नु पर्ने हुन्छ । किनभने त्यहीँबाट यसको इतिहास प्रारम्भ भएको भेटिन्छ । अर्कोतर्फ सोह्रौँ र सत्रौँ शताब्दीमा स्पेनमा देखा परेका लोजारिल्लो द तर्भेस डन किहोटी जस्ता उपन्यासले पनि पाश्चात्य उपन्यासको जग बसाउने काम गरेको तथ्य फेला पर्छ ।[९६] युरोपीय पुनः जागरणको पनि यस विधाको उद्‌भव र विकासमा महफ्वपूर्ण भूमिका रहेको छ । यस्तै मध्ययुगीन रोमान्स परम्पराका गद्याख्यानलाई पनि उपन्यासको प्रारूप मान्ने गरेको हुँदा जर्मनेली र फ्रान्सेली भाषामा यस्ता रचनालाई रोमाँ भन्ने गरिन्छ । यसरी जन्म र विस्तार भएको उपन्यास विधाको इतिहासमा अठारौँ शताब्दीमा डेनियल डिफो, सेमुअल रिचर्डसन, हेनरी फिल्डिङ, स्मोलेट स्टर्नजस्ता उपन्यासकार तथा तिनका

[९६] राजेन्द्र सुवेदी, **नेपाली उपन्यास परम्परा र प्रवृत्ति,** (ललितपुर : साझा प्रकाशन, २०६४) पृ ४- ६ ।

औपन्यासिक रचनाले विश्वमा उपन्यास विधाको जन्म र विकासमा अहम् भूमिका निर्वाह गरेका छन् ।

पूर्वीय साहित्य तथा वाङ्मयको परम्परामा **रामायण, महाभारत, वेद, ब्राह्मण ग्रन्थ, उपनिषद्** आदि रचनामा कथा पाइएकाले यिनलाई उपन्यासका पूर्वाधारका रूपमा परम्परासित जोड्ने प्रयास गरिएको पाइन्छ । अझ **दशकुमारचरित, कादम्बरी** जस्ता आख्यान, प्रमाख्यानलाई उपन्यास नै भन्नेहरू पनि छन् तर आधुनिक उपन्यास र पूर्वीय कथापरम्परामा देखा पर्ने मौलिक अन्तर केलाउने हो भने संस्कृत साहित्य वा वाङ्मयमा पाइने कथाहरूको विकसित रूप उपन्यासलाई मान्न नसकिए पनि नेपालीमा उपन्यास लेखिनु पूर्वको कथात्मक साहित्यको लामो परम्परा र विकासको परिप्रेक्ष्यलाई उपेक्षा गर्न भने कदापि मिल्दैन । यद्यपि यो उपन्यासको पूर्वरूप होइन तर यसको विकासका निम्ति यी कथा परम्परालाई पूर्वधारको रूपमा उल्लेख गर्नै पर्दछ किनभने उपन्यास विकासपूर्वको यो अवस्था औपन्यासिक प्रक्रिया र पछिको उपन्यास लेख्ने कामको पृष्ठभूमि हो ।

**समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) सम्मका जम्मा १० अङ्कमा तिन जना लेखकका तिन वटा लघु उपन्यास र दुई जना लेखकका दुई वटा उपन्यासअंश प्रकाशित भएका छन् । उपन्यास प्रकाशनको प्रयासलाई यस पत्रिकाले गतिशीलता दिन नसके पनि उपन्यास जस्तो बृहत् आयामको विधालाई प्रवेश गराउने काममा यस पत्रिकाले गरेको छ । समकालीन साहित्यमा प्रकाशित भएका विजय मल्लको 'श्रीमती शारदा', गोविन्द बहादुर मल्ल 'गोठाले'को 'पियानानी' र कुमार ज्ञवालीको 'परिशोध' लघु उपन्यास हुन् । यसैगरी यस पत्रिकामा प्रकाशित भएका मदनमणि दीक्षितको 'स्त्रीराज्य पुरोहित अङ्गिरा' र परशु प्रधानको 'विसर्ग' उपन्यास अंश हुन् ।

**समकालीन साहित्य**मा प्रकाशित भएका उपन्यासलाई लघु उपन्यासको नाम दिएर प्रकाशित गरिएको छ । यी औपन्यासिक रचनाहरू आयामका हिसाबले केही साना आकारका रहेका छन् भने विषयवस्तुका हिसाबले पृथक रहेका छन् । 'श्रीमती शारदा' 'पियानानी' 'परिशोध' 'विसर्ग' सामाजिक विषयवस्तु भएका उपन्यास हुन् भने 'स्त्रीराज्य पुरोहित अङ्गिरा' पौराणिक विषय भएको उपन्यास अंश हो ।

### ४.२.१४.१ समकालीन साहित्य (३१-४०) का उपन्यास अंशको विश्लेषण

**समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) मा जम्मा दुई उपन्यास अंश प्रकाशित भएका छन् । पूर्णाङ्क ३१ मा प्रकाशित परशु प्रधानको 'विसर्ग' सामाजिक समस्यालाई मूल विषय

बनाई रचना गरिएको उपन्यास अंश हो । यस उपन्यास अंशमा सन्तोष भन्ने व्यक्ति र उसको अफिसमा रहेकी रमासँग सिद्धकालीमा भएको भेट तथा रमाका दाइ भाउजूले रमाप्रति गरेको रुखो व्यवहारका कारणले सन्तोषप्रति जागेको रमाको आकर्षण र सन्तोषको घरकी श्रीमतीसँगको डर उपन्यास अंशको मूल विषय बनेर आएको छ । यसले आर्थिक अभाव र घरायसी समस्याका कारण महिलाले भोग्नु पर्ने समस्याको चित्रण गरेको छ । उपन्यासको सानो अंशमात्र भएकाले समग्र उपन्यासको घटनाक्रमको बोध यस उपन्यासको अंशबाट हुने सक्दैन । उपन्यासको यस अंशका जति घटनाको चर्चा गरिएको छ त्यसले नेपाली समाजको आीर्थक र सामाजिक अवस्थालाई देखाएको छ ।

यसैगरी पूर्णाङ्क ३३ मा प्रकाशित मदनमणि दीक्षितको 'स्त्रीराज्य पुरोहित अङ्गिरा' पौराणिक विषयमा आबद्ध उपन्यास अंश हो । उर्वशीको व्यायामबाट आरम्भ भएको यो उपन्यास अंश महामायाको कार्यको वर्णनमा समाप्त भएको छ । मदनमणि दीक्षितको 'भूमिसूक्त' उपन्यासको अंशका रूपमा रहेको यस उपन्यास खण्डमा उत्तर वैदिक युगको मातृसत्तात्मक समाजको सामान्य झल्को प्रस्तुत गरिएको छ । उपन्यासको सानो अंश मात्र दिइएकाले उपन्यासको घटनाक्रम बोध गर्न निकै असजिलो पर्छ । यो उपन्यास अंशमा महामाया उर्वशीको वर्णन सङ्क्षिप्त रूपमा गरिएको छ भने विषयको गम्भीर प्रस्तुति केही रहेको छैन ।

पात्रको प्रयोगलाई हेर्दा यी उपन्यास अंशमा विषयवस्तु अनुरूप पात्रको प्रयोग गरिएको छ । परशु प्रधानको विसर्ग उपन्यासमा रमा र सन्तोष मूल पात्रका रूपमा आएका छन् । यिनीहरूले नेपाली समाजमा रहेको व्यक्तिहरू नै प्रतिनिधित्व गर्दछन् भने स्त्रीराज्य पुरोहित अङ्गिरा उपन्यास अंशमा भने पौराणिक पात्रको प्रयोग गरिएको छ । मूल रूपमा यस उपन्यास अंशमा उवर्शीको भूमिका केन्द्रीय रहेको छ ।

भाषा प्रयोगलाई हेर्दा 'विसर्ग' उपन्यास अंशको भाषा सरल प्रकारको छ भने 'स्त्रीराज्य पुरोहित अङ्गिरा' जटिल भाषाको प्रयोग भएको उपन्यास अंश हो । भाषिक बोधमा पाठकलाई केही असजिलो भए पनि पात्र अनुरूपको भाषिक प्रयोग भने दुवै उपन्यास अंशमा रहेको छ । परम्परित शैलीमा रचना गरिएका यी उपन्यास अंशको परिवेश भने लौकिक र पौराणिक रहेको छ । 'विसर्ग' उपन्यास अंशको परिवेश नेपाली समाज हो भने 'स्त्री राज्य पुरोहित अङ्गिरा' उपन्यास अंशको परिवेश स्वर्गको सेरोफेरो रहेको छ ।

समग्रमा भन्नु पर्दा **समकालीन साहित्य**मा प्रकाशित उपन्यास अंश विषय, पात्र, भाषाशैली परिवेश आदिका हिसाबले उपयुक्त भए पनि पाठकका लागि उपन्यासको कथानक

बोधमा केही कठिनाइ हुने खालका देखिन्छन् । स्रष्टाको औपन्यासिक कृतिका केही अंश दिई पाठकका कृति पढ्नका लागि प्रेरणा प्रदान गर्ने उद्देश्यले यो **समकालीन साहित्य** पत्रिकाले आरम्भ गरेको नवीन कार्य हो । यसमा **समकालीन साहित्य** पूर्णाङ्क ३१, ३३ को योगदान महफ्वपूर्ण रहेको छ ।

### ४.२.१४.२ समकालीन साहित्य (३१-४०) मा प्रकाशित उपन्यासको विश्लेषण

**समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) सम्मका जम्मा १० अङ्कमा तीन जना लेखकका तीन वटा लघु उपन्यास प्रकाशित भएका छन् । समकालीन साहित्यमा प्रकाशित भएका विजय मल्लको 'श्रीमती शारदा', गोविन्द बहादुर मल्ल 'गोठाले'को 'पियानानी' र कुमार ज्ञवालीको 'परिशोध' लघु उपन्यास हुन् । यी औपन्यासिक रचनाहरू आयामका हिसाबले केही साना आकारका रहेका छन् भने विषयवस्तुका हिसाबले समान खालका रहेका छन् । 'श्रीमती शारदा', 'पियानानी' र 'परिशोध' तिनै उपन्यास सामाजिक विषयवस्तु आधारित छन् ।

**समकालीन साहित्य** पूर्णाङ्क ३६ मा प्रकाशित 'पियानानी' उपन्यास सामाजिक विषयवस्तुमा रचना भएको छ । यस उपन्यासमा सामाजिक संरचनाका कारणले मानिसले कसरी दुःख भोगेको हुन्छ भन्ने कुरा प्रस्तुत छ । उपन्यासमा पियानानीका आमाबाबुले गर्दा उसको जीवनमा देखिएको असामान्य अवस्थाको चित्रण कारुणिक रूपमा गरिएको छ । विवाह भएर गएकी पियानानीलाई घरमा आफ्नो बिरामी श्रीमान्को हेरविचार गर्ने काममा पनि निकै समस्या भएको छ । पियानानीको श्रीमान् बाँच्दैन कि भन्ने शङ्काका कारणले उसका बाबु आमाले पियानानीलाई पारपाचुके गराई घर लगेका छन् । उता मर्छ भनेको पियानानीको श्रीमान् निको भएको र अर्को विवाह पनि नगरी बसेको छ । पियानानीले पनि उसलाई मनभित्र राखेकी छे । पियानानीका आफन्तले उसको बिहेको तारतम्य मिलाई छोराछोरी भएको रतनलालसँग विवाह गरिदिने पक्का गर्दछन् । एकदिन झ्यालमा बसेको बेलामा पियानानीले पहिलेको लोग्ने यतै आएको अनुभव गर्दछे र असामान्य हुन्छे । उसको विवाह हुँदैन । सामाजिक कारणले जटिल बन्दै गएको परिपाटी र व्यक्ति मनोविज्ञानलाई एक साथ उपन्यासले आफ्नो विषय बनाएको छ भने यसै अङ्कमा प्रकाशित श्रीमती शारदा उपन्यासले पनि सामाजिक विषयलाई समेटेको छ । राजनीतिक विचारका कारणले व्यक्तिमा हुने प्रतिद्वन्द्विता 'श्रीमती शारदा' उपन्यासको विषयवस्तु हो । यस उपन्यासमा केशरबहादुरसँग बदला लिन प्रदिप्तमानले उसकी श्रीमती शारदालाई अपहरण गर्छ र आफ्नै घरमा राखी पनि उसैसँग विवाह गर्छ । राजनीतिक षड्यन्त्रका कारणले शारदा त्यसको

मारमा परेकी छे र उसले प्रदिप्तमानसँग बदलाको भाव राख्छे तर प्रदिप्तमानको अपराधको प्रायश्चित आत्महत्या गरी मर्ने चिठी शारदाले प्राप्त गरेपछि उसलाई माफ गरी शारदाले उसलाई नै पति स्वीकार गरेको कुरा यस उपन्यासको विषय बनेको छ ।

यसैगरी पूणाङ्क ३९ मा प्रकाशित भएको कुमार ज्ञवालीको 'परिशोध' उपन्यासले पनि नेपाली समाजमा रहेको शोषण अन्याय जस्ता कुरालाई विषय बनाएको छ । यस उपन्यासमा मर्कट नगरको राजाले आफ्नो दरबारमा रहेका कामदारमाथि कस्तो व्यवहार गर्दथ्यो भन्ने कुरालाई विषय बनाइएको छ । मर्कट नगरको राजाले गरेको अन्यायका कारणले उसको सन्तान दुर्जयले भोग्नु परेको मानसिक तनाबलाई यस उपन्यासले समेटेको छ । गरिब व्यक्तिहरू दरबारमा कसरी शोषित हुन्थे भन्ने कुरा नै यस उपन्यासको मूल विषय हो । यस उपन्यासमा दुर्जयका मामाहरूको पैसामुखी व्यवहार र दुर्जयको पैसाप्रतिको तिरस्कार ज्यादै शसक्त रूपमा आएको छ । गरिबहरूको पनि आफ्नै संसार हुन्छ धनीहरूको पाषाण हृदयले कसरी गरिबको जीवन बर्बाद भएको छ भन्ने कुरामा यो उपन्यास केन्द्रित छ । यसरी हेर्दा **समकालीन साहित्य**मा प्रकाशित भएका तिनै ओटा लघु उपन्यासहरू नेपाली समाजका सामाजिक घटनामा नै केन्द्रित रहेका छन् ।

पात्र प्रयोगका दृष्टिले हेर्दा यस पत्रिकामा प्रकाशित उपन्यासमा नेपाली समाजमा हुर्किएका निम्न वर्गीय पात्रदेखि लिएर उच्च वर्गीय पात्रलाई समेत स्थान दिइएको छ । रमा, सन्तोष, पियानानी, हसना जस्ता निम्न वर्गीय चरित्रहरूका माध्यमबाट अनगिन्ती जटिलताहरूमा जेलिएर बाँच्न विवश भएका नेपाली हरूको जीवनदशा र आर्थिक जटिलताका कारणले दिन प्रतिदिन दयनीय बन्दै गएको निम्न वर्गीय नेपाली समाजको यथार्थ झलक उद्घाटन गरिएको छ । यसैगरी 'श्रीमती शारदा' उपन्यासमा आएको राणा जर्साहाब, परिशोध उपन्यासमा आएको दुर्जयको बाबु र उसका मामा जस्ता उच्चवर्गीय कुलीन पात्रहरूका माध्यमबाट नेपाली समाजमा हुने गरेको शोषण दमन, अन्याय, अत्याचार र अनियमितताको नग्नरूप प्रस्तुत गरिएको छ । मानसिक समस्यामा रूमलिएका पात्रहरूमा सामाजिक समस्या प्रमुख समस्याका रूपमा आएको छ । नारी पात्रको प्रयोगमा पनि उपन्यासकारले आफ्नो रूचि देखाएका छन् ।

भाषिक प्रयोगका दृष्टिले हेर्दा **समकालीन साहित्य** पूर्णाङ्क ३६ र ३९ मा प्रकाशित तिन उपन्यासमा सरल भाषाको प्रयोग छ । कुमार ज्ञवालीको 'परिशोध', विजय मल्लको 'श्रीमती शारदा' र गोविन्द बहादुर गोठालेको 'पियानानी' तिन ओटै उपन्यास सरल भाषामा लेखिएका छन् । भाषिक सरलताका कारणले यी उपन्यास बोधगम्य बनेका छन् । प्रसङ्ग

अनुसारको उचित भाषिक प्रस्तुति र शब्दचयनमा उपन्यासकारको उचित ध्यान पुगेको पाइन्छ । **समकालीन साहित्य**मा प्रकाशित उपन्यासमा भाषिक स्वाभाविकता ल्याउन अनुकरणात्मक शब्द, उखान, टुक्का आदिको पनि प्रयोग भएको छ । वाक्य गठनका दृष्टिले हेर्दा यी उपन्यासमा सामान्यतया सरल वाक्यहरूको प्रयोग भएको पाइन्छ तापनि संयुक्त तथा मिश्रवाक्यहरू सरल रूपबाट नै प्रयोग भएका छन् । यस पत्रिकामा प्रकाशित उपन्यासहरूमा पाात्रहरूको सामाजिक र बौद्धिक स्तर अनुसार भाषाको प्रयोग भएको छ । **समकालीन साहित्य**मा प्रकाशित उपन्यासलाई शैलीका दृष्टिले हेर्दा परम्परागत शैलीलाई नै प्रमुखता दिईएको छ । पूर्णाङ्क ३६, र ३९ मा प्रकाशित भएका तिन ओटै उपन्यासको शैली एकै प्रकारको रहेको छ ।

**समकालीन साहित्य** पूर्णाङ्क ३६ र ३९ मा प्रकाशित उपन्यासहरूको परिवेश नेपाली समाज नै रहेको छ । यस पत्रिकामा प्रकाशित भएका तिन ओटै उपन्यासले नेपालको काठमाडौँको सहरी परिवेशलाई बोकेका छन् । विजय मल्लको 'श्रीमती शारदा' उपन्यासमा असन, इन्द्रचोक, घन्टाघर, आदिको बयान गरिएको छ । यस उपन्यासमा राणा शासनको समयलाई कालगत परिवेशका रूपमा समेटिएको छ । कुमार ज्ञवालीको 'परिशोध' उपन्यासमा सिफलको उकालोमा रहेको छायाको पसल, तथा नेपालको दक्षिण तराईमा रहेको कुनै मर्कट नगरको बयान छ । यस उपन्यासमा काल गत परिवेशका रूपमा अठार सय सन्ताउन्न तिरको समयलाई सङ्केत गरिएको छ । यस पत्रिकामा प्रकाशित कथाहरूमध्ये केही कथाहरूमा नेपालको ग्रामीण भेगका नेपालीहरूले कष्टमय जीवन यापन गर्ने वातावरणको चित्र परिवेशका रूपमा उतारिएको छ भने केही कथाहरू सहरिया वातावरण र त्यहाँको विकृति जन्य राजनीतिक परिवेशमा केन्द्रित रहेका छन् । केही कथाहरू भने अलौकिक परिवेशका साथै अन्तराष्ट्रिय परिवेशमा पनि केन्द्रित रहेका छन् ।

समग्रमा भन्नुपर्दा **समकालीन साहित्य** पूर्णाङ्क ३६, ३९ मा प्रकाशित उपन्यासको कार्यपीठिका नेपाली समाज नै रहेको छ । सामाजिक सङ्कीर्णतामा भोग्नु परेका मानवीय सङ्कटहरू, गरिबीले अत्यन्त जटिल बन्दै गएको नेपाली जनजीवन, मानवीय अन्तर्मनका कुण्ठाहरू मसन्तहरूको शोषण आदिको चित्रणमा उपन्यासकार सचेत रहेका छन् । उपन्यास जस्तो बृहत् विधालाई समावेश गरी आख्यानका क्षेत्रमा **समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) ले महफ्वपूर्ण योगदान दिएको छ ।

### ४.२.१५ समकालीन साहित्य (३१-४०) मा प्रकाशित मत अभिमतको समीक्षा

कुनै पनि विषय, विचारप्रति सहमति वा असहमति व्यक्त गरी आफ्नो विचार प्रस्तुत गर्नुलाई मत अभिमत भनिन्छ । **समकालीन साहित्य** पत्रिकाका **मत अभिमत** स्तम्भमा पाठकीय प्रतिक्रियालाई समावेश गरेको छ । यस पत्रिकाको पूर्णाङ्क (३१-४०) मा जम्मा दुई जना लेखकका दुई वटा मत अभिमत प्रकाशित भएका छन् । पूर्णाङ्क ३५ मा नरेन्द्रराज शर्माको शारदा र सरकारी सहयोग शीर्षकमा शारदा पत्रिकाले सरकारी सहयोग पाएको थियो भन्ने नरेन्द्र राज प्रसाइँको कुरालाई गोविन्द बहादुर गोठालेको अन्तर्वार्ताले खण्डित गरेपछि प्रसाइँले त्यसको स्पष्टीकरका निम्ति मत अभिमत प्रकाशित भएको छ भने पूर्णाङ्क ४० मा विश्वम्भर चञ्चलको 'रचनागर्भ स्तम्भबारे जानकारी' शीर्षकका **समकालीन साहित्य** पूर्णाङ्क ३९ मा ध्रुव सापकोटाले परशु प्रधानसँग लिएको अन्तर्वार्तामा परशु प्रधानले व्यक्त गरेको विचरप्रति असहमति व्यक्त गर्दै आफ्नो विचार प्रस्तुत गरेका छन् । **समकालीन साहित्य**मा छापिएका रचनाहरू बारेको प्रतिक्रिया बुझ्न सहमति र असहमतिलाई स्थान दिन **समकालीन साहित्य**ले गरेको यस्तो प्रयासले पत्रिकाको स्तरीयता, महफ्व र गरिमालाई बढाउने काम गरेको छ ।

### ४.२.१६ समकालीन साहित्य (३१-४०) मा प्रकाशित पुस्तक समीक्षाहरूको समीक्षा

**समकालीन साहित्य** पत्रिकाले प्रकाशनको आरम्भदेखि नै पुस्तक समीक्षालाई विशेष स्थान दिँदै आएको छ । **समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) मा पुस्तक समीक्षा स्तम्भ अन्तर्गत ८ जना समीक्षकका ११ वटा पुस्तक समीक्षा प्रकाशित भएका छन् । **समकालीन साहित्य** पूर्णाङ्क ३१ मा प्रह्लाद पोखरेलको 'भुवन ढुङ्गानाको कथासङ्ग्रह युद्धको घोषणा गर्नुभन्दा अघि :एक पाठकीय दृष्टिकोणमा' शीर्षकमा कथाकार भुवन ढुङ्गानाको आधुनिक नेपाली कथामा प्रवेश तथा स्थान देखाउँदै उनको कथासङ्ग्रह 'युद्धको घोषणा गर्नु अघि'का कथाहरूको समीक्षा प्रस्तुत गरेका छन् । यिनले भुवन ढुङ्गानाको कथासङ्ग्रहका बारेमा *'समग्रमा कथाकार भुवन ढुङ्गानाका प्रस्तुत सङ्ग्रहभित्रका कथाहरू शिल्पपक्षभन्दा गहिरो भाव र भानाइको तात्छिल्यभन्दा गम्भीर विचार दिने खालका छन्* (पूर्णाङ्क ३१ : पृ.१८४)।' भन्ने निष्कर्ष समेत प्रस्तुत गरेका छन् ।

यसैगरी पूर्णाङ्क ३२मा नेत्र एटमको 'अन्तिम नायिकाको मिथकीक सन्त्रास र अस्तिफ्व' शीर्षकमा विप्लवका विभिन्न पत्रिकामा प्रकाशित भएका सात एकाङ्कीहरूको सङ्ग्रह **अन्तिम नायिका**मा सङ्ग्रहीत एकाङ्कीका बारेमा समीक्षा प्रस्तुत गरेका छन् । प्रस्तुत कृतिका बोरमा यस पुस्तक समीक्षामा समीक्षकको पुस्तकमाथिको निष्कर्ष यस्तो रहेको छ- *'विप्लवका एकाङ्कीहरू समयका स्वर हुन्, वर्तमानका द्वन्द्व हुन्* (पूर्णाङ्क, ३२, पृ. १६४) ।

यसका साथै यसै पूर्णाङ्कमा हेमन्त श्रेष्ठको पुस्तक **म गीत कसरी गाऊँ** कवितासङ्ग्रहका बारेमा नेत्र एटमको नै समीक्षा प्रकाशित भएको छ । यस समीक्षाले लेखक तथा कृतिका बारेमा सामान्य परिचयात्मक समीक्षा प्रस्तुत गरेको छ ।

**समकालीन साहित्यको** पूर्णाङ्क ३३ पुस्तक समीक्षा स्तम्भमा मधुसूदन गिरीको 'सामाजिक यथार्थको परानाडी : वैखरी कथासङ्ग्रह' शीर्षकमा समीक्षक गिरीले कथाकार मोहनराज शर्माको **बैखरी** कथासङ्ग्रहको समीक्षा प्रस्तुत गरेका छन् । उनले यस कथासङ्ग्रह र सङ्ग्रहित कथाको शिल्प र संरचनाका बारेमा समीक्षा गरेका छन् । यसैगरी पूर्णाङ्क ३६ मा जनकलाल शर्माको 'सुपारी भैरवको स्मरण भयो मलाई' शीर्षकमा क्षेत्रप्रताप अधिकारीद्वारा लिखित पुस्तक जापानी साहित्यको इतिहासका बारेमा समीक्षा प्रस्तुत गरिएको छ । कृतिको संरचना र शिल्प दुबै पक्षमाथि समीक्षात्मक टिप्पणी प्रस्तुत गरी पाठकीय प्रभावका आधारमा कृतिको परिचय यसमा गराइएको छ ।

यसैगरी पूर्णाङ्क ३४ मा भाउपन्थीले '**सिपाही र जुलुस** कथासाहित्यको एउटा अर्को उपलब्धि' शीर्षकमा कथाकार देवीप्रसाद सुवेदीको कथासङ्ग्रह सिपाही र जुलुसको समीक्षा प्रस्तुत गरेका छन् । यसैगरी यही पूर्णाङ्कमा 'संज्ञा सर्वनाम र रोचक हास्यव्यङ्ग्यहरू' शीर्षकमा भाउपन्थीले ध.च. गोतामेको संज्ञा सर्वनाम निबन्धसङ्ग्रहमा रहेका व्यङ्ग्यात्मक निबन्धका बारेमा हास्यचेतना र व्यङ्ग्यको रहस्यलाई चिनाउने काम गरेका छन् । यसै गरी पूर्णाङ्क ३७ मा कृष्ण गौतमले 'स्वप्न सम्मेलन उत्तरआधुनिक परिदृश्यमा' शीर्षकमा स्वप्नसम्मेलन कृतिको परिचयका साथै उत्तरआधुनिक प्रवृत्तिहरू कृतिमा प्रयोग भएका साक्ष्यहरू प्रस्तुत गरेका छन् । यस्तै कृष्ण गौतमकै पूर्णाङ्क ३८मा 'नैनी : विजयेच्छाको एक विशाल शब्दप्रतीक' शीर्षकमा तारणीप्रसाद कोइरालाको नैनी महाकाव्यको परिचयात्मक टिप्पणी प्रस्तुत गरेका छन् ।

**समकालीन साहित्य** पूर्णाङ्क ३९ मा माधवलाल कर्माचार्यको भाव एक भावना अनेक कविता सङ्ग्रहका बारेमा सांस्कृतिक 'चिन्तन र चिन्ता : भाव एक भावना अनेक' शीर्षकमा नेत्र एटमले पुस्तक समीक्षा प्रस्तुत गरेका छन् । यस कविता सङ्ग्रहका कविताले समेटेको विषयवस्तु, भाव र भाषाशैली आदिका बारेमा प्रस्तुत समीक्षाले प्रकाश पारेको छ ।

### ४.२.१७ समकालीन साहित्य (३१-४०) का सर्जक र सिर्जना शीर्षकका रचनाको समीक्षा

**समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) का केही अङ्कमा सर्जक र सिर्जना शीर्षकमा केही रचनाहरू प्रकशित भएका छन् । यी रचनाले कलाका क्षेत्रमा विशेष योगदान दिने स्रष्टाहरूका सिर्जना कौशलका बारेमा चर्चा गरिएको छ । यस्ता रचनामा पूर्णाङ्क ३७ मा प्रकाशित राजेन मानन्धरको कहिल्यै नधमिलिने कलाको किरण : किरण मानन्धर, ज्ञानेन्द्र विवशका समर्पित कलासाधकको इतिवृत्तान्त, (पूर्णाङ्क ३७) आधुनिक कलाक्षेत्रज्ञमा प्रतिबद्ध कलाशिल्पी, (पूर्णाङ्क ३८) संस्कृति, सम्पदा र वत्सगोपाल, (पूर्णाङ्क ३९) प्राज्ञिक प्रयत्नमा प्रतिबद्ध प्राज्ञ (पूर्णाङ्क ४०) रहेका छन् ।

पूर्णाङ्क ३७ मा प्रकाशित राजेन मानन्धरको 'कहिल्यै नधमिलिने कलाको किरण : किरण मानन्धर', शीर्षकमा कलाकार किरण मानन्धरको कलाकारिताको वर्णन गरेका छन् । उनको कला कौशल निकै खारिएको छ भन्ने निष्कर्ष लेखकको रहेको छ । यस्तै पूर्णाङ्क ३७ मा प्रकाशित ज्ञानेन्द्र विवशको 'समर्पित कलासाधकको इतिवृत्तान्त' शीर्षकमा साहित्यकार मनुजबाबु मिश्रको साहित्यिक कला साधनाको चर्चा गरेका छन् । मिश्रको परिचय, प्रंकाशित कृति र कला कौशलको चर्चा गरिएको यस लेखमा मनुजबाबु मिश्रलाई साहित्यप्रति समर्पित व्यक्तित्वका रूपमा चिनाइएको छ । यस्तै पूर्णाङ्क ३८ मा प्रकाशित 'आधुनिक कलाक्षेत्रका प्रतिबद्ध कलाशिल्पी' शीर्षकमा चित्रकार कृष्ण मानन्धरको कलाशिल्पको चर्चा गरेका छन् भने पूर्णाङ्क ३९ मा प्रकाशित 'संस्कृति, सम्पदा र वत्सगोपाल' शीर्षकमा वत्स गोपालको कलाकारिताका बारेमा चर्चा गरिएको छ । उनको कला साधनाको आरम्भ, कलायात्रा, नेपाली कलामा वत्सगोपालको योगदानका बारेमा प्रकाश पारिएको छ । यस्तै पूर्णाङ्क ४० मा प्रकाशित 'प्राज्ञिक प्रयत्नमा प्रतिबद्ध प्राज्ञ' शीर्षकमा प्राज्ञ कलाकार विजय थापाका बारेमा चर्चा गरिएको छ । रूपन्देही जिल्लामा राजा महेन्द्रसँग भएको भेट र उनको कलाको महत्त्व बुझेर राजा महेन्द्रबाट भएको सहयोग तथा कलाका क्षेत्रमा विजय थापाले दिएको योगदानको चर्चा गरिएको छ । कलाकार विजय थापाले बनाएका चित्र र उनले चित्रकारिताको क्षेत्रमा गरेका उल्लेखनीय कामको चर्चा यस लेखमा गरिएको छ । कुनै पनि मानिस कलाका क्षेत्रमा समर्पित भयो भने उसले अवश्य नै सफलता प्राप्त गर्न सक्छ भन्ने कुरालाई यस लेखले पुष्टि गरेको छ ।

यसरी स्रष्टाको कला र कला साधनको बारेमा चर्चा गरी **समकालीन साहित्य**ले साहित्य, सिर्जना र कलामा समर्पित हुने स्रष्टाप्रति सम्मान व्यक्त गरेको छ । यो नै यस पत्रिकाको सबैभन्दा महत्त्वपूर्ण पक्ष हो ।

### ४.२.१८ समकालीन साहित्य (३१-४०) का खोजीनिधि शीर्षकका रचनाको समीक्षा

**समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) मा खोजिनिधि शीर्षकका खोजपरक निबन्धहरूको प्रकाशन गरिएको छ । यस्ता रचनाहरूमा शरदचन्द्र शर्मा भट्टराईको 'अन्तरङ्ग साथीको क्लब' शीर्षकको रचनामा मोतीराम भट्ट र उनका अन्तरङ्ग साथीहरू मिलेर साहित्यिक जमघट गरी छलफल र बादविवाद गर्ने उद्देश्यले तयार गरिएको क्लबका बारेमा ऐतिहासिक तथ्यको खोजी गरिएको छ । भाषण कलाको उन्नति गर्न खोज्नु नै यस क्लबको मूल उद्देश्य रहेको छ । यस क्लबमा भएको छलफलको विषयलाई खोजेर प्रस्तुत गरिएको यो रचना निकै महफ्वपूर्ण रहेको छ । यसैगरी शिव रेग्मी नेपाली साहित्य परिषद् र साहित्य स्रोत शीर्षकको समीक्षात्मक लेखमा २००४ सालमा स्थापन भएको नेपाली साहित्य परिषद र त्यसले नेपाली भाषा, साहित्य, संस्कृति र कलाको विकासमा गरेको योगदानका बारेमा खोजिएको खोजपरक समालोचना हो । पत्रिका बन्द हुनुको कारण र प्रकाशित रचनाको चर्चा यस समीक्षामा गरिएको छ ।

यस्तै पूर्णाङ्क ३२ मा कविताराम श्रेष्ठले 'थाहा एउटा बिर्सन नहुने साहित्यिक आन्दोलन' शीर्षकमा प्रकाशित रचनामा रूपचन्द्र विष्टले सञ्चालन गरेका पञ्चायती शासन विरोधी आन्दोलन थियो भन्ने ऐतिहासिक तथ्यको उद्घाटन गरको छ । यसमा स्रष्टा तथा सामान्य मानिसहरू पनि यस अभियानमा सहभागी भएको जानकारी दिइएको छ भने पूर्णाङ्क ३३ मा कमल दीक्षितको 'एउटा रुक्काको कुरा' शीर्षकमा प्रकाशित रचनाले वीर शमशेरका सन्तानको अंशवण्डालाई अगाडि सारेको छ । यस रचनाले राणाहरूको अंश सम्बन्धी मुद्दाको जाहेरी तथा त्यसको छिनोफानो कसरी हुन्थ्यो भन्ने कुरालाई प्रकाश पारिएको छ । यस रचनाले ऐतिहासिक तथ्यलाई बाहिर ल्याउने काम गरेको छ, साथै यसै अङ्कमा प्रकाशित भएको 'देव शमशेरको खड्ग निशान' मा पनि यही अंशवण्डाको कुरालाई निरन्तरता दिइएको छ । यसै गरी पूर्णाङ्क ३४ मा प्रकाशित भएको अंशवण्डाको रुक्कामा वीर शमशेरका सन्तानको अंशवण्डा पूर्णाङ्क ३३ को विषयलाई निरन्तर रूपमा चर्चा गरेको छ । यसले राणाहरूका परिवारमा रहेको अंशवण्डा सम्बन्धी समस्या र त्यसको समाधान कसरी हुन्थ्यो भन्ने कुरालाई प्रस्तुत गरेको छ ।

यसैगरी पूर्णाङ्क ३७ मा शिव रेग्मीको 'सुन्दरी मासिक पत्रिका : सङ्क्षिप्त विवरण' शीर्षकमा १९६३ सालमा वनारसबाट प्रकाशित भएको सुन्दरी पत्रिकाको बारेमा परिचयात्मक चर्चा गरिएको छ । सुन्दरीको प्रकाशन उद्देश्य, पत्रिकाको प्रकाशन बन्द हुनुको कारण तथा सुन्दरी पत्रिकामा प्रकाशित रचना र रचनाकारका बारेमा खोजमूलक सामग्री प्रस्तुत गरिएको छ । यस खोजले सुन्दरी पत्रिकाको समग्र विवरण प्रस्तुत गरेको छ भने पूर्णाङ्क ३८ मा कविताराम

श्रेष्ठको 'के नेवारहरू साँच्चै कातर हुन् ?' भन्ने शीर्षकमा नेवारहरू कातर हुन्छन् वा हुँदैनन् भन्ने बारेमा विभिन्न प्रमाण जुटाएर तयार गरिएको रचना हो । यस रचनामा नेवारलाई साँच्चै कातर नभएर व्यक्तिहरूले उनीहरूलाई कातर हुन्छन् भन्ने हल्लामात्र गरेका हुन् भन्ने कुरालाई प्रमाणित गरेका छन् । विभिन्न तथ्यहरू दिएर नेवारलाई कातर नभएको प्रमाणित गरिएको यो रचना निकै खोजमूलक रहेको छ ।

यसरी प्राचीन महफ्वका विषयलाई खोज्न तिनीहरूका बारेमा पाठकलाई जानकारी दिने उद्देश्यले **समकालीन साहित्य**ले खोजिनिधि शीर्षकमा प्रकाशित गरेका रचनाले साहित्यको खोज अनुसन्धानका क्षेत्रमा निकै ठूलो योगदान पुऱ्याएका छन् । यो यस पत्रिकाको ज्यादै महफ्वपूर्ण पक्ष हो ।

### ४.२.१९ समकालीन साहित्य (३१-४०) का कथा समय : कथा समीक्षा तथा कथा विविध शीर्षकका रचनाको समीक्षा

**समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) कथा समय : कथा शीर्षकमा कथा समय, कथा समय र समीक्षा, कथा समय : कथा सम्बन्धी कथाकारको धारणा, शीर्षकका रचनालाई स्थान दिइएको छ । यी रचनाको स्वरूप र प्रस्तुतिको तरिकालाई हेर्दा एकै प्रकारका देखिएका हुनाले यहाँ यिनीहरूलाई एकै शीर्षकका चर्चा गरिएको छ । यस शीर्षकमा प्रकाशित भएका रचनामा कथाकारको परिचय, मूल्याङ्कन कथाकारसँगको कुराकानी तथा कथाकारको समकालीन समयलाई बोक्न सक्ने कथा प्रस्तुत गरिएको छ । **समकालीन साहित्य** पूर्णाङ्क ३७ मा कथा समय : कथामा दौलत विक्रम विष्टलाई प्रस्तुत गरिएको छ । यस अङ्कमा कथाकार दौतलविक्रम विष्टको परिचय तथा मूल्याङ्कन पनि गरिएको छ । समालोचक दयाराम श्रेष्ठको मूल्याङ्कनमा कथाकार विष्ट यस्ता देखिन्छन्- *'कथाकार दौलतविक्रम विष्ट परम्परागत सङ्कीर्ण धारणा, अन्धविश्वास र कुरीतिहरूको कडा आलोचना गर्ने कथाकार हुन् ।* [९७] यसैगरी यही अङ्कमा प्रकाशित 'वरिष्ठ आख्यानकार दौलतविक्रम विष्टसित कथाबारे कुराकानी' शीर्षकमा रोशन थापाले कथाकार विष्टसँग कथा के हो ? विष्टको समकालीन समयमा रचना भएका कथाप्रति उनको धारण के छ ? कथाकार विष्टको सबैभन्दा उत्कृष्ट कथा कुन हो ? र कथाप्रति कथाकारको धारणा के छ ? भन्ने कुरा बुझ्न चाहेका छन् । विष्टको 'म मात्र हाँसिदिन्छु' कथा यसै अङ्कमा सोही शीर्षकमा प्रकाशित भएको छ । यस कथामा रमाको जीवन यथार्थलाई प्रस्तुत गरिएको छ । परम्परागत समाजको सोचाइ र रमाको पृथक व्यवहारलाई देखाई समाजको विचार

[९७] **समकालीन साहित्य** पूर्णाङ्क ३७, पृ.१८ ।

परिवर्तनका निम्ति यो कथा सबल रहेको छ । बहु विवाह र त्यसले सिर्जना गरेको सामाजिक अवस्थाको चित्रण यस कथामा गरिएको छ ।

यसैगरी पूर्णाङ्क ३८ मा प्रकाशित गुरुप्रसाद मैनालीको परालको आगो कथालाई कथा समय शीर्षकमा प्रकाशित गरिएको छ । यस कथाले नेपाली समाजको वास्तविकतालाई बोक्नुका साथै तत्कालीन नेपाली समाजको चित्र प्रस्तुत गरेको छ । यसै शीर्षकमा कथाकारको परिचय तथा समालोचक दयाराम श्रेष्ठले 'कथाकार गुरूप्रसाद मैनाली' शीर्षकमा मैनालीको कथाशिल्पका बारेमा समीक्षा प्रस्तुत गरेका छन् साथै आधुनिक नेपाली कथा साहित्यका बारेमा कथाकार गुरूप्रसाद मैनालीको विचार समेटिएको शारदा पत्रिकामा प्रकाशित भएको कथाप्रतिको मैनालीको दृष्टिकोण प्रस्तुत भएको छ । यस रचनामा मैनालीले कथारीतिका बारेमा चर्चा गरेका छन् । साथै कथाकार गुरुप्रसाद मैनालीको 'आधुनिक कथा साहित्य' शीर्षकमा शारदा पत्रिकामा प्रकाशित समीक्षा प्रस्तुत गरिएको छ । यसमा कथा र कथा लेखन रीतिका बारेमा पनि चर्चा गरिएको छ ।

यस्तै **समकालीन साहित्य** पूर्णाङ्क ३९ मा कथाकार गोविन्द बहादुर मल्ल गोठालेको भाँडो कथालाई कथा समयभित्र समावेश गरिएको छ । गोविन्द बहादुर मल्लको भाँडो कथाका बारेमा समालोचक मोहनराज शर्माले कथाकारका बारेको समीक्षात्मक विचारलाई यसै कथाको बिच बिचमा प्रस्तुत गरी कथाकारको कथागत शिल्प पहिचान गर्ने काम गरेका छन् । यसमा कथाकारको परिचय, कथाहरूको वर्गीकरण गरी कथाकारको मूल्याङ्कन यसरी गरिएको छ-

> *'गोठाले अधिकांश कथाहरूमा काठमाडौँली शहरिया जीवन र परिवेशको चित्रण गरेका छन् । उनले निम्नवर्गको भोगाइलाई सशक्त वाणी दिए पनि गाउँले परिवेशको सिर्जना चाहिँ गरेका छैनन् । उनी आफू बढी भिजेको परिवेश काठमाडौँ शहर भएकाले उनका कथामा त्यसैको अभिव्यक्ति बढी इमान्दार भएर गरेका छन् ।'*[९८]

यसैगरी **समकालीन साहित्य** पूर्णाङ्क ४० मा कथा समय शीर्षकमा विश्वेश्वर प्रसाद कोइरालालाई समावेश गरिएको छ । यस अङ्कमा विश्वेश्वर प्रसाद कोइरालाको एक रात कथा र ईश्वर बरालको कथाकारका बारेको समीक्षा प्रकाशित भएको छ । पूर्णाङ्क ४० लाई प्रजातन्त्र विशेष अङ्कका रूपमा प्रकाशित गरिएको हुनाले यसमा क्रान्ति कथालाई विशेष महफ्व दिइएको छ । ईश्वर बरालको कथाकारका बारेमा गरेका समीक्षात्मक विचार पनि

[९८] **समकालीन साहित्य** पूर्णाङ्क ३९, पृ २२ ।

निकै लामो रहेको छ । यसका कथारकारको परिचय, कथा लेखन सन्दर्भ कथाकारका कथा प्रवृत्तिलाई विशेष महफ्व दिइएको छ ।

कथा समय : कथा सम्बन्धी कथाकारको धारणा शीर्षकमा कथा समय अन्तर्गत कथाकारको धारणा जान्नका लागि कथाकारसँग अन्तर्वार्ता वा संक्षिप्त कुराकानी गरिएको शीर्षकमा कथा समय अन्तर्गत कथाकारको धारणा जान्नका लागि कथाकारसँग अन्तर्वार्ता वा संक्षिप्त कुराकानी गरिएको छ । कथा समय अन्तर्गत समावेश गरिएका कथाकारहरूको धारणालाई नै यस शीर्षकका समावेश गरिएको छ । पूर्णाङ्क ३७ र ३८ मा अनुक्रमराजले कथाकार गोविन्दबहादुर मल्ल गोठालेको कथा सम्बन्धी धारणा शीर्षकका गोठालेको कथाशिल्प, कथालेखन र समकालीन कथाकारर बारेको धारणा, मान्यता र विचार सम्बन्धित जिज्ञासा राखेका छन् । उनले गोठालेसँग मनपर्ने कथाकार को हो ? मन पर्ने कथाकारका कुनै कृतिबाट प्रभावित हुनुहुन्छ ? कुनै कथाकारको विशेष सहयोग केही छ कि ? तपाईंले लेखेको सबैभन्दा मनपर्ने कथा कुन हो ? कथा किन लेख्नु हुन्छ ? नयाँ कथाकारका बारेका तपाईंको के धारणा छ ? आदि खालका प्रश्न मार्फत कथाकारको कथासम्बन्धी धारणा बुझ्ने प्रयास गरेका छन् ।

यसै गरी **समकालीन साहित्य** पूर्णाङ्क ४० मा कथाकार विश्वेश्वर प्रसाद कोइरालाको कथा सम्बन्धी धारणा प्रस्तुत गरिएको छ । आधुनिक कथा साहित्यका बारेमा कथाकारसँग केही जिज्ञासा राखिएको छ भने कथाकार स्वयंको कथा लेखन र कथा सम्बन्धी मान्यताका बारेका जान्ने कोसिस गरिएको छ ।

**समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) मा कथा समय अन्तर्गत कथा समय : समीक्षा शीर्षकका केही रचनाहरू पनि प्रकाशित भएका छन् । यी रचनाहरूमा कथाकारको परिचयका साथै कथाका बारेका समान्य समीक्षा प्रस्तुत गरिएको छ । **समकालीन साहित्य** पूर्णाङ्क ३८ मा प्रकाशित खेम दाहालको 'मैनालीको बिदा कथामा समयको चित्रण : छोटो चिनारी' शीर्षकको समीक्षामा मैनालीको विदा कथामा व्यक्त भएको समयगत परिवेशका बारेमा चर्चा गरेका छन् भने मुरारीप्रसाद रेग्मीको 'चिताको ज्वाला एक मनोविश्लेषण' शीर्षकको समीक्षात्मक समालोचनामा मनोविज्ञानका आधारभूत मान्यताका आधारमा चिताको ज्वाला कथाको समीक्षा प्रस्तुत गरिएको छ ।

यसैगरी यस शीर्षकमा समालोचनात्मक सामग्रीलाई पनि स्थान दिइएको छ । यस्ता सामग्रीहरूमा रामदयाल राकेशको गुरूप्रसाद मैनालीको कथा शिल्प, सुशीला भट्टको मैनालीका दुई निबन्ध हुन् । यी रचना मध्ये सुशीला भट्टको गुरूप्रसाद मैनालीका दुई निबन्धमा मैनालीका 'साँढे' र 'खाद्याखाद्यभ्रम निवारणी सभा' का बारेमा समीक्षात्मक

विश्लेषण प्रस्तुत गरिएको छ । यस्तै रामदयाल राकेशको 'गुरूप्रसाद मैनालीको कथा शिल्प' मा कथाकारको परिचय र उनका कथामा प्रयोग भएको सामाजिक यथार्थ, आदर्श, उपदेश र सामाजिक समस्या आदिको चर्चा गरी कथाकारलाई विशिष्ट कथाशिल्पीका रूपमा चिनाएको छ ।

यसरी **समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) ले कथा समय शीर्षकका कथाकारको कथा सम्बधी धारणा, कथाकारका बारेका समालोचकहरूको समीक्षात्मक टिप्पणी तथा मूल्याङ्कन र कथाकारका समकालीन समयलाई प्रतिनिधित्व गर्न सक्ने कथाहरूलाई समावेश गरी नेपाली आख्यान क्षेत्रमा नवीन प्रक्रियाको आरम्भ गरी पत्रिकाको गरिमा र प्रतिष्ठालाई नै उच्च बनाउने काम गरेको छ भने साहित्य र समालोचनाको नवीन स्वरूप पनि प्रस्तुत गरेको छ ।

यसरी **समकालीन साहित्य**ले नेपाली साहित्यको गद्य विधाका विविध पक्षलाई समेट्नुका साथै वाङ्मयिक रचनाहरूलाई पनि स्थान दिएर साहित्य विकासका लागि निकै ठूलो गुन लगाएको छ । यो पत्रिकाको महफ्वपूर्ण पक्ष भनेकै विशिष्ट खाले गद्य साहित्यिक पहिचान हो ।

## पाँचौं परिच्छेद
# उपसंहार

### ५.१ शोध निष्कर्ष

वि.सं. १९४३ मा बनारसबाट प्रारम्भ भएको नेपाली पत्रकारिताको इतिहास साहित्यका विविध प्रवृत्तिहरूलाई आत्मसात् गर्दै अगाडि बढेको हो । नेपालबाट प्रकाशित पहिलो पत्रिका **सुधासागर** (१९५५) हो । यसै पत्रिका मार्फत नेपाल भित्रिएको नेपाली पत्रकारिताको इतिहासमा **शारदा** (१९९१) को योगदान निकै महफ्वपूर्ण छ । यस पत्रिकाले नेपाली साहित्यमा नवीन मोडको सिर्जना गरेको छ । विशेष गरी नेपाली कथाका क्षेत्रमा नवीन मूल्य स्थापित गर्न सफल भएको **शारदा** पत्रिकाको प्रकाशनले अन्य साहित्यिक पत्रिका प्रकाशनका लागि प्रेरणा प्रदान गऱ्यो । यसैको प्रतिफलस्वरूप नेपालबाट थुप्रै साहित्यिक पत्रिकाहरू प्रकाशित हुन थाले । प्रजातन्त्रको स्थापनापछि **प्रगति, धरती, इन्द्रेणी, रूपरेखा, कविता, मधुपर्क, प्रज्ञा, रचना** जस्ता साहित्यिक पत्रिकाहरू प्रकाशित भई साहित्यको श्रीवृद्धिमा महफ्वपूर्ण योगदान पुऱ्याउन थाले । वि. सं. २०३० को पूर्वार्द्धमा पत्रपत्रिकाको क्षेत्रमा आएको कानूनी सङ्कट २०३६ सालको राजनैतिक परिवर्तनपछि पूर्ण रुपमा हटेर गयो । यसपछि पत्रिका प्रकाशनका क्षेत्रमा फेरि नौलो चहलपहल सुरु भयो । यसको परिणामस्वरुप **वाङ्मय, गरिमा र रश्मि** जस्ता पत्रिकाले जन्म लिन पुगे । यसै क्रममा साहित्यको श्रीवृद्धि गर्ने पवित्र लक्ष्यका साथमा **समकालीन साहित्य** पत्रिकाको जन्म भएको हो । प्रकाशनको सुरुवातदेखि नै साहित्यको बहुपक्षीय विकासमा लागिपरेको यस पत्रिकाले नेपाली साहित्यका समकालीन प्रवृत्तिहरूलाई आत्मसात गर्दै अगाडि बढिरहेको छ र नेपाली साहित्यिक पत्रकारिताको क्षेत्रमा एक उज्ज्वल नक्षत्रका रूपमा आफूलाई स्थापित गर्न सफल भएको छ ।

**समकालीन साहित्य** पत्रिकाले मूल रुपमा गद्य विधालाई समेटेको छ । यस पत्रिकाका पूर्णाङ्क (३१-४०) मा उपन्यास, उपन्यास अंश, कथा, कथाको कथा, कथा समय :कथा, कथा समय : कथासम्बन्धी, कथाकारको अवधारणा, कथा समय : समीक्षा, कुराकानी, कान्ति कथा, खोजीनिधी, चिन्तन/मन्थन, नाटक, निबन्ध, पत्र साहित्य, पुस्तक समीक्षा, भाषा, मत-अभिमत, यात्रा संस्मरण, रम्य रचना, विशेष लेख/विविध, विश्वसाहित्य, व्यक्ति-व्यक्तित्व, समालोचना, सर्जक र सिर्जना, सर्वेक्षण, संस्मरण, स्मृतिमा रेखिएका छालहरू, हास्यव्यङ्ग्य शीर्षकका रचनाहरू प्रकाशित भएका छन् ।

आधुनिक नेपाली कथाको विकास र विस्तारमा **समकालीन साहित्य** पत्रिका ( पूर्णाङ्क ३१-४०) को योगदान महफ्वपूर्ण रहेको छ । साहित्यिक विधाको सर्वेक्षण गर्दा कथा विधाले प्रथम स्थान हासिल गरेको छ । नेपाली कथा साहित्यका ख्यातिप्राप्त कथाकारहरूका कथाले नै बढी प्राथमिकता दिएर यस पत्रिकाले आधुनिक नेपाली कथाको विकासमा महफ्वपूर्ण योगदान पुऱ्याएको छ । **समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) मा प्रकाशित अधिकांश कथाको धरातल नेपाली समाज नै रहेको छ । आर्थिक विषमताले जर्जर बनेको नेपाली समाजका सङ्कटहरू, द्वन्द्वग्रस्त मानवीय समवेदना, समाजिक शोषण, सहरिया परिवेशमा बढ्दै गएका विकृति र विसङ्गतिहरू र राजनीति तथा प्रशासनिक क्षेत्रमा देखा परेका विभिन्न समस्याहरूको चिरफार गर्ने तर्फ नै धेरै जसो कथाहरू केन्द्रित रहेका छन् ।

जीवनजगत्को बाह्य पक्षमा मात्र सीमित नरहेर मानव मनका भित्रीतहसम्मको उद्घाटन गरिएका कथाहरू पनि **समकालीन सहित्य** पूर्णाङ्क (३१-४०) पत्रिकामा समावेश भएका छन् । सामाजिक धरातलबाट मानवीय मानसिकताको उद्घाटन गर्नु यसका अधिकांश मनोवैज्ञानिक कथाकारको अभीष्ट रहेको छ । नवीन बिम्ब र प्रतीकहरूको आयोजना र कथाकारको बौद्धिकताले थिचिएका कतिपय यौन मनोवैज्ञानिक कथाहरू **समकालीन सहित्य** पूर्णाङ्क (३१-४०) मा प्रकाशित भएका छन् । यस्ता कथाले मानिसका मनमा रहेका यौन चाहनाहरूको प्रकटीकरण गराएका छन् । जे होस् भोक र रोगले सताइएका, अभावग्रस्त जीवन विताउन विवश भएका निम्न वर्गीय नेपाली समाजका प्रतिबिम्बहरू, धन दौलतको आडम्बरमा समाजमा तल्लो वर्गमाथि रजाइँ गर्ने व्यक्तिहरू र दिनप्रतिदिन पाश्चात्य सभ्यताको जालोमा बेरिएर आफ्नो इतिहास र सभ्यता बिर्सने पात्रहरू र मानवीय अन्तर्मनका वास्तविक स्वरूपहरू **समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) पत्रिकाभित्रका कथाहरूमा प्रतिबिम्बित भएका छन् । यस किसिमको व्यापकतालाई समेट्न सक्ने कथाहरू प्रकाशित गरेर यस पत्रिकाले आधुनिक नेपाली कथालाई गुणात्मक तथा परिमाणात्मक दुबै दृष्टिले सम्बृद्ध बनाएको छ ।

**समकालीन सहित्य** पूर्णाङ्क (३१-४०) समालोचनात्मक रचनाहरू कृतिपरक, खोज-अनुसन्धानपरक, ऐतिहासिक समीक्षात्मक अध्ययनमा केन्द्रित रहेका छन् । कृतिपरक अध्ययन गर्ने सिलसिलामा प्रभावपरक समालोचनादेखि समालोचाका क्षेत्रमा नवीन पद्धतिका रूपमा आएको शैलीवैज्ञानिक अध्ययनसम्मको पद्धति अपनाइएको छ । कुनै पनि कृति वा जीवनीको अध्ययन गर्दा सवल र दुर्बल दुवै पक्षमा समान दृष्टिकोण राखी तर्कसम्मत प्रमाणका आधारमा कृतिको विश्लेषण गर्नु समालोचनाको धर्म हो तर पनि यस पत्रिकामा प्रकाशित अधिकांश समालोचनाहरूमा कृतिको गुण पक्ष मात्र केलाउने काम गरिएको छ ।

दोषदृष्टिबाट समालोचना नगरिएका हुनाले **समकालीन सहित्य** पूर्णाङ्क (३१-४०) मा प्रकाशित समालोचनामा कृति, व्यक्ति (सर्जक)का सबल पक्षको मात्र प्रस्तुति गरिएको छ ।

समकालीन सहित्यमा प्रकाशित भएका समालोचनाहरूमा धेरै जसो समालोचनाहरू कृतिपरक छन् भने कतिपय समालोचना वस्तुपरक र संरचनावादी पनि रहेका छन् । प्रकाशित समालोचनात्मक सामग्रीहरू जे जति भए तापनि ती सामग्रीहरूले एकातिर कृतिका बारेमा जान्न खोज्ने पाठकहरूलाई पाठ्यसामग्रीको काम गरेका छन् भने अर्कोतिर नवीन प्रतिभाहरूलाई समालोचना गर्ने बाटो समेत पहिल्याइदिएका छन् । नेपाली साहित्यका कथा, कविता, नाटक र निबन्ध विधासँग सम्बन्धित पर्याप्त समालोचनात्मक सामग्री दिएर यस पत्रिकाका (३१-४०) पूर्णाङ्कले नेपाली समालोचनाको श्रीबृद्धिमा महफ्वपूर्ण योगदान पुऱ्याएको छ ।

निबन्धका क्षेत्रमा पनि **समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) को योगदान महफ्वपूर्ण रहेको छ । निबन्ध, लेख, नियात्रा, निवार्ता, संस्मरण र यात्रासंस्मरण जस्ता नैबन्धिक रचनाहरूलाई समावेश गरी नैबन्धिक रचनामा प्रवृत्तिगत विविधता रहेको छ । लेखकीय बौद्धिकताले पूर्ण निबन्धदेखि लिएर लेखकको भाव संवेदनामूलक काल्पनिक अभिव्यक्ति भएका भावपरक निबन्धहरू, निबन्धकारको यात्राको वृत्तान्तमा संरचित यात्रा निबन्धहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रका विसङ्गतिहरूप्रति लक्षित हास्य व्यङ्ग्यात्मक निबन्धहरू यस पत्रिकामा समावेश गरिएका छन् । यस किसिमका निबन्धहरूका माध्यमबाट **समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) ले इतिहास, कला, संस्कृति साहित्य लगायत विविध विषयवस्तुलाई समेटेको छ । निरन्तर रूपमा नैबन्धिक रचनाको प्रकाशन गरी **समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) ले निबन्ध विधाको विकासमा अमूल्य योगदान पुऱ्याएको छ ।

**समकालीन सहित्य** पूर्णाङ्क (३१-४०) मा प्रकाशित भएका जम्मा ११ ओटा नाटकहरूलाई हेर्दा सामाजिक विषयवस्तुलाई मूल विषय बनाएर रचना गरिएका नाटकहरूले नै प्रवेश पाएका छन् । यी नाटकमा नेपाली समाजका विविध पाटाको चित्रण गरिएको छ । विषयवस्तु, पात्र, परिवेश, भाषाशैली, संवाद र अभिनय कला आदि कुरामा नवीनताको सिर्जना गर्नु यस पत्रिकाको पूर्णाङ्क (३१-४१) मा प्रकाशित नाटकको मूल विशेषता हो । नाटकको रङ्गमञ्च विधान, संवाद तथा पात्र प्रयोगमा नवीनता सिर्जना गरिएका सरुभक्त, गोपाल पराजुली, खगेन्द्र सङ्ग्रौलाका नाटकमा प्रयोगशीलताको बढी प्रयोग भएको छ भने अन्य नाटकहरूमा स्वाभाविक पात्रको प्रयोगका साथै संवादको पनि सहज प्रयोग भएको पाइन्छ । **समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) मा प्रकाशित केही

नाटकहरूमा परिवेशका बारेमा स्पष्ट किटान गरिएको देखिँदैन भने केही नाटकका काल्पनिक स्थानको प्रयोग गरिएको छ ।

साहित्यको गद्यभेदअन्तर्गत पर्ने उपन्यासजस्तो बृहत् विधालाई पनि **समकालीन साहित्य** पत्रिकाले महफ्वपूर्ण स्थान दिँदै आएको छ । **समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) मा उपन्यास र उपन्यास अंश शीर्षकमा औपन्यासिक रचनालाई पनि स्थान दिँदै आएको छ । सीमित आयाममा विस्तारित साहित्यिक पत्रिकाले उपन्यास जस्तो बृहत् विधालाई समावेश गर्न सक्नु यसको महफ्वपूर्ण पक्ष हो । लघु उपन्यास संज्ञा दिएर प्रकाशित गरिएका उपन्यासमा नेपाली सामाजका सामाजिक, आर्थिक, मनोवैज्ञानिक समस्यालाई विषयका रूपमा चयन गरिएको छ । यसले गर्दा जम्मा ११ वटा अङ्कमा तीन ओटा लघु उपन्यास र दुई ओटा उपन्यास अंश समेटेर गद्य साहित्यका क्षेत्रमा **समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) ले पुऱ्याएको योगदान अविस्मरणीय छ ।

**समकालीन साहित्य**ले विश्वसाहित्यसँग सम्बन्धित सामग्रीको प्रकाशन गरी नेपाली साहित्यका पाठकहरूलाई विश्वसाहित्यका विस्तृत र महफ्वपूर्ण पक्षहरूको ज्ञान दिलाउन सहयोग गरेको छ  भने व्यक्ति र व्यक्तित्व, सर्जक र सिर्जना जस्ता रचनास्तम्भ राखेर साहित्यकारका बारेमा जानकारी समेत प्रस्तुत गरेको छ । पुस्तक समीक्षा स्तम्भमा नयाँ पठनीय पुस्तकका बारेमा पाठकहरूलाई छिटो ज्ञान दिलाउने उद्देश्यले पुस्तक समीक्षालाई विश्लेषणात्मक रूपमा प्रस्तुत गर्नु यसको अर्को उल्लेखनीय विशेषता बनेको छ ।

समग्रमा भन्नु पर्दा **समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) ले नेपाली गद्य साहित्यका कथा, समालोचना, निबन्ध, संस्मरण, यात्रा साहित्य विश्व साहित्य, भाषा व्याकरण, मत अभिमत, व्यक्ति व्यक्तित्व रम्य रचना आदिका  क्षेत्रमा सामग्री प्रकाशन गरी समग्र नेपाली साहित्यको गुणात्मक तथा परिमाणात्मक श्रीबृद्धिमा सहयोग गरेको छ । यस पत्रिकाका पूर्णाङ्क (३१-४०) ले विशिष्ट लेखक प्रतिभाहरूलाई समेटेर साहित्यको मानक निर्माणका निम्ति अमूल्य योगदान दिएको छ ।

### ५.२ सम्भावित शोध शीर्षक

**समकालीन साहित्य पूर्णाङ्क (३१-४०) मा प्रकाशित रचनाहरूको विश्लेषणात्मक अध्ययन** नामक यो शोधकार्य **समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) मा प्रकाशित रचनाहरूको सर्वेक्षणात्मक अध्ययन हो । यस शोधपत्रले **समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) मा प्रकाशित रचनाहरूको बाारेमा गम्भीर विश्लेषण प्रस्तुत गरेको नभई सर्वेक्षणात्मक

रूपमा मात्र अध्ययन, विश्लेषण गरेको छ । **समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) मा प्रकाशित सामग्रीलाई हेर्दा यी सामग्रीहरूको व्यापक अध्ययन क्षेत्र रहेको देखिन्छ । यस शोधपत्रलाई आधार बनाई **समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) मा प्रकाशित रचनाहरूमा निन्नलिखित सम्भावित शोध शीर्षकमा शोधकार्य गर्न सकिन्छ -

**समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) मा प्रकाशित रचनाहरूको विधागत विश्लेषण ।

## सन्दर्भ सामग्री सूची

### (क) पुस्तक सूची


उपाध्याय, केशवप्रसाद, **साहित्य प्रकाश**, (छैटौँ सस्क.), ललितपुरः साझा प्रकाशन, २०६० ।

कँडेल, घनश्याम, **नेपाली समालोचना,** ललितपुर : साझा प्रकाशन, २०५५ ।

कुँवर,उत्तम, **स्रष्टा र साहित्य**, काठमाडौंः रूपायन प्रकाशन, २०२३ ।

त्रिपाठी वासुदेव, र अन्य (सम्पा.) **बृहत् नेपाली शब्दकोश**, सातौँ संस्क, काठमाडौं ने.प्र.प्र, २०६७ ।

थापा, हिमांशु, **साहित्य परिचय,** दोस्रो सस्क., ललितपुरः साझा प्रकाशन २०४२ ।

देवकोटा, ग्रीष्मबहादुर, **नेपालका छापाखाना र पत्र पत्रिकाको इतिहास**, दोस्रो सस्क. ललितपुरः साझा प्रकाशन २०५१ ।

न्यौपाने, टङ्कप्रसाद, **साहित्यको रूपरेखा**, दोस्रो सस्क., ललितपुरः साझा प्रकाशन २०४९

प्रधान,कृष्णचन्द्र सिंह (सम्पा), (२०२५), **साझा समालोचना**, (दोस्रो संस्क.२०३४), ललितपुरः साझा प्रकाशन ।

भुसाल, ऋषिराम र अन्य, (२०५०), **पत्रकारिताको रूपरेखा**, बुटवलः विद्यार्थी पुस्तक पसल ।

रिमाल, वासु 'यात्री', (२०३२), **केही साहित्यिक चिन्तनहरू**, (दोस्रो संस्क. २०५०), ललितपुरः साझा प्रकाशन ।

रेग्मी, शिव, र अन्य, (सम्पा), (२०६७), **गोरखापत्रको इतिहास,** काठमाडौं : **गोरखापत्र** संस्थान ।

शर्मा, गोपीकृष्ण, (२०४०), **नेपाली निबन्ध परिचय**, (चौधौँ संस्क. २०६३), काठमाडौंः रत्न पुस्तक भण्डार, ।

शर्मा, तारानाथ, (२०२७), **नेपाली साहित्यको इतिहास**, (तेस्रो संस्क. २०५१), काठमाडौंः नवीन प्रकाशन, ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद, (२०५२), (तेस्रो संस्क. २०६२), **शोधविधि**, ललितपुरः साझा प्रकाशन, ।

श्रेष्ठ, दयाराम 'सम्भव', (२०४५), **नेपाली कथाका समकालीन सन्दर्भहरू**, काठमाडौं ने.रा. प्र.प्र.।

श्रेष्ठ, दयाराम र मोहनराज,शर्मा, (२०३४), **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, (चौथो संस्क. २०४९), ललितपुरः साझा प्रकाशन, ।

सुवेदी, अभि (सम्पा.), (२०३९), **पच्चीस वर्षका नेपाली कविता**, काठमाडौंः ने.रा.प्र.प्र.,।

सुवेदी, राजेन्द्र (सम्पा.), (२०५१), **स्नातकोत्तर नेपाली कथा**, (दोस्रो संस्क. २०५७), ललिपुरः साझा प्रकाशन, ।

सुवेदी, राजेन्द्र, (२०६३), **स्नातकोत्तर नेपाली निबन्ध**, काठमाडौं, पाठ्यसामग्री प्रकाशन, ।

**(ख) शोधपत्र सूची**

उपाध्याय चूडामणि, **नेपाली अन्तर्वार्ताको सर्वेक्षणात्मक अध्ययन २०६७**, (स्नाकोत्तर तह, अप्रकाशित शोधपत्र त्रि.वि. कीर्तिपुर )।

अर्याल, रामेश्वर, (२०५२), **नेपाली साहित्यमा प्रज्ञा पत्रिकाको योगदान** (स्नाकोत्तर तह, अप्रकाशित शोधपत्र त्रि.वि. कीर्तिपुर )।

कार्की, यामबहादुर, (२०५९), **गोरखापत्रको शनिवासरीय परिशिष्टाङ्क (२०३१-२०४०) को विवरणात्मक अध्ययन** (स्नाकोत्तर तह, अप्रकाशित शोधपत्र त्रि.वि. कीर्तिपुर )।

गौतम, नारायण, (२०६६) **नेपाली साहित्यमा तन्नेरी पत्रिकाको योगदान,** (स्नाकोत्तर तह, अप्रकाशित शोधपत्र त्रि.वि. कीर्तिपुर )।

घिमिरे, रघुनाथ, (२०३२), **नेपाली साहित्यमा शारदा पत्रिकाको योगदान** (स्नाकोत्तर तह, अप्रकाशित शोधपत्र त्रि.वि. कीर्तिपुर )।

पन्थी, लक्ष्मीकान्त, (२०३४), **नेपाली साहित्यमा गोरखापत्रको योगदान,** (स्नाकोत्तर तह, अप्रकाशित शोधपत्र त्रि.वि. कीर्तिपुर )।

पोखरेल, भरतकुमार, (२०५४), **नेपाली साहित्यमा तन्नेरी पत्रिकाको योगदान** (स्नाकोत्तर तह, अप्रकाशित शोधपत्र त्रि.वि. कीर्तिपुर )।

पोखरेल, रघुनाथ, (२०४६), **नेपाली साहित्यमा गोरखापत्रको योगदान (२००७-२०१७),** (स्नाकोत्तर तह, अप्रकाशित शोधपत्र त्रि.वि. कीर्तिपुर )।

पौडेल, माधव, (२०६७), **आधुनिक नेपाली कथाको उत्तरवर्ती चरण(वि.सं.२०३६-२०४६)का कथाका प्रवृत्तिहरू** (स्नाकोत्तर तह, अप्रकाशित शोधपत्र त्रि.वि. कीर्तिपुर )।

पौडेल, शेषकान्त, (२०५४), **नेपाली साहित्यमा गरिमा पत्रिकाको योगदान** (स्नाकोत्तर तह, अप्रकाशित शोधपत्र त्रि.वि. कीर्तिपुर ) ।

**(ग) पत्रिका सूची**

कुँवर, उत्तम, (२०३३), 'नेपालमा पत्रिकाको विकास', **रूपरेखा**, काठमाडौं, वर्ष १७, अंक १०,फाल्गुन, ।

घिमिरे, रोचक (सम्पा.), (२०३९), 'हाम्रो कुरा', सम्पादकीय, **रचना**, काठमाडौं, रेखा १, बिन्दु १ ।

रेग्मी, शिव, (२०४९), 'साहित्यिक पत्र पत्रिकाको इतिहास र वर्तमान अवस्थामा भोग्नु परेका अवस्थाहरू', **मधुपर्क**, काठमाडौं, वर्ष २५, पूर्णाङ्क २८६, चैत्र

**समकालीन साहित्य** पूर्णाङ्क (३१-४०) सम्पूर्ण अङ्कहरू ।